# DIRECTORATE OF DISTANCE EDUCATION

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS- NEPALI

## SEMESTER-II

[illegible]

## NEP-(DE)-PG-C-204

# BLOCK-2

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U., Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: (O) +91 0353-2776331/2699008

Fax: (0353) 2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted, in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages.

This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# पाश्चात्य साहित्य सिद्धान्त

## BLOCK-1

एकाइ – 1, पाश्चात्य समालोचना साहित्यको विकासक्रमको सर्वेक्षणात्मक अध्ययन

एकाइ – 2, एरिस्टोटलको काव्य सिद्धान्त

एकाइ – 3, मध्ययुगीन पाश्चात्य समालोचना सिद्धान्त र स्वत्छन्दतावादी साहित्य सिद्धान्त

एकाइ – 4, साहित्य अध्ययनको कलावादी सिद्धान्त

एकाइ – 5, क्रोचेको अभिव्यञ्जनावाद

एकाइ – 6, रूपवाद र संरचनावाद

एकाइ – ७, अमेरिकेली नव आलोचना

## BLOCK-2

एकाइ **– 8,** परम्परा र व्यक्ति प्रतिभा, निर्वैयक्तिकसिद्धान्त .......................... **8**

एकाइ **– 9,** साहित्य समालोचना परम्परामा इलियटको स्थान र मूल्य .................................................................................................. **41**

एकाइ **– 10,** इलियटका प्रमुख साहित्यिक मान्यता रतिनका सीमाहरू... **79**

एकाइ **– 11,** सम्प्रेषण र मूल्य सिद्धान्त ................................................ **119**

एकाइ- **12,** छन्द र लय .......................................................................... **153**

एकाइ **– 13,** साहित्यलोचना र सौन्दर्य शास्त्र........................................ **190**

एकाइ **–14,** साहित्यालोचना परम्परामा रिर्चड्सका सिद्धान्तहरूका प्राप्ति र सीमाहरू.......................................................................................... **233**

# BLOCK-2 पाश्चात्य साहित्य सिद्धान्त

यस **साहित्य-तत्त्व तथा पूर्वीय काव्य सिद्धान्त**अन्तर्गत रहेको यस प्रभाग - 2 लाई हामी यसरी अध्ययन गर्न सक्छौं –

**एकाइ – 8, परम्परा र व्यक्ति प्रतिभा, निर्वैयक्तिक सिद्धान्त । -** यस एकाइमा परम्परा सिद्धान्त , व्यक्ति प्रतिभा सिद्धान्त र निर्वैयक्तिक सिद्धान्तबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ टी. एस इलियटको सामान्य परिचय दिँदै उनीद्वारा प्रतिपादित परम्परा, व्यक्ति प्रतिभा र निर्वैयक्तिक सिदधान्तलाई यस एकाइलाई अध्ययन – विश्लेषण गरिने छ । यसका साथै परम्परा सिद्धान्त , व्यक्ति प्रतिभा सिद्धान्त र निर्वैयक्तिक सिद्धान्तको अर्थ र परिभाषालाई केलाउँदै यी सिद्धान्तहरूबारे विषदरूपमा विवेचना प्रस्तुत गरिएको छ ।

**एकाइ – 9, साहित्य समालोचना परम्परामा इलियटको स्थान र मूल्य ।** यस एकाइमा विशेष आलोचक, विद्वान् टी. एस. इलियटबारे विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ उनको साहित्य समालोचना परम्परामा के कस्तो स्थान र मूल्य रहेको छ भन्ने कुराको मुलरूपमा अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसबाहेक इलियटको साहित्यिक परिचय प्रस्तुत गर्दै उनीले प्रतिपादन गरेको विभिन्न सिद्धान्तहरू तथा परम्परा सिद्धान्त , व्यक्ति प्रतिभा सिद्धान्त, निर्वैयक्तिक सिद्धान्त तथा बस्तुगत समीकरणको सिद्धान्तको कसीमा इलियटको स्थान र मूल्यलाई निर्धारण गरिएको छ।

**एकाइ – 10, इलियटका प्रमुख साहित्यिक मान्यता र तिनका सीमाहरू ।** यस एकाइमा टी. एस. इलियटका प्रमुख साहित्यिक मान्यता र ती मान्यताका सीमाहरूबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन विशेष इलियटले प्रतिपादन गरेको विबिन्न सिद्धान्तहरूलाई अध्ययन गर्दै ती सिद्धान्तहरू परम्परा सिद्धान्त , व्यक्ति प्रतिभा सिद्धान्त, निर्वैयक्तिक सिद्धान्त तथा बस्तुगत समीकरणको सिद्धान्तका मुलभूत मान्यताहरू आदिको अध्ययन यस एकाइमा गरिने छ । यस अतिरिक्त इलियटका प्रमुख साहित्यिक मान्यताहरूमा देखिएका मूलभूत सीमाहरूबारे पनि यहाँ अध्ययन गरिएको छ ।

**एकाइ – 11, सम्प्रेषण र मूल्य सिद्धान्त ।-** यस एकाइमा आई. ए. रिचर्ड्सको सम्प्रेषण र मूल्य सिद्धान्तलाई अध्ययन गरिने छ । यस

अध्ययन गनार्थ रिचड्र्सको साहित्यिक परिचयलाई अध्ययन गर्दै सम्प्रेषण र मूल्य सिद्धान्तको अर्थ र परिभाषा पनि अध्ययन गरिने छ । यसका अतिरिक्त सम्प्रेषण र मूल्य सिद्धान्तका प्राप्ति र सीमाहरूबारे अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ ।

**एकाइ – 12, छन्द र लय ।-** यस एकाइमा आई. ए. रिचड्र्सको छन्द र मूल्य सिद्धान्तबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ रिचड्र्सको छन्द र मूल्य सिद्धान्तका प्रमुख मान्यताहरूको अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । छन्द र मूल्यको प्रमुख प्राप्ति र सीमा साथै साहित्यमा यस सिद्धान्तको विकासबारे पनि यहाँ अध्ययन गरिएको छ ।

**एकाइ – 13, साहित्यलोचना र सौन्दर्य शास्त्र ।-** यस एकाइमा साहित्योलोचना र सौन्दर्यशास्त्रलाई विशेषरूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ साहित्योलोचना र सौन्दर्यशास्त्रको अर्थ र परिभाषालाई केलाउँदै यी दुवैको मूल्य र महत्वलाई अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसका अतिरिक्त साहित्योलोचना र सौन्दर्यशास्त्रको प्राप्ति र सीमा साथै यी दुवै माझको साम्य र बैशम्यतालाई पनि यस एकाइमा विस्तृत रूपमा अध्ययन गरिएको छ ।

**एकाइ – 14, साहित्यालोचना परम्परामा रिर्चड्सका सिद्धान्तहरूका प्राप्ति र सीमाहरू ।-** यस एकाइमा आई. ए. रिचड्र्सको सिद्धान्तहरूलाई अध्ययन गरिने छ । यस अध्ययन गनार्थ साहित्यलोचना परम्परामा आई. ए. रिचड्र्सको सिद्धान्तहरूको प्राप्ति र सीमाहरूबारे अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसका अतिरिक्त रिचड्र्सको सामान्य परिचय दिँदै उनको साहित्यिक सिद्धान्तहरूलाई यहाँ विषद रूपमा केलाइएको छ । उनका मूल्य र सम्प्रेषण सिद्धान्तको कसिमा साहित्यलोचना परम्परामा ती सिद्धान्तहरूका प्राप्ति र सीमालाई यस एकाइमा विवेचना गरिएको छ ।

# एकाइ – 8, परम्परा र व्यक्ति प्रतिभा, निर्वैयक्तिकसिद्धान्त

**संरचना**

8.0 उद्देश्य

8.1 परिचय

8.2 परम्परा, व्यक्ति प्रतिभा र निर्वैयक्तिक सिद्धान्तको अर्थ र परिभाषा

8.3 परम्परा सिद्धान्त

8.4 व्यक्ति प्रतिभा सिद्धान्त

8.5 निर्वैयक्तिक सिद्धान्त

8.6 उपसंहार

8.7 सार

8.8 अनुशीलनी

8.9 अतिरिक्त अध्ययन

8.10 मुल्यबृद्धिका निम्ति उत्तर

## 8.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- परम्परा सिद्धान्तको अर्थ र परिभाषा
- व्यक्ति प्रतिभा सिद्धान्तको अर्थ र परिभाषा
- निर्वैयक्तिक सिद्धान्तको अर्थ र परिभाषा
- परम्परा सिद्धान्तबारे विस्तृत जानकारी
- व्यक्ति प्रतिभा सिद्धान्तबारे विस्तृत जानकारी

- निर्वैयक्तिक सिद्घान्तबारे विस्तृत जानकारी

## 8.1 परिचय

सिद्धान्त भन्नाले कुनै कुराको नियम, व्यवस्था, नीति साथै कसैद्वारा बनाइको कानुन भन्ने बुझिन्छ । पाश्चात्य साहित्यमा यस्ता सिद्धान्तमा आधारित विभिन्न साहित्यित, भाषिक, कलागत सिन्धान्तहरू बनिएका छन् । ती सिद्धान्तहरू मध्ये थॉमस स्टियरन्स एलियट (Thomas Stearns Eliot ; सन् 1888 – 1965) – द्वारा प्रतिपादित **परम्परा**, व्यक्ति प्रतिभा र निर्वैयक्तिक सिद्धान्तको मूल्य, महत्व र अवधारणा पाश्चात्य साहित्यमा भिन्दै प्रकारको रहेको पाइन्छ ।

इलियटको जन्म सन् 1888 मा अमेरिकाको मिसौली स्थित सेन्ट लुइस भन्ने ठाउँमा भएको थियो । सन् 1910 मा हार्वर्ड विश्वविद्यालयबाट एम. ए.सम्मको अध्ययन गरेको इलियटले संस्कृत र पालि भाषाको राम्रो अध्ययन गरेका थिए । उनको **दि सेक्रेड वुड** ( सन् 1920), **सेलेक्टेड एसेज** (सन् 1917-32), **दि यूज ऑफ पोयट्री एण्ड यूज ऑफ क्रिटिसिज्म** (सन् 1933) आदि कृतिहरू प्रसिद्ध मानिन्छ । उनी आफ्नो जीवनमा अमेरिकी कवि एज्रा पाउण्टबाट धेरै प्रभावित भएको कारण आधुनिक युगका महानतम अङ्ग्रेजी साहित्यिक विभूतियहरू मध्ये इलियटलाई पनि एक मानिन्छ ।

साहित्यमा नोबेल – पुरस्कार विजेता **टी0 एस0 एलियट** 26 वर्षको आयुमै आफ्नो मातृभूमि अमरीका छोड़ेर इङ्ग्लैंडमा बसाई रहेका थिए भने उनी सन् 192७ मा ब्रिटिश नागरिक बनेका हुन् । एलियट ने अपनी पहली कविता **द लव अफ् सङ्ग** लेखेपछि पाश्चात्य साहित्यमा परितिच बन्ने पुगेका मानिन्छ । उनले सन् 1948 सम्ममा

आफ्नो नाटक, कविता र आलोचना तीनै क्षेत्रहरूमा महान् ख्याति प्राप्त गरिसकेको कारण उनको लेखन तथा सिद्धान्तहरूले आधुनिक युगका प्राय सबै प्रसिद्ध लेखकहरूलाई प्रभावित तुल्याएको देखिन्छ । उनी स्वयम् एज़रा पाउण्ड्का अतिरिक्त विद्वान् डन तथा फ्रान्सीसी प्रतीकवादी कवि लॉफोर्ज़द्वारा सबै भन्दा अधिक प्रभावित भएको मानिन्छ ।

बीसौँ शताब्दी प्रारम्भ भएपछि पाश्चात्य समालोचना साहित्यको विकासक्रममा धेरै प्राणालीहरूको पनि विकसित भएर गएको देखिन्छ । आधुनिक युगका यस दौरमा प्रमुख रूपले टी. एस. इलियट तथा आई. ए. रिचड्र्स आदि विद्वानले विशेष प्रभाव पारेको देखिन्छ । टी. एस. एलियटले परम्परा तथा वैयक्तिक प्रतिभाका समन्वय, निर्वैयक्तिकताका सिद्धान्त, वस्तुनिष्ठ समीकरणका सिद्धांत तथा अतीतका वर्तमानता आदि सिद्धान्तलाई प्रतिपादन गरेका छन् । यी सिद्धान्तहरूका आधारमा तुलनात्मकता माध्यमसित वस्तुनिष्ठ समीक्षाका ताना - बाना उनीहरूले पाश्चात्य साहित्यमा निर्माण गरेका पाउँछौं । आई. ए. रिचड्र्सले आधुनिक ज्ञानका आलोकमा मूल्य - सिद्धान्तको नयाँ व्याख्या गर्दै व्यावहारिक समीक्षा सिद्धान्त प्रस्तुत गरेका छन् ।

## 8.2 परम्परा, व्यक्ति प्रतिभा र निर्वैयक्तिक सिद्धान्तको अर्थ र परिभाषा

परम्पराको शाब्दिक अर्थ पहिलादेखि नै चली आएका विभिन्न धारणा तथा मान्यताहरू भन्ने हुन्छ । इलियटको मत अनुसार - "परम्परा अत्यन्त महत्वपूर्ण वस्तु हो । परम्परालाई छोड़ी दिए हामी वर्तमानलाई पनि छोड़ी पठाउँछौं ।" यस प्रकार उनी आफ्नो पुस्तक **आफ्टर स्रटेन्ज गड्स** (After Strange Gods) नामक पुस्तकमा

परम्पराको महत्वलाई रेखाङ्कित गर्दै यसो भन्छन् - "परम्परा भन्नुको मेरो तात्पर्य ती सबै स्वाभाविक कार्यहरू, रीति - रिवाजहरू (धार्मिक कृत्यहरूदेखि लिएर नावागन्तुकलाई अभिवादन गर्नुको स्वीकृत तरीका), तर्क (जुन एक स्थानमा रहने एक समुदायका व्यक्तिहरूको रक्त सम्बन्ध समाहित हुन्छ ) आदिमा रहेको हुन्छ ।" इलियटको दृष्टिमा परम्पराको सर्वाधिक महत्वपूर्ण तत्व इतिहास बोध हुने गर्दछ । उनी परम्पराबाट प्राप्त ज्ञानका अर्जन र विकास आजीवन रहनु पर्दछ भन्ने कुराका पक्षधर छन् । 19 औं शताब्दीमा इलियट भन्दा पहिले स्वच्छन्दतावादको बोल - बाला रहेको पाइन्छ । स्वच्छन्दतावादले कवितालाई आत्मनिष्ठ मान्ने गर्दछ ।

इलियटले भने स्वच्छन्दतावादको प्रबल विरोध गरे । उनले स्वच्छन्दतावादका कारण साहित्य आफ्नो मूल उद्देश्यदेखि भट्की रहेको अनुभव गरे । समसामयिक कविता परम्परादेखि पूर्ण रूपमा तरह टाढा रहेको इलियटले ठानेका छन् । यसर्थ उनले कविताको केन्द्रमा परम्परालाई राख्नु नै श्रेयकार हुने भएकोले वैयक्तिकताका कारण फैलिएको भाव क्षेत्रका अव्यवस्थालाई व्यवस्थित गर्न सठिक हुने बताएका छन् । यस विचारबाट से इलियटले अनेकतालाई एकतामा बाँध्नका निम्ति इलियटले परम्पराको सिध्दान्त सामुन्ने राखेको अनुभव हुन्छ । इलियटको तात्पर्य वैयक्तिक प्रज्ञा (individual talent) परम्पराबाट विच्छिन्न वस्तु रहने कुरो होइन भन्ने छ । परम्परासित जुडेर नै कविले आफ्नो वैयक्तिक क्षमतालाई अधिक सफल बनाउन सक्तछ भन्ने उनको धारणा पाइन्छ । वैयक्तिक प्रज्ञाको प्रस्फुटनमा परम्परा सिद्धान्त बाधक नभएर साधक र सहायकको रूपमा रहेको हुन्छ ।

परम्पराप्रति आसक्तिका अर्थ नै अन्धानुकरण भन्ने बुझिन्न । अन्धानुकरण तथा निष्प्राण आवृत्ति भन्दा नवीनता धेरै राम्रो हुँदछ । यसर्थ इलियटले परम्परा सिद्धान्तलाई सजिलै रूपमा प्राप्त गर्न सकिने सामान्य वस्तु नठानेर व्यापक अर्थमा अर्थ लाएका छन् । उनले दान या विरासतको रूपमा नभएर कठोर परिश्रमको आवश्यकका रूपमा प्राप्त गरिने कुरो परम्परालाई मानेका छन् । यसको निम्ति सर्वप्रथम ऐतिहासिक बोधको आवश्यकता उनले बताएका छन् । ऐतिहासिक बोधको अर्थ केवल अतीतलाई त्यसको अस्तित्वमा देखाउनु मात्र नभएर वर्तमानको परिप्रेक्ष्यमा पनि देखाउनु हो । परम्पराको सम्बन्ध ऐतिहासिक बोधसित मात्र नभएर संस्कृतिकसित पनि जोड्न सकिन्छ । संस्कृतिमा कुनै जाति वा समुदायका जीवन, कला, साहित्य, दर्शन आदिको उत्कृष्ट अंश सन्निविष्ट रहने गर्दछ । यसर्थ इलियटले परम्परालाई कुनै मृत या अनुपयोगी वस्तु ठानेका छैनन् । वस्तुतः जो मृत तथा अनुपयोगी हुन्छन् , त्यसलाई परम्पराको संज्ञा दिनु उचित होइन भन्ने इलियटको पराम्परा सिद्धान्तको मूल ध्येय रहेको देखिन्छ । यसैले परम्परा एउटा अविच्छिन्न प्रवाह हो , जो अतितको साहित्यिक उत्तमांशले वर्तमानलाई समृध्द एवम् सार्थक बनाउने गर्दछ ।

निर्वैयक्तिकता संस्कृतको स्त्री लिङगी शब्द हो । यस शब्हको व्यत्पत्ति ‘निर’ धातुमा ‘वैयाक्तिक’ + ‘ता’ प्रत्यय लागेर बनिएको छ । यसको अर्थ व्यक्तिगत न हुनेको स्थिति तथा भावलाई बुझिन्छ, जहाँ वैयक्तिकताको अभाव रहेको हुन्छ । वस्तुगत – दृष्टि, वस्तुनिष्ठता, निरपेक्षता आदि शब्दहरूसित मेल खाने निर्वैयक्तिक सिद्धान्तको मूल तात्पर्य वैयक्तिक तथा निजी न हुनेको भावलाई बुझिन्छ । यसैले इलियटको समीक्षा सिद्धान्तहरूमा परम्परा र व्यक्ति प्रतिभा विषयक

विचारहरू जस्तै निर्वैयक्तिकताको सिध्दान्तलाई महत्वपूर्ण मानिने गरिन्छ । यस निर्वैयक्तिकता सिद्धान्तलाई अङ्गेजीमा Impersonal Theory of poetry भनिने गरिन्छ । एजरा पाउण्डले कवि वैज्ञानिकहरूका समान नै निर्वैयक्तिक धेरै वस्तुनिष्ठ हुन्छ भन्ने मानेका छन् ।

कवि कार्य आत्मनिरपेक्ष हुने गर्दछ । इलियटले अनेकतालाई एकतामा बाँध्नका लागि परम्परालाई आवश्यक घटक मान्द छन् । यसै प्रकारले साहित्यमा आत्मनिष्ठताप्रति नियन्त्रण भएर वस्तुनिष्ठताको प्रतिष्ठा हुने गर्दछ । इलियट काव्यको स्वरूपलाई विचार गर्दै व्यक्तित्व एवम् कवि - मनका केवल एक 'माध्यम' मान्ने गर्दछन् । उनको विचार अनुसार काव्यको प्रक्रिया पुन : स्मरण नभएर बल्कि एकाग्रताको प्रतिफलन हो । यसैले कविले व्यक्तित्वलाई अभिव्यक्ति गर्ने गर्दैनन् । यो त एउटा विशिष्ट माध्यम मात्र हो भन्ने इलियटको धारणा रहेको छ ।

इलियटले 'परम्परा' - को अर्थ रूढ़ि वा अन्धानुकरण नमानेर पूर्ववर्ती इतिहास - बोध मानेका छन् । परम्परा एउटा अविछिन्न धारा हो, जो जातीय जीवन, साहित्य, कला र दर्शन आदिको उत्कृष्ट अंशहरूलाई सन्निविष्ट गर्ने गर्दछ । बिना यस परम्परालाई नजानिकन र बिना यसलाई आधार नबनाईकन कुनै पनि कविले सफल कृति रटना गर्न सक्दैनन् । यदि परम्परालाई भुलेर कवि केवल आफ्नो दुख – पीडाको गाथा मात्र लेखे भने त्यो कविताको महत्तर उद्देश्यदेखि च्युत हुन जान्छ । यसरी नै निर्वैयक्तिकताको सन्दर्भमा इलियटले व्यक्तित्वको अभिव्यक्तिलाई अस्वीकार गरेका छन् । कुनै पनि कृति व्यक्तित्व नभएर निर्वैयक्तिक हुन्छ भन्ने इलियटको धारणा छ । सम्भवत: कविको जीवनमा जुन संस्कार र अनुभूतियहरू महत्वपूर्ण रहेका हुन्छन् , त्यसलाई काव्यमा कुनै स्थान दिइन्दैन भन्ने होइन । तथापि कुनै पनि कृति कृतिकारले

सिर्जना गरिसके पछि उनी त्यस कृतिबाट अलग भएर पाठकको हातमा पुग्ने हुनाले निर्वैयक्तिक हुन्छ भन्ने **निर्वैयक्तिक सिद्धान्त**को अवधारणा रहेको पाइन्छ ।

## 8.3 परम्परा सिद्धान्त

पाश्चात्य साहित्यमा 20 औँ शताब्दीका सर्वश्रेष्ठ कवि तथा आलोचकको रूपमा टी. एस. इलियट विश्व विख्यात छन् । उनीद्वारा प्रतिपादित पहिलो सिद्धान्त हो - परम्परा सिद्धान्त । कुनै पनि कुरोलाई नई दृष्टिले बुझेर त्यसको प्रतिष्ठापना गर्नु नै यस सिध्दान्तको उद्देश्य रहोक देखिन्छ । इलियट विशेष रूपले आदर्श आलोचक अरस्तु , रेमडी गोर्मी, टी. यू. हूल्मे, एजरा पाउन्ड तथा फ्रान्सीसी प्रतिकवादी वा बिम्बवादीहरूबाट धेर प्रभावित भएका थिए । यसैकारण उनको परम्परा सिद्धान्तमा विभिन्न पूर्ववर्ति आलोचकहरूका धारणा पनि कता – कता मिसिएको पाइन्छ ।

इलियटको परम्परा - सम्बन्धी विचार, मूर्ख अभिव्यक्ति - सम्बन्धी धारणा, वस्तुमूलक प्रतिरूपता (objective correlative) आलोचक हूल्मेबाट प्रभावित पाइन्छ । जे नै भए पनि इलियटको प्रथम आलोचनात्मक कृति **दि सेक्रेड वुड**लाई मानिन्छ । यस कृतिमा उनको 'ट्रेडिशन एण्ड दि इन्डिविजुअल टैलेन्ट' नामक प्रसिध्द लेख सङ्ग्रहित छन् । यही लेखलाई इलियटको परम्परा सिद्धान्तको मूलाधार साथै प्रस्थान बिन्दु मानिने गरिन्छ । सन् 1922 मा **द वेस्ट ल्याण्ड** कविता क्राइटेरियनमा प्रकाशित भएपठि यसलाई न केवल इलियटको लागि मात्र नभएर बल्कि अङ्ग्रेजी साहित्यकै लागि महत्वपूर्ण घटना मानिन्छ । यसमा इलियटले आफ्नो आलोचनामा काव्य - कर्मशालालाई उपजात भन्दै कारयित्री स्रष्ट्रा र भावयित्री द्रष्ट्रा मानेका छन् । यसैले प्रतिभा परस्पर - पूरक हुने हुनाले

साँचो कवि उत्तम आलोचक र उत्तम आलोचक साँचो कवि हुनु पर्छ भन्ने कुनै आवश्यक छैन भनेका छन् । इलियटको परम्परा सिद्धान्त मुख्यत : सर्जकको दृष्टिले लिखिएको पाइन्छ, पाठकको दृष्टिले होइन । जस्तै रिचड्सको आलोचना केवल पाठकका निम्ति लेखिएका छन् । तर इलियटको आलोचना केवल पाठकका निम्ति मात्र नभएर सर्जक र पाठक दुवैको लागि लेखिएको पाइन्छ ।

19 औँ शताब्दीको आरम्भमा पाश्चात्य जगतमा रोमान्टिक कविहरू वड्सवर्थ, कोलरिज, शेली आदिले स्वच्छन्दतावादी कविता – कृतिका माध्यम जुन आलोचनाको सूत्रपात गरेका थिए, त्यसमा कविका वैयक्तिकता, भावना र कल्पनालाई विशेष प्राधान्य दिएको पाइन्छ । मैथ्यू आर्नल्डले वैयक्तिकताका अतिरेक अवैयक्तिकतासित साहित्यलाई संतुलित गर्ने सिद्धान्त प्रतिपादन गरेका पाउँछौ । तर साहित्य भन्दा अधिक संस्कृतिक र काव्य भन्दा अधिक धर्मप्रति उन्मुख रहने हुनाले आर्नल्डले त्यसमा अभीप्सित सफलता पाउन सकेनन् । पछि पाश्चात्य जगतमा वाल्टर पेटर र ऑस्कर वाइल्डद्वारा प्रवर्तित कलावाद (कला कलाको निम्ति ) – लाई लिएर साहित्यिक मञ्च अवतरित भएर गयो । सेन्ट्सबरी आदि आलोचनाहरू ऐतिहासिक र जीवनीमूलक प्रवृत्तिका थिए । यसको तात्पर्य पाश्चात्य जगतमा आलोचनाका यस प्रचलित पध्दतिहरूमा कविको प्रधानता भन्दा कृतिको गौणता धैरै रहेको बुझिन्छ । यसर्थ इलियटले उदबाहु घोषणा गर्दै यसो भनेका छन् - " साँचो आलोचना तथा सूक्ष्म परिशंसाको लक्ष्य कवि नभएर काव्य रहेको हुन्छ ।"

मूल रूपमा स्वछन्दतावादी विद्वानहरूले कविको प्रतिभा र अन्तः प्रेरणालाई नै काव्य - सृजनको मूल मानेर प्रतिभालाई दैवीगुणभनीस्वीकारेकापनिछन्। यसलाई ‘वैयक्तिक काव्य सिद्धान्त’ भनिने

गरिन्छ । यस कुरालाई इलियटले पनि आफ्नो निबन्ध 'परम्परा र वैयक्तिक प्रज्ञा ' - मा यस कुरालाई स्वीकार गर्दै यसो भनेका छन् - "परम्पराको अभावमा कवि छाँया मात्र हुने गर्दछ र उसको कुनै अस्तित्व रहने गर्दैन ।" उनको यस मत अनुसार परम्परा भनेको अत्यन्त महत्वपूर्ण वस्तु हो, परम्परालाई छोडी दिए हामी स्वयम् वर्तमानलाई पनि छोडी पठाउँछौं । इलियटको यस भनाईमा परम्पराको बित्र पनि कविको वैयक्तिक प्रज्ञा लुकेको हुन्छ भन्ने ।

इलियटले आफ्नो **ट्रेडिशन एण्ड इन्डिविजुअल टैलेंट** (Traditional and Individual Talent) नामक लेखमा रोमान्टिक सम्प्रदायमा व्यक्तिवादिताको सट्टा परम्पराको महत्व स्थापित गर्नु र परम्परा अन्तर्गत नै वैयक्तिक प्रज्ञा (Individual Talent) - को सार्थकता प्रदशित गर्नु मूल उद्देश्य रहेको ठानेका छन् । उनका यस प्रकारको काव्य सिध्दान्तहरूलाई बुझ्नका निम्ति उनका कविताहरूका अपेक्षा उनकै निबन्धहरू कहीं अधिक मददगार रहको छ । यस सन्दर्भमा इलियटको सर्वाधिक चर्चित निबन्ध ' **ट्रेडिशन एण्ड इन्डिविजुअल टैलेंट** ' – लाई लिन सकिन्छ ।

परम्परा सिद्धान्तबारे पारिभाषित गर्दै इलियटले यसो भनेका छन् " परम्परा अन्तर्गत ती सबै स्वाभाविक कार्यहरू, आदतहरू, रीति – रिवाजहरूसमावेशहुनेगर्दछ, जसले स्थान विशेषमा रहने व्यक्तिहरूका सह – सम्बन्धलाई प्रतिनिधित्व गर्ने गर्दछ । परम्परा भित्र विशिष्ट धार्मिक आचारहरू, आगन्तुकहरूलाई स्वागत गर्ने पद्धति र त्यसलाई संबोधित गर्ने ढंग आदि सबै समाहित हुने गर्दछ ।" यसर्थ इलियटले परम्परालाई उत्तराधिकारमा प्राप्त नहुने बस्तु ठान्दै अर्जितका माध्यम प्राप्त हुने बस्तु मानेका छन् । वस्तुतः इलियटका

लागिपरम्पराएकअविच्छिन्न प्रवाह हो, जसले अतीतलाई सांस्कृतिक - साहित्यिक दायको उत्तमांशमा वर्तमानलाई समृद्ध गर्ने गर्दछ । यो अतीतको जीवन्त शक्ति भएकोले परम्पराले वर्तमानको निर्माण गर्दछ अनि भविष्यको अंकुर प्रस्फुटित गर्दछ ।

परम्पराको महत्त्वलाई प्रतिपादन गर्दै इलियटले कविहरूको मूल्यांकन परम्पराकै सापेक्षतामा गर्न सकिन्छ भनेका छन् । उनको मतअनुसार कुनै पनि रचनाकार स्वयंम् पूर्ण हुँदैनन् । उनीहरू आफ्नो पूर्ववर्ती कविहरूका तुलनामा आफ्नो महत्तालाई सिद्ध गर्ने गर्दछन् । यसैले इलियटको विचार अनुसार परम्पराको महत्त्वपूर्ण तत्त्व इतिहास – बोध हो । यो **इतिहास - बोध** सहज प्राप्त हुने कुरो होइन । यसबारे इलियट यसो भनेका छन् - "ट्रेडिसन इज अ मैटर औफ मच वाईडर सिग्निफिकेन्स, ईट कैन नौट बी इन्हेरीटेड, एण्ड इफ यू वान्ट यू मस्ट ओबटेन इट बाय ग्रेट लेबर।" परम्परा भन्नुको तात्पर्य प्राचीन रूढ़िहरूको मूक अनुमोदन अथवा अन्धानुकरण कदापि होइन , अपितु परम्परा वस्तुतः प्राचीन कालका साहित्य तथा धारणाहरूका सम्यक् बोध हो । यसैले इलियट परम्पराबाट प्राप्त ज्ञानका अर्जन र त्यसका विकासको पक्षधर रहेको देखिन्छ ।

परम्परा एउटा गत्यात्मक रूप जस्तै हो । यो गतिशील चेतना, चिर गतिशील सर्जनात्क सम्भावनाहरूको समष्टि रूप पनि हो । परम्पराले जहाँ हामी नयाँ कुराहरूको मूल्यांकन गर्ने निकष प्रदान गर्दछौ, त्यहा यसले प्राचीनताको विकास संग – संगै मौलिकताको सृजन पनि गर्ने गर्दछ । यस कारण सर्जनात्मक विकासका

लागि अतीतमा विद्यमान श्रेष्ठ तत्त्वहरूका बोधको निम्ति परम्परालाई अनिवार्य घटक मानिने गरिन्छ । परम्पराबारे व्यक्तिलाई ज्ञान नभए कृतिको मौलिकता कति, कसरी र कहां हुन्छ ? भन्ने कुराको कुनै बोध हुन सक्दैन । वस्तुतः वर्तमानको सन्दर्भमा अतितलाई रूढ़िवादिता नमानेर मौलिकता मान्नु नै परम्परा हो भन्ने इलियटको मान्याता रहेको पाइन्छ । किनकि वर्तमान कलाको यथार्थ मूल्यांकन तब सम्भव हुन्छ , जब त्यसलाई विगत कला – रूपहरूको परिप्रेक्ष्यमा अध्ययन गर्न सकिन्छ । अन्यथा ती कुराहरूको मौलिकता र श्रेष्ठताको आकलन गर्न नसकिने इलियटको धारणा पाइन्छ ।

इलियटद्वारा प्रतिपादित परम्परा - सिद्धान्त अत्यन्त व्यापक र उपादेय रहेको देखिन्छ । यही परम्पराद्वारा प्रत्येक व्यक्तिमा ज्ञानको विस्तार हुने गर्दछ साथै यसले अतीत र वर्तमानलाई एकसूत्रमा जोड्ने गर्दछ । यस परम्पराका माध्यम कलाकारहरूले मध्यस्थको भूमिका निर्वाह गरी पूर्ववर्ती धाराहरूमा अवगत भई कला तथा साहित्यलाई सर्जना गर्दछ भन्ने इलियटको धारणा रहेको पाइन्छ । यसैले परम्पराको सम्बन्ध संस्कृतिसित पनि रहेको देखिन्छ। संस्कृतिमा कुनै जाति या समुदायको जीवन, कला, दर्शन - साहित्य आदिको उत्कृष्ट अंश सन्निविष्ट हुनो गर्दछ । एक प्रकारको सौहार्दता संस्कृतिमा पाइने हुनाले यसको प्राप्तिका लागि प्रयत्नपूर्वक अतीतलाई जान्नु व्यक्तिले जरूरी छ । यस परम्पराकौ बोधबाट साहित्यकारहरूलाई यो पनि ज्ञात हुने गर्दछ कि त्यो वा साहित्यको मूल्य कै कस्तो छ भन्ने ।

यस प्रकार परम्पराको ज्ञानद्वारा साहित्यकारलाई आफ्नो कर्तव्यबोध र मूल्यहरूप्रति साहित्यिक ज्ञान प्राप्त हुने गर्दछ ।

इलियटको परम्परा सिद्धान्तले हाम्रो मस्तिष्कलाई पुनः सोचनका निम्ति अवश्य विवश पनि गरिदिन्छ । कारण यस परम्परा र विरासतको बारेमा टी. एस. इलियटले केही रोचक र दिलचस्प कुराहरू पनि बताएका छन् , जसमा पूर्णतया सत्यता पाउन सकिन्न । इलियटले लेखकहरूमा एक इतिहास चेतना हुनु अत्यन्तै जरूरी रहेको बताउँदै यसको विना लिखनका निम्ति बाधित सृष्टि हुने बताएका छन् । यस भावनाका साथ पाश्चात्य जगतका होमरदेखि लिएर यूरोपका समग्र साहित्य र उसका आफ्ना देशका समग्र साहित्य पनि त्यसैमा अस्तित्वमूलक भएको देखिन्छ । यसैले इलियटको यस भनाईमा केवल आंशिक रूपमा सत्यता पाउन सकिन्छ । कारण वर्तमान भन्दा बाहर अतीतको कुनै अर्थ नहुने हुनाले प्रत्येक वर्तमानले अतीतलाई आफ्नो कसौटीमा राख्ने गरेको पाइन्छ । यसर्थ यस कुरालाई प्रशय दिँदै इलियटले परम्परा सिद्धान्तको अवधारणा निर्माण गरेको बुझिन्छ ।

इलियटले कुनै पनि कवि पूर्ण रूपले सार्थक हुँदैनन् भनेका छन् । उसको महत्व उसका आफ्नै सराहना, मृत कविहरू र कलाहरूसित सम्बन्धित रहेको हुन्छ । यसैले आफै रूपमा कुनै पनि कवि वा व्यक्ति पूर्ण रूपले सार्थक रहका हुँदैनन् । यसैले परम्परा भनेको व्यक्तिले जन्मजात पाएर वा लिएर आएको बस्तु नभएर अतीत र वर्तमानको परिप्रेक्ष्यमा सिकेका कुरा हुन् । 'परंपरा' शीर्षक लेखमा इलियट यसो भनेका छन् – “अतीतका कृतिहरूलाई समूची मौजूदा व्यवस्थाको निम्ति चाहे जति नै आंशिक रूपमा बदलन खोजे पनि त्यस कृतिको भावलाई परिवर्तन गर्न सकिन्न, बिल्कुल ठीक त्यसतो कुन शक्ति हुन्छन् , जसले

परम्परालाई परिवर्तन गरी पछि छाड्ने गर्दछ ? यो परिवर्तन कस्तो प्रकार हुने गर्दछ ? " यसैले परम्पराबाट विछिन्न जीवन रूखो र बन्जर जमीन जस्तै बन्ने गर्दछन् भन्ने इलियटको धारणा पाइन्छ । जड़को अभावमा जसती कुनै पौधाले पर्याप्त जीवन - रस ग्रहण गर्न सक्दैनन् त्यसलै परम्पराको अभावमा साहित्य समृद्ध बन्न सक्दैन । यसैले हामीले अतीतलाई त्यही रूपमा हेर्नु पर्दछ, जुन रूपमा हामी जीवनलाई बुझ्ने कोशिश गर्दछौ । किनकि हाम्रो जीवनमा विभिन्न समस्या, भाव, चाहना, वर्ग – संघर्ष तथा आवेग - आवेशहरूले निर्धारित हुने गर्दछ । यसैले हामी केवल अतीतलाई मात्र हेर्न सक्दैनौ । पहिला वर्तमानलाई हेर्नु पर्दछ, जो सदैव परिवर्तनको प्रक्रियामा गुज्री रहेको हुन्छ । यसर्थ इलियटले यही वर्तमान र अतीतको सम्मिश्रणलाई परम्परा भनेका  छन्।

## 8.4 व्यक्ति प्रतिभा सिद्धान्त

इलियटले प्रत्येक व्यक्तिमा आ – आफ्नै प्रकारको प्रतिभा लुकोको हुन्छ भनेका छन् । उनको विचारमा कुनै पनि बहु – प्रतिभाशाली व्यक्तिमा विशेष सात प्रकारको प्रतिभाहरू रहेको बताएका छन् । ती हुन् - तार्किक, दृश्य सम्बन्धी, संगीत, ज्ञान, क्षमता, बुद्धि र प्रतिभा । यी सात प्रतिभाहरूलाई सूत्र रूपमा प्रस्तुत गर्दै उनले पहिलो दुईवटा प्रतिभा स्कूलहरूका विशेषताप्रति महत्व दिएका छन् भने अन्य तीनवटालाई सामान्यतः कलासित जोडेका छन् अनि अन्तिम दुईवटालाई 'व्यक्तिगत प्रतिभा' – सित जोडेका छन् ।

कुनै पनि व्यक्तिमा तर्क एवम् संख्याहरूको उपयोग गर्ने क्षमता भिन्दै – भिन्दै हुने इलियटले बताएका छन् । व्यक्तिको तार्किक एवम् संख्यागत तरिकालाई संकल्पना गरी विभिन्न जानकारीहरूका बीच सम्बन्ध रहने

गर्दछ । यसैको कारण व्यक्ति आफ्नो छेउ – छाउका दुनियाप्रति सदैव जिज्ञासु बनी रहन्छन् भन्ने इलियटको धारणा पाइन्छ । यसैले यसबाट उत्पन्न विभिन्न समस्याहरूलाई हल गर्न, प्राप्त जानकारीहरूलाई वर्ग एवम् श्रेणीहरूमा विभक्त गर्न, परस्पर सम्बन्ध स्थापित गर्नका लागि गूढ सिद्धान्तहरूका साथ कार्य गर्न, कारणहरूको लामो सूचि बनाएर त्यसको अनुक्रम बनाउन, नियन्त्रित प्रयोग गर्न , प्राकृतिक घटनाहरूका बारेमा प्रश्न एवम् विस्मय गर्न, जटिल गणितीय गणना गर्न, ज्यामितीय आकारहरूका साथ कार्य गर्न आदिलाई **व्यक्ति प्रतिभा** भनिन्छ ।

इलियटले भने कुनै पनि व्यक्तिले जन्मजात पाएर आएको विविध क्षेत्रमूलक प्रतिभाहरूलाई व्यक्ति प्रतिभा मानेका छैनन् । उनले जन्मजात पाएर आएको कला, सङ्गीत आदि क्षेत्रहरूका प्रतिभा र वर्तमानमा सिकेको केही प्रतिभाहरूका सम्मिश्रणद्वारा प्राप्त प्रतिभालाई व्यक्ति प्रतिभा भनेका छन् । जहाँसम्म वैयक्तिक प्रज्ञाको प्रश्न आउँछ, इलियट यसलाई परम्परादेखि विछिन्न मान्दैनन् । उनले परम्परासित जुडी रहेर नै कविले आफ्नो वैयक्तिक क्षमतालाई अधिक सफलतापूर्वक उजागर गर्न सक्दछ भनी मानेका छन् ।

## 8.5 निर्वैयक्तिक सिद्धान्त

इलियटले आफ्नो ट्रेडिशन एण्ड दि इन्डिविजुअल टैलेंट नामक शीर्षक निबन्धको उत्तरार्द्धमा निर्वैयक्तिकता सिद्धान्तबारे आफ्नो विचार प्रस्तुत गरेका छन् । उनको यस सिद्धान्तमा एजरा पाउण्डको प्रभाव परेको देखिन्छ । एजरा पाउण्डले कवि वैज्ञानिक जस्तै निर्वैयक्तिक र वस्तुनिष्ठ हुन्छन् भनी मानेका छन् । इलियटले पनि यही धारणालाई अनुसरण गर्दै परम्परालाई आवश्यक मान्दै वैयक्तिकताको विरोधी रहेको ठानेका छन् ।

उनले साहित्यका जीवन्त विकासका लागि परम्पराको योगलाई स्वीकार गर्दै साहित्यमा आत्मनिष्ठ तत्व नियन्त्रित हुने र वस्तुनिष्ठ तत्व प्रधान रहने बताएका छन् ।

पाश्चात्य जगतमा साहित्यको रोमान्टिक काल अवधि कविता भावहरूका अन्तः स्फूर्त अभिव्यक्ति हुने गर्थे । इलियटले यसको विरोध गर्दै यही घोषणा गरेका छन् कि - " साहित्य व्यक्तित्वको अभिव्यक्ति नभएर व्यक्तित्वबाट पलायन - वैयक्तिकताको अतिशयतामा निषेध छ ।" पछि उनको यस विचारमा पर्याप्त परिवर्तन आएको देखिन्छ । कारण इलियटले कविलाई सर्जक होइन माध्यम मान्ने गर्दथे । एक वैज्ञानिक प्रक्रियाको उदाहरण दिँदै इलियटले काव्यको रचना – प्रक्रियालाई बुझाएका छन् । उनको विचार अनुसरा ऑक्सजीन र सल्फर आयोक्साइडको कक्षमा यदि प्लेटिनमका तार हाली दिए, ऑक्सजीन र सल्फर डायोक्साइड मिलेर सल्फर एसिड बन्दछ । तर प्लेटिनममा कुनै प्रभाव पर्दैन, न त एसिडमा प्लेटिनमको कुनै चिन्ह देख्न सकिन्छ । यसैले कविका मन पनि प्लेटिनमको तार जस्तै हुन्छ । जुन प्रकारले सल्फ्यूरिक एसिडको निर्माणमा प्लैटिनमले उत्प्रेरक तत्वको काम गर्दछ, त्यसलै प्रकारले कविको सम्पर्कबाट विभिन्न अनुभूतिहरू , सम्वेदन या भावहरूले नयाँ - नयाँ रूप ग्रहण गर्ने गर्दछ । उनले यसलाई स्वयंम् सर्वथा अप्रभावित रहने बताउँदै स्वानुभूत सम्वेदन र भाव सर्वथा भिन्न हुने हुनाले कविले स्वानुभूत भावहरूलाई पूर्णतः आत्मसात गरेर नयाँ रूप प्रदान गर्ने गर्दछ । यस सन्दर्भमा विज्ञानको गणितीय सूत्रलाई इलियटले प्रस्तुत गरेका छन् । ती हुन् – सम्वेध्य + कवि ह्रदय = कविता ।

व्यक्तिगत भावहरू कला अभिव्यक्ति नभएर त्यसको पलायनका नाम कला हो । कलाकारहरूको विशेष दुईवटा भूमिका रहेका हुन्छन् । ती हुन् –

परम्पराबाट केही लिने र परम्परालाई केही दिने । यस प्रक्रियाद्वारा परम्परा रहनुको लागि कलाकारलाई आत्म - त्याग गर्नु पर्दछ । इलियटले कविको मनमा सम्वेदन, वाक्य - खंड, बिम्ब आदि सदैव सिंचित रहिरहने वस्तु ठानेका छन् । सर्जनाको क्षणमा यी आफ्ना स्वरूपलाई त्यागेर नए रूपहरूमा संयोजित गरी कलालाई विग्रह गर्ने गर्दछन् । इलियटको धारणा अनुसार काव्यमा भावहरूको तीव्रताका महत्व हुने गर्दैन भन्ने छ । उनले कलात्मक प्रक्रियामा तीव्रताको महत्व हुने मान्दै यसमा विभिन्न भावहरूको संयोजन या विलयन हुने गर्दछ भनेका छन् । पछि यही एका – अर्कामा और घुल - मिलेर एक हुने गर्दछ । विशेष गरेर इलियटले भावहरूको स्वरूपमा पूर्ण परिवर्तन स्वीकार गर्ने हुनाले ती सामान्य कुनै पनि अनुभूतिसित कलात्मक अनुभूतिलाई विशिष्ट मान्ने गर्दछन् । यसैले इलियटले यही स्पष्ट गर्दै भनेका छन् - " कविको काम नयाँ भावहरूलाई खोज्नु मात्र होइन, अपितु साधारण भावहरूलाई उपयोग गरेर काव्य - रूप प्रदान गर्नु पनि हो ।"

इलियटको निर्वैयक्तिकता सिद्धान्तलाई व्यक्तित्वबाट पूर्णतः विच्छिन्न मानिने गरिन्छ । उनले यस सिद्धान्तमा वैयक्तिकतालाई निषेध नमानेर वस्तुनिष्ठतालाई प्रमुखता दिएका छन् । इलियटको वैयक्तिकता सिद्धान्तको मूल उद्देश्य वस्तुनिष्ठताको प्रति समर्पण रहेको पाइन्छ । द यूज ऑफ पोएट्री एण्ड दी यूज ऑफ क्रिटिसिज्म नामक लेखमा इलियटले निर्वैयक्तिकता बारे आफ्नो विचार प्रस्तुत गर्दै यसो भनेका छन् कि - 'व्यक्तित्वको अतिक्रमण न कविको निम्ति सम्भव छ न आलोचकको निम्ति नै ।' काव्य वा साहित्यका विशेष तीन स्वरहरू मध्ये सर्वाधिक महत्व नाट्य – स्वरलाई दिने गरिन्छ , जो निर्वैयक्तिकता सिद्धान्तकै परिणति हुन् । तर जब इलियटले नाटककार शेक्सपीयरको बारेमा

आलोचना गर्न सुरू गर्दछन् तब उनले " यदि हामी शेक्सपीयरलाई पाउन खोजे त्यहाँ हामीले केवल उनका पात्रहरूलाई मात्र पाउन सक्छौ , जुन शेक्सपीयर स्वयमले सृष्टि गरेका हुन् ।" यसबाट यही स्पष्ट हुन्छन् कि इलियटको निर्वैयक्तिकताका सिद्धान्त व्यक्तित्वको निषेध नभएर अपितु त्यसको समर्पण रूप हो । यसर्थ इलियटले कला सम्वादका लागि कलाहरूका अनुशीलन गर्ने समय व्यक्तिले सबै समाहित गर्नु सक्नु पर्दछ, यहाँसम्म कि आफ्नो वंशवृक्षलाई पनि समर्पण गरी यस कार्यमा प्रवृत्त हुनु पर्दछ भन्ने ।

इलियटको निर्वैयक्तिकता सिद्धान्त पूर्वीय जगतको साधारणीकरण सिद्धान्तसित साम्य रहेको देखिन्छ । यस सिद्धान्तमा व्यक्तित्वको पलायन व्यक्तित्वका निषेध नभएर अपितु वस्तुनिष्ठताको प्रति समर्पण पाइन्छ । यसैले इलियटको वस्तुनिष्ठ समीकरणको सिद्धान्त पनि निर्वैयक्तिकता सिद्धान्तसित मेल खाएको प्रतीत हुन्छ । इलियट 'कला – कलाका लागि' भन्नेहरू जस्तै निर्वैयक्तिकतालाई सामाजिकता, नैतिकता र धार्मिकताको बन्धनमा जोड्दैनन् । यस प्रकार इलियटले कलावादीहरू, मार्क्सवादीहरू र यथार्थवादी समाजवादीहरू भन्दा भिन्न एक सन्तुलित आलोचनाको दृष्टिलाई सूत्रपात पाश्चात्य जगतमा गरेका छन् । मूलत: अतीत र वर्तमान दुवैको प्रति निश्चय एक कुत्सित व्यवहार रहेको पाइन्छ । यदि यी दुवैको बीच कुना जीवित सम्बन्ध रहका छन् भने सङ्घर्ष र तुलनाका बीच सम्बन्ध रहेका छैनन् भन्दा हुन्छ । विशेष कुनै पनि कवि या उपन्यासकार मृत सम्पत्तिका उत्तराधिकारी हुँदैनन् । उनीहरू अतीतलाई उपयोग गर्दछन् न केवल स्वयमलाई अतीतको परिप्रेक्ष्यमा परिवर्तन गर्नका निम्ति । यसमा कही न कही रूपमा वर्तमानलाई पनि परिवर्तन

गर्न कुरा आइरहेकै हुन्छन् । यसर्थ यही तथ्यलाई इलियटले आफ्नो निर्वैयक्तिक सिद्धान्तमा प्रतिपादन गर्न चाहेका छन् ।

परम्परावादी सिद्धान्तलाई राम्ररी अध्ययन गर्दा व्यक्ति - साहित्यकार परम्पराप्रति अनवरत रूपले आत्म समर्पित रहेको देखिन्छ । आत्म – समर्पणको यस भावमा अधीन रहेर इलियटले **अवैयक्तिक काव्य - सिद्धान्त** (इंपर्सनल थ्योरी ऑफ पोएट्री) - को प्रतिपादन **ट्रेडिशन एण्ड इन्डिविजुअल टैलेंट** (सन् 1920) नामक निबन्धमा गरेका छन् । यस लेख वा निबन्धको मुख्य उद्देश्य नै रोमान्टिक सम्प्रदायको व्यक्तिवादिताका सट्टामा परम्पराको महत्वलाई स्थापित गर्नु र परम्परा अन्तर्गत नै वैयक्तिक प्रज्ञाको सार्थकता प्रदर्शित गर्नु पनि थियो । कुनै पनि कविको रचनामा सर्वाधिक सशक्त अंश पूर्ववर्ती कविहरूका प्रभाव जोरदार रूपमा व्यक्त भएका हुन्छन् भन्ने इलियटको मान्यता छ । जुन कविले परम्परालाई जतिरूपमा आत्मसात गर्न सक्छन् , जसको इतिहास - बोध जति गहन हुन्छन् , त्यस कविले अधिक प्रसिद्धि प्राप्त साथै श्रेष्ठ कृतिहरूको जन्म दिएको पाइन्छ । तर मुख्य कुरो कविले अतीतको चेतनालाई विकसित गर्नु अनिवार्य हुन्छ साथै त्यसको प्रगति आत्मोत्सर्ग हुनु पर्दछ । यसर्थ इलियटले यसो भनेका छन् - "द प्रोग्रैस ऑफ एन आर्टिस्ट इज ए कोंटीनुअल सेल्फ सैकृफाईस, ए कोंटीनुअल एक्सटिनसन ऑफ पर्स्नालिटी।"

इलियटले कुनै पनि कवि या कलाकारको पूर्ण सार्थकता पूर्ववर्ती र समकालीन कवि -कलाकारहरूको सापेक्षतामा हुने मानेका छन् । जब कुनै नयाँ कला - कृतिको सृष्टि हुने गर्दछ, तब पूर्ववर्ती सबै कृतिहरूका केही न केही समञ्जन अनिवार्य भएर गएको हुन्छ । जसरी रेल गाडीका डब्बामा कुनै नयाँ यात्रीले प्रवेश गर्दा पहिलाबाटै यात्रा गरिरहेको यात्रीहरूले

खिसकेर जगह बनाउनु पर्दछ, त्यसलै जब कुनै नयाँ कृतिको सिर्जना हुँदा, पूर्ववर्ती कृतिहरूको स्थानमा कमोबेश परिवर्तन भएर कुनैको मूल्य घटेर जान्छ भने कसैको बढ़ेर जाने गर्दछ । यस प्रकार जसरी इतिहासले वर्तमानलाई निर्देशित गर्दछ, त्यसरी नै वर्तमानले पनि अतीतलाई निर्देशित गर्ने गर्दछ । यसबारे इलियटले "द पास्ट शुड बी अटेस्टेड बाय द प्रजेंट एज मच एज द प्रेजेंट इज डायरेक्टेड बाय द पास्ट" भनेका छन् । अतः परम्परा अतीतदेखि वर्तमानसम्मको एक अविछिन्न इकाई हो, जसमा कुनै जातीय जीवनको कला, संस्कृति र दर्शन आदिका ऊत्तमांश विद्यमान हुने गर्दछ । वैयक्तिक प्रज्ञा यस परम्पराद्वारा संयुत भएर नै श्रेष्ठ कृतिका प्रणयन गर्नु सकत्छ । काव्यमा व्यक्तित्वको अभिव्यंजना नभएर परम्पराकै अभिव्यंजना नयाँ रूपमा रहेको हुन्छ । यसर्थ इलियटले व्यक्तित्वका अतिक्रमण न कविको लागि सम्भव हुन्छ, न आलोचकको लागि भनेर स्वीकार गरेका छन् । यसबारे इलियटले यसो भनेका छन् – " पोएट्री इज नॉट ए टर्निंग लूज ऑफ इमोशन बट एन इस्केप फ्रोम इमोशन; यिटी इज नॉट द एक्स्प्रेशन ऑफ पर्स्नालिटी; बट एन इस्केप फ्रोम पर्स्नालिटी । बट ऑफ कोर्स, ओनली दोज हू हैव पर्स्नालिटी एण्ड इमोशंस नो व्हाट इट मीन्स टू वान्ट टू इस्केप फ्रोम दीज़ थिंग्स ।"

इलियटले निर्वैयक्तिकताको दुई रूप मानेका छन् - 1) प्राकृतिक, जो कुशल शिल्पी मात्रका निम्ति हुने गर्दछ, 2) प्रौढ़ कलाकारहरूद्वारा उपलब्ध । उनको मान्यता " प्रौढ़ कविका वैयक्तिक अनुभव - क्षेत्र पनि निर्वैयक्तिकता हुने गर्दछ " भन्ने छ । यस सिध्दान्त अनुसार कविताको जीवन स्वतन्त्र हुने गर्दछ । यो कविताको निम्ति उपयुक्त माध्यम पनि हो । अर्थात् कविले कविता लेख्ने गर्दैनन् , कवित्ता स्वयं कविका माध्यम कागजमा शब्द - विधानका रूपमा अभिव्यक्ति हुने गर्दछ । निर्वैयक्तिकता

सिद्धान्तमा इलियटको अभिप्राय केवल कुशल शिल्पीको निर्वैयक्तिकतासित मात्र रहेको छैन । उनी कलाको निर्वैयक्तिकतालाई प्रौढ़ कविको निजी अनुभवहरूका सामान्य अभिव्यक्ति मान्ने गर्दछन् । अतएव इलियटको निर्वैयक्तिकता सिद्धान्तको अर्थ - कविका व्यक्तिगत भावहरूको विशिष्टताका सामान्यीकरण (साधारणीकरण) हो ।

मूलत:इलियटलेनिर्वैयक्तिकताकोसिद्धान्तको प्रतिपादन रोमान्टिक कविहरूका व्यक्तिवादिताको विरोधमा उत्पन्न भएको सिद्धान्त हो भन्न सकिन्छ । इलियट एजरा पाउण्डका विचारहरूद्वारा धेरै प्रभावित भएको कारण साहित्य वा कलाको क्षेत्रमा उनले यस निर्वैयक्तिक सिद्धान्तको प्रतिपादन गरेको प्रतीत हुन्छ । एजरा पाउण्डले कविहरू वैज्ञानिकहरूका समान नै निर्वैयक्तिक र वस्तुनिष्ठ हुन्छन् भन्ने धारणा व्यक्त गरेका थिए । विशेष कविहरूकोकार्यआत्मनिरपेक्षहुने हुनाले यस मतबाट प्रभावित भएर इलियटले वैयक्तिकताको विरोध गर्दै परम्परालाई आवश्यक मानेका हुन् । इलियटले निर्वैयक्तिकताको अर्थ कविहरूका व्यक्तिगत भावहरूको विशिष्टताका सामान्यीकरणलाई बताएका छन् । तदनुसार कवि आफ्नो तीव्र सम्वेदना र ग्रहण क्षमताले अन्य व्यक्तिहरूका अनुभूतिहरूलाई आयत्त गर्ने गर्दछन् । त्यो आयत्त अनुभूतिहरू कविको निजी अनुभूतिहरू बनेर जादछ । जबकविआफ्ना स्वयुक्त अथवा चिन्तनद्वारा आयत्त अनुभवहरूलाई काव्यमा व्यक्त गर्ने गर्दछन् , तब त्यो उसको निजी अनुभव भएर पनि सबैको अनुभव बनेर जादँछ।

तत्त्व, विचार, अनुभूति, अनुभव, बिम्ब, प्रतीक आदि सबै व्यक्तिका निजी या वैयक्तिक कुरा हुन् ।

Notes

कलाकारहरूले जब आफ्नो तीव्र संवेदना र ग्रहण शक्तिका माध्यम आफ्नो अनुभवहरूलाई काव्य रूपमा प्रकट गर्दछन्, तब त्यो व्यक्तिगत भएर पनि सबको लागि अर्थात् सामान्य (सार्वजन्य) बनेर जादछ । कवि यस भारबाट मुक्त भएर जादछन् । यस तत्वले कविलाई वैयक्तिकताबाट धैरै ढाडा लाने गर्दछ तथा निर्वैयक्तिक भएर जादछ । भाव मात्र नभएर कविताका माध्यमले कवि आफ्नो वैयक्तिक सीमाहरूदेखि पनि मुक्त भएर जाने गर्छन् । उसको स्वर एक व्यक्तिका स्वर नभएर विश्व मानवकै सर्वजनीन स्वर बन्न पुग्दछ । उदाहरणको लागि विभिन्न सामग्रीहरू खोर्सानी, नुन, टमाटर, सिद्रा आदि तत्त्वहरूबाट अचार बने पछि त्यो बनिएको अचारमा सबै सामग्री वा तत्त्वहरू आफ्नो स्वादबाट मुक्त हुन् पुग्छन् ।

इलियटले कलामा अभिव्यक्त भावलाई निर्वैक्तिक हुने मानेका छन् । कवि आफुलाई प्रकृतिप्रति समर्पित नगरीकन निर्वैयक्तिक हुन सक्दैनन् भन्ने उनको मानयता रहेको पाइन्छ । कविता मनोभावहरूको स्वच्छन्दता होइन, यो त्यसको केवल पलायन मात्र हो भन्ने इलियटको धारणा रहेकोले व्यक्तित्वको अभिव्यक्ति नभएर अपितु व्यक्तित्वबाट पलायन हुने गर्दछ । यसर्थ जुन कविहरूमा व्यक्तित्व र भाव रहेको हुन्छ, उनीहरूले मुक्ति -आकांक्षाको अर्थ पनि राम्ररी बुझेको हुन्छ भन्ने इलियटको धारणा छ । यसैले कवि व्यक्तिगतको अभिव्यक्ति नभएर विशिष्ट माध्यम मात्र हुन् । इलियटले कविताको उत्पत्तिलाई लिएर बादमा आफ्नो मतलाई संशोधन गर्दै त्यस समय आफुले आफ्नो विचारलाई ठीकसित व्यक्त गर्न नसकेको स्वीकारेका छन् । यसर्थ उनले निर्वैयक्तिकताको सम्बन्धमा आफ्नो विचार व्यक्त गर्दै यसको विशेष

दुई रूप – एक, त्यो जो कुशल शिल्पी मात्रका लागि प्राकृतिक हुने गर्दछ, दोस्रो, त्यो जो प्रौढ़ कलाकारहरूद्वारा अधिकाधिक रूपमा उपलब्ध हुने गर्दछ भनेका छन् । उनको पहिलो भन्दा दोस्रो प्रकारको निर्वैक्तिकता आफ्नो

उत्कट र व्यक्तिगत अनुभवहरूका माध्यम सामान्य सत्यलाई व्यक्त गर्ने समर्थ प्रौढ कविहरूमा हुने कुरामा अडिएको पाइन्छ । वस्तुतः रचनाकार जति प्रौढ़ र परिपक्व हुन्छन् , त्यसमा भोक्ता र स्रष्टा बीच व्यक्तित्वको अन्तर त्यति ने स्पष्ट हुने गर्दछन् ।

पाश्चात्य जगतमा इलियटको यस निर्वैयक्तिकता सिद्धान्तका धारणाहरूले अचंभित भएर कतिपय आलोचक, विद्वानहरूले उनलाई हास्यापद एवम् स्वतो व्याघात दोषले युक्त भनि घोषित पनि गरेका छन् । पश्चिमी साहित्य चिन्तन स्तर अनुसार यस्तो हुनु तत्कालिन समयमा स्वाभाविक पनि थियो । किनकि यस निर्वैयक्तिकता सिद्धान्तको व्यक्ति गहराईलाई जुन सुकै पाठकले बुझ्न सक्दैनन् थिए । इलियटको यो सिद्धान्त भारतीय आचार्य भट्टनायकद्वारा प्रतिपादित साधारणीकरण एवम् अभिनव गुप्तद्वारा प्रतिपादित अभिव्यक्तिवादका अनुशीलन रहेको पाइन्छ । रस सिद्धान्त अन्तर्गत जुन कुरो साधारणीकरण प्रक्रिया अन्तर्गत भनिएको छ, त्यही कुरो इलियटको निर्वैक्तिकता सिद्धान्त अन्तर्गत पनि भनिएको पाइन्छ ।

साधारणीकरण या निर्वैयक्तिकताको खोजी भारतीय आचार्यहरूले आठ – नवौँ शताब्दीमा गर्न सुरू गरेको पाइन्छ । पाश्चात्य जगतमा इलियटद्वारा 20 औँ शताबादीमा यसको खोजी विशेष रूपमा भएर गएको देखिन्छ । साधारणीकरणको अवधारणा अनुसार कविको भाव एक व्यक्तिका भावसित मात्र रहोको हुँदैन भन्ने

Notes

छ । यो सर्वसाधारण या जनमानसका भावहरूमा परिणत भएर जानेगर्दछ।यसैलेविताको प्रेम या विरह, सुख या दुख, हर्ष या विषाद , हास्य या रोदन, सर्वसाधारणका सुख – दुख एवम् शोक र करूणा आदिमा परिणत भएर जाने गर्दछन् ।

निर्वैयक्तिक कुनै भिन्दै कुरा वा कला तथा साहित्यको घटक नभएर यो कविहरू वैज्ञानिक भए जस्तै समान र वस्तुनिष्ठ हुने गर्दछ । कवि जति अधिक वैयक्तिक हुन्छन् , उसको रचना पनि त्यति नै श्रेष्ठ , सार्वकालिक र सार्वदेशिक हुने हुनाले यस विन्दुलाई केन्द्र गरेर टी. एस. इलियटले कविहरूका व्यक्ति निष्ठताको बिरूद्ध निर्वैयक्तिकता सिद्धान्तको प्रतिपादन गरेको मान्न सकिन्छ । यस कुरालाई सिमुलतला आवासीय विद्यालयमा महाकवि राम इकबाल सिंह राकेश साहित्य परिषदको तत्वावधानमा आयोजित इलियटको जन्म जयन्तीको अवसरमा कवि, नाटककार, आलोचक तथा सन् 1948 मा नावेल पुरस्कार विजेता एस. सुधान्शुले बताएका हुन् । उनले इलियट पश्चिम साहित्य जगतका सबैभन्दा माहन आलोचक रहेको पनि ठोकुवा गरेका छन् । **द वेस्टल्याण्ड** नामक कृतिबाट विश्वमा चर्चित भएको इलियट जति महान आलोचक थिए, त्यति नै महान कवि, नाटककार र निबन्धकार पनि थिए।

इलियटले काव्य वा कविताको अवधारणालाई व्यक्तिवादीताको धेराबाट मुक्त गराएर सार्वभौमिकता र सार्वदेशिकताको धरातलमा प्रतिष्ठित गरेका छन् । यसैले उनी आफ्नो निर्वैयक्तिकताको सिद्धान्तमा 'कवितालाई व्यक्तित्वको अभिव्यक्ति नमानेर व्यक्तित्वबाट पलायन ठान्दछन् ।' इलियटको विचार अनुसार व्यक्तित्वबाट पलायनको अर्थ आफ्नो पराएका भावनाबाट मुक्त भएर निर्वैयक्तिक हुनु हो । यसैले इलियटको यस परिभाषालाई उनको सिद्धान्तको मूल मन्त्र मानिने गरिन्छ । अत :

इलियटको यस परिभाषाले 'रोमान्टिसिज्म' - को 'आत्मा - अभिव्यक्ति' - को सिद्धान्तलाई निषेध गरेर निर्वैयक्तिकता सिद्धान्तलाई प्रतिष्ठापना गरेको प्रतीत हुन्छ ।

## 8.6 उपसंहार

टी.एस.इलियटले पाश्चात्य जगतमा समीक्षा या समालोचनाका विविध सिद्धान्तहरू परम्परा – सिद्धान्त, व्यक्ति प्रतिभा सिद्धान्त, निर्वैयक्तिकताको सिद्धान्त, वस्तुनिष्ट समीकरणको सिद्धान्त आदिबारे विस्ताररूपमा प्रकाश पारेका छन् । यसैले उनलाई पाश्चात्य काव्यशास्त्रमा युगान्तकारी ल्याउने एक महान स्रष्टा मानिने गरिन्छ । काव्य सिद्धान्तहरूको प्रतिपादनमा उनको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

इलियटको आलोचनामा न त कुनै निजी सिध्दान्त बनाए , न त नियम । उनको आलोचनालाई कुनै व्यक्ति, वाद वा सम्प्रदायसित जोड़ना पनि सम्भव देखिन्न । यसैले इलियट स्वतन्त्रचेता आलोचक भएकोले उनमा वैयक्तिक मानदण्ड रहेको छ । उनले जहाँ जुन पनि गाह्म प्रतीत भएको पाए, त्यसलाई इलियटले निस्संकोच ग्रहण गरेका छन् । यसर्थ उनकी आलोचनाले धेरैलाई प्रभाव पारेका छन् । वस्तुतः इलियटका आलोचनाको मुख्य उद्देश्य – आफ्नो कविताहरूको बोध, आस्वाद र परिशंसनको भूमि तयार गर्नु रहेको बुझिन्छ । उनी रूचि - परिष्कारलाई आलोचनाको अन्यतम प्रयोजन मान्ने गर्दछन् ।

परम्पराको अभावमा कवि छाँया मात्र हुने गर्दछ र उसको कुनै अस्तित्व रहने गर्दैन । इलियटको यस मत अनुसार परम्परा भनेको अत्यन्त महत्त्वपूर्ण वस्तु हो, परम्परालाई छोडी दिए

हामी स्वयम् वर्तमानलाई पनि छोड़ी पठाउँछौं । उनको यस भनाईमा परम्पराको बित्र पनि कविको वैयक्तिक प्रज्ञा लुकेको हुन्छ भन्ने । परम्परालाई उत्तराधिकारमा प्राप्त नहुने बस्तु ठान्दै अर्जितका माध्यम प्राप्त हुने बस्तु मानेका छन् । वस्तुतः इलियटका लागि परम्पराएकअविच्छिन्न प्रवाह हो, जसले अतीतलाई सांस्कृतिक - साहित्यिक दायको उत्तमांशमा वर्तमानलाई समृद्ध गर्ने गर्दछ । यो अतीतको जीवन्त शक्ति भएकोले परम्पराले वर्तमानको निर्माण गर्दछ अनि भविष्यको अंकुर प्रस्फुटित गर्दछ । इलियटले कुनै पनि कवि पूर्ण रूपले सार्थक हुँदैनन् भनेका छन् । उसको महत्व उसका आफ्नै सराहना, मृत कविहरू र कलाहरूसित सम्बन्धित रहेको हुन्छ । यसैले आफै रूपमा कुनै पनि कवि वा व्यक्ति पूर्ण रूपले सार्थक रहका हुँदैनन् । यसैले परम्परा भनेको व्यक्तिले जन्मजात पाएर वा लिएर आएको बस्तु नभएर अतीत र वर्तमानको परिप्रेक्ष्यमा सिकेका कुरा हुन् ।

इलियटले भने कुनै पनि व्यक्तिले जन्मजात पाएर आएको विविध क्षेत्रमूलक प्रतिभाहरूलाई व्यक्ति प्रतिभा मानेका छैनन् । उनले जन्मजात पाएर आएको कला, सङ्गीत आदि क्षेत्रहरूका प्रतिभा र वर्तमानमा सिकेको केही प्रतिभाहरूका सम्मिश्रणद्वारा प्राप्त प्रतिभालाई व्यक्ति प्रतिभा भनेका छन् । इलियटको निर्वैयक्तिकता सिद्धान्तलाई व्यक्तित्वबाट पूर्णतः विच्छिन्न मानिने गरिन्छ । उनले यस सिद्धान्तमा वैयक्तिकतालाई निषेध नमानेर वस्तुनिष्ठतालाई प्रमुखता दिएका छन् । इलियटको वैयक्तिकता सिद्धान्तको मूल उद्देश्य वस्तुनिष्ठताको प्रति समर्पण हो । इलियटको निर्वैयक्तिकताका सिद्धान्त व्यक्तित्वको निषेध नभएर अपितु त्यसको समर्पण रूप हो ।

निर्वैयक्तिकता सिद्धान्तमा इलियटको अभिप्राय केवल कुशल शिल्पीको निर्वैयक्तिकतासित मात्र रहेको छैन । उनी कलाको निर्वैयक्तिकतालाई प्रौढ कविको निजी अनुभवहरूका सामान्य अभिव्यक्ति मान्ने गर्दछन् । अतएव इलियटको निर्वैयक्तिकता सिद्धान्तको अर्थ कविका व्यक्तिगत भावहरूको विशिष्टताका सामान्यीकरण तथा साधारणीकरण हो । **द वेस्टल्याण्ड** नामक कृतिबाट विश्वमा चर्चित भएको इलियट जति महान आलोचक थिए, त्यति नै महान कवि, नाटककार र निबन्धकार पनि थिए । उनले काव्य वा कविताको अवधारणालाई व्यक्तिवादीताको धेराबाट मुक्त गराएर सार्वभौमिकता र सार्वेदेशिकताको धरातलमा प्रतिष्ठित गरेका छन्। यसैले उनी आप्नो निर्वैयक्तिकताको सिद्धान्तमा 'कवितालाई व्यक्तित्वको अभिव्यक्ति नमानेर व्यक्तित्वबाट पलायन ठान्दछन् ।'

## 8.7 सार

यस प्रखण्डमा टी. एस. इलियटको परम्परा, व्यक्ति प्रतिभा र निर्वैयक्तिक सिद्धान्तबारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- **द वेस्टल्याण्ड** नामक कृतिबाट विश्वमा चर्चित भएको इलियट जति महान आलोचक थिए, त्यति नै महान कवि, नाटककार र निबन्धकार पनि थिए ।
- उनले काव्य वा कविताको अवधारणालाई व्यक्तिवादीताको धेराबाट मुक्त गराएर सार्वभौमिकता र सार्वेदेशिकताको धरातलमा प्रतिष्ठित गरेका छन् ।

- इलियटले कलावादीहरू, मार्क्सवादीहरू र यथार्थवादी समाजवादीहरू भन्दा भिन्न एक सन्तुलित आलोचनाको दृष्टिलाई सूत्रपात पाश्चात्य जगतमा गरेका छन् ।
- 'परंपरा' शीर्षक लेखमा इलियट हामीले अतीतलाई त्यही रूपमा हेर्नु पर्दछ, जुन रूपमा हामी जीवनलाई बुझ्ने कोशिश गर्दछौ ।
- इलियटले यही वर्तमान र अतीतको सम्मिश्रणलाई परम्परा भनेका छन् ।
- परम्परा अतीतदेखि वर्तमानसम्मको एक अविछिन्न इकाई हो, जसमा कुनै जातीय जीवनको कला, संस्कृति र दर्शन आदिका ऊत्तमांश विद्यमान हुने गर्दछ ।
- वैयक्तिक प्रज्ञा यस परम्पराद्वारा संयुत भएर नै श्रेष्ठ कृतिका प्रणयन गर्नु सकत्छ । काव्यमा व्यक्तित्वको अभिव्यंजना नभएर परम्पराकै अभिव्यंजना नयाँ रूपमा रहेको  हुन्छ ।
- इलियटको निर्वैयक्तिकता सिद्धान्त पूर्वीय जगतको साधारणीकरण सिद्धान्तसित साम्य रहेको देखिन्छ । यस सिद्धान्तमा व्यक्तित्वको पलायन व्यक्तित्वका निषेध नभएर अपितु वस्तुनिष्ठताको प्रति समर्पण पाइन्छ ।
- इलियट 'कला – कलाका लागि' भन्नेहरू जस्तै निर्वैयक्तिकतालाई सामाजिकता, नैतिकता र धार्मिकताको बन्धनमा जोडेका छैनन् ।
- निर्वैयक्तिकता सिद्धान्तमा इलियटको अभिप्राय केवल कुशल शिल्पीको निर्वैयक्तिकतासित मात्र रहेको छैन । ऊनी कलाको निर्वैयक्तिकतालाई प्रौढ़ कविको निजी अनुभवहरूका सामान्य अभिव्यक्ति मान्ने गर्दछन् ।
- निर्वैयक्तिकता सिद्धान्तको अर्थ - कविका व्यक्तिगत भावहरूको विशिष्टताका सामान्यीकरण (साधारणीकरण) हो ।

- इलियटले निर्वैयक्तिकताको सिद्धान्तको प्रतिपादन रोमान्टिक कविहरूका व्यक्तिवादिताको विरोधमा उत्पन्न भएको सिद्धान्त हो भन्न सकिन्छ ।
- विशेष कविहरूको कार्य आत्मनिरपेक्ष हुने हुनाले यस मतबाट प्रभावित भएर इलियटले वैयक्तिकताको विरोध गर्दै परम्परालाई आवश्यक मानेका हुन् ।
- इलियटले निर्वैयक्तिकताको अर्थ कविहरूका व्यक्तिगत भावहरूको विशिष्टताका सामान्यीकरणलाई बताएका छन् ।
- इलियटको यो सिद्धान्त भारतीय आचार्य भट्टनायकद्वारा प्रतिपादित साधारणीकरण एवम् अभिनव गुप्तद्वारा प्रतिपादित अभिव्यक्तिवादका अनुशीलन रहेको पाइन्छ ।
- रस सिद्धान्त अन्तर्गत जुन कुरो साधारणीकरण प्रक्रिया अन्तर्गत भनिएको छ, त्यही कुरो इलियटको निर्वैक्तिकता सिद्धान्त अन्तर्गत पनि भनिएको पाइन्छ ।
- निर्वैयक्तिक कुनै भिन्दै कुरा वा कला तथा साहित्यको घटक नभएर यो कविहरू वैज्ञानिक भए जस्तै समान र वस्तुनिष्ठ हुने गर्दछ ।
- टी. एस. इलियटले कविहरूका व्यक्ति निष्ठताको बिरूद्ध निर्वैयक्तिकता सिद्धान्तको प्रतिपादन गरेका हुन् ।
- यस निर्वैयक्तिकताको सिद्धान्तमा इलियटले 'कवितालाई व्यक्तित्वको अभिव्यक्ति नमानेर व्यक्तित्वबाट पलायन ठान्दछन्।'

यस प्रखण्डको अध्ययनले टी. एस. इलियटको परम्परा, व्यक्ति प्रतिभा र निर्वैयक्तिक सिद्धान्तबारे बुनियाँदी जानकारी प्राप्त भयो ।

इलियट र उनको यी तीनवटा सिद्धान्तहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 8.8 अनुशीलनी

1. पाश्चात्य साहित्यको स्वरूपबारे चर्चा गर्दै यसका विभिन्न सिद्धान्तहरूलाई चिनाउनुहोस् ।

2. टी. एस. इलियटको जीवनीबारे सविस्तार लेख्नुहोस् ।

3. इलियटको परम्परा सिद्धान्तको महत्त्व र मूल्य पाश्चात्य साहित्यलोचनामा के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. इलियटको व्यक्ति प्रतिभा सिद्धान्तको महत्त्व र मूल्य पाश्चात्य साहित्यलोचनामा के कस्तो रहेको छ ? बताउनुहोस् ।

5. इलियटको निर्वैयक्तिकता सिद्धान्तको महत्त्व र मूल्य पाश्चात्य साहित्यलोचनामा के कस्तो रहेको छ ? बताउनुहोस् ।

6. इलियटका प्रमुख साहित्यिक सिद्धान्तहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

७. इलियटले किन 'कवितालाई व्यक्तित्वको अभिव्यक्ति नमानेर व्यक्तित्वबाट पलायन मानेका छन् ? सबिस्तार चर्चा गर्नुहोस् ।

8. इलियटको परम्परा र व्यक्ति प्रतिभा सिद्धान्तमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

9. इलियटको व्यक्ति प्रतिभा र निर्वैयक्तिकता सिद्धान्तमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? आफ्नो तर्क दिनुहोस् ।

10. इलियटको निर्वैयक्तिकता सिद्धान्तलाई किन रस सिद्धान्तको साधरणीकरण सिद्धान्तसित समानता रहेको मानिन्छ ? चर्चा गर्नुहोस् ।

12. पाश्चात्य साहित्यलोचनाको विकासमा टी. एस. इलियटको के कस्तो योगदान र भूमिका रहेको छ ? विविचना गर्नुहोस् ।

13. आलोचक इलियटका प्रमुख सौद्धान्तिक प्रवृत्तिबारे लेख लयार पार्नुहोस् ।

14. इलियटलाई कवि, नाटककार र निबन्धकारको रूपमा चिनाउँदै उनीबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 8.9 अतिरिक्त अध्ययन


1. सिंह, नामवर – **आलोचना** ।

2. इलियट, टी. एस. - **द सेक्रेड वूड एसेज ऑन पोएट्री एंड : क्रिटिसिज़्म**।

3. जैन, निर्मला - **पाश्चात्य साहित्य – चिन्तन** ।

4. द्विवेदी, डा. रमा अवध - **साहित्य - सिद्धान्त** ।

5. सिग्देल, सोमनाथ - **साहित्य प्रदीप** ।

6. उपाध्याय, डा. कोशवप्रसाद - **साहित्य प्रकाश** ।

७. हिमांशु , राजु प्रधान - **साहित्य परिचय** ।

8. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

9. शर्मा, देवेन्द्रनाथ - **पाश्चात्य काव्यशास्त्र** ।

10. मिश्रा, सत्यदेव - **पाश्चात्य काव्यशास्त्र** ।

11. फौक्स, रैल्फ - **उपन्यास और लोक जीवन** ।

12. चौधरी, डा. सत्यदेव र गुप्त, डा. शानतिस्वरूप - **भारतीय तथा पाश्चात्य काव्यशास्त्र** ।

13. मोहन, प्रो. हरी - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान** ।

Notes

14. त्रिपाठी, बासुदेव – **पाश्चात्य साहित्यको समालोचना परम्परा ।**

यस अतिरिक्त टी. एस. इलियटको परम्परा, व्यक्ति प्रतिभा र निर्वैयक्तिक सिद्धान्तबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 8.10 मुल्यबृद्धिका निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. परम्परा, व्यक्ति प्रतिभा र निर्वैयक्तिक सिद्धान्तको अर्थ र परिभाषा ।

.......................................................................................

........

.......................................................................................

........

.......................................................................................

........

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. इलियटको परम्परा सिद्धान्त ।

.......................................................................................

........

.......................................................................................

........

.......................................................................................

........

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३. इलियटको व्यक्ति प्रतिभा सिद्धान्त ।

..............................................................................

........

..............................................................................

........

..............................................................................

........

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. इलियटको निर्वैयक्तिक सिद्धान्त ।

..............................................................................

........

..............................................................................

........

..............................................................................

........

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.6 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

५. ' कविता व्यक्तित्वको अभिव्यक्ति नभएर व्यक्तित्वबाट पलायन हो ' ।

..............................................................................

........

Notes

.........................................................................................

........

.........................................................................................

........

(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.6 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

# एकाइ – 9, साहित्य समालोचना परम्परामा इलियटको स्थान र मूल्य

**संरचना**

9.0 उद्देश्य

9.1 परिचय

9.2 टी. एस. इलियटको परिचय

9.3 साहित्य समालोचना परम्परामा टी. एस. इलियटको स्थान

9.4 साहित्य समालोचना परम्परामा टी. एस. इलियटको मूल्य

9.5 उपसंहार

9.6 सार

9.7 अनुशीलनी

9.8 अतिरिक्त अध्ययन

9.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 9.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- टी. एस. इलियटको परिचय
- इलियटका कृतिहरू
- साहित्य समालोचना परम्परामा टी. एस. इलियटको स्थान
- साहित्य समालोचना परम्परामा टी. एस. इलियटको मूल्य
- इलियटको विभिन्न सिद्धान्तबारे सामान्य जानकारी

## 9.1 परिचय

टी. एस, इलियट पाश्चात्य साहित्य समालोचा परम्पराका एक महान हस्ती हुन् । उनी आलोचक मात्र नभएर एख महान कवि, नाटककार र निबन्धकार पनि हुन् । उनले काव्य वा कविताको अवधारणालाई व्यक्तिवादीताको धेराबाट मुक्त गराएर सार्वभौमिकता र सार्वेदेशिकताको धरातलमा प्रतिष्ठित गरेका छन् । पाश्चात्य साहित्यको समालोचना परम्परामा विभिन्न सिद्धान्त, विभिन्न साहित्यित मान्यता, भाषिक, कलागत सिन्धान्तहरू बनाउनमा इलियटको योगदान र भूमिका सर्वेपरी छन् ।

थॉमस स्टियरन्स एलियट (Thomas Stearns Eliot ) – को समय अवधि पाश्यात्य साहित्य समालोचना परम्परामा सन् 1888 देखि सन् 1965 सम्म मानिएको छ । उनीद्वारा प्रतिपादित परम्परा, व्यक्ति प्रतिभा र निर्वैयक्तिक सिद्धान्तको मूल्य, महत्व र अवधारणाको कारण इलियटको पाश्चात्य साहित्यमा भिन्दै स्थान र मूल्य रहेको पाइन्छ । सन् 1948 सम्ममा आफ्नो नाटक, कविता र आलोचना तीनै क्षेत्रहरूमा महान् ख्याति प्राप्त कमाइ सकेका थिए । इलियटको लेखन तथा सिद्धान्तहरूले आधुनिक युगका प्राय सबै प्रसिद्ध लेखकहरूलाई प्रभावित तुल्याएको देखिन्छ ।

इलियटले आफ्नो पहली कविता **द लव अफ् सङ्ग** लेखेपछि पाश्चात्य साहित्यमा परितिच बन्ने पुगेका मानिन्छ । आधुनिक युगको महानतम अङ्ग्रेजी साहित्यिक विभूतिहरू मध्ये एक मानिने इलियटको पहिलो काव्य सङ्ग्रह **प्रफ्रॉक ऐण्ड अदर आब्जॅरवेशंस** (सन् 191७) हो । उनलाई पाश्चात्य साहित्य जगतमा सन् 1922 मा प्रकाशित **बन्जर भूमि**

**(द वेस्टल्याण्ड)** कृति मार्फत चिनिने गरिन्छ । उनका प्रकाशित कृतिहरूमा **द लव सॉंग ऑफ़ जे अल्फ्रेड प्रूफ्राक, प्रूफ्रॉक र अन्य टिप्पणियां, फ़ोर क्वार्टेट्स, द सैक्रेड वुड, आन पोएट्री एण्ड पोएट्स'** आदि काव्य र **मर्डर इन द कैथीड्रल**, **द कान्फ़िडेंशल क्लाक द एल्डर स्टेट्समैन** आदि नाटकहरू प्रसिद्ध छन् ।

## 9.2 टी. एस. इलियटको परिचय

टी. एस. इलियटको जन्म सन् 1888 मा अमेरिकाको मिसौली स्थित सेन्ट लुइस भन्ने ठाउँमा भएको हो । सन् 1910 मा हार्वर्ड विश्वविद्यालयबाट एम. ए. सम्मको शिक्षा अध्ययन गरेको इलियटले संस्कृत र पालि भाषाको राम्रो अध्ययन गरेका थिए । उनको सन् 1920 मा प्रकाशित **दि सेक्रेड वुड**, सन् 191७ – 1932 मा प्रकाशित **सेलेक्टेड एसेज**, सन् 1933 मा प्रकाशित **दि यूज ऑफ पोयट्री एण्ड यूज ऑफ क्रिटिसिज्म** आदि कृतिहरू पाश्चात्य साहित्यमा प्रसिद्ध छन् ।

इलियट आफ्नो जीवनमा अमेरिकी कवि एज्रा पाउण्टबाट धेरै प्रभावित भएका थिए । उनी ऑक्सफोर्डमा भाग लिन जादा सन् 1914 मा इङ्ग्ल्याण्दमा अमेरिकी कवि एज्रा पाउण्डित भेट भएको थियो । इलियट एज़रा पाउण्ड्का अतिरिक्त विद्वान् डन तथा फ्रान्सीसी प्रतीकवादी कवि लॉफोर्ज़द्वारा पनि अधिक प्रभावित भएको मानिन्छ । आधुनिक युगका महानतम अङ्ग्रेजी साहित्यिक विभूतियहरू मध्ये इलियटलाई पनि एक मानिन्छ । साहित्यमा नोबेल - पुरस्कार विजेता **टी0 एस0 एलियट** 26 वर्षको आयुमै आफ्नो मातृभूमि अमरीका छोड़ेर इङ्ग्लैंडमा बसाई रहेका थिए भने उनी सन्

Notes

192७ मा ब्रिटिश नागरिक बनेका हुन् । इलियटले आफ्नो पहली कविता **द लव अफ् सङ्ग** लेखेपछि पाश्चात्य साहित्यमा परितिच बन्ने पुगेका मानिन्छ । उनले सन् 1948 सम्ममा आफ्नो नाटक, कविता र आलोचना तीनै क्षेत्रहरूमा महान् ख्याति प्राप्त कमाइ सकेका थिए । उनको लेखन तथा सिद्धान्तहरूले आधुनिक युगका प्राय सबै प्रसिद्ध लेखकहरूलाई प्रभावित तुल्याएको देखिन्छ ।

आधुनिक युगको महानतम अङ्ग्रेजी साहित्यिक विभूतिहरू मध्ये एक मानिने इलियटको पहिलो काव्य सहग्रह **प्रफ्रॉक ऐण्ड अदर आब्जॅरवेशंस** सन् 191७ मा प्रकाशित भएको थियो । तथापि उनले पाश्चात्य साहित्य जगतमा वास्तविक ख्याति सन् 1922 मा प्रकाशित **बन्जर भूमि (द वेस्टल्याण्ड)** कृति मार्फत इलियटले कमाएका हुन् । टी. एस. इलियटको प्रसिद्ध कृतिहरूमा **द लव सॉंग ऑफ़ जे अल्फ्रेड प्रूफ्राक, प्रूफ्रॉक र अन्य टिप्पणियां, जोरोनसन (Gerontion), खोखले पुरुष,** सन् 1930 मा प्रकाशित **ऐश वेन्सडे, मानिसहरूका चालीस दिनको व्रतका प्रथम दिवस ,पुरानो पोसमका व्यावहारिक बिराल्लोहरूको पुस्तक**, सन् 1944 मा प्रकाशित **चार क्वार्टेट्स (फ़ोर क्वार्टेट्स),** सन् 1920 मा प्रकाशित **द सैक्रेड वुड,** सन् 1933 मा प्रकाशित **द यूस ऑव पोएट्री ऐंड द यूस ऑव क्रिटिसिज्म,** सन् 195७ मा प्रकाशित **आन पोएट्री ऐंड पोएट्स'** आदि विशेष उल्लेखनीय छन् ।

यस अतिरिक्त इलियटले नाटकहरू पनि लेखेका छन् । उनका पाँच नाटकहरूमा सन् 1935 मा प्रकाशित **मर्डर इन द कैथीड्रल**, सन् 1939 मा प्रकाशित **फैमिली रियूनियन**, सन् 1950 मा प्रकाशित **द काकटेल पार्टी**, सन् 1955 मा प्रकाशित **द कान्फ़िडेंशल क्लाक** अनि सन् 1958 मा प्रकाशित **द एल्डर स्टेट्समैन** । यी सबै नाटकहरू पध्यमय

भाषा - शैलीमा लेखिएको पाइन्छ भने रंगमचको दृष्टिले पनि उत्तिकै लोकप्रिय छन् । उनको **मर्डर इन द कैथीड्रल** नाटक चाहिँ चलचित्र (फ़िल्म) पनि बनी सकेको छ । इलियटले सन् 1915 मा आफ्नो उम्र 26 बर्षको हुँदा विवाह गरेका थिए । उनलाई आफ्नो पत्नीको गंभीर स्वास्थ्यलाई लिएर जीवनमा ठूलो चिंता पनि परेको थियो । तर यस्ता महान आलोटक, कवि, नाटककार र निबन्धकारको रूपमा परिचित इलियटको मृत्यु सन् 1965 मा लण्डनको एम्फिसीमा भएको थियो ।

## 9.3 साहित्य समालोचना परम्परामा टी. एस. इलियटको स्थान

सन् 1922 मा प्रकाशित **द वेस्टल्याण्ड** कृतिद्वारा पाश्चात्य साहित्य जगतमा प्रसिद्धि कमाएका टी. एस इलियटको स्थान पाश्चात्य साहित्यको समालोचना परम्परा अन्य आलोचकहरूका समान रहेको पाइन्छ । साहित्यमा नोबेल पुरस्कार जीति सकेका इलियटले विभिन्न साहित्यिक सिद्धान्तहरू पाश्चात्य जगतमा प्रतिपादन गरेका छन् । उनको परम्परा, व्यक्ति प्रतिभा, निर्वैयक्तिक सिद्धान्त र समीकरणको सिद्धान्तले उनलाई पाश्चात्य संसारमा सदैव उच्च र अमर पनि बनाइ राखेका छन् ।

पाश्चात्य साहित्य परम्परामा 20 औँ शदाब्दीको महानतम् कविहरूको श्रेणीमा इलियटलाई गरिने गरिन्छ । तर यस्ता महान हस्तीले आफ्नो जीवनको अन्तिम समयमा विभिन्न आरोप, आलोचना, प्रत्योलोचना आदिसित झेल्न बाध्य भएका इलियटलाई एक क्रूर पति र साम्यता विरोधी आलोचक पनि भनिने गरिन्छ । तर उनको पत्रहरूले यस भूल भ्रान्ति तथा मिथकलाई खारिज गरेको पाइन्छ । त्यस समय **द सन्डे टाइम्स** – मा प्रकाशित समाचार अनुसार उनको

मृत्यु भएको 40 साल भन्दा अधिक समयपछि उनीद्वारा लिखित पत्रहरूका संग्रह गरिने कार्य भयो । यी पत्रहरूलाई अध्ययन गर्दा इलियटको चरित्र र व्यक्तित्वको बारेमा उपर्युक्त भूत भ्रान्ति तथा मिथक टुटेर भएको छ । यी पत्रहरू अधिकतर सन् 1920 को दशकमा स्वयम् इलियटद्वारा आफ्नो विचारहरूलाई अभिव्यक्ति गरि लेखिएका पत्रहरू थिए ।

इलियटले पाश्चात्य साहित्यको भूमिलाई उर्वर बनाउका निम्ति विभिन्न उल्लेखनीय कार्यहरू गरेका छन् । उनीद्वारा लिखित **द वेस्टल्याण्ड** कृति मुक्त छन्दमा लेखिएको तथा विभिन्न साहित्यिक सन्दर्भ एवम् उद्धरणले पूर्ण यस काव्यमा समाजका तत्कालीन परिस्थितिलाई अत्यन्त नैराश्यपूर्ण चित्र प्रस्तुत गरिएक छ । यसमा कविले जानी – बूझी अनाकर्षक एवम् कुरूप उपमानहरूको प्रयोग गरेका छन् , जसबाट समाजको वास्तविक दशाहरूलाई पाठकहरू समक्ष प्रस्तुत गर्न सकियोस् भन्ने उनको ध्येय थियो । उनको विचार अनुसार मानव संसार एउटा 'मरूभूमि' मात्र हो । आध्यात्मिक दृष्टिले यो संसार अनुर्वर तथा भौतिक दृष्टिले अस्त – व्यस्त छन् । **द वेस्ट ल्याण्ड**मा जम्मा 434 पंक्तिहरू छन् , जसलाई एक आधुनिक कविता मानिने गरिन्छ । सन 1922 मा प्रकाशित यस कविता – कृतिलाई पाश्चात्य जगतमा 20 औँ शताब्दीको सबैभन्दा महत्वपूर्ण कविताहरू मध्ये सर्वश्रेष्ठ मानिने गरिन्छ । यस कृतिपछि इलियटले धार्मिक भावनाहरूले पूर्ण र चरम विकास भएका कृतिहरूको सिर्जना गरेका छन् । उदाहरणको निम्ति उनको **ऐश वेन्सडे** (सन् 1930) र **फ़ोर क्वार्टेट्स** (सन् 1944) कृतिलाई लिन सकिन्छ ।

इलियटले पाश्चात्य साहित्यको समालोचना परम्परामा विभिन्न कवि, आलोचकहरू बारे आलोचना पनि प्रस्तुत गरेका छन् । आलोचनाको

क्षेत्रमा उनको सबैभन्दा महत्वपूर्ण कार्य 1७ औं शताब्दीका लेखकहरू माथि गरिएको कार्यलाई मानिने गरिन्छ । विशेषगरेर इलियटलाई विद्वान् डन तथा जोन ड्राइडेनले गुमाएको प्रतिष्ठालाई पाश्चात्य जगतमा पुनः संस्थापन गर्नमा ठूलो भूमिका निर्वाह गरेका छन् । यस अतिरिक्त जोहन मिल्टन एवम् पर्सी बेसी शेली जस्ता स्वच्छन्दतावादी कवि, आलोचकहरू बारे उनले खुलेर भर्त्सना गरेका छन् । यसैले इलियटको परम्परा र निर्वैयक्तिता सिद्धान्तलाई रोमान्टिक विचारधाराको विरोधमा जन्मिएको सिद्धान्तहरू मानिने गरिन्छ । 19 औं शताब्दीको आरम्भमा पाश्चात्य जगतमा रोमान्टिक कविहरू वड्सवर्थ, कोलरिज, शेली आदिले स्वच्छन्दतावादी कविता – कृतिका माध्यम जुन आलोचनाको सूत्रपात गरेका थिए, त्यसमा कविका वैयक्तिकता, भावना र कल्पनालाई विशेष प्राधान्य दिएको पाइन्छ । मैथ्यू आर्नल्डले वैयक्तिकताका अतिरेक अवैयक्तिकतासित साहित्यलाई संतुलित गर्ने सिद्धान्त प्रतिपादन गरेका पाउँछौ । तर साहित्य भन्दा अधिक संस्कृतिक र काव्य भन्दा अधिक धर्मप्रति उन्मुख रहने हुनाले आर्नल्डले त्यसमा अभीप्सित सफलता पाउन सकेनन् ।

पछि पाश्चात्य जगतमा वाल्टर पेटर र ऑस्कर वाइल्डद्वारा प्रवर्तित कलावाद (कला कलाको निम्ति ) – लाई लिएर साहित्यिक मञ्च अवतरित भएर गयो । सेन्ट्सबरी आदि आलोचनाहरू ऐतिहासिक र जीवनीमूलक प्रवृत्तिका थिए । यसको तात्पर्य पाश्चात्य जगतमा आलोचनाका यस प्रचलित पध्दतिहरूमा कविको प्रधानता भन्दा कृतिको गौणता धेरै रहेको बुझिन्छ । यसर्थ इलियटले उदबाहु घोषणा गर्दै यसो भनेका छन् - " साँचो आलोचना तथा सूक्ष्म परिशंसाको लक्ष्य कवि नभएर काव्य रहेको हुन्छ ।" पाश्चात्य जगतमा साहित्यको रोमान्टिक

Notes

काल अवधि कविता भावहरूका अन्तः स्फूर्त अभिव्यक्ति हुने गर्थे । इलियटले यसको विरोध गर्दै यही घोषणा गरेका छन् कि - " साहित्य व्यक्तित्वको अभिव्यक्ति नभएर व्यक्तित्वबाट पलायन - वैयक्तिकताको अतिशयतामा निषेध छ ।" पछि उनको यस विचारमा पर्याप्त परिवर्तन आएको देखिन्छ । कारण इलियटले कविलाई सर्जक होइन माध्यम मान्ने गर्दथे ।

इलियटले दाँतेका कतिपय सिद्धान्तहरूलाई पनि आफ्नो प्रकारले नयाँ रूपमा व्याख्या गरेका छन् । दाँते एलीगियरी (मई/जून 1265 – 14 सितंबर, 1321) मध्यकालका इतालियन कवि थिए । उनी पाश्चात्य साहित्यमा वर्जिल पछि इटलीका सबैभन्दा महान कवि मानिने गरिन्छ । यतिमात्र नभएर दाँतेलाई इटलीको राष्ट्र - कवि पनि भनिने गरिन्छ । उनका सुप्रसिद्ध महाकाव्य **डिवाइन कॉमेडिया** आफ्नै ढंगका अनुपम प्रतीक भएको महाकाव्य हो । यसका अतिरिक्त उनका गीतिकाव्य **वीटा न्युओवा** पनि प्रकाशित छन् । वीटा न्युओवाको अर्थ नयाँ जीवन हो , जसलाई अत्यन्त मार्मिक कविताहरूको संग्रह मानिन्छ । यस कृतिमा दाँतेले आफ्नी प्रेमिका सीट्रिसको प्रेमकथा तथा 23 वर्षमा नै उनकी देहावसान भएकोमा मार्मिक विरह कथालाई वर्णन गरेका छन् ।

दाँतेको जन्म यूरोप, इटलीमा भए पनि उनी फ्लोरेंसका नागरिक थिए । उनका परिवार प्राचीन भएर पनि उच्चवर्गीय थिएनन् । दाँतेको जन्म त्यस समय मध्ययुगीन विचारधारा र संस्कृतिको पुनरुत्थानका प्रारम्भ हुँदा भएको थियो । त्यस समय राजनैतिक विचारधारा र कला सम्बन्धी मान्यताहरूमा पनि परिवर्तन भइरहेको थियो । तर यस्तो समयमा पाश्चात्य साहित्यमा दाँतेको उदयले भिन्दै बाटो खनेर लग्यो । उनलाई

इटलीका सर्वश्रेष्ठ कवि मानिने गरिन्छ । यसर्छ उनको सम्बन्धमा स्वच्छन्दतावादी अङ्ग्रेजी कवि शेलीले ने यसो भनेका छन् - दाँतेका काव्य त्यस सेतुका समान छन् , जो कालके धारामा सदैव बनिरहेको पाइन्छ र प्राचीन विश्वलाई आधुनिक विश्वसित उनले मिलाएका छन् । साच्चै दाँतेले ल्याटिन भाषामा आफ्नो साहित्य सिर्जना नगरेर तत्कालीन साधारण बोलचालका इतालवी वा इटलीका भाषामा अफ्ना महाकाव्यहरू लेखेका छन् ।  यसर्छ उनलाई मातृभाषा र लोक प्रचलित भाषामा आफ्नो महान कृतिहरू सिर्जाना गरी गौरवान्वित तुल्याउने महान स्रष्ट्रका श्रेणीमा दर्न सकिन्छ ।

वास्तव पाश्चात्य साहित्यको मध्ययुग विश्वभरीमा लोकभाषालाई प्रतिष्ठा तुल्याउने आन्दोलनको समय थियो । भारतमा पनि रामानन्द, ज्ञानेश्वर, नामदेव, विद्यापति, कबीर, सूरदास, तुलसीदास इत्यादि हस्तीहरूले लोकभाषामा साहित्य रचना गर्ने आन्दोलन सुरू गरिसकेका थिए । वास्तवमा दाँतेको यी कार्यहरू युग परिवर्तनलाई शंखनाद गर्ने बल थियो । इटली भाषामा डिवाइन कॉमेडियाद्वारा दाँतेका स्थान अमर रहेको पाइन्छ । उनी केवल कवि र विचारक मात्र थिएनन् , राजनीतिक नेता र प्रशासक पनि थिए । उनले फ्लोरेन्स राज्यमा शासन पनि गरेका थिए । तर उनको कला र काव्य शास्त्रीय सम्बन्धमा बिशेष रूची थियो । प्रेम जस्ता विषय र लोकभाषाहरूलाई आफ्ना रचनाहरूमा महत्त्व प्रदान गरेर दाँतेले ग्रीक र ल्याटिन परम्पराहरूका विरुद्ध एक क्रान्तिकारी पदान्यास पनि गरेका छन् । दाँतेको विचारअनुसार परिष्ठित सौष्ठवपूर्ण भाषा, उत्तम अभिव्यञ्जना शैली तथा उपयुक्त विषयवस्तु आदिको सामन्जस्य होभएर नै श्रेष्ठ रचना सम्भव हुन सक्दछ भन्ने थियो । यस प्रकार दाँतेले सर्वश्रेष्ठ रचनाका लागि भद्द र ग्राम्य शब्दहरूलाई छोडेर लोकभाषा र

शिष्टभाषा भन्दा उत्तम शब्दहरूलाई चयन गरेर आफ्नो काव्यहरूको रचना गरेको देखिन्छ । **दे वल्गरी एलोक्युओ** ग्रन्थका लेखक जॉर्ज सेन्ट्स्बरीले दाँतेको खुलेर प्रशंसा गरेका छन् । मूलत : इटली तथा पाश्चात्य साहित्य जगतमा क्रोचे भन्दा पूर्व दाँते भन्दा महान लेखकको जन्म समेत भएको पाइन्न ।

दाँतेले ल्याटिन भाषामा आफ्नो साहित्य सिर्जना नगरेर साधारण बोलचालको इतालवी भाषामा में लेखेर साँच्चै विश्वलाई नै नयाँ पाठ पढाएका थिए । विशेष गरेर आलीग्यारी दाँतेको बिशेष रूची ग्रीक तथा ल्याटिन साहित्यका सिर्जनाका अतिरिक्त धर्म - विज्ञानमा पनि थियो । राजनीतिमा उनी नरम दलका अनुयायी र समर्थक पनि थिए । तर सन् 1301 मा गुएल्फोको क्रान्तिकारी दलद्वारा उनको पक्षमा पराजय साबित भए पछि दाँते तथा उसका साथीहरूले देश निकालाको दण्ड भोग्न परेका थिए । यस सजाइ पछि दुर्भाग्यले यदि फ्लोरेन्टाइन सरकारको हाथमा पकड़ा परे, उसलाई जीवित जलाइने डर र सम्भावना थियो । यसर्थ यस समयदेखि मृत्यु पर्यन्त दाँते एक स्थानदेखि अर्को स्थान अनि दोस्रोबाट तेस्रो एक - एक तीर्थ यात्री गर्दै आफ्नो जीवन गुजार्न थालेको देखिन्छ । लगभग एक भिखारी जस्तै उनी एक ठाउँदेखि अर्को ठाउँ भटकी रहे । यी दिनहरूमा दाँतेको जीवन स्थिति पतवारविहीन नौका सरह भएको थियो । यसरी जीवनमा ठोकर खाँदा उसले ठूलो कटुता अनुभव गरे की अन्यको घरका रोटी कति नै स्वादयुक्त भए पनि आफ्नै घरको खोले नै मीठो र आनन्दमयी हुन्छ ।

इलियटले यसरी लेखेका विभिन्न आलोचनाहरू मध्ये **द सैक्रेड वुड** (सन् 1920), **द यूस ऑव पोएट्री एण्ड द यूस ऑव क्रिटिसिज्म** (सन् 1933) तथा **आन पोएट्री एण्ड पोएट्स** (सन् 195७) विशेष उल्लेखनीय मानिन्छ

। उनले कविता, काव्य मात्र नलेखेर निबन्धहरू पनि लेखेका छन् । इलियटको प्रसिद्ध निबन्धहरूमा **मर्डर इन द कैथीड्रल** (सन् 1935), **फैमिली रियूनियन** (सन् 1939), **द काकटेल पार्टी** (सन् 1950) आदि प्रमुख मानिन्छ । प्रभावशाली अमेरिकी कवि एज्रा पाउण्डबाट धेरै प्रभावित भएका इलियट सन् 192७ मा ब्रिटिश नागरिक बनेपछि पाश्चात्य जगतमा विशेष चम्किएर गएको देखिन्छ । उनको पहिलो कविता **द लव सॉन्ग ऑफ अल्फ्रेड प्रफ्रॉक** सन् 1915 मा एज्रा पाउण्डकै मार्गदर्शकमा सम्पादन भएर प्रकाशित भएको  थियो । उनको यस कविता कृति प्रकाशित भएपछि अन्य कवि तथा समालोचकहरूका कविताबारे सोचाईमा परिवर्तन आएको देखिन्छ । इलियटले यस कृतिमा कवितालाई बुद्धिमान, धारा – चेतना, आधुनिकतावादी कविता सम्बन्धि एक नयाँ युगमा विचार गर्नु पर्ने विटार व्यक्त गरेका थिए ।

इलियटले सन् 1919 मा "गेरोनशन" कृतिको साथ "प्रफ्रॉक" - को पालन गरेका छन् । यस प्रकारको कृति लेखन उनीभन्दा पहिले पाश्चात्य साहित्य संसारमा कहिले पनि भएको  पाइन्न । यसर्थ यस प्रकारको कृति लेखनका दृष्टिले पाश्चात्य साहित्य जगतको समालोचना परम्परामा इलियटको स्थान उच्च रहेको देखिन्छ । यसै कृति मार्फत् पश्चिममा प्रथम र जोस्रो विश्वयुद्ध पछि भ्रमको बादललाई फटाएर नयाँ सोचलाई उजागर गर्न उनले शुरू गरेको  मानिन्छ । इलियटको यस पछिको महान कार्य "द वेस्ट लैंड" – लाई मानिन्छ । सन् 1921 मा प्रकाशित यस कृतिमा संसारलाई *अपशिष्ट भूमि* मान्दै इलियटले एक अनौठो विचार र धारणा व्यक्त गरेका छन् । यस भन्दा पनि सबैभन्दा प्रसिद्ध र महत्वपूर्ण काम इलियटले स्वयमलाई *फोर क्वार्टेट्स* - मा मानेका छन् । सन् 1943 मा प्रकाशित यस कृतिमा चौकड़ी ब्रह्माण्डमा आजको मनुष्यका

स्थान रहेको बताउदै यसैमा ध्यान प्रतिबिम्ब गराएका छन् । उनले समय, ईसाई धर्म र दिव्यसित मानिसको अटुट रिश्ता रहेको बताएका हुनाले पाश्चात्य जगतमा यस प्रकारको धारणालाई नौलो मानिएको छ । यसरी समय, धर्म आदि क्षेत्रमा सामान्य आधुनिकतावादी भ्रम एक प्रमुख विषय बन्न शुरू गर्ने प्रमुख श्रेय इलियटलाई दिइने हुनाले पाश्चात्य साहित्यको परम्परामा उनको स्थान अन्य कवि र आलोचकहरूले श्रेणीमा सदैव माथि रहेको देखिन्छ ।

इलियट जति महान कवि र आलोचक थिए, उति नै महान नाटककार पनि थिए । उनले आफ्नो नाटक **मर्डर कैथेड्रल**मा थॉमस ए बेकेटको हत्या – विवरणलाई प्रस्तुत गरेका छन् ।  इलियटको यस नाटककै कारण अमेरिकामा बेकेटलाई शहीद भनी संत घोषित पनि गरिएको थियो । तथापि उनी वा इलियटको जीवनसित सम्बन्धित सबैभन्दा प्रसिद्ध कृति सन् 1939 मा प्रकाशति ओल्ड पॉसमको पुस्तक **प्रैक्टिकल बिराल्लोहरू** नामक सनकी कविताहरूलाई मानिने गरिन्छ । एंड्रयू लॉयड वेबरले पछि यी कविताका पुस्तकलाई **हिट ब्रॉडवे शो क्याट्य**मा अनुवाद गरेका थिए ।

यसरी अमेरिकी मूल रहेका इलियटले आफ्ना प्रसिद्ध कृतिहरू **द लव सॉग ऑफ़ जे अल्फ्रेड प्रूफ्राक ,"प्रूफ्रॉक र अन्य टिप्पणिहरू, बाझो भूमि, खोखले पुरुष, चार क्वार्टेट्स** आदिका माध्यम पाश्चात्य साहित्य संसारलाई विकास गर्नमा ठूलो भूमिका निर्वाह गरेको पाइन्छ । मूलत: बीसौँ शताब्दी प्रारम्भ भएपछि पाश्चात्य समालोचना साहित्यको विकासक्रममा धेरै प्राणालीहरूको पनि विकसित भएर गएको देखिन्छ । आधुनिक युगका यस दौरमा प्रमुख रूपले टी. एस. इलियट तथा आई. ए. रिचर्ड्स आदि विद्वानले विशेष प्रभाव पारेको देखिन्छ । टी. एस.

एलियटले परम्परा तथा वैयक्तिक प्रतिभाका समन्वय, निर्वैयक्तिकताका सिद्धान्त, वस्तुनिष्ठ समीकरणका सिद्धांत तथा अतीतका वर्तमानता आदि सिद्धान्तलाई प्रतिपादन गरेका छन् । यी सिद्धान्तहरूका आधारमा तुलनात्मकता माध्यमसित वस्तुनिष्ठ समीक्षाका ताना - बाना उनीहरूले पाश्चात्य साहित्यमा निर्माण गरेका पाउँछौं । आई. ए. रिचड्र्सले आधुनिक ज्ञानका आलोकमा मूल्य - सिद्धान्तको नयाँ व्याख्या गर्दै व्यावहारिक समीक्षा सिद्धान्त प्रस्तुत गरेका छन् ।

पाश्चात्य साहित्यको समालोचना परम्परामा इलियट भन्दा पूर्व धेरै कवि, आलोचकहरूको जन्म भएको पाइन्छ । यस्ता कवि, आलोचक, विद्वान् , साहित्यकारहरूमा होमर, प्लेटो, अरस्तु, बेनिडोटे क्रोचे, लन्जाइन्स, होरस, सिसिरो, चर्च, बर्जिल, रिचर्ड्रस आदि प्रमुख छन् । इलियट भन्दा पूर्वका यी साहित्यकारहरूमा **होमर** यूमानका प्राचीन कविहरूमा एक थिए । उनका कतिपय रचनाहरू आज पनि उपलब्ध छन् । उनलाई आफ्नो समयका सभ्यता र संस्कृतिको प्रबल माध्यम मानिने गरिन्छ । आफु अन्धा भएर पनि **इलियड** र **ओडिसी** जस्ता महान महाकाव्यका रचना गर्ने होमरका बारेमा विस्तृत रूपमा विवेचना भने इलियटले गरेका छन् । उनले ट्राय राज्य र ग्रीक युद्धको वर्णन गर्दा होमरका कृति र उनको योगदानबारे विषद रूपमा चर्चा गरेका नपाउँछौं । होमरको महाकाव्यहरूको भाषा प्राचीन यूनानी र विषय वीर यूलीसिसको कथा पाइन्छ ।

पाश्चात्य साहित्यमा होमर जस्तै **वर्जिल** एक महान कवि हुन् । उनको जन्म 15७0 ई. पूर्वमा रोममा भएको थियो । पुब्लियस वेरगिलियस मारोको रूपमा जन्मिएर पछि पाश्चात्य साहित्यमा वर्जिलको नामले परिचित उनको कृतिहरूमा प्राचीन रोमको चित्र चित्रित भएको

पाइन्छ । पाश्चात्य साहित्यमा **प्लेटो** (ई. पूर्व 34७ – 42७) – को उदय भएपछि भिन्दै रूप कला वा साहित्यले ग्रहण गरेको देखिन्छ । उनले काव्यका सामाजिक उपादेयताको सिद्धान्त प्रतिपादित गरेका छन् । उनीअनुसार काव्यले उदात्त मानव मूल्यहरूलाई प्रसार गर्नु पर्दछ । देवताहरू तथा वीरहरूका स्तुति एवम् प्रशंसा काव्यको मुख्य विषय भएको हुनु पर्दछ । काव्य - चरित्र यस्तो हुनुपर्छ, जसको अनुकरण गरेर आदर्श नागरिकता प्राप्त गर्न सकियोस् । प्लेटोले जब आफ्नो जीवन कालसम्म काव्यको समीक्षा गर्दा यही देखे कि यसले उनीमा घोर निराशा उत्पन्न पनि भएको थियो । कारण यस समय कविता कल्पनामा आधारित थियो । यसले नागरिकहरूलाई उत्तमोत्तम प्रेरणा एवम् विचार दिनुको सट्टा दुर्बल बनाउँछ भन्ने प्लेटोको विचार पाइन्छ । उनको विचारअनुकार सुव्यवस्थित राज्यमा कल्पना प्रणव कविहरूलाई राख्न सठीक हुँदैनन् , कारण यस प्रकारका कलाकार वा कविहरूले केवल झूठो भावात्मकता उत्पन्न गराएर व्यक्ति तथा पाठकको तर्क - शक्ति कुण्ठित पारिदिन्छ, विवेक समाप्त गरिहिन्छ भन्ने उनको धारणा थियो ।

प्लेटोको कला र काव्य सम्बन्धी विवेचनका कारण सौंदर्यशास्त्रीय एवम् काव्यशास्त्रीय चिन्तन पाश्चात्य समालोचना साहित्यमा अनुकृति - सिद्धान्त समावेश भएर गएको देखिन्छ । उनीअनुसार काव्य, साहित्य र कला जीवन अनि प्रकृतिका कुनै न कुनै रूपमा अनुकरण हुनेगर्छ । काव्यलाई कलाकै एउटा रूप मान्ने प्लेटोअनुसार कवि र कलाकार अनुकरण गर्दै मूल वस्तु वा चरित्रहरूका बिम्ब तथा दृश्यको प्रतिमूर्तिलाई उपस्थित गर्दछ । त्यस वस्तु वा चरित्रमा वास्तविकताको ज्ञान राखेको हुँदैन । कला र कविताहरूलाई निम्न कोटि मात्र मान्ने प्लेटोको अनुकरण सिद्धान्तको दुई पक्ष मानिन्छ । पहिलो जसलाई अनुकरण गरिन्छ , दोस्रो

अनुकरण का स्वरूप । यदी अनुकरणका तत्त्व मङ्गलकारी हुन्छ अनि अनुकरण पूर्ण एवम् उत्तम हुन्छ भने त्यो स्वागत योग्य हुन्छ । यधपि प्रायः अनुकृत्य वस्तु अमङ्गलकारी हुने गर्छ तथा हो कहिले - कहिले मगङ्लकारी वस्तुका अनुकरण अधूरो र अपूर्ण पनि हुनेगर्छ । यस्तो दशामा कला सत्यदेखि अलग र  हानिकारक पनि बन्नसक्छ भन्ने प्लेटोको मान्यता पाइन्छ ।

प्लेटो पछि उनका चेला **अरस्तु** (एरिस्टोटल) ई. पूर्व 322 – 384 तिर साहित्यमा नयाँ अवधारणा लिएर उदाएको देखिन्छ । प्लेटो के शिष्य अरस्तूले कलालाई अनुकरणात्मक मान्दै यसको महत्त्वलाई स्वीकार गरेका थिए । पाश्चात्य साहित्यमा उनको विचार आफ्नो गुरू प्लेटोको विचारहरू भन्दा भिन्न दृष्टि थियो । कारण प्लेटोको विचार जहाँ नैतिक र सामाजिक थिए , त्यहा अरस्तूको दृष्टि सौंदर्यवादी थियो । उनले साहित्यमा त्रासदी, अनुकरण र  विरेचन गरी तीनवटा सिद्धान्त प्रस्तुत गरे । यी सिद्धान्तहरूका अनुसार गम्भीर कार्यहरूलाई सफल र प्रभावशाली अनुकृति वर्णनका रूपमा नगरिएर कार्यका रूपमा हुने गर्छ भन्ने मत अरस्तुको पाइन्छ । उनले साहित्यमा करुणा र भय उत्पन्न गर्ने विविध घटनाहरू हुन्छन् , जसको कारण भावहरूका रेचनद्वारा सुख, शान्ति र आनन्द प्रदान गर्दछ भनेका छन् । अरस्तूको विचारअनुसार भय र करुणाका कारण दुईवटा भाव हाम्रो हृदयमा घनीभूत हुने गर्दछ । यसै प्रकार त्रासदीलाई हेरेपछि कुशल अभिनयद्वारा यो भाव सन्तुलित र सामन्जस्य हुदछ । यही अनुरूप हामी पाठकको मनलाई खुसी र आनन्दको अनुभूति साहित्यले प्रदान गर्दछ भन्ने मत अरस्तुको पाइन्छ ।

एरिस्टोटलले उनका गुरु प्लेटोले साहित्यमाथि लगाएको आक्षेपको जवाफ दिएका छन् । एरिस्टोटलले आफ्नो प्रसिद्ध कृति **काव्यशास्त्र**

(पोइटिक्स) – मा विभिन्न साहित्यिक सिद्धान्त प्रतिपादन गरेका छन् । उनको अनुकरण सिद्धान्तमा अनुकरण भनेको कलात्मक नक्कल मात्र हो, कलामा जस्ताको तस्तै उद्धरण गर्न सकिँदैन, कविले कविताको रचना गर्दा कलात्मक प्रस्तुति गर्छ भनी उनले भनेका छन् । प्लेटोले कलालाई नक्कलको नक्कल मात्र हो भनेका थिए । कविले कलात्मक प्रस्तुति गर्छ वा कलात्मक अभिव्यक्ति साहित्यमा हुन्छ, वस्तु जस्तो छ त्यसलाई जस्ताको तस्तै रूपमा त राख्नै सकिँदैन, कविले कलात्मक नक्कल मात्र गर्छ । एरिस्टोफेनिसले उठाएका तिनै दुइटा कुरालाई एरिस्टोटलले के भने भने, वास्तवमा कलात्मकताका माध्यमले शिक्षालाई प्रभाव पार्न सकिन्छ र कलात्मकता भन्दा रूखो पाराले भन्ने हो भने साहित्य राम्रो नै हुँदैन । नैतिकताको दृष्टिमा पनि एरिस्टोटलको धारणा यस्तो थियो कि दुखान्त नाटकमा वा महाकाव्यमा एउटा नायक पात्र हुन्छ, ऊप्रति हामी माया राख्छौँ, करुणा दिन्छौँ, त्यस्तै अर्को एउटा पात्र हुन्छ वा खलनायक हुन्छ, त्यसले डरलाई जगाउँछ, नाटकमा अन्तर्द्वन्द्व हुन्छ, नाटकले मानव मन भित्रको डर र करुणालाई जगाएर विरेचन गर्छ, साहित्यले विरेचन गर्छ ।

रोमन साहित्यकार होरेसले आफ्नो **आर्ट पोएटिक्स** (ई. पूर्व 8 – 65) – मा साहित्यमा नैतिकता हुन्छ र यो नयाँ नभएर परम्परादेखि नै आएको हो भन्ने दुइवटा कुरा भनेका छन् । प्लेटो र उनका शिस्य अरस्तूपछि यूनानी काव्य समीक्षा क्षेत्रमा एक प्रतिनिधि काव्यशास्त्री **लोंजाइनस**को नाम प्रमुख रूपमा आउँदछ । तेस्रो शताब्दीका समालोचक लन्जाइनसले **अन द सब्लाइम** नामक निबन्धमा कलात्मकता र उदात्ततालाई प्रशय उनले साहित्यका हरेक पक्ष, शब्द, वाक्य, भाव, नायक आदि हुनुपर्छ भनेका छन् । उनले उत्कृष्टता भनेको पनि कला नै हो भनेका छन् । साहित्यमा गहिरो आनन्द प्राप्त हुनु पर्छ । उनले

**औदात्य - सिद्धान्त**को प्रतिपादन गरेका छन् । लोंजाइनसका यस सिद्धान्तका अवधारणाले साहित्येतर इतिहास, दर्शन तथा धर्म जस्ता विषयहरूका पनि आफ्नो अन्तर्गत समावेशित गरेको पाइन्छ । उनीको धारणाअनुसार औदात्य वाणीका उत्कर्ष, कान्ति र वैशिष्ट्य हो, जसको कारण महान कवि, इतिहासकार, दर्शनिक आदिहरूका प्रतिष्ठा सम्मान र ख्याति प्राप्त हुँदछ । यसैकारण उनका कृतिहरू गरिमामय बनेको देखिन्छ भने लोन्जाइनसको प्रभाव युग – युगान्तरसम्म पाश्चात्य समालोचना साहित्यमा प्रतिष्ठित रहेको छ । उनले 'उदात्त' - लाई काव्यको प्रमुख तत्त्व मानेका छन् । उनको अनुसार विचारहरूका उदात्तता, भावहरूका उदात्तता, अलङ्कारहरूका उदात्तता, शब्द - विन्यासका उदात्तता तथा वाक्य - विन्यासका उदात्तता आदिले कुनै पनि काव्यलाई श्रेष्ठता प्रदान गर्दछ । एक श्रेष्ठ कविताले मानिसलाई आनन्द प्रदान गर्दछ तथा दिव्य - लोकमा पुराउँदछ । यसर्थ यस सिद्धान्तले पाश्चात्य जगतमा आमुल प्रभावित पारेको देखिन्छ ।

जोन ड्राइडेन (John Dryden) पाश्चात्य साहित्यका कवि, समालोटक र निबन्धकार हुन् । सन् 1631 मा जन्मिएर सन् 1७00 मा देहान्त हुने **ड्राइडेन** इलियट भन्दा पूर्ववर्ति कवि, साहित्यकार हुन् । उनले सन् 1668 मा पाश्चात्य साहित्य जगतमा राष्ट्र - कवि (Poet Laureate) – को निर्माण गरको पाइन्छ । ड्रायडेन जस्तै आई. ए. रिचड्र्सले पाश्चात्य साहितयको समालोचना परम्परामा आधुनिक ज्ञानका आलोकमा मूल्य - सिद्धान्तको नयाँ व्याख्या गर्दै व्यावहारिक समीक्षा सिद्धान्त प्रस्तुत गरेका छन् । यसी शताब्दीमा अमेरिकेली न्यू क्रिटिसिज़्म तथा शिकागो समीक्षाका पनि प्रभाव पाश्चात्य समालोचना साहित्य देखा परेको पाइन्छ । काव्यका प्रमुख तत्त्वका रूपमा स्ट्रक्चर व टेक्स्चरका माध्यमद्वार

उनीहरूले वस्तुनिष्ठ समीक्षा पाश्चात्य साहित्यमा प्रतिपादन गरेको देखिन्छ । शैली वैज्ञानिक समीक्षा – प्रणालीलाई यसै समयकोदेनमानिनेगरिन्छ । पाश्चात्य आलोचक आई . ए . रिचाडर्सले पाश्चात्य साहित्यमा ' थियरी ऑफ़ मीनिंग' - मा विवेचन गरेका पाऊँछौं। आई . ए . रिचाडर्सले अर्थ र भावको पारस्परिक सम्बन्धलाई स्प ष्ट गर्दै अर्थको दुई रूप स्वीकार गरेका छन् - पहिलो साङ्केतिक अर्थ , दोस्रो भावात्मक अर्थ । पूर्वीय आचार्य आनन्दवर्धनले यस दिशाप्रति धेरै पहिला नै विचार – विमर्श गरिसकेका थिए । आधुनिक ' थियरी ऑफ़ मीनिंग ' - ले पनि अर्थका दुई भेद गरेको पाइन्छ, जो ध्वनिकारहरूका विवेचनसित मिल्ने गर्छन् । आई . ए . रिचाडर्सले भाषाका वैज्ञानिक र भावात्मक दुई प्रकारका प्रयोगका अनुरूप अर्थको दुई भेद निकालेका छन् - साङ्केतिक अर्थ र भावात्मक अर्थ ।ध्वनिकारहरूलेपनिवाच्यार्थलाई ' साक्षात् सङ्केतित अर्थ ' भनेका छन् । यसर्थ पाश्चात्य विद्वान् आई . ए . रिचाडर्समा पूर्वीय साहित्यका ध्वनिकार आनन्दवर्धनको प्रभाव परेको देखिन्छ ।

पाश्चात्य समालोचना साहित्यका विद्वान् बेनिडोटे क्रोचेको अभिव्यञ्जनावादलाई लिएर विभिन्न विद्वान् – आलोचकहरूले आ - आफ्नै मत प्रस्तुत गरेका छन् । आचार्य रामचन्द्र शुक्लले कवितालाई अभिव्यञ्यजना मानेका छन् । उनले काव्यमा लोक - मङ्गल र माधुर्य नामक लेखमा स्पष्टरूपमा यसरी लेखेका छन् - " कविता अभिव्यञ्जनाको रूप हो । यो अभिव्यक्ति वा विकासलाई लिएर चल्ने गर्छ ।" यसरी नै शिवदान सिंह चैहानले भने भारतीय

आचार्य अभिनवगप्तले अभिव्यक्तिवादमा अभिव्यञ्जनाप्रति गौर रूपमा सही विचार गरेका मानेका छन् । अभिनवगुप्तको विचारअनुसार आफ्नो हृदयमा वासना रूपमा अवस्थित स्थायी भाव को सहृदयलाई रस रूपमा प्रतीति हुन्छ । विभाव आदि त केवल अभिव्यञ्जना साधन मात्र हो ।

सन् 1948 मा साहित्यमा नोबेल – पुरस्कार विजेता गर्ने इलियटलाई पाश्चात्य साहित्यको समालोचना परम्परामा आधुनिक युगको महानतम अंग्रेजी साहित्यिक विभूति मानिने गरिन्छ । केवल 26 वर्षको आयुमा नै आफ्नो मातृभूमि अमरीका छोड़ेर इंग्लैंडमा बसाइ सरेका इलियटले नाटक, कविता, निबन्ध र आलोचनाको क्षेत्रहरूमा महान् ख्याति प्राप्त गरेका छन् । आफ्नो कृतिहरूद्वारा आधुनिक युगका प्राय: सबै लेखकहरूलाई प्रभावित गर्ने इलियटको स्थान साहित्य समालोचना परम्परामा सदैव उच्च रहेको पाइन्छ ।

## 9.4 साहित्य समालोचना परम्परामा टी. एस. इलियटको मूल्य

पाश्चात्य साहित्यको समालोचना परम्परामा अन्य आलोचक, लेखकहरू सरह इलियटको मूल्य अत्यन्तै महत्वपूर्ण रहेको पाइन्छ । विशेष उनीद्वारा प्रतिपादित चारवटा सिद्धान्तहरू परम्परा सिद्धान्त, व्यक्ति प्रतिभा सिद्धान्त, निर्वैयक्तिकता सिद्धान्त र वस्तुगत समीकरणको सिद्धान्तको आधारमा इलियटको मूल्य पाश्चात्य जगतमा सौष्ठवमयी रहेको देखिन्छ ।

पाश्चात्य साहित्यको समालोचना परम्परामा इलियटको मूल्यलाई निर्धारण गर्नु भन्दा पहिले यस समालोचना परम्पराको उद्भवलाई अध्ययन

गर्नु पर्ने हुन्छ । यस साहित्यमा होमर र हेसिओड जस्ता महाकविहरू प्रारम्भिक चिन्तनका बिन्दु भएर उदाएका छन् भने प्लेटो र अरस्तु जस्ता दार्शनिकहरूको जन्म पनि भएको पाइन्छ । तथापि ईसापूर्वको समयमा यूनानमा वक्तृत्व शास्त्रीहरूको धेरै महत्व रहेको देखिन्छ । समीक्षाको दृष्टिले हेर्नु हो भने त्यस समयको फ़्राग्स तथा क्लाउड्स जस्ता केही नाट्य – कृतिहरू काफ़ी महत्त्वपूर्ण र उल्लेखनीय छन् । फ़्राग्समा कवितालाई लिएर यसलाई अन्य कृतिहरू भन्दा प्राचीन यूनानमा किन उत्कृष्ट मानिन्छ ? काव्य समाजको उपयोगी प्रेरणा तथा मनोरंजन के कारणले महत्त्वपूर्ण हुन्छ तथा आनंद प्रदान गर्नु वा मनोरंजनको कारण के हो ? आदि प्रश्नहरू पनि उठेको पाइन्छ । यस प्रकारले पाश्चात्य साहित्यको समालोचना परम्परामा यस प्रकारको चिंतन- सूत्रको प्रारम्भ पहिलाबाटै भएको  पाइन्छ । यसलाई गति प्रदान गर्ने कार्य दार्शनिक प्लेटोबाट भएको पाइन्छ ।

काव्य समाजको उपयोगी प्रेरणा र मनोरञ्जनको कारण महत्त्वपूर्ण मात्र नभएर आनन्द प्रदान पनि हुन् हुनाले पाश्चात्य काव्यशास्त्रीय चिन्तनमा यसको उद्भव विशेष प्लेटोद्वारा यही सन्दर्भमा भएको पाइन्छ । सुकरात वा सोक्रोटसका शिष्य मानिने प्लेटोको आफ्नो प्रसिद्ध **गणतन्त्र** (रिपब्लिक) नामक पुस्तकमा साहित्यको चारवटा कुराहरूलाई समालोचकीय दृष्टिले हेरेका छन् । ती हुन् – 1) साहित्यमा यथार्थता हुँदैन, 2) गणतन्त्रमा कविले आदर्श समाजलाई कुनै प्रकारको शिक्षा दिन सक्तैन, 3) नैतिकतामा कवि कमजोर हुन्छ अनि 4) साहित्य काम लाग्ने वस्तु होइन । यसले न त नैतिकता दिन्छन त यथार्थता । , यसैकारण साहित्यमा आदर्श समाजको स्थापना कवि वा साहित्यकारले गर्नु सक्नुपर्छ भन्ने सिद्धान्त प्लेटोको पाइन्छ । विशेषगरी प्लेटोले साहित्यमाथि आलोचना गर्दै

एरिस्टोफनिसले उठाएको दुइवटा कुरा यथार्थता र नैतिकता साहित्यमा हुँदैन भन्दै साहित्य आदर्श समाजको लागि हुनु आवश्यक छ भन्ने मान्यता पाश्चात्य समालोचना साहित्यमा प्लेटोको रहेको पाइन्छ ।

'सेक्रेड उड' - मा इलियटले सबभन्दा पहिले 'कवि समालोचक' -को अवधारणा सार्वजनिक गर्दै के भनेका छन् भने, युग -युगसम्म पाठकले कविलाई चाहिँ चिन्दछ र कहिल्यै बिर्सिंदैन, तर समालोचकलाई चाहिँ लोकले त्यति चिन्दैन पनि सम्झिँदैन पनि। इलियटका विचारमा त्यसको कारण के हो भने, सिर्जनाको सोच (Sensibility) र समालोचनाको सोच एउटै होइन । सिर्जनामा भावना र कल्पना प्रभावकारी हुन्छन्, तर समालोचनामा तर्क र बुद्धि काम लाग्छ । इलियट भन्छन् - दुइटै सोच महत्त्व पूर्ण तर दुर्लभ हुन् सबै मानिस कवि पनि हुँदैनन् :, सबै मानिस समालोचक पनि हुँदैनन् । सबै कवि समालोचक पनि हुँदैनन् र सबै समालोचक कवि पनि हुँदैनन्, तर जसरी उत्कृष्ट कविता लेख्न मन गर्ने कविले पनि अरुका उत्कृष्ट कविता पढ्नु पर्छ र अभ्यास गरेर कविताको प्रविधि जान्नु पर्छ, त्यसै गरी कविताको आदर्श समालोचक हुन पनि पनि उत्कृष्ट कविता लेख्न सक्ने कवि हुनु पर्छ । अर्थात् कविलाई पनि समालोचकलाई पनि आफ्नो रचना उत्कृष्ट बनाउन सिर्जना र समालोचनाको दुइटै सोच जोड्न सक्ने सामर्थ्य चाहिन्छ । ती दुई किसिमका सोच सोचको विच्छेद (Dissociation of Sensibilities) भए, न कविता उत्कृष्ट हुन्छ, न समालोचना कालजयी हुन्छ, त्यसैले इलियटका विचारमा आदर्श समालोचक चाहिँ 'कवि समालोचक' (Poet critic) नै हो । त्यस्तै, आदर्श कविमा पनि समालोचनाको चेत हुनु आवश्यक छ । यसरी इलियटले आफैं कविता लेख्न नसक्ने, तर कविताको समालोचना गर्ने समालोचकहरुलाई समालोचना गर्न नै अयोग्य ठहराएका छन् ।

यसर्थ प्लेटोपछि पाश्चात्य साहित्यमा उनको शिष्यको रूपमा उदाएको अरस्तु वा ऐरिस्टोटलको कला वा साहित्यबारे सिद्धान्त, मान्यता र धारणा न्यून रहेको देखिन्छ । दार्शनिक **अरस्तु**को समय 384 ई. पूर्वदेखि 322 ई. पूर्व मानिन्छ । उनी यूनान तथा प्राचीन ग्रीक देशका दार्शनिक थिए । अरस्तु प्लेटोका शिष्य व सिकन्दरका गुरु थिए । उनको जन्म यूनानको स्टेगेरिया नामक नगरमा भएको थियो । अरस्तुले भौतिकी, आध्यात्म, कविता, नाटक, संगीत, तर्कशास्त्र, राजनीति शास्त्र, नीतिशास्त्र, जीव विज्ञान सहित कही विषयमा रचना लेखेका छन् । अरस्तुले आफ्नो गुरु प्लेटोको कार्यलाई विशेष अधि बढ़एर लगेका छन् । उनको राजनीतिबारे लेकिएको प्रसिद्ध ग्रन्थ **पोलिटिक्स** हो ।

अङ्ग्रेजीमा एरिस्टोटलको नामले परिचित अरस्तुले पश्चिमी दर्शनशास्त्रमा व्यापक रचनाहरू रचेर नीति, तर्क, विज्ञान, राजनीति, दर्शन, आध्यात्म आदिका मलजल गरेको देखिन्छ । भौतिक विज्ञानप्रतिको अरस्तुको विचारले मध्ययुगीन शिक्षा क्षेत्रमा व्यापक प्रभाव पारेको देखिन्छ भने यसको प्रभाव पछि पाश्चात्य साहित्यमा पुनर्जागरण कालसम्म परेको पाइन्छ । मूलतः अरस्तुका कला – साहित्यप्रति तीनवटा मुख्य सिद्धान्तहरू रहेका पाउँछौं । ती हुन् – **त्रासदी सिद्धान्त, अनुकरण सिद्धान्त** र **विरेचन सिद्धान्त ।** अरस्तुले त्रासदीको विवेचन गर्दै यसो भनेका छन्  –" त्रासदीले मनुष्यहरूका होइन वरन् कार्य र जीवनको अनुकरण गर्दछ । " त्रासदीमा अरस्तुले 'कार्य' शब्दको प्रयोग मानव - जीवनका चित्रको अर्थमा गरेको पाइन्छ । उनको मतअनुसार जो केही पनि मानव - जीवनका आन्तरिक पक्षलाई व्यक्त गर्दछ ,बुद्धिसम्मत व्यक्तित्वलाई उद्घाटन गर्दछ । यी सबै कुरा 'कार्य' कै अन्तर्गत आउँदछ भनी अरस्तुले बताएका छन् । अतः कार्यका अर्थ केवल मनुष्यको

कर्मसित मात्र होइन , उनीहरूका भाव, विचार, चरित्र आदिसित पनि रहेको हुन्छ । यी सबै कर्मकै प्रति उत्तरदायी रहेका हुन्छन् । यसर्थ त्रासदी भनेको कुनै त्रासडर रभयको समागम नभएर तार्स र कुरूणाका , समागमद्वारा मानवका क्रियाशील भावनालाई उजागार गर्नु हो भनी अरस्तुले बताएका छन् ।

ग्रीक दार्शनिक एवम् विचारक प्लेटोले आफ्नो पुस्तक **गणतन्त्र** (रिपब्लिक) - मा काव्यको मूल प्रत्ययलाई अनुकरणको अनुकरण भनेका छन् । उनको मतअनुसार कुनै महान शिल्पीले ईश्वरद्वारा निर्मित मूल बिम्बलाई अनुकरण गरेर कुनै चित्र बनाउँछन् । चित्रकारहरू यस चित्रलाई अनुकरण गरेर फेरि अर्को चित्र बनाउँछन् । पछि साहित्यकारहरूले यसलाई बढ़ाई – चढाई गरेर आफुले सिर्जना गरेको रचनामा अनुकरण गरेर त्यस रचनाहरूमा विषय बनाई कृतिको रचना गर्छन् । यसैले कला र काव्य सत्यदेखि धेरै टाढा रहेको हुन्छन् भन्ने मत प्लेटोको पाइन्छ । यसर्थ उनको कला र काव्यमाथिको दृष्टि महत्वपूर्ण रहेको मानिन्न । पछि आफ्नो गुरू प्लेटोको कला र साहित्यप्रतिको दृष्टिकोणलाई आलोचना गरेर अरस्तुले आफ्नो अनुकरण सिद्धान्त प्रतिपादन गरेका पाउँछौँ ।

अरस्तुले विरेचन शब्दको अर्थ ग्रीक भाषाको **क्याथर्सिस** (Catharsis ) – शब्दबाट लिएका हुन् । यस भाषामा क्याथर्सिस भनेको कुनै कुराको रेचन, विरेचन, सफा गर्नु वा फोहर – मैला आदि पखाल्नु हो । 'विरेचन' – लाई यूनानी कथार्सिस (Catharsis ) - को नेपाली रूपान्तर मानिन्छ । यूनानी चिकित्सा - शास्त्रको पारिभाषिक शब्द 'कैथार्सिस' हो भारतीय चिकित्सा - शास्त्र (आयुर्वेद) - का पारिभाषिक शब्द 'विरेचन' हो । यसको अर्थ रोचक औषधि आदिद्वारा शारीरिक विकारहरू अर्थात् मानसिक विकारहरूका शुद्धि भन्ने हुन्छ । विरेचन सिद्धान्तको उल्लेख

अरस्तूका रचनाहरूमा केवल दुई स्थानहरूमा भएको पाइन्छ । प्रथम उल्लेख 'पोयटिक्स' (काव्यशास्त्र) नामक ग्रन्थमा भएको पाइन्छ, जहाँ ट्रैजेडीको स्वरूप तर्फ सङ्केत गरेका छन् । दोस्रो 'पोलटिक्स'(राजनीतिक) नामक ग्रन्थमा भएको पाइन्छ, जहाँ अरस्तुले सङ्गीतको उपयोगिता प्रतिपादित गरेका छन् । यस स्थलमा विशेषगरी अरस्तुले विरेचन शब्दलाई सूत्र रूपमा एवम् यसको स्वरूपबारे चर्चा गरेका पाउँछौं ।

अरस्तु पछि पाश्चात्य समालोचना परम्परामा दाँतेको उदय भएको पाइन्छ । मध्ययुगीन पाश्चात्य समालोचनाको मुस खाबो मानिने दाँतेको **दि विटा नुओवा** कृतिलाई इटलीको प्रथम प्रेमकाव्य मानिन्छ । यसमा कवि - हृदयको भावनाहरूको मनोवैज्ञानिक विश्लेषणको झलक झल्किएको पाइन्छ । प्रेमिका बियात्रिससितको प्रथम दर्शन पछि नै कुनै प्रकारको नयाँ जीवनका आरम्भ दाँतेको जीवनमा भएको थियो । यसरी कवि दाँतेको हृदयमा कुन रूपले क्रम क्रममा यस नारीका सौन्दर्य एवम् माधुर्य भावनाले प्रबावित गर्दै लग्यो भन्ने कुराको वर्णन पाइन्छ । यति मात्र नभएर विस्तारै – बिस्तारै कसरी दाँतेको जीवनरूपी आशाहरू तथा प्रेम – भक्ति - उपासनाको उ बन्दै गइन भन्ने कुराको चरितार्थ पनि यस काव्यमा भएको छ । विशेषत: आफ्नी प्रेमिका बियात्रिस पोर्टिनारीको मृत्युले दाँतेको मानसिक वेदनालाई अझ आकुलता बनाएको कुरा पनि उक्त काव्यमा चित्रण भएका पाउँछौं । आफ्नो पार्थिव प्रेम अन्तमा दिव्य भक्ति तथा पूजाभावमा परिणत भएको मुख्य कारण पनि प्रेमिकाकै मृत्युलाई मानिन्छ । यी सबै कुराको मनोरम झाँकी दाँतेको **दि विटा नुओवा** काव्यमा भएको छ । दाँतेले गरिमा मण्डित स्तरीय जन - भाषालाई काव्यका निम्ति सबभन्दा उपयुक्त मानेका थिए । काव्यमा जन - भाषाको आग्रही मानिने दांतेले प्रतिभाको साथ प्रत्येक कविका निम्ति

परिश्रम र अभ्यासको पनि आवश्यक हुन्छ भनेका छन् । उनकको मतअनुसार उच्च विचार, राष्ट्र - प्रेम, मानव – प्रेम तथा सौन्दि र्य - प्रेम आदि घटकले काव्यलाई महत्त्व प्रदान गर्दछ । मध्ययुगीन पाश्चात्य समालोचनामा चर्च र पादरीहरूका प्रभावले सुरूमा उपदेशात्मक बनेको पाइन्छ । यसलाई पाश्चात्य समीक्षा सिद्धान्तमा **रिनेसाँ** तथा **पुनर्जागरण काल** भनिने गरिन्छ । यस उपदेशमूलक पाश्चात्य साहित्यलाई विद्वन् सिडनी र बेन जॉनसनले मुक्त गराएका थिए ।

पाश्चात्य समालोचना साहित्यका विद्वान् बेनिडोटे क्रोचे आफ्नो अभिव्यञ्जनावाद सिद्धान्त लिएर उदाएको देखिन्छ । उनको यस सिद्धान्तलाई लिएर विभिन्न विद्वान् – आलोचकहरूले आ - आफ्नै मत प्रस्तुत गरेका छन् । अभिव्यञजनावादका प्रवर्तक बेनेदेत्तो क्रोचे (Benedetti Croce) मूलतः आत्मवादी दार्शनिक हुन् । उनका उद्देश्य साहित्यमा आत्माको अन्त : सत्तालाई स्थापित गर्नु थियो । उनी भन्दा अधिका विद्वान् काण्टले मन तथा बाह्य जगतका तादात्म्य र समन्वयके प्रतिपादन गरेका थिए । उनले यस्तो धारणा प्रतिपादन गर्दै दृश्य जगतको उपेक्षा गरेको पाइन्छ । यसरी नै हीगेलले काण्टको मान्यतालाई स्वीकार गर्दै दृश्य जगतलाई नै महत्त्व प्रदान गरेका थिए । इसके विपरीत क्रोचेले केवल मानसिक प्रक्रियालाई मात्र महत्त्व दिएका छैनन् । उनको दृष्टिमा बाह्य उपकरण केवल गौण साधन मात्र हो भन्ने थियो । क्रोचेको अभिव्यञ्जनावादलाई कलाको क्षेत्रमा मूल तत्त्वहरूको खोज गर्ने एउटा प्रयास मानिएको छ ।

क्रोचेले कला वा सहित्यलाई सहज बोधका माध्यम प्राप्त हुने बस्तु मानेका छन् , जो भावात्मक हुँदछ । यसमा तर्कको कुनै आश्रय लिने गरिन्दैन । अपितु हृदयलाई सहज गतिमा अङ्कित गर्ने प्रयास यसमा

रहेको हुन्छ भन्ने क्रोचेको मत रहेको पाइन्छ । यसलाई क्रोचेले सहजानुभूति तथा अन्त : प्रज्ञात्मक (Intuitive) भनेका छन् । यस सहजानुभूति तथा स्वयम् प्रकाश्य ज्ञानद्वारा नै कलाको जन्म हुन्छ भन्ने क्रोचेको **अभिव्यञ्जनावादको मुल उद्देश्य पाइन्छ** । बिशेषत : **बेनेदितो क्रोचेको अभिव्यञ्जनावादमा** सहजानुभूति क्रिया प्रमुख रूपमा रहेको पाइन्छ । मूल रूपमा उनको यस सिद्धान्तलाई अध्ययन – अनुशिलन गर्दा क्रोचेले कला – विवेचनमा मुख्य चारवटा आधार प्रस्तुत गरेको देखिन्छ । क्रोचेले आत्मालाई विशेष रूपमा अभिव्यञ्जनात्मक कर्म मानेका छन् । यसलाई कर्मका माध्यमद्वारा कलाकारहरूका भावना तथा सम्वेगलाई आवेगको रूपमा नियन्त्रण गर्ने गर्दछ । मूल रूपमा **अभिव्यञ्जनावादको माध्यम** प्रभावहरूलाई बिम्बहरूमा अभिव्यक्त गरेर स्वयं त्यसदेखि मुक्त गर्न सकिन्छ । अतः क्रोचे सहजानुभूतिलाई नै अभिव्यञ्जना मान्ने गर्छन् । काव्य वा साहित्यको क्षेत्रमा यो अभिव्यञ्जना बाह्य नभएर आन्तरिक रूपमा रहेको हुन्छ भन्ने क्रोचेको धारणा पाइन्छ ।

इलियटले विशेष **कलावादी**हरूको 'कला कलाको लागि' (Art for art's sake) भन्ने सिद्धान्तप्रति आफ्नो विटार व्यक्त गरेका पाउँछौ । कलावादलाई लिएर उन्नाइसौँ शताब्दीका समय यूरोपमा व्यापक वाद - विवाद उत्पन्न भएको देखिन्छ । यस वादलाई साहित्य एवम् कलाका क्षेत्रमा उपयोगितावादको विलोमको रूपमा पनि चिनिने गरिन्छ । इलियट 'कला – कलाका लागि' भन्नेहरू जस्तै निर्वैयक्तिकतालाई सामाजिकता, नैतिकता र धार्मिकताको बन्धनमा जोड्दैनन् । यस प्रकार इलियटले कलावादीहरू, मार्क्सवादीहरू र यथार्थवादी समाजवादीहरू भन्दा भिन्न एक सन्तुलित आलोचनाको दृष्टिलाई सूत्रपात पाश्चात्य जगतमा

गरेका छन् । मूलत: अतीत र वर्तमान दुवैको प्रति निश्चय एक कुत्सित व्यवहार रहेको पाइन्छ । यदि यी दुवैको बीच कुना जीवित सम्बन्ध रहका छन् भने सङ्धर्ष र तुलनाका बीच सम्बन्ध रहेका छैनन् भन्दा हुन्छ । विशेष कुनै पनि कवि या उपन्यासकार मृत सम्पत्तिका उत्तराधिकारी हुँदैनन् । उनीहरू अतीतलाई उपयोग गर्दछन् न केवल स्वयमलाई अतीतको परिप्रेक्ष्यमा परिवर्तन गर्नका निम्ति । यसमा कही न कही रूपमा वर्तमानलाई पनि परिवर्तन गर्न कुरा आइरहेकै हुन्छन् । यसर्थ यही तथ्यलाई इलियटले आफ्नो निर्वैयक्तिक सिद्धान्तमा प्रतिपादन गर्न चाहेका छन् ।

तेस्रो शताब्दीका समालोचक लन्जाइन्सले **अन द सब्लाइम** नामक निबन्धमा कलात्मकता र उदात्ततालाई प्रशय उनले साहित्यका हरेक पक्ष, शब्द, वाक्य, भाव, नायक आदि हुनुपर्छ भनेका छन् । उनले उत्कृष्टता भनेको पनि कला नै हो भनेका छन् । साहित्यमा गहिरो आनन्द प्राप्त हुनु पर्छ । उनले **औदात्य - सिद्धान्त**को प्रतिपादन गरेका छन् । लोंजाइनसका यस सिद्धान्तका अवधारणाले साहित्येतर इतिहास, दर्शन तथा धर्म जस्ता विषयहरूका पनि आफ्नो अन्तर्गत समावेशित गरेको पाइन्छ । उनीको धारणाअनुसार औदात्य वाणीका उत्कर्ष, कान्ति र वैशिष्ट्य हो, जसको कारण महान कवि, इतिहासकार, दर्शनिक आदिहरूका प्रतिष्ठा सम्मान र ख्याति प्राप्त हुँदछ । यसैकारण उनका कृतिहरू गरिमामय बनेको देखिन्छ भने लोन्जाइनसको प्रभाव युग – युगान्तरसम्म पाश्चात्य समालोचना साहित्यमा प्रतिष्ठित रहेको छ । उनले 'उदात्त' - लाई काव्यको प्रमुख तत्त्व मानेका छन् । उनको अनुसार विचारहरूका उदात्तता, भावहरूका उदात्तता, अलङ्कारहरूका उदात्तता, शब्द - विन्यासका उदात्तता तथा वाक्य - विन्यासका उदात्तता आदिले कुनै पनि

काव्यलाई श्रेष्ठता प्रदान गर्दछ । एक श्रेष्ठ कविताले मानिसलाई आनन्द प्रदान गर्दछ तथा दिव्य - लोकमा पुराउँदछ । यसर्थ यस सिद्धान्तले पाश्चात्य जगतमा आमुल प्रभावित पारेको देखिन्छ ।

लन्जाइन्सको मतअनुसार काव्य तथा कलाको मुख्य तत्व उदात्त हो । भावनाका उदात्तीकरणले गर्दा कलाले प्रधान परिणाम प्राप्त गर्दछ । यसमा व्यक्ति र समाजसित पनि सीधा सम्बन्ध राख्ने दर्दछ । अतः वक्तव्य र प्रतिपादनमा लन्जाइन्स निश्चित रूपले मध्यमार्गी बनेको प्रतीत हुन्छ । उनी बाहेक डायोनीसिस तथा डिमेट्रियस प्रभृति अन्य अनेक रोमन विचारकहरूले पनि  काव्य तथा कलाका शैली पक्षमा विशेष जोड दिएको देखिन्छ । मूलतः यूरोपको शास्त्रीय तथा क्लासिकल कलाका पल्लवन अधिकांश ईसाई धर्म अथवा चर्चहरूको सरंक्षणमा थियो । सातौंदेखि पन्ध्रऔं शताब्दी ईस्वीका बीच रोमलाई केन्द्र मानेर जुन बैजन्तिया (बाइज़ैंटाइन अर्थात् रोम साम्राज्यमा विकसित शैली) कलाका विकास मिस्रदेखि रूससम्म भएको देखिन्छ । त्यहीँ चर्च आश्रित भएको कारण नैतिक – धार्मिक – मूल्य - समन्वित थियो । अतः यसको सोद्देश्य तथा उपदेशात्मक हुनु जरूरी थियो र यसर्थ त्यसमा कलापक्ष गौण रहेको देखिन्छ । त्यस समयको उक्त कालको कलामा कल्पना तथा भावनाहरूका निम्ति कुनै छूट नै थिएन । यसको विपरीत धार्मिक दृष्टि सम्पन्न कलाकार बिना कुनै बाहरी नियन्त्रण अथवा बाध्यताका उच्च कोटिको कलालाई सृजन गरेको प्रतीत हुन्छ । यसर्थ पाश्चात्यमा **टाल्स्टाय**ले कलावादी विचारधारालाई प्रबल रूपमा विरोध गरेको पाइन्छ ।

आधुनिक युगका पाश्चात्य समीक्षकहरूमा आई. ए. रिचर्ड्स (1893 -1979 ई.) – लाई एक महत्वपूर्ण आलोचक मानिन्छ । उनको स्थान पाश्चात्य साहित्य जगतमा उच्च रहेको छ । उनी मनोविज्ञानको क्षेत्रद्वारा

साहित्यमा उदाएका हुन् । रिचड्र्सले मनोविज्ञानको सहायताले कविताको साथकता तथा महत्तालाई नवीन तर्कका रूपमा प्रस्तुत गरेका छन् । उनले जब प्राचीन परम्परा र मूल्यहरूको विघटन हुने गर्दछ, यस्तै सभ्य समाजमा कविताको सहाराद्वारा आफ्नो मानसिक व्यवस्था बनाइ राख्न सक्छन् भनेका छन् । रिचडर्सले मोवैज्ञानिक एवम् वैज्ञानिक दृष्टि अप्नाउँदै भाषाबारे सर्वाधिक गहनतासित विचार – विमर्श पनि गरेका छन् । उनले संवेदनाको संतुलनप्रति बल दिदै एक नयाँ समीक्षा पध्दति विकसित गरेका छन् । सन् 1922 मा प्रकाशित **दि फान्उडेशंस ऑफ ईस्थेटिक्स** नामक ग्रन्थमा रिचड्र्सले सौंदर्यको स्थिति कुनै वस्तुमा होइन, बल्कि दर्शकको मनमा पर्ने त्यसको प्रभावमा रहेका हुन्छन् भनेका छन् । अर्थात् त्यसले काव्यका सौंर्दयमा काव्यमा नै हेर्नुको सट्टा त्यसबाट उत्पन्न हुने भावमा रहेको हुन्छ ।

सन् 1923 मा प्रकाशित तथा सी. के. ओड्देनसितको संयुक्त लेखनमा लेखिएको उनको **दि मीनिंग ऑफ मीनिंग** नामक दोस्रो कृतिमा अर्थ - सम्बन्धी प्राचीन मतहरूको खंडन पाइन्छ । तर आलोचकको रूपमा भने रिचर्डसले आफ्नो दुईवटा ग्रन्थहरू **दि प्रिंसिपुल्स ऑफ लिटरेरी क्रिटिसिज्म** र **प्रैक्टिकल क्रिटिसिज्म** – को रूपमा ख्याती कमाएका छन् । उनले यी कृतिहरू मध्ये सांस्कृतिक, वैचारिक तथा शैक्षिक उद्देश्यहरूका सिध्दिको लागि 'प्रैक्टिकल क्रिटिसिज्म' -को रचना गरेका प्रतीत हुन्छ । मूल रूपमा रिचड्र्सलो मनोविज्ञानसित सम्बन्धित दुईवटा सिध्दान्तहरू बनाएका छन् । ती हुन् - 1) मूल्य सिध्दान्त र 2) सम्प्रेषण सिध्दान्त । मूलत : पाश्चात्य साहित्य जगतमा आई. ए. रिचर्ड्सले आफ्नो प्रसिद्ध पुस्तक 'प्रिन्सिपल्स ऑव लिटरेरी क्रिटिसिज़्म' (1924 ई) – मा कलावादी दृष्टिलाई खंडन गरेका छन् । उनले यस

Notes

पुस्तकमा सैद्धान्तिक आधारमा कलावादको खण्डन गर्दै प्रेषणीयतालाई काव्य प्रक्रियामा विशेष महत्व प्रदान गरेका छन् । रिचड्र्सले काव्यको सत्ता शेष जगतदेखि भिन्न नहुने बताएका छन् । यति मात्र नभएर काव्यको अनुभूति शेष जगतको अनुभूति भन्दा भिन्न हुन्छ भन्ने पनि उनको मान्यता पाइन्छ । यस प्रकार रिचर्ड्सले कलाको क्षेत्रमा उपयोगितावादलाई पुन : प्रतिष्ठा गरेको प्रतीत हुन्छ । यसरी पाश्चात्य साहित्यको समालोचना परम्परामा होमर, प्लेटो, अरस्तु, क्रोचे, रिचड्र्स आदि आलोचकहरूले विभिन्न साहित्यिक मान्यता र सिद्धान्तहरूको प्रतिपादन गरेको देखिए तापनि यी आलोचकहरूको श्रेणीमा इलियटका सिद्धान्तहरूको मूल्य र महत्व सर्वोपरी रहेको देखिन्छ ।

## 9.5 उपसंहार

पाश्चात्य साहित्य परम्परामा 20 औँ शदाब्दीको महानतम् कविहरूको श्रेणीमा इलियटलाई गरिने गरिन्छ । तर यस्ता महान हस्तीले आफ्नो जीवनको अन्तिम समयमा विभिन्न आरोप, आलोचना, प्रत्योलोचना आदिसित झेल्न बाध्य भएका इलियटलाई एक क्रूर पति र साम्यता विरोधी आलोचक पनि भनिने गरिन्छ ।

टी.एस.इलियटले पाश्चात्य जगतमा समीक्षा या समालोचनाका विविध सिद्धान्तहरू परम्परा – सिद्धान्त,व्यक्ति प्रतिभा सिद्धान्त, निर्वैयक्तिकताको सिद्धान्त, वस्तुनिष्ट समीकरणको सिद्धान्त आदिबारे विस्ताररूपमा प्रकाश पारेका छन् । यसैले उनलाई पाश्चात्य काव्यशास्त्रमा युगान्तकारी ल्याउने एक महान स्रष्ट्रा मानिने गरिन्छ । काव्य सिद्धान्तहरूको प्रतिपादनमा उनको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । इलियटले पाश्चात्य साहित्यको समालोचना परम्परामा विभिन्न

कवि, आलोचकहरू बारे आलोचना पनि प्रस्तुत गरेका छन् । आलोचनाको क्षेत्रमा उनको सबाभन्दा महत्वपूर्ण कार्य 1७ औँ शताब्दीका लेखकहरू माथि गरिएको कार्यलाई मानिने गरिन्छ ।

इलियटको आलोचनामा न त कुनै निजी सिध्दान्त बनाए , न त नियम । उनको आलोचनालाई कुनै व्यक्ति, वाद वा सम्प्रदायसित जोड़ना पनि सम्भव देखिन्न । यसैले इलियट स्वतन्त्रचेता आलोचक भएकोले उनमा वैयक्तिक मानदण्ड रहेको छ । उनले जहाँ जुन पनि गाह्म प्रतीत भएको पाए, त्यसलाई इलियटले निस्संकोच ग्रहण गरेका छन् । यसर्थ उनकी आलोचनाले धेरैलाई प्रभाव पारेका छन् । वस्तुतः इलियटका आलोचनाको मुख्य उद्देश्य – आफ्नो कविताहरूको बोध, आस्वाद र परिशंसनको भूमि तयार गर्नु रहेको बुझिन्छ । उनी रूचि - परिष्कारलाई आलोचनाको अन्यतम प्रयोजन मान्ने गर्दछन् ।

इलियटले सन् 1919 मा "गेरोनशन" कृतिको साथ "प्रफ्रॉक" - को पालन गरेका छन् । यस प्रकारको कृति लेखन उनीभन्दा पहिले पाश्चात्य साहित्य संसारमा कहिले पनि भएको पाइन्न । यसर्थ यस प्रकारको कृति लेखनका दृष्टिले पाश्चात्य साहित्य जगतको समालोचना परम्परामा इलियटको स्थान उच्च रहेको देखिन्छ । सबैभन्दा प्रसिद्ध र महत्वपूर्ण काम इलियटले स्वयमलाई *फोर क्वार्टेट्स* - मा मानेका छन् । सन् 1943 मा प्रकाशित यस कृतिमा चौकड़ी ब्रह्माण्डमा आजको मनुष्यका स्थान रहेको बताउदै यसैमा ध्यान प्रतिबिम्ब गराएका छन् । उनले समय, ईसाई धर्म र दिव्यसित मानिसको अटुट रिश्ता रहेको बताएका हुनाले पाश्चात्य जगतमा यस प्रकारको धारणालाई नौलो मानिएको छ । यसरी समय, धर्म आदि क्षेत्रमा सामान्य आधुनिकतावादी भ्रम एक प्रमुख विषय बन्न शुरू गर्ने प्रमुख श्रेय इलियटलाई दिइने हुनाले पाश्चात्य

साहित्यको परम्परामा उनको स्थान अन्य कवि र आलोचकहरूले श्रेणीमा सदैव माथि रहेको देखिन्छ ।

अमेरिकी मूल रहेका इलियटले आफ्ना प्रसिद्ध कृतिहरू **द लव साँग ऑफ़ जे अल्फ्रेड प्रूफ्राक ,"प्रूफ्रॉक र अन्य टिप्पणिहरू, बाझो भूमि, खोखले पुरुष, चार क्वार्टेट्स** आदिका माध्यम पाश्चात्य साहित्य संसारलाई विकास गर्नमा ठूलो भूमिका निर्वाह गरेको पाइन्छ । मूलत: बीसौँ शताब्दी प्रारम्भ भएपछि पाश्चात्य समालोचना साहित्यको विकासक्रममा धेरै प्राणालीहरूको पनि विकसित भएर गएको देखिन्छ । आधुनिक युगका यस दौरमा प्रमुख रूपले टी. एस. इलियट तथा आई. ए. रिचड्र्स आदि विद्वानले विशेष प्रभाव पारेको देखिन्छ । टी. एस. एलियटले परम्परा तथा वैयक्तिक प्रतिभाका समन्वय, निर्वैयक्तिकताका सिद्धान्त, वस्तुनिष्ठ समीकरणका सिद्धांत तथा अतीतका वर्तमानता आदि सिद्धान्तलाई प्रतिपादन गरेका छन् । यी सिद्धान्तहरूका आधारमा तुलनात्मकता माध्यमसित वस्तुनिष्ठ समीक्षाका ताना - बाना उनीहरूले पाश्चात्य साहित्यमा निर्माण गरेका पाउँछौं ।

## 9.6 सार

यस प्रखण्डमा **साहित्य समालोचना परम्परामा इलियटको स्थान र मूल्य**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

❖ **द वेस्ट ल्याण्ड** नामक कृतिबाट विश्वमा चर्चित भएको इलियट जति महान आलोचक थिए, त्यति नै महान कवि, नाटककार र निबन्धकार पनि थिए ।

- ❖ उनले काव्य वा कविताको अवधारणालाई व्यक्तिवादीताको धेराबाट मुक्त गराएर सार्वभौमिकता र सार्वेदेशिकताको धरातलमा प्रतिष्ठित गरेका छन् ।
- ❖ इलियटले कलावादीहरू, मार्क्सवादीहरू र यथार्थवादी समाजवादीहरू भन्दा भिन्न एक सन्तुलित आलोचनाको दृष्टिलाई सूत्रपात पाश्चात्य जगतमा गरेका छन् ।
- ❖ अमेरिकी मूल रहका इलियट एख महान आलोटक, कवि, नाटककार र निबन्धकारको रूपमा परिचित छन् ।
- ❖ इलियटले पाश्चात्य साहित्यको समालोचना परम्परामा विभिन्न कवि, आलोचकहरू बारे आलोचना पनि प्रस्तुत गरेका छन् ।
- ❖ आलोचनाको क्षेत्रमा उनको सबाभन्दा महत्वपूर्ण कार्य 1७ औँ शताब्दीका लेखकहरू माथि गरिएको कार्यलाई मानिने गरिन्छ ।
- ❖ इलियटले सन् 1919 मा "गेरोनशन" कृतिको साथ "प्रफ्रॉक" - को पालन गरेका छन् । यस प्रकारको कृति लेखन उनीभन्दा पहिले पाश्चात्य साहित्य संसारमा कहिले पनि भएको  पाइन्न । यसर्थ यस प्रकारको कृति लेखनका दृष्टिले पाश्चात्य साहित्य जगतको समालोचना परम्परामा इलियटको स्थान उच्च रहेको देखिन्छ ।
- ❖ इलियटले *फोर क्वार्टेट्स* - कृतिमा चौकड़ी ब्रह्माण्डमा आजको मनुष्यका स्थान रहेको बताउदै यसैमा ध्यान प्रतिबिम्ब गराएका छन् । उनले समय, ईसाई धर्म र दिव्यसित मानिसको अटुट रिश्ता रहेको बताएका हुनाले पाश्चात्य जगतमा यस प्रकारको धारणालाई नौलो मानिएको छ । यसर्थ पाश्चात्य साहित्यको परम्परामा उनको स्थान अन्य कवि र आलोचकहरूले श्रेणीमा सदैव माथि रहेको देखिन्छ ।

- अमेरिकी मूल रहेका इलियटले आफ्ना प्रसिद्ध कृतिहरू **द लव सॉंग ऑफ़ जे अल्फ्रेड प्रूफ़ाक ,"प्रूफ़ॉक र अन्य टिप्पणिहरू, बाझो भूमि, खोखले पुरुष, चार क्वार्टेट्स** आदिका माध्यम पाश्चात्य साहित्य संसारलाई विकास गर्नमा ठूलो भूमिका निर्वाह गरेको पाइन्छ ।
- मूलत: बीसौँ शताब्दी प्रारम्भ भएपछि पाश्चात्य समालोचना साहित्यको विकासक्रममा धेरै प्राणालीहरूको पनि विकसित भएर गएको देखिन्छ । आधुनिक युगका यस दौरमा प्रमुख रूपले टी. एस. इलियटले विशेष प्रभाव पारेको देखिन्छ ।
- टी. एस. एलियटले परम्परा तथा वैयक्तिक प्रतिभाका समन्वय, निर्वैयक्तिकताका सिद्धान्त, वस्तुनिष्ठ समीकरणका सिद्धांत तथा अतीतका वर्तमानता आदि सिद्धान्तलाई प्रतिपादन गरेका छन् ।
- यी सिद्धान्तहरूका आधारमा तुलनात्मकता माध्यमसित वस्तुनिष्ठ समीक्षाका ताना - बाना उनीहरूले पाश्चात्य साहित्यमा निर्माण गरेका पाउँछौं ।
- पाश्चात्य समालोचना साहित्यका परम्परामा होमर, प्लेटो , अरस्तु , लौंजाइनस , गेटे , लेसिंग , आर्नलड , रस्किन , बेलिं स्की , चर्निशेव्स्की , तालस्ताय , कॉडबेल, क्रोचे, रिचड्र्स आदि विद्वान्, आचार्य, समीक्षकहरूले आ – आफ्नो साहित्यको विकासमा अमुल्य योगदान दिएका भए तापनि इलियटको स्थान र मूल्य सबैभन्दा माथि रहेको छ भन्न सकिन्छ ।

यस प्रखण्डको अध्ययनले साहित्य समालोचना परम्परामा इलियटको स्थान र मूल्यबारे बुनियाँदी जानकारी प्राप्त भयो । इलियट र उनको सिद्धान्तहरूको कसीमा उनको स्थान र मूल्य सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 9.7 अनुशीलनी

1. पाश्चात्य साहित्यको उद्भवबारे चर्चा गर्दै यस साहित्यका विकासक्रमलाई चिनाउनुहोस् ।

2. टी. एस. इलियटको साहितित्यिक कृतिहरूबारे सविस्तार लेख्नुहोस् ।

3. इलियटको परम्परा सिद्धान्तको महत्त्व र मूल्य पाश्चात्य साहित्यलोचनामा के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. इलियटको व्यक्ति प्रतिभा सिद्धान्तको महत्त्व र मूल्य पाश्चात्य साहित्यलोचनामा के कस्तो रहेको छ ? बताउनुहोस् ।

5. इलियटको निर्वैयक्तिकता सिद्धान्तको महत्त्व र मूल्य पाश्चात्य साहित्यलोचनामा के कस्तो रहेको छ ? बताउनुहोस् ।

6. इलियटका प्रमुख साहितित्यिक सिद्धान्तहरूको मूल्य पाश्चात्य साहित्यमा के कस्तो रहेको पाइन्छ ? विश्लेषण गर्नुहोस् ।

७. इलियटले किन कलावादीहरूको खण्डन गरेका छन् ? सबिस्तार चर्चा गर्नुहोस् ।

8. इलियटको परम्परा, व्यक्ति प्रतिभा र निर्वैयक्तिकता सिद्धान्तमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

10. रस सिद्धान्तको साधरणीकरण प्रवृतिमा इलियटका सिद्धान्तहरूको समानतालाई केलाउनुहोस् ।

12. पाश्चात्य साहित्यलोचनाको विकासमा टी. एस. इलियटको के कस्तो योगदान र भूमिका रहेको छ ? विविचना गर्नुहोस् ।

13. आलोचक इलियटका प्रमुख सौद्धान्तिक प्रवृत्तिबारे लेख लयार पार्नुहोस् ।

Notes

14. इलियटलाई कवि, नाटककार र निबन्धकारको रूपमा चिनाउँदै उनीबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 9.8 अतिरिक्त अध्ययन


1. सिंह, नामवर – **आलोचना** ।

2. इलियट, टी. एस. - **द सेक्रेड वूड एसेज ऑन पोएट्री एंड : क्रिटिसिज़्म**।

3. जैन, निर्मला - **पाश्चात्य साहित्य – चिन्तन** ।

4. द्विवेदी, डॉ राम अवध .– **साहित्य - सिद्धान्त** ।

5. त्रिपाठी, बासुदेव – **पाश्चात्य साहित्यको समालोचना परम्परा** ।

6. सिग्देल, सोमनाथ - **साहित्य प्रदीप** ।

७. उपाध्याय, कोशवप्रसाद - **साहित्य प्रकाश** ।

8. हिमांशु, राजु प्रधान - **साहित्य परिचय** ।

9. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

10. शर्मा, देवेन्द्रनाथ - **पाश्चात्य काव्यशास्त्र** ।

11. मिश्रा, सत्यदेव - **पाश्चात्य काव्यशास्त्र** ।

12. फौक्स, रैल्फ - **उपन्यास और लोक जीवन** ।

13. चौधरी, डा. सत्यदेव र गुप्त, डा. शान्तिस्वरूप - **भारतीय तथा पाश्चात्य काव्यशास्त्र** ।

14. प्रो. हरि मोहन - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान** ।


यस अतिरिक्त **साहित्य समालोचना परम्परामा इलियटको स्थान र मूल्य**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 9.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

६. इलियटको साहित्यिक परिचय ।

..........................................................................................

........

..........................................................................................

........

..........................................................................................

........

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 9.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

७. साहित्य समालोचना परम्परामा इलियटको स्थान निर्धारण ।

..........................................................................................

........

..........................................................................................

........

..........................................................................................

........

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 9.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

८. साहित्य समालोचना परम्परामा इलियटको मूल्य र महत्व ।

..........................................................................................

........

..............................................................................

........

..............................................................................

........

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 9.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

९. इलियटको मूल – मूल आलोचकीय मान्याताहरू ।

..............................................................................

........

..............................................................................

........

..............................................................................

........

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 9.4 र 9.5 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

१०. इलियट र रिचर्ड्स माझ साम्य - वैशम्यता ।

..............................................................................

........

..............................................................................

........

..............................................................................

........

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 9.5 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 10, इलियटका प्रमुख साहित्यिक मान्यता रतिनका सीमाहरू

**संरचना**

10.0 उद्देश्य

10.1 परिचय

10.2 टी. एस. इलियटको प्रमुख साहित्यिक मान्यता

10.3 टी. एस. इलियटको प्रमुख साहित्यिक मान्यताका सीमाहरू

10.4 उपसंहार

10.5 सार

10.6 अनुशीलनी

10.7 अतिरिक्त अध्ययन

10.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 10.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- परम्परा सिद्धान्तको अर्थ र परिभाषा
- टी. एस. इलियटको प्रमुख साहित्यिक मान्यताहरू
- परम्परा सिद्धान्त
- व्यक्ति प्रतिभा सिद्धान्त
- निर्वैयक्तिकता सिद्धान्त
- वस्तुगत समीकरणको सिद्धान्त
- टी. एस. इलियटको प्रमुख साहित्यिक मान्यताका सीमाहरू

## 10.1 परिचय

अमेरिकामा जन्मेका अङ्ग्रेज़ीमा कवि, नाटककार, पत्रकार, साहित्य सिद्धान्तकार एवम् समालोचक थोमस इलियटको अंग्रेज़ी आधुनिक साहित्यकार एवम् समालोचकहरुमा महत्त्वपूर्ण स्थान रहेको छ । इलियटको समयदेखि अंग्रेज़ी समालोचनामा नयाँ धारणाको उन्मुख भएको पाइन्छ । यो नयाँ आलोचनाले थोमस इलियटलाई प्रशस्त प्रभावित तुल्याएको छ । पाश्चात्य साहित्यमा यस्ता सिद्धान्तमा आधारित विभिन्न साहितियित, भाषिक, कलागत सिन्धान्तहरू बनिएका छन् । ती सिद्धान्तहरू मध्ये थॉमस स्टियरन्स एलियट (Thomas Stearns Eliot ; सन् 1888 – 1965) – द्वारा प्रतिपादित परम्परा, व्यक्ति प्रतिभा र निर्वैयक्तिक सिद्धान्तको मूल्य, महत्व र अवधारणा पाश्चात्य साहित्यमा भिन्दै प्रकारको रहेको पाइन्छ ।

इलियटको जन्म सन् 1888 मा अमेरिकाको मिसौली स्थित सेन्ट लुइस भन्ने ठाउँमा भएको थियो । सन् 1910 मा हार्वर्ड विश्वविद्यालयबाट एम. ए.सम्मको अध्ययन गरेको इलियटले संस्कृत र पालि भाषाको राम्रो अध्ययन गरेका थिए । उनको **दि सेक्रेड वुड** ( सन् 1920), **सेलेक्टेड एसेज** (सन् 1917-32), **दि यूज ऑफ पोयट्री एण्ड यूज ऑफ क्रिटिसिज्म** (सन् 1933) आदि कृतिहरू प्रसिद्ध मानिन्छ । उनी आफ्नो जीवनमा अमेरिकी कवि एज्रा पाउण्टबाट धेरै प्रभावित भएको कारण आधुनिक युगका महानतम अङ्ग्रेजी साहित्यिक विभूतियहरू मध्ये इलियटलाई पनि एक मानिन्छ ।

साहित्यमा नोबेल - पुरस्कार विजेता **टी0 एस0 एलियट** 26 वर्षको आयुमै आफ्नो मातृभूमि अमरीका छोड़ेर इङ्ग्लैंडमा बसाई रहेका

थिए भने उनी सन् 192७ मा ब्रिटिश नागरिक बनेका हुन् । एलियट ने अपनी पहली कविता **द लव अफ् सङ्ग** लेखेपछि पाश्चात्य साहित्यमा परितिच बन्ने पुगेका मानिन्छ । उनले सन् 1948 सम्ममा आफ्नो नाटक, कविता र आलोचना तीनै क्षेत्रहरूमा महान् ख्याति प्राप्त गरिसकेको कारण उनको लेखन तथा सिद्धान्तहरूले आधुनिक युगका प्राय सबै प्रसिद्ध लेखकहरूलाई प्रभावित तुल्याएको देखिन्छ । उनी स्वयम् एज़रा पाउण्डका अतिरिक्त विद्वान् डन तथा फ्रान्सीसी प्रतीकवादी कवि लॉफोर्ज़द्वारा सबै भन्दा अधिक प्रभावित भएको मानिन्छ । इलियटको परम्परा, व्यक्ति प्रतिभा, निर्वैयक्तिता र वस्तुगत समीकरणको सिद्धान्त गरी चारवटा साहित्यिक मान्यताहरू पाश्चात्य जगतमा प्रतिपादन गरेका छन् ।

सैद्धान्तिक समालोचना धारालाई विवेचना गर्दा इलियटका निम्नलिखित चार सिद्धान्तहरु प्रमुख रूपमा देखा पर्दछ – परम्परा व्यक्ति प्रतिभा, निरव्यक्ति विकरण, वस्तुगत समीकरण र समनवीक सम्वेदना । उनका कृतिहरु यस प्रकार छन् –

1) **गुप्त काठ** (The Secred Wood, सन् 1920)

2) **जोहन ड्राइडनको स्त्री** (Women to John Dridon, सन् 1924)

3) **चुनिएका निबन्धहरू** (Selected Essays)

4) **कविताको प्रयोग अनि आलोचना** (The use of poetry and We of Criticism, सन् 1933)

5) **इलिजाबोथ निबन्ध** (Eliagabeth Essay, सन् 1934)

6) **प्राचीन तथा आधुनिक निबन्ध** (Essay Ancient and Modern, सन् 1936)

७) **आलोचना समाजको नीति** (The Idea of Critisim Society)

8) **संस्कृतिको परिभाषा** (Defination of the Culture, सन् 1948)

Notes

9) **कवि र कविताको निबन्ध** (Essay on Poet and Poetry, सन् 195७)

## 10.2 टी. एस. इलियटको प्रमुख साहित्यिक मान्यता

थॉमस स्टियरन्स एलियटको प्रमुख साहित्यिक मान्यताहरू पाश्चात्य साहित्यको समालोचना परम्परामा विशेष चारवटा रहेका छन् । ती हुन् – परम्परा सिद्धान्त, व्यक्ति प्रतिभा सिद्धान्त, निर्वैयक्तिकता सिद्धान्त र वस्तुगत समीकरणको सिद्धान्त । यी सिद्धान्तहरूकै आधारमा उनको साहित्यिक मान्यताहरू पनि पाश्चात्य साहित्यमा खडा भएको पाइन्छ ।

पाश्चात्य साहित्यमा 20 औँ शताब्दीका सर्वश्रेष्ठ कवि तथा आलोचकको रूपमा परिचित टी. एस. इलियट पहिलो सिद्धान्त हो - **परम्परा सिद्धान्त** । कुनै पनि कुरोलाई नई दृष्टिले बुझेर त्यसको प्रतिष्ठापना गर्नु नै यस सिध्दान्तको उद्देश्य रहोक देखिन्छ । इलियट विशेष रूपले आदर्श आलोचक अरस्तु , रेमडी गोर्मी, टी. यू. हूल्मे, एजरा पाउन्ड तथा फ्रान्सीसी प्रतिकवादी वा बिम्बवादीहरूबाट धेर प्रभावित भएका थिए । यसैकारण उनको परम्परा सिद्धान्तमा विभिन्न पूर्ववर्ति आलोचकहरूका धारणा पनि कता – कता मिसिएको पाइन्छ । इलियटको परम्परा - सम्बन्धी विचार, मूर्ख अभिव्यक्ति - सम्बन्धी धारणा, वस्तुमूलक प्रतिरूपता आलोचक हूल्मेबाट प्रभावित पाइन्छ । जे नै भए पनि इलियटको प्रथम आलोचनात्मक कृति **दि सेक्रेड वुड**लाई मानिन्छ । यस कृतिमा उनको 'ट्रेडिशन एण्ड दि इन्डिविजुअल टैलेन्ट' नामक प्रसिध्द लेख सङ्ग्रहित छन् । यही लेखलाई इलियटको परम्परा सिद्धान्तको मूलाधार साथै प्रस्थान बिन्दु मानिने गरिन्छ । सन् 1922 मा **द वेस्ट ल्याण्ड** कविता क्राइटेरियनमा प्रकाशित भएपठि यसलाई न केवल इलियटको लागि मात्र

नभएर बल्कि अङ्ग्रेजी साहित्यकै लागि महत्वपूर्ण घटना मानिन्छ । यसमा इलियटले आफ्नो आलोचनामा काव्य - कर्मशालालाई उपजात भन्दै कारयित्री स्रष्ट्रा र भावयित्री द्रष्ट्रा मानेका छन् । यसैले प्रतिभा परस्पर - पूरक हुने हुनाले साँचो कवि उत्तम आलोचक र उत्तम आलोचक साँचो कवि हुनु पर्छ भन्ने कुनै आवश्यक छैन भनेका छन् । इलियटको परम्परा सिद्धान्त मुख्यत : सर्जकको दृष्टिले लिखिएको पाइन्छ, पाठकको दृष्टिले होइन । जस्तै रिचड्सको आलोचना केवल पाठकका निम्ति लेखिएका छन् । तर इलियटको आलोचना केवल पाठकका निम्ति मात्र नभएर सर्जक र पाठक दुवैको लागि लेखिएको पाइन्छ ।

19 औँ शताब्दीको आरम्भमा पाश्चात्य जगतमा रोमान्टिक कविहरू वड्सवर्थ, कोलरिज, शेली आदिले स्वच्छन्दतावादी कविता – कृतिका माध्यम जुन आलोचनाको सूत्रपात गरेका थिए, त्यसमा कविका वैयक्तिकता, भावना र कल्पनालाई विशेष प्राधान्य दिएको पाइन्छ । मैथ्यू आर्नल्डले वैयक्तिकताका अतिरेक अवैयक्तिकतासित साहित्यलाई संतुलित गर्ने सिद्धान्त प्रतिपादन गरेका पाउँछौ । तर साहित्य भन्दा अधिक संस्कृतिक र काव्य भन्दा अधिक धर्मप्रति उन्मुख रहने हुनाले आर्नल्डले त्यसमा अभीप्सित सफलता पाउन सकेनन् । पछि पाश्चात्य जगतमा वाल्टर पेटर र ऑस्कर वाइल्डद्वारा प्रवर्तित कलावाद (कला कलाको निम्ति ) – लाई लिएर साहित्यिक मञ्च अवतरित भएर गयो । सेन्ट्सबरी आदि आलोचनाहरू ऐतिहासिक र जीवनीमूलक प्रवृत्तिका थिए । यसको तात्पर्य पाश्चात्य जगतमा आलोचनाका यस प्रचलित पध्दतिहरूमा कविको प्रधानता भन्दा कृतिको गौणता धेरै रहेको बुझिन्छ । यसर्थ इलियटले उदबाहु घोषणा गर्दै यसो भनेका छन् - " साँचो आलोचना तथा सूक्ष्म परिशंसाको लक्ष्य कवि नभएर काव्य रहेको हुन्छ ।"

Notes

स्वछन्दतावादी विद्वानहरूले कविको प्रतिभा र अन्तः प्रेरणालाई नै काव्य - सृजनको मूल मानेर प्रतिभालाई दैवी गुण भनी स्वीकारेका पनि छन् । यसलाई 'वैयक्तिक काव्य सिद्धान्त' भनिने गरिन्छ । यस कुरालाई इलियटले पनि आफ्नो निबन्ध 'परम्परा र वैयक्तिक प्रज्ञा ' - मा यस कुरालाई स्वीकार गर्दै यसो भनेका छन् - "परम्पराको अभावमा कवि छाँया मात्र हुने गर्दछ र उसको कुनै अस्तित्व रहने गर्दैन ।" उनको यस मत अनुसार परम्परा भनेको अत्यन्त महत्वपूर्ण वस्तु हो, परम्परालाई छोडी दिए हामी स्वयम् वर्तमानलाई पनि छोड़ी पठाउँछौं । इलियटको यस भनाईमा परम्पराको बित्र पनि कविको वैयक्तिक प्रज्ञा लुकेको हुन्छ भन्ने । इलियटले आफ्नो **ट्रेडिशन एण्ड इन्डिविजुअल टैलेंट** (Traditional and Individual Talent) नामक लेखमा रोमान्टिक सम्प्रदायमा व्यक्तिवादिताको सट्टा परम्पराको महत्व स्थापित गर्नु र परम्परा अन्तर्गत नै वैयक्तिक प्रज्ञा (individual talent) - को सार्थकता प्रदशित गर्नु मूल उद्देश्य रहेको ठानेका छन् । उनका यस प्रकारको काव्य सिध्दान्तहरूलाई बुझ्नका निम्ति उनका कविताहरूका अपेक्षा उनकै निबन्धहरू कहीं अधिक मददगार रहको छ । यस सन्दर्भमा इलियटको सर्वाधिक चर्चित निबन्ध ' **ट्रेडिशन एण्ड इन्डिविजुअल टैलेंट** ' – लाई लिन सकिन्छ ।

परम्परा सिद्धान्तबारे पारिभाषित गर्दै इलियटले यसो भनेका छन् " परम्परा अन्तर्गत ती सबै स्वाभाविक कार्यहरू, आदतहरू, रीति – रिवाजहरूसमावेशहुनेगर्दछ, जसले स्थान विशेषमा रहने व्यक्तिहरूका सह – सम्बन्धलाई प्रतिनिधित्व गर्ने गर्दछ । परम्परा भित्र विशिष्ट धार्मिक आचारहरू, आगन्तुकहरूलाई स्वागत गर्ने पद्धति र त्यसलाई संबोधित गर्ने ढंग आदि सबै समाहित हुने गर्दछ ।" यसर्थ

इलियटले परम्परालाई उत्तराधिकारमा प्राप्त नहुने बस्तु ठान्दै अर्जितका माध्यम प्राप्त हुने बस्तु मानेका छन् । वस्तुतः इलियटका लागिपरम्पराएकअविच्छिन्न प्रवाह हो, जसले अतीतलाई सांस्कृतिक - साहित्यिक दायको उत्तमांशमा वर्तमानलाई समृद्ध गर्ने गर्दछ । यो अतीतको जीवन्त शक्ति भएकोले परम्पराले वर्तमानको निर्माण गर्दछ अनि भविष्यको अंकुर प्रस्फुटित गर्दछ ।

परम्पराको महत्वलाई प्रतिपादन गर्दै इलियटले कविहरूको मूल्यांकन परम्पराकै सापेक्षतामा गर्न सकिन्छ भनेका छन् । उनको मतअनुसार कुनै पनि रचनाकार स्वयंम् पूर्ण हुँदैनन् । उनीहरू आफ्नो पूर्ववर्ती कविहरूका तुलनामा आफ्नो महत्तालाई सिद्ध गर्ने गर्दछन् । यसैले इलियटको विचार अनुसार परम्पराको महत्त्वपूर्ण तत्व इतिहास – बोध हो । यो **इतिहास - बोध** सहज प्राप्त हुने कुरो होइन । यसबारे इलियट यसो भनेका छन् - "ट्रेडिसन इज अ मैटर औफ मच वाईडर सिग्निफिकेन्स, ईट कैन नौट बी इन्हेरीटेड, एण्ड इफ यू वान्ट यू मस्ट ओबटेन इट बाय ग्रेट लेबर।" परम्परा भन्नुको तात्पर्य प्राचीन रूढ़िहरूको मूक अनुमोदन अथवा अन्धानुकरण कदापि होइन , अपितु परम्परा वस्तुतः प्राचीन कालका साहित्य तथा धारणाहरूका सम्यक् बोध हो । यसैले इलियट परम्पराबाट प्राप्त ज्ञानका अर्जन र त्यसका विकासको पक्षधर रहेको देखिन्छ । परम्परा एउटा गत्यात्मक रूप भएकोले यो गतिशील चेतना, चिर गतिशील सर्जनात्क सम्भावनाहरूको समष्टि रूप पनि हो । परम्पराले जहाँ हामी नयाँ कुराहरूको मूल्यांकन गर्ने निकष प्रदान गर्दछौ, त्यहा यसले

Notes

प्राचीनताको विकास संग – संगै मौलिकताको सृजन पनि गर्ने गर्दछ । यस कारण सर्जनात्मक विकासका लागि अतीतमा विद्यमान श्रेष्ठ तत्त्वहरूका बोधको निम्ति परम्परालाई अनिवार्य घटक मानिने गरिन्छ । परम्पराबारे व्यक्तिलाई ज्ञान नभए कृतिको मौलिकता कति, कसरी र कहां हुन्छ ? भन्ने कुराको कुनै बोध हुन सक्दैन । वस्तुतः वर्तमानको सन्दर्भमा अतितलाई रूढ़िवादिता नमानेर मौलिकता मान्नु नै परम्परा हो भन्ने इलियटको मान्याता रहेको पाइन्छ । किनकि वर्तमान कलाको यथार्थ मूल्यांकन तब सम्भव हुन्छ , जब त्यसलाई विगत कला – रूपहरूको परिप्रेक्ष्यमा अध्ययन गर्न सकिन्छ । अन्यथा ती कुराहरूको मौलिकता र श्रेष्ठताको आकलन गर्न नसकिने इलियटको धारणा पाइन्छ ।

इलियटद्वारा प्रतिपादित परम्परा - सिद्धान्त अत्यन्त व्यापक र उपादेय रहेको देखिन्छ । यही परम्पराद्वारा प्रत्येक व्यक्तिमा ज्ञानको विस्तार हुने गर्दछ साथै यसले अतीत र वर्तमानलाई एकसूत्रमा जोड्ने गर्दछ । यस परम्पराका माध्यम कलाकारहरूले मध्यस्थको भूमिका निर्वाह गरी पूर्ववर्ती धाराहरूमा अवगत भई कला तथा साहित्यलाई सर्जना गर्दछ भन्ने इलियटको धारणा रहेको पाइन्छ । यसैले परम्पराको सम्बन्ध संस्कृतिसित पनि रहेको देखिन्छ । संस्कृतिमा कुनै जाति या समुदायको जीवन, कला, दर्शन - साहित्य आदिको उत्कृष्ट अंश सन्निविष्ट हुनो गर्दछ । एक प्रकारको सौहार्दता संस्कृतिमा पाइने हुनाले यसको प्राप्तिका लागि प्रयत्नपूर्वक अतीतलाई जान्नु व्यक्तिले जरूरी छ । यस

परम्पराकौ बोधबाट साहित्यकारहरूलाई यो पनि ज्ञात हुने गर्दछ कि त्यो वा साहित्यको मूल्य कै कस्तो छ भन्ने । यस प्रकार परम्पराको ज्ञानद्वारा साहित्यकारलाई आफ्नो कर्तव्यबोध र मूल्यहरूप्रति साहित्यिक ज्ञान प्राप्त हुने गर्दछ ।

इलियटको परम्परा सिद्धान्तले हाम्रो मस्तिष्कलाई पुनः सोचनका निम्ति अवश्य विवश पनि गरिदिन्छ । कारण यस परम्परा र विरासतको बारेमा टी. एस. इलियटले केही रोचक र दिलचस्प कुराहरू पनि बताएका छन् , जसमा पूर्णतया सत्यता पाउन सकिन्न । इलियटले लेखकहरूमा एक इतिहास चेतना हुनु अत्यन्तै जरूरी रहेको बताउँदै यसको विना लिखनका निम्ति बाधित सृष्टि हुने बताएका छन् । यस भावनाका साथ पाश्चात्य जगतका होमरदेखि लिएर यूरोपका समग्र साहित्य र उसका आफ्ना देशका समग्र साहित्य पनि त्यसैमा अस्तित्वमूलक भएको देखिन्छ । यसैले इलियटको यस भनाईमा केवल आंशिक रूपमा सत्यता पाउन सकिन्छ । कारण वर्तमान भन्दा बाहर अतीतको कुनै अर्थ नहुने हुनाले प्रत्येक वर्तमानले अतीतलाई आफ्नो कसौटीमा राख्ने गरेको पाइन्छ । यसर्थ यस कुरालाई प्रशय दिँदै इलियटले परम्परा सिद्धान्तको अवधारणा निर्माण गरेको बुझिन्छ । इलियटले कुनै पनि कवि पूर्ण रूपले सार्थक हुँदैनन् भनेका छन् । उसको महत्व उसका आफ्नै सराहना, मृत कविहरू र कलाहरूसित सम्बन्धित रहेको हुन्छ । यसैले आफै रूपमा कुनै पनि कवि वा व्यक्ति पूर्ण रूपले सार्थक रहका हुँदैनन् । यसैले परम्परा भनेको व्यक्तिले जन्मजात पाएर वा लिएर आएको बस्तु नभएर अतीत र वर्तमानको परिप्रेक्ष्यमा सिकेका कुरा हुन् ।

'परंपरा' शीर्षक लेखमा इलियट यसो भनेका छन् – “अतीतका कृतिहरूलाई समूची मौजूदा व्यवस्थाको निम्ति चाहे जति नै आंशिक रूपमा बदलन

खोजे पनि त्यस कृतिको भावलाई परिवर्तन गर्न सकिन्न, बिल्कुल ठीक त्यसतो कुन शक्ति हुन्छन् , जसले परम्परालाई परिवर्तन गरी पछि छाड्ने गर्दछ ? यो परिवर्तन कस्तो प्रकार हुने गर्दछ ?" यसैले परम्पराबाट विछिन्न जीवन रूखो र बन्जर जमीन जस्तै बन्ने गर्दछन् भन्ने इलियटको धारणा पाइन्छ । जड़को अभावमा जसती कुनै पौधाले पर्याप्त जीवन - रस ग्रहण गर्न सक्दैनन् त्यसलै परम्पराको अभावमा साहित्य समृद्ध बन्न सक्दैन । यसैले हामीले अतीतलाई त्यही रूपमा हेर्नु पर्दछ, जुन रूपमा हामी जीवनलाई बुझ्ने कोशिश गर्दछौ । किनकि हाम्रो जीवनमा विभिन्न समस्या, भाव, चाहना, वर्ग – संघर्ष तथा आवेग - आवेशहरूले निर्धारित हुने गर्दछ । यसैले हामी केवल अतीतलाई मात्र हेर्न सक्दैनौ । पहिला वर्तमानलाई हेर्नु पर्दछ, जो सदैव परिवर्तनको प्रक्रियामा गुज्री रहेको हुन्छ । यसर्थ इलियटले यही वर्तमान र अतीतको सम्मिश्रणलाई परम्परा भनेका छन् ।

इलियटले **व्यक्ति प्रतिभा सिद्धान्त**अनुसरा प्रत्येक व्यक्तिमा आ – आफ्नै प्रकारको प्रतिभा लुकोको हुन्छ भनेका छन् । उनको विचारमा कुनै पनि बहु – प्रतिभाशाली व्यक्तिमा विशेष सात प्रकारको प्रतिभाहरू रहेको बताएका छन् । ती हुन् - तार्किक, दृश्य सम्बन्धी, संगीत, ज्ञान, क्षमता, बुद्धि र प्रतिभा । यी सात प्रतिभाहरूलाई सूत्र रूपमा प्रस्तुत गर्दै उनले पहिलो दुईवटा प्रतिभा स्कूलहरूका विशेषताप्रति महत्व दिएका छन् भने अन्य तीनवटालाई सामान्यतः कलासित जोडेका छन् अनि अन्तिम दुईवटालाई 'व्यक्तिगत प्रतिभा' – सित जोडेका छन् । कुनै पनि व्यक्तिमा तर्क एवम् संख्याहरूको उपयोग गर्ने क्षमता भिन्दै – भिन्दै हुने इलियटले बताएका छन् । व्यक्तिको तार्किक एवम् संख्यागत तरिकालाई संकल्पना गरी विभिन्न जानकारीहरूका बीच सम्बन्ध रहने गर्दछ । यसैको कारण

व्यक्ति आफ्नो छेउ – छाउका दुनियाप्रति सदैव जिज्ञासु बनी रहन्छन् भन्ने इलियटको धारणा पाइन्छ । यसैले यसबाट उत्पन्न विभिन्न समस्याहरूलाई हल गर्न, प्राप्त जानकारीहरूलाई वर्ग एवम् श्रेणीहरूमा विभक्त गर्न,  परस्पर सम्बन्ध स्थापित गर्नका लागि गूढ सिद्धान्तहरूका साथ कार्य गर्न, कारणहरूको लामो सूचि बनाएर त्यसको अनुक्रम बनाउन, नियन्त्रित प्रयोग गर्न , प्राकृतिक घटनाहरूका बारेमा प्रश्न एवम् विस्मय गर्न, जटिल गणितीय गणना गर्न, ज्यामितीय आकारहरूका साथ कार्य गर्न आदिलाई **व्यक्ति प्रतिभा** भनिन्छ ।

इलियटले भने कुनै पनि व्यक्तिले जन्मजात पाएर आएको विविध क्षेत्रमूलक प्रतिभाहरूलाई व्यक्ति प्रतिभा मानेका छैनन् । उनले जन्मजात पाएर आएको कला, सङ्गीत आदि क्षेत्रहरूका प्रतिभा र वर्तमानमा सिकेको केही प्रतिभाहरूका सम्मिश्रणद्वारा प्राप्त प्रतिभालाई व्यक्ति प्रतिभा भनेका छन् । जहाँसम्म वैयक्तिक प्रज्ञाको प्रश्न आउँछ, इलियट यसलाई परम्परादेखि विछिन्न मान्दैनन् । उनले परम्परासित जुडी रहेर नै कविले आफ्नो वैयक्तिक क्षमतालाई अधिक सफलतापूर्वक उजागर गर्न सक्दछ भनी मानेका छन् । यसरी नै इलियटले आफ्नो ट्रेडिशन एण्ड दि इन्डिविजुअल टैलेंट नामक शीर्षक निबन्धको उत्तरार्द्धमा **निर्वैयक्तिकता सिद्धान्त**बारे आफ्नो विचार प्रस्तुत गरेका छन् । उनको यस सिद्धान्तमा एजरा पाउण्डको प्रभाव परेको देखिन्छ । एजरा पाउण्डले कवि वैज्ञानिक जस्तै निर्वैयक्तिक र वस्तुनिष्ठ हुन्छन् भनी मानेका छन् । इलियटले पनि यही धारणालाई अनुसरण गर्दै परम्परालाई आवश्यक मान्दै वैयक्तिकताको विरोधी रहेको ठानेका छन् । उनले साहित्यका जीवन्त विकासका लागि परम्पराको योगलाई स्वीकार गर्दै साहित्यमा आत्मनिष्ठ तत्व नियन्त्रित हुने र वस्तुनिष्ठ तत्व प्रधान रहने बताएका छन् ।

पाश्चात्य जगतमा साहित्यको रोमान्टिक काल अवधि कविता भावहरूका अन्तः स्फूर्त अभिव्यक्ति हुने गर्थे । इलियटले यसको विरोध गर्दै यही घोषणा गरेका छन् कि - " साहित्य व्यक्तित्वको अभिव्यक्ति नभएर व्यक्तित्वबाट पलायन - वैयक्तिकताको अतिशयतामा निषेध छ ।" पछि उनको यस विचारमा पर्याप्त परिवर्तन आएको देखिन्छ । कारण इलियटले कविलाई सर्जक होइन माध्यम मान्ने गर्दथे । एक वैज्ञानिक प्रक्रियाको उदाहरण दिँदै इलियटले काव्यको रचना – प्रक्रियालाई बुझाएका छन् । उनको विचार अनुसरा ऑक्सजीन र सल्फर आयोक्साइडको कक्षमा यदि प्लेटिनमका तार हाली दिए, ऑक्सजीन र सल्फर डायोक्साइड मिलेर सल्फर एसिड बन्दछ । तर प्लेटिनममा कुनै प्रभाव पर्दैन, न त एसिडमा प्लेटिनमको कुनै चिन्ह देख्न सकिन्छ । यसैले कविका मन पनि प्लेटिनमको तार जस्तै हुन्छ । जुन प्रकारले सल्फ्यूरिक एसिडको निर्माणमा प्लैटिनमले उत्प्रेरक तत्त्वको काम गर्दछ, त्यसलै प्रकारले कविको सम्पर्कबाट विभिन्न अनुभूतिहरू , सम्वेदन या भावहरूले नयाँ - नयाँ रूप ग्रहण गर्ने गर्दछ । उनले यसलाई स्वयंम् सर्वथा अप्रभावित रहने बताउँदै स्वानुभूत सम्वेदन र भाव सर्वथा भिन्न हुने हुनाले कविले स्वानुभूत भावहरूलाई पूर्णतः आत्मसात गरेर नयाँ रूप प्रदान गर्ने गर्दछ । यस सन्दर्भमा विज्ञानको गणितीय सूत्रलाई इलियटले प्रस्तुत गरेका छन् । ती हुन् – सम्वेध्य + कवि ह्नदय = कविता ।

व्यक्तिगत भावहरू कला अभिव्यक्ति नभएर त्यसको पलायनका नाम कला हो । कलाकारहरूको विशेष दुईवटा भूमिका रहेका हुन्छन् । ती हुन् – परम्पराबाट केही लिने र परम्परालाई केही दिने । यस प्रक्रियाद्वारा परम्परा रहनुको लागि कलाकारलाई आत्म - त्याग गर्नु पर्दछ । इलियटले कविको मनमा सम्वेदन, वाक्य - खंड, बिम्ब आदि सदैव

सिंचित रहिरहने वस्तु ठानेका छन् । सर्जनाको क्षणमा यी आफ्ना स्वरूपलाई त्यागेर नए रूपहरूमा संयोजित गरी कलालाई विग्रह गर्ने गर्दछन् । इलियटको धारणा अनुसार काव्यमा भावहरूको तीव्रताका महत्व हुने गर्दैन भन्ने छ । उनले कलात्मक प्रक्रियामा तीव्रताको महत्व हुने मान्दै यसमा विभिन्न भावहरूको संयोजन या विलयन हुने गर्दछ भनेका छन् । पछि यही एका – अर्कामा और घुल - मिलेर एक हुने गर्दछ । विशेष गरेर इलियटले भावहरूको स्वरूपमा पूर्ण परिवर्तन स्वीकार गर्ने हुनाले ती सामान्य कुनै पनि अनुभूतिसित कलात्मक अनुभूतिलाई विशिष्ट मान्ने गर्दछन् । यसैले इलियटले यही स्पष्ट गर्दै भनेका छन् - " कविको काम नयाँ भावहरूलाई खोज्नु मात्र होइन, अपितु साधारण भावहरूलाई उपयोग गरेर काव्य - रूप प्रदान गर्नु पनि हो ।"

इलियटको निर्वैयक्तिकता सिद्धान्तलाई व्यक्तित्वबाट पूर्णतः विच्छिन्न मानिने गरिन्छ । उनले यस सिद्धान्तमा वैयक्तिकतालाई निषेध नमानेर वस्तुनिष्ठतालाई प्रमुखता दिएका छन् । इलियटको वैयक्तिकता सिद्धान्तको मूल उद्देश्य वस्तुनिष्ठताको प्रति समर्पण रहेको पाइन्छ । द यूज ऑफ पोएट्री एण्ड दी यूज ऑफ क्रिटिसिज्म नामक लेखमा इलियटले निर्वैयक्तिकता बारे आफ्नो विचार प्रस्तुत गर्दै यसो भनेका छन् कि - 'व्यक्तित्वको अतिक्रमण न कविको निम्ति सम्भव छ न आलोचकको निम्ति नै ।' काव्य वा साहित्यका विशेष तीन स्वरहरू मध्ये सर्वाधिक महत्व नाट्य – स्वरलाई दिने गरिन्छ , जो निर्वैयक्तिकता सिद्धान्तकै परिणति हुन् । तर जब इलियटले नाटककार शेक्सपीयरको बारेमा आलोचना गर्न सुरू गर्दछन् तब उनले " यदि हामी शेक्सपीयरलाई पाउन खोजे त्यहाँ हामीले केवल उनका पात्रहरूलाई मात्र पाउन सक्छौ , जुन शेक्सपीयर स्वयमले सृष्टि गरेका हुन् ।" यसबाट यही स्पष्ट हुन्छन् कि

इलियटको निर्वैयक्तिकताका सिद्धान्त व्यक्तित्वको निषेध नभएर अपितु त्यसको समर्पण रूप हो । यसर्थ इलियटले कला सम्वादका लागि कलाहरूका अनुशीलन गर्ने समय व्यक्तिले सबै समाहित गर्नु सक्नु पर्दछ, यहाँसम्म कि आफ्नो वंशवृक्षलाई पनि समर्पण गरी यस कार्यमा प्रवृत्त हुनु पर्दछ भन्ने ।

इलियटको निर्वैयक्तिकता सिद्धान्त पूर्वीय जगतको साधारणीकरण सिद्धान्तसित साम्य रहेको देखिन्छ । यस सिद्धान्तमा व्यक्तित्वको पलायन व्यक्तित्वका निषेध नभएर अपितु वस्तुनिष्ठताको प्रति समर्पण पाइन्छ । यसैले इलियटको वस्तुनिष्ठ समीकरणको सिद्धान्त पनि निर्वैयक्तिकता सिद्धान्तसित मेल खाएको प्रतीत हुन्छ । इलियट 'कला – कलाका लागि' भन्नेहरू जस्तै निर्वैयक्तिकतालाई सामाजिकता, नैतिकता र धार्मिकताको बन्धनमा जोड्दैनन् । यस प्रकार इलियटले कलावादीहरू, मार्क्सवादीहरू र यथार्थवादी समाजवादीहरू भन्दा भिन्न एक सन्तुलित आलोचनाको दृष्टिलाई सूत्रपात पाश्चात्य जगतमा गरेका छन् । मूलत: अतीत र वर्तमान दुवैको प्रति निश्चय एक कुत्सित व्यवहार रहेको पाइन्छ । यदि यी दुवैको बीच कुना जीवित सम्बन्ध रहका छन् भने सङ्घर्ष र तुलनाका बीच सम्बन्ध रहेका छैनन् भन्दा हुन्छ । विशेष कुनै पनि कवि या उपन्यासकार मृत सम्पत्तिका उत्तराधिकारी हुँदैनन् । उनीहरू अतीतलाई उपयोग गर्दछन् न केवल स्वयमलाई अतीतको परिप्रेक्ष्यमा परिवर्तन गर्नका निम्ति । यसमा कही न कही रूपमा वर्तमानलाई पनि परिवर्तन गर्न कुरा आइरहेकै हुन्छन् । यसर्थ यही तथ्यलाई इलियटले आफ्नो निर्वैयक्तिक सिद्धान्तमा प्रतिपादन गर्न चाहेका छन् ।

परम्परावादी सिद्धान्तलाई राम्ररी अध्ययन गर्दा व्यक्ति - साहित्यकार परम्पराप्रति अनवरत रूपले आत्म समर्पित रहेको देखिन्छ । आत्म –

समर्पणको यस भावमा अधीन रहेर इलियटले **अवैयक्तिक काव्य - सिद्धान्त** (इंपर्सनल थ्योरी ऑफ पोएट्री) - को प्रतिपादन **ट्रेडिशन एण्ड इन्डिविजुअल टैलेंट** (सन् 1920) नामक निबन्धमा गरेका छन् । यस लेख वा निबन्धको मुख्य उद्देश्य नै रोमान्टिक सम्प्रदायको व्यक्तिवादिताका सट्टामा परम्पराको महत्वलाई स्थापित गर्नु र परम्परा अन्तर्गत नै वैयक्तिक प्रज्ञाको सार्थकता प्रदर्शित गर्नु पनि थियो । कुनै पनि कविको रचनामा सर्वाधिक सशक्त अंश पूर्ववर्ती कविहरूका प्रभाव जोरदार रूपमा व्यक्त भएका हुन्छन् भन्ने इलियटको मान्यता छ । जुन कविले परम्परालाई जतिरूपमा आत्मसात गर्न सक्छन् , जसको इतिहास - बोध जति गहन हुन्छन् , त्यस कविले अधिक प्रसिद्धि प्राप्त साथै श्रेष्ठ कृतिहरूको जन्म दिएको पाइन्छ । तर मुख्य कुरो कविले अतीतको चेतनालाई विकसित गर्नु अनिवार्य हुन्छ साथै त्यसको प्रगति आत्मोत्सर्ग हुनु पर्दछ । यसर्थ इलियटले यसो भनेका छन् - "द प्रोग्रैस ऑफ एन आर्टिस्ट इज ए कोंटीनुअल सेल्फ सैकृफाईस, ए कोंटीनुअल एक्सटिनसन ऑफ पर्स्नालिटी।"

इलियटले कुनै पनि कवि या कलाकारको पूर्ण सार्थकता पूर्ववर्ती र समकालीन कवि -कलाकारहरूको सापेक्षतामा हुने मानेका छन् । जब कुनै नयाँ कला - कृतिको सृष्टि हुने गर्दछ, तब पूर्ववर्ती सबै कृतिहरूका केही न केही समञ्जन अनिवार्य भएर गएको हुन्छ । जसरी रेल गाडीका डब्बामा कुनै नयाँ यात्रीले प्रवेश गर्दा पहिलाबाटै यात्रा गरिरहेको यात्रीहरूले खिसकेर जगह बनाउनु पर्दछ, त्यसलै जब कुनै नयाँ कृतिको सिर्जना हुँदा, पूर्ववर्ती कृतिहरूको स्थानमा कमोबेश परिवर्तन भएर कुनैको मूल्य घटेर जान्छ भने कसैको बढ़ेर जाने गर्दछ । यस प्रकार जसरी इतिहासले वर्तमानलाई निर्देशित गर्दछ, त्यसरी नै वर्तमानले पनि अतीतलाई

निर्देशित गर्ने गर्दछ । यसबारे इलियटले “द पास्ट शुड बी अटेस्टेड बाय द प्रजेंट एज मच एज द प्रेजेंट इज डायरेक्टेड बाय द पास्ट” भनेका छन् । अतः परम्परा अतीतदेखि वर्तमानसम्मको एक अविछिन्न इकाई हो, जसमा कुनै जातीय जीवनको कला, संस्कृति र दर्शन आदिका ऊत्तमांश विद्यमान हुने गर्दछ । वैयक्तिक प्रज्ञा यस परम्पराद्वारा संयुत भएर नै श्रेष्ठ कृतिका प्रणयन गर्नु सकत्छ । काव्यमा व्यक्तित्वको अभिव्यंजना नभएर परम्पराकै अभिव्यंजना नयाँ रूपमा रहेको हुन्छ । यसर्थ इलियटले व्यक्तित्वका अतिक्रमण न कविको लागि सम्भव हुन्छ, न आलोचकको लागि भनेर स्वीकार गरेका छन् । यसबारे इलियटले यसो भनेका छन् – “ पोएट्री इज नॉट ए टर्निंग लूज ऑफ इमोशन बट एन इस्केप फ्रोम इमोशन; यिटी इज नॉट द एक्स्प्रेशन ऑफ पर्स्नालिटी; बट एन इस्केप फ्रोम पर्स्नालिटी । बट ऑफ कोर्स, ओनली दोज हू हैव पर्स्नालिटी एण्ड इमोशंस नो व्हाट इट मीन्स टू वान्ट टू इस्केप फ्रोम दीज़ थिंग्स ।”

इलियटले निर्वैयक्तिकताको दुई रूप मानेका छन् - 1) प्राकृतिक, जो कुशल शिल्पी मात्रका निम्ति हुने गर्दछ, 2) प्रौढ कलाकारहरूद्वारा उपलब्ध । उनको मान्यता " प्रौढ़ कविका वैयक्तिक अनुभव - क्षेत्र पनि निर्वैयक्तिकता हुने गर्दछ " भन्ने छ । यस सिध्दान्त अनुसार कविताको जीवन स्वतन्त्र हुने गर्दछ । यो कविताको निम्ति उपयुक्त माध्यम पनि हो । अर्थात् कविले कविता लेख्ने गर्दैनन् , कवित्ता स्वयं कविका माध्यम कागजमा शब्द - विधानका रूपमा अभिव्यक्ति हुने गर्दछ । निर्वैयक्तिकता सिद्धान्तमा इलियटको अभिप्राय केवल कुशल शिल्पीको निर्वैयक्तिकतासित मात्र रहेको छैन । उनी कलाको निर्वैयक्तिकतालाई प्रौढ़ कविको निजी अनुभवहरूका सामान्य अभिव्यक्ति मान्ने गर्दछन् । अतएव इलियटको

निर्वैयक्तिकता सिद्धान्तको अर्थ - कविका व्यक्तिगत भावहरूको विशिष्टताका सामान्यीकरण (साधारणीकरण) हो ।

मूलत: इलियटले निर्वैयक्तिकताको सिद्धान्तको प्रतिपादन रोमान्टिक कविहरूका व्यक्तिवादिताको विरोधमा उत्पन्न भएको सिद्धान्त हो भन्न सकिन्छ । इलियट एजरा पाउण्डका विचारहरूद्वारा धेरै प्रभावित भएको कारण साहित्य वा कलाको क्षेत्रमा उनले यस निर्वैयक्तिक सिद्धान्तको प्रतिपादन गरेको प्रतीत हुन्छ । एजरा पाउण्डले कविहरू वैज्ञानिकहरूका समान नै निर्वैयक्तिक र वस्तुनिष्ठ हुन्छन् भन्ने धारणा व्यक्त गरेका थिए । विशेष कविहरूको कार्य आत्मनिरपेक्ष हुने हुनाले यस मतबाट प्रभावित भएर इलियटले वैयक्तिकताको विरोध गर्दै परम्परालाई आवश्यकमानेका हुन् । इलियटले निर्वैयक्तिकताको अर्थ कविहरूका व्यक्तिगत भावहरूको विशिष्टताकासामान्यीकरणलाई बताएका छन् । तदनुसार कवि आफ्नो तीव्र सम्वेदना र ग्रहण क्षमताले अन्य व्यक्तिहरूका अनुभूतिहरूलाई आयत्त गर्ने गर्दछन् । त्यो आयत्त अनुभूतिहरू कविको निजी अनुभूतिहरू बनेर जादछ । जब कवि आफ्ना स्वयुक्त अथवा चिन्तनद्वारा आयत्त अनुभवहरूलाई काव्यमा व्यक्त गर्ने गर्दछन् , तब त्यो उसको निजी अनुभव भएर पनि सबैको अनुभव बनेर जादँछ ।

तत्त्व, विचार, अनुभूति, अनुभव, बिम्ब, प्रतीक आदि सबै व्य क्तिका निजी या वैयक्तिक कुरा हुन् । कलाकारहरूले जब आफ्नो तीव्र संवेदना र ग्रहण शक्तिका माध्यम आफ्नो अनुभवहरूलाई काव्य रूपमा प्रकट गर्दछन्, तब त्यो

व्यक्तिगत भएर पनि सबको लागि अर्थात् सामान्य (सार्वजन्य) बनेर जादछ । कवि यस भारबाट मुक्त भएऱ जादछन् । यस तत्त्वले कविलाई वैयक्तिकताबाट धेरै ढाडा लाने गर्दछ तथा निर्वैयक्तिक भएर जादछ । भाव मात्र नभएर कविताका माध्यमले कवि आफ्नो वैयक्तिक सीमाहरूदेखि पनि मुक्त भएऱ जाने गर्छन् । उसको स्वर एक व्यक्तिका स्वर नभएर विश्व मानवकै सर्वजनीन स्वर बन्न पुग्दछ । उदाहरणको लागि विभिन्न सामग्रीहरू खोर्सानी, नुन, टमाटर, सिद्रा आदि तत्त्वहरूबाट अचार बने पछि त्यो बनिएको अचारमा सबै सामग्री वा तत्त्वहरू आफ्नो स्वादबाट मुक्त हुन् पुग्छन् ।

इलियटले कलामा अभिव्यक्त भावलाई निर्वैक्तिक हुने मानेका छन् । कवि आफुलाई प्रकृतिप्रति समर्पित नगरीकन निर्वैयक्तिक हुन सक्दैनन् भन्ने उनको मानयता रहेको पाइन्छ । कविता मनोभावहरूको स्वच्छन्दता होइन, यो त्यसको केवल पलायन मात्र हो भन्ने इलियटको धारणा रहेकोले व्यक्तित्वको अभिव्यक्ति नभएर अपितु व्यक्तित्वबाट पलायन हुने गर्दछ । यसर्थ जुन कविहरूमा व्यक्तित्व र भाव रहेको हुन्छ, उनीहरूले मुक्ति -आकांक्षाको अर्थ पनि राम्ररी बुझेको हुन्छ भन्ने इलियटको धारणा छ । यसैले कवि व्यक्तिगतको अभिव्यक्ति नभएर विशिष्ट माध्यम मात्र हुन् । इलियटले कविताको उत्पत्तिलाई लिएर बादमा आफ्नो मतलाई संशोधन गर्दै त्यस समय आफुले आफ्नो विचारलाई ठीकसित व्यक्त गर्न नसकेको स्वीकारेका छन् । यसर्थ उनले निर्वैयक्तिकताको सम्बन्धमा आफ्नो विचार व्यक्त गर्दै यसको विशेष दुई रूप – एक, त्यो जो कुशल शिल्पी मात्रका लागि प्राकृतिक हुने गर्दछ, दोस्रो, त्यो जो प्रौढ़ कलाकारहरूद्वारा अधिकाधिक रूपमा उपलब्ध हुने

गर्दछ भनेका छन् । उनको पहिलो भन्दा दोस्रो प्रकारको निर्वैक्तिकता आफ्नो
उत्कट र व्यक्तिगत अनुभवहरूका माध्यम सामान्य सत्यलाई व्यक्त गर्ने समर्थ प्रौढ कविहरूमा हुने कुरामा अडिएको पाइन्छ । वस्तुतः रचनाकार जति प्रौढ र परिपक्व हुन्छन् , त्यसमा भोक्ता र स्रष्टा बीच व्यक्तित्वको अन्तर त्यति ने स्पष्ट हुने गर्दछन् ।

पाश्चात्य जगतमा इलियटको यस निर्वैयक्तिकता सिद्धान्तका धारणाहरूले अचंभित भएर कतिपय आलोचक, विद्वानहरूले उनलाई हास्यापद एवम् स्वतो व्याघात दोषले युक्त भनि घोषित पनि गरेका छन् । पश्चिमी साहित्य चिन्तन स्तर अनुसार यस्तो हुनु तत्कालिन समयमा स्वाभाविक पनि थियो । किनकि यस निर्वैयक्तिकता सिद्धान्तको व्यक्ति गहराईलाई जुन सुकै पाठकले बुझ्न सक्दैनन् थिए । इलियटको यो सिद्धान्त भारतीय आचार्य भट्टनायकद्वारा प्रतिपादित साधारणीकरण एवम् अभिनव गुप्तद्वारा प्रतिपादित अभिव्यक्तिवादका अनुशीलन रहेको पाइन्छ । रस सिद्धान्त अन्तर्गत जुन कुरो साधारणीकरण प्रक्रिया अन्तर्गत भनिएको छ, त्यही कुरो इलियटको निर्वैक्तिकता सिद्धान्त अन्तर्गत पनि भनिएको पाइन्छ । साधारणीकरण या निर्वैयक्तिकताको खोजी भारतीय आचार्यहरूले आठ – नवौँ शताब्दीमा गर्न सुरू गरेको पाइन्छ । पाश्चात्य जगतमा इलियटद्वारा 20 औँ शताबादीमा यसको खोजी विशेष रूपमा भएर गएको देखिन्छ । साधारणीकरणको अवधारणा अनुसार कविको भाव एक व्यक्तिका भावसित मात्र रहोको हुँदैन भन्ने छ । यो सर्वसाधारण या जनमानसका भावहरूमा परिणत भएर जानेगर्दछ।यसैलेकविताको प्रेम या विरह, सुख या दुख, हर्ष या वि

षाद, हास्य या रोदन, सर्वसाधारणका सुख – दुख एवम् शोक र करूणा आदिमा परिणत भएऱ जाने गर्दछन् ।

निर्वैयक्तिक कुनै भिन्दै कुरा वा कला तथा साहित्यको घटक नभएर यो कविहरू वैज्ञानिक भए जस्तै समान र वस्तुनिष्ठ हुने गर्दछ । कवि जति अधिक वैयक्तिक हुन्छन् , उसको रचना पनि त्यति नै श्रेष्ठ , सार्वकालिक र सार्वदेशिक हुने हुनाले यस विन्दुलाई केन्द्र गरेर टी. एस. इलियटले कविहरूका व्यक्ति निष्ठताको बिरूद्ध निर्वैयक्तिकता सिद्धान्तको प्रतिपादन गरेको मान्न सकिन्छ । यस कुरालाई सिमुलतला आवासीय विद्यालयमा महाकवि राम इकबाल सिंह राकेश साहित्य परिषदको तत्वावधानमा आयोजित इलियटको जन्म जयन्तीको अवसरमा कवि, नाटककार, आलोचक तथा सन् 1948 मा नावेल पुरस्कार विजेता एस. सुधान्शुले बताएका हुन् । उनले इलियट पश्चिम साहित्य जगतका सबैभन्दा माहन आलोचक रहेको पनि ठोकुवा गरेका छन् । **द वेस्टल्याण्ड** नामक कृतिबाट विश्वमा चर्चित भएको इलियट जति महान आलोचक थिए, त्यति नै महान कवि, नाटककार र निबन्धकार पनि थिए ।

इलियटले काव्य वा कविताको अवधारणालाई व्यक्तिवादीताको धेराबाट मुक्त गराएर सार्वभौमिकता र सार्वेदेशिकताको धरातलमा प्रतिष्ठित गरेका छन् । यसैले उनी आफ्नो निर्वैयक्तिकताको सिद्धान्तमा 'कवितालाई व्यक्तित्वको अभिव्यक्ति नमानेर व्यक्तित्वबाट पलायन ठान्दछन् ।' इलियटको विचार अनुसार व्यक्तित्वबाट पलायनको अर्थ आफ्नो पराएका भावनाबाट मुक्त भएर निर्वैयक्तिक हुनु हो । यसैले इलियटको यस परिभाषालाई उनको सिद्धान्तको मूल मन्त्र मानिने गरिन्छ । अत : इलियटको यस परिभाषाले 'रोमान्टिसिज्म' - को 'आत्मा - अभिव्यक्ति' -

को सिद्धान्तलाई निषेध गरेर निर्वैयक्तिकता सिद्धान्तलाई प्रतिष्ठापना गरेको प्रतीत हुन्छ ।

इलियटले काव्यमा निव्यक्तिको सिद्धान्त प्रतिपादन गर्दा **बस्तुगत समीकरण** नामक एक नयाँ सुत्र वा सिद्धान्तको पनि प्रतिपादन गरेका थिए यिनले आफ्नो निबन्ध !**सिक्रेड वुड** (SECRED WOOD) संग्रहमा बस्तुगत समीकरणको उल्लेख गरेका छन् यस सिद्धान्तको विश्लेषण ! मनोभावहरु अथवा ! मनोवैज्ञानिक अवधारणामा अघि सार्दै आएका छन् कसरी उत्तम तरिकाले अभिव्यक्त गर्न सकिन्छ सम्वेगहरुलाई काव्यमा भन्ने दृश्यलाई ध्यानमा राखेर उनले वस्तुगत समीकरण तथा विभावन व्यापारको प्रयोग गरेका छन् इलियट अनुसार कति मन स्पष्ट ! सम्वेगहरु अथवा कतिको मनोभावहरु मोरप्रायसमक्ष सोमै सम्प्रेसन हुन सनको निम्ति वस्तुहरुको सक्तैन यसैले कविले आफ्नो कविको सम्प्रे स्थिति र घटनाका चुनाउ गर्नु पर्छ ताकि ती वस्तुहरुसँगका माध्यमद्वारा कविको मनोभावहरु भावसम्म संप्रेषित हुन सकोस यसैले इलियटको ! कवि सम्वेकका सम्प्रेसनका एकमात्र तरिका वस्तुगत समीकरणलाई ! मान्दछन्

आवेगहरु वस्तुगत समीकरणकै आधारमा साहित्यिक कृतिमा व्यक्त हुने अथवा आवेगलाई वस्तुगतता वा नाटकीयता दिएरै व्यक्त गरिनु पर्ने कुरा सेक्सपियरको ह"ेमलेटनाटकको चर्चा गर्ने क्रममा इलियटले व्यक्त " सम्वेगको प्रयोगद्वारा आवेगहरुको " - उनी भन्छन् ! गरेका छन् धनका रूपमा सम्वेग नै कविता सृजना सा ! नाटकीकरण हुन पर्छ आवेगको स्थापना हुन जान्छ र अझ कविताका विषय वा वस्तुका रूपमा ! वदलिँदै जान्छ" आवेगलाई स्वत व् :यक्ताउन हुँदैन बरु सम्वेकको रूप दिनु पर्छ भन्ने इलियटको तातपर्य देखिन्छ सम्वेक भन्नुको तात्पर्य !

!हेकोपाइन्छअकेन्द्रित अनुभूतिको सामान्य हो भन्ने इलियटको धारणार इलियटको वस्तुनिष्ठ समीकरणको सिद्धान्त फ्रान्सको प्रतिकवादी साहित्यकारका चिन्तनद्वारा पूर्ण रूपमा प्रभावित रहेको छ इलियटले ! जस्तै गरी फ्रान्सेली साहित्यकारले पनि कवि र कवितामा परस्पर कविले आफ्नो कविताको ! अभिछिन्न सम्बन्धलाई अस्वीकार गर्दछ माध्यमद्वारा कुनै भाव मनोवेग आदिलाई सोझै अभिव्यक्त गरेर आवहान यि ! गर्दछ भन्ने धारणा प्रतिकवादीहरुको पाइन्छनीहरुले कवितामा संकेतिकताको र प्रतिकात्मकताको पक्षलाई समयन गरेका छन् !

मूलत इलियटको वस्तुगत समीकरणको मुख्य तातपर्य के हो भन्ने कवि जुन आवेगलाई प्रस्तुत गर्दछ सिधा रूपमा कविता आफ्नो व्यक्तित्वका अभिव्यक्तिका रूपमा प्रकट हुँदा ती आवेगहरु सफल कलाकृतिका रूपमा परिणत हुन सक्तैन आवेगलाई वस्तुगतता दिनुपर्छ अथवा परिस्थिति घटना र इन्द्रियग्रार्य सामग्रीद्वारा प्रस्तुत गर्नु पर्छ यही हो इलियटको वस्तुगत समीकरण उदाहरण प्रहलाद र हिरण्यकस्युप जस्ता पात्रहरु सम्योका वस्तुहरुको रूपमा उपस्थित गरिएपछि यसबाट ज्ञान विज्ञानका आवेगहरु सफल र सार्थक रूपमा व्यक्त भएका छन् भन्न सकिन्छ वस्तुगत समीकरणको ! सिद्धान्त इलियटको समालोचना मान्यतामा अत्यन्त सारपूर्ण छ ! मूलत इलियटको वस्तुगत : समीकरणको मुख्य तातपर्य के हो भने कवि जुन आवेगलाई प्रस्तुत गर्दछन् सिधा रूपमा कविका आफ्नो व्यक्तित्वका अभिव्यक्तिका रूपमा आवेगलाई वस्तुगत दिनुपर्छ अथवा परिस ! परिणत हुन सक्तैन्थिति घटना इन्द्रियग्रह्य सामग्रीद्वारा प्रस्तुत गर्नुपर्छ !

'सेक्रेड उड' - मा इलियटले सबभन्दा पहिले 'कवि समालोचक' -को अवधारणा सार्वजनिक गर्दै के भनेका छन् भने, युग -युगसम्म पाठकले

कविलाई चाहिँ चिन्दछ र कहिल्यै बिर्सिंदैन, तर समालोचकलाई चाहिँ लोकले त्यति चिन्दैन पनि सम्झिँदैन पनि। इलियटका विचारमा त्यसको कारण के हो भने, सिर्जनाको सोच (Sensibility) र समालोचनाको सोच एउटै होइन । सिर्जनामा भावना र कल्पना प्रभावकारी हुन्छन्, तर समालोचनामा तर्क र बुद्धि काम लाग्छ । इलियट भन्छन् - दुइटै सोच महत्त्व पूर्ण तर दुर्लभ हुन् सबै मानिस कवि पनि हुँदैनन् :, सबै मानिस समालोचक पनि हुँदैनन् । सबै कवि समालोचक पनि हुँदैनन् र सबै समालोचक कवि पनि हुँदैनन्, तर जसरी उत्कृष्ट कविता लेख्न मन गर्ने कविले पनि अरुका उत्कृष्ट कविता पढ्नु पर्छ र अभ्यास गरेर कविताको प्रविधि जान्नु पर्छ, त्यसै गरी कविताको आदर्श समालोचक हुन पनि पनि उत्कृष्ट कविता लेख्न सक्ने कवि हुनु पर्छ । अर्थात् कविलाई पनि समालोचकको कसीमा आफ्नो रचना उत्कृष्ट बनाउन सिर्जना र समालोचनाको दुइटै सोच जोड्न सक्ने सामर्थ्य चाहिन्छ । ती दुई किसिमका सोच अलग्ग र सोचको विच्छेद (Dissociation of Sensibilities) हुन् । यस भन्दा अधि पाश्चात्य साहित्यमा न कविता उत्कृष्ट भएको, न त समालोचना कालजयी भएको इलियटले पाए । त्यसैले इलियटका विचारमा आदर्श समालोचक चाहिँ 'कवि समालोचक' (Poet critic) नै हो । त्यस्तै, आदर्श कविमा पनि समालोचनाको चेत हुनु आवश्यक छ । यसरी इलियटले आफैं कविता लेख्न नसक्ने, तर कविताको समालोचना गर्ने समालोचकहरुलाई समालोचना गर्न नै अयोग्य ठहराएका छन् ।

इलियटले भने झैं, नव समालोचनामा संलग्न समालोचकहरु सबै प्रतिभाशाली कविहरूमा टी. एस. इलियटका अतिरिक्त एज्रा पाउण्ड, एलेन टेट, जोन क्रो न्यान्सम, क्लिन्थ ब्रुक्स, रोबर्ट पेन वारेन, आई0 ए0 रिचड्र्स,

विलियम एम्पसन, एफ0 आर0 लिभिस, इभोर विन्टर्ज, आर0 पी0 ब्ल्याक्मुर, केनेथ ब्रुक्स, विलियम के0 विम्जाट आदि रहेका छन् । मूलत: इसाको बिसौँ शताब्दीको दोस्रो दशकको उत्तरार्ध भन्दा अगाडि अङ्ग्रेजी साहित्यमा जस्तो किसिमको समालोचना लेखिन्थ्यो र विश्व विद्यालयका साहित्य विभागका कक्षाहरुमा जस्तो किसिमको 'समालोचना' गरिन्थ्यो र सिकाइन्थ्यो पनि । त्यसको आलोचना टी0 एस0 इलियट, एज्रा पाउन्ड, जोन क्रो न्यान्सम र एलेन टेटहरुले कस्तो, कसरी र कुन शब्दमा गरे भन्ने कुराको चिनारी नै यस समालोचनाको लक्ष्य हो । यस लेखमा चाहिँ खालि प्रचलित समालोचनाका रूढिको आलोचना मात्र समेटिएको छ । जोन क्रो न्यान्समले सन् 1841 मा 'नव समालोचना' भन्ने नाउँ दिएको र टी0 एस0 इलियटले नेतृत्व गरेको बिसौँ शताब्दीका बेलाइती र अमेरिकाली 'कवि समालोचक' - हरुका विचारमा आदर्श समालोचना कस्तो हुनु पर्छ भन्ने जे जस्तो विचार गरिएको पाइन्छ ।

## 10.3 टी. एस. इलियटको प्रमुख साहित्यिक मान्यताका सीमाहरू

कवि, नाटककार, पत्रकार, साहित्य सिद्धान्तकार, निबन्धकार एवम् समालोचकको रूपमा परिचित थोमस इलियटले पाश्चात्य साहित्यको समालोचना परम्परामा महत्वपूर्ण साहित्यिक मान्यताहरू खडा गरेका छन् । तर उनका यी साहित्यतिक मान्यताहरूलाई लिएर पाश्चात्य जगतमा धेरै वाद – विवाद, आलोचना – प्रत्यालोचना पनि भएको पाइन्छ । विशेष गरेर इलियटको चारवटा साहित्यिक मान्यता तथा सिद्धान्तहरूमा प्रतिपादित उनका धारणा, मान्यताहरूका कारण उनको यी सिद्धान्तमा थुप्रै

आक्षेप पनि परेको पाइन्छ , जसलाई इलियटको साहित्यिक मान्यताका सीमाहरू मान्न सकिन्छ ।

इलियटको प्रमुख साहित्यिक मान्यताका सीमाहरू निम्नप्रकार छन् -

1. सम्प्रेषणको निम्ति वस्तुनिष्ठ समीकरण हुनु अत्यन्त आवश्यक हुन्छ भनी इलियटले भनेका छन् । तर कतिपय समालोचकहरूले वस्तुगत समीकरणको निम्ति सम्प्रेषणको आवश्यक्त छैन भनेका छन् ।
2. इलियटले "कलालाई भाव प्रदर्शनको एक मार्ग मानेका छन् । यसको निम्ति उनले वस्तुनिष्ठ समीकरणलाई अधि सारेका छन् ।
3. कला वा साहित्यमा वस्तु - संघटना, स्थिति, घटना शृंखला प्रस्तुत गरिए त्यो नाटकीय भावका सूत्र बन्न पुग्दछ ।
4. कवि तथा नाचककारले आफ्नो संवेदना र अनुभूतियहरूको अभिव्यक्तिका निम्ति मूर्त विधानबाट काम लिने गर्दछ । यसो गर्दा त्यो अमूर्त विधान बन्मन जान्छ भनी इलियटले भनेका छन् ।
5. इलियटको वस्तुनिष्ठ समीकरणको विभाव – विधान अनुरूप सामाजिक परिप्रेक्ष्यमा मानस - भाव जाग्रत हुन्छ भन्ने छ ।
6. इलियट काव्यलाई संवेदनाको प्रकाशन मात्र नमानेर साक्षात्कारको प्रतीकवद्ध अभिव्यंजना मानेका छन् ।
7. इलियटले 'प्रतीकवाद' – लाई 'प्रतिरूपवाद' – को नाम दिएका छन्।
8. इलियटले रोमान्टिक विचारधार र समीक्षामा प्रचलित वैयक्तिकता र कल्पनाशीलतालाई धोर विरोध गर्दै यसबारे विशेष महत्व दिएका छैनन् ।

9. पाश्चात्य साहित्य जगतमा 19 औँ शताव्दीको अन्तिम चरणतिर उदाएको वाल्टर पेटर र ऑस्कर वाइल्डको 'कलावाद' – लाई इलियटले खण्डन गरेका छन् ।
10. स्वछन्दतावादी विद्वान् - कविहरूले प्रतिभा र अंतः प्रेरणालाई नै काव्य - सृजनको मूल आधार मानेको हुनाले यसबारे इलियटले विरोध गरेका छन् ।
11. इलियटले प्रतिभालाई दैवी गुणको रूपमा स्वीकार नगरेर 'वैयक्तिक काव्य सिद्धान्त' मानेका छन् ।
12. इलियटले आफ्नो निबन्ध 'परम्परा र वैयक्तिक प्रज्ञा' – मा परम्पराको अभावमा कवि केवल छाँया मात्र हो र उसको कुनै अस्तित्व रहेको हुँदैन भन्ने मान्यता खडा गरेका छन् ।
13. परम्परालाई काव्य वा कविको अत्यन्त महत्त्वपूर्ण वस्तु मान्दै परम्परालाई छोड्नु वा बिर्सन्नु भनेको वर्तमानलाई नै छोड्नु वा टाढा हुनु हो भन्ने विचार इलियटले व्यक्त गरेका छन् ।
14. इलियटले परम्परा भित्र नै कविको वैयक्तिक प्रज्ञा पनि सार्थकता रहेको हुन्छ भनेर भनेका छन् ।
15. परम्परा अन्तर्गत स्वाभाविक कार्य, व्यवहार, आदत, रीति – रिवाज आदि समावेश हुन्छ ।
16. परम्पराले स्थान विशेषमा रहने व्यक्ति तथा मानिसहरूसित सह – सम्बन्धको नाता सिर्जना गर्ने गर्दछ ।
17. परम्परा भित्र विशिष्ट धार्मिक आचारहरूका साथै आगन्तुकहरूलाई मान – सम्मान, स्वागत गर्ने पद्धति आदि पनि समाहित हुन्छ ।

18. इलियटले परम्परा व्यक्तिले उत्तराधिकारको रूपमा नभएर आफ्नो व्यक्ति प्रतिभाको भरमा प्राप्त हिने कुरो ठानेका छन् ।
19. परम्पराले अतीतको सांस्कृतिक -साहित्यिक दायलाई उत्तमांशसित वर्तमानको परिप्रेक्ष्यमा समृद्ध गर्दछ भनी इलियटले भनेका छन् ।
20. इलियटले कविहरूको मूल्यांकन अन्य केही कुरामा नभएर परम्परकै सापेक्षतामा गर्न सकिन्छ भनेका छन् ।
21. इलियटले कुनै पनि रचनाकार स्वयममा महत्त्वपूर्ण र पूरण नहुने मान्यता प्रतिपादन गरेका छन् ।
22. कविहरूले केवल आफ्नो पूर्ववर्ती कविहरूका तुलनामा मात्र आफ्नो महत्ता सिद्ध गर्न सक्छन् भनेका छन् ।
23. इलियटले परम्पराको महत्त्वपूर्ण तत्त्व इतिहास – बोधलाई मानेका छन् ।
24. इलिहास – बोधलाई माने पनि इलियटले परम्परा भनेका प्राचीन रूढ़िहरूका मूक अनुमोदन अथवा अन्धानुकरण होइन भनेका छन् ।
25. इलियटले रम्परालाई प्राचीन कालका साहित्य तथा धारणाहरूको सम्यक् बोध पनि मानेका छन् ।
26. इलियटले अतीतलाई वर्तमानको परिप्रेक्ष्यमा हेर्नु रूढ़िवादिता नमानेर मौलिकता मानेका छन् ।
27. विगत कला – रूपहरूको परिप्रेक्ष्यमा हेरनु नै वर्तमान कलाको यथार्थ मूल्यांकन इलियटले मानेका छन् ।
28. परम्पराद्वारा कलाकारहरूले मध्यस्थको भूमिका निर्वाह गरेर पूर्ववर्ती धाराहरूको कसीमा कला तथा साहित्यको सर्जना गर्दछन् भनेर इलियटले भनेका छन् ।

29. इलियटले परम्पराको सम्बन्ध संस्कृतिसित रहेको पनि मानेका छन् । तर अन्य आलोचकहरूले संस्कृति भिन्दै कुरो भएकोले यसको सम्बन्ध कहिले पनि परम्परासित रहन सक्दैनन् भनेर खण्डन गरेका छन् ।
30. परम्पराको ज्ञानद्वारा साहित्यकारहरूलाई आफ्नो कर्तव्यबोध र मूल्यहरूप्रति साहित्यिक ज्ञान प्राप्त हुन्छ बनेर इलियटले भनेका छन् ।
31. वस्तु - संघटना, स्थिति, घटना -शृंखला आदिलाई इलियटले काव्य वा साहित्यको आवश्यक वस्तु नमानेर परम्परा र व्यक्ति प्रतिभालाई मानेका छन् ।
32. इलियटले स्वंयमलाई " म राजनीतिमा राजतन्त्रवादी, धर्ममा एङ्ग्लो-क्याथोलिक र साहित्यमा क्लासिकवादी हुँ " भनेका छन् ।
33. इलियटले 'क्लासिक' - को अर्थ परिपक्वता या प्रौढ़ता (Maturity) – लाई मानेका छन् ।
34. सभ्यता, भाषा र साहित्यको प्रौढ़ता अनि स्वयंम् कृतिकारका मस्तिष्क पनि प्रौढ़ भए मात्र क्लासिक साहित्यको सृष्टि हुन सक्दछ भनेर इलियटले भनेका छन् ।
35. कुनै पनि कवि वा व्यक्तिमा मस्तिष्कको प्रौढ़ताका निम्ति उनी इतिहास र ऐतिहासिक चेतनाहरूसित परिचित हुनु आवश्यक छ ।
36. कविहरूले आफ्नो देश र जातिहरूका अध्ययनको अतिरिक्त अन्य सभ्य जातिहरूको इतिहास पनि पढ्नु जरूरी छ ।
37. साहित्यकारहरूले आफ्नो जाति, भाषा र सभ्यतालाई फाइदा हुने ज्ञान मात्र प्राप्त गर्नु पर्दछ । अन्य कुरो होइन ।

38. जुन कविलाई आफ्नो अतीतबारे पूरा जानकारी हुँदैन , उ कवि नै होइन भनेर इलियटले भनेका छन् ।
39. इलियटले अङ्ग्रेजीका धेरै महान् कविहरूलाई क्लासिक प्रवृत्तिका मानेका छैनन् ।
40. इलियटले महान् कविहरू केवल एक विधामा पराकाष्ठासम्म पुगेर तक सदाको निम्ति उसका सम्भावनाहरूलाई समाप्त गर्दछ भनेका छन् । त्यसको विपरित उनले क्लासिक कविहरूले यसो गर्दैनन् भनेका छन् ।
41. मूर्त – विधान (Objective Correlative) - को प्रयोग शेक्सपियरको प्रसिध्द नाटक हैमलेटको आलोचनामा गर्दै इलियटले **हैमलेट**लाई एउटा असफल रचना मानेका छन् ।
42. इलियटले नाटककार शेक्सपियरको हैमलेट नाटकको भावमा समुचित सम्प्रेषण नभएको बताएका छन् । उनले यसको मूल कारण मूर्त - विधानको अपेक्षितलाई मानेका छन् ।
43. इलियटमा कलामा भाव – प्रदर्शनको प्रमुख मार्ग नै अन्य कुरो नमानेर वस्तुनिष्ठ समीकरण मानेका छन् ।
44. कुनै पनि व्यक्तिमा तर्क एवम् संख्याहरूको उपयोग गर्ने क्षमता भिन्दै – भिन्दै हुने इलियटले बताएका छन् ।
45. व्यक्तिको तार्किक एवम् संख्यागत तरिकालाई संकल्पना गरी विभिन्न जानकारीहरूका बीच सम्बन्ध रहने गर्दछ । यसैको कारण व्यक्ति आफ्नो छेउ – छाउका दुनियाप्रति सदैव जिज्ञासु बनी रहन्छन् भन्ने इलियटको धारणा पाइन्छ ।
46. इलियटले भने कुनै पनि व्यक्तिले जन्मजात पाएर आएको विविध क्षेत्रमूलक प्रतिभाहरूलाई व्यक्ति प्रतिभा मानेका छैनन् ।

47. इलियटले जन्मजात पाएर आएको कला, सङ्गीत आदि क्षेत्रहरूका प्रतिभा र वर्तमानमा सिकेको केही प्रतिभाहरूका सम्मिश्रणद्वारा प्राप्त प्रतिभालाई व्यक्ति प्रतिभा भनेका छन् ।
48. जहाँसम्म वैयक्तिक प्रज्ञाको प्रश्न आउँछ, इलियट यसलाई परम्परादेखि विछिन्न मानेका छैनन् ।
49. इलियटले परम्परासित जुडी रहेर नै कविले आफ्नो वैयक्तिक क्षमतालाई अधिक सफलतापूर्वक उजागर गर्न सक्दछ भनी मानेका छन् । यसरी नै इलियटले आफ्नो ट्रेडिशन एण्ड दि इन्डिविजुअल टैलेंट नामक शीर्षक निबन्धको उत्तरार्द्धमा **निर्वैयक्तिकता सिद्धान्त**बारे आफ्नो विचार प्रस्तुत गरेका छन् ।
50. इलियटको निर्वैयक्तिकता सिद्धान्तमा एजरा पाउण्डको प्रभाव कविहरू वैज्ञानिक जस्तै निर्वैयक्तिक र वस्तुनिष्ठ हुन्छन् भन्ने मान्यता इलियटले सिर्जना गरेका छन् ।
51. इलियटले एजरा पाउण्डको विशेष धारणालाई अनुसरण गर्दै वैयक्तिकताको विरोधी गरेका हुनाले उनीमाथि विभिन्न आक्षेप प आलोचना भएको पाइन्छ ।
52. इलियटले साहित्यका जीवन्त विकासका लागि परम्पराको योगलाई स्वीकार गर्दै साहित्यमा आत्मनिष्ठ तत्व नियन्त्रित हुने र वस्तुनिष्ठ तत्व प्रधान रहने बताएका छन् ।

## 10.4 उपसंहार

अमेरिकामा जन्मेका अंग्रेज़ीमा कवि, नाटककार, पत्रकार, साहित्य सिद्धान्तकार एवम् समालोचक थोमस इलियटको अंग्रेज़ी आधुनिक साहित्यकार एवम् समालोचकहरुमा महत्त्वपूर्ण स्थान रहेको छ ।

इलियटको समयदेखि अंग्रेज़ी समालोचनामा नयाँ – नयाण धारणाको उन्मुख भएको पाइए तापनि उनीद्वारा प्रतिपादित चारवटा मान्यता तथा सिद्धान्तहरूले उनलाई पाश्चात्य साहित्यको समालोचना परम्परामा सदैव उच्च, महान र अमर बनाएर राखेका छन् ।

इलियटद्वारा प्रतिपादित परम्परा, व्यक्ति प्रतिभा, निर्वैयक्तिकता र वस्तुगत समीकरणको सिद्धान्तको भिन्दा मूल्य र महत्व पाश्चात्य साहित्यमा रहेको पाइन्छ । यी सिद्धान्त तथा मान्यताहरूलाई लिएर विभिन्न आछेप, वाद – विवाद, आलोचना – प्रत्यालोचना पनि भएको पाइन्छ । उनको परम्परा सिद्धान्त अनुसार परम्पराको अभावमा कवि छाँया मात्र हुने गर्दछ र उसको कुनै अस्तित्व रहने गर्दैन । इलियटको यस मत अनुसार परम्परा भनेको अत्यन्त महत्त्वपूर्ण वस्तु हो, परम्परालाई छोडी दिए हामी स्वयम् वर्तमानलाई पनि छोड़ी पठाउँछौं । उनको यस भनाईमा परम्पराको बित्र पनि कविको वैयक्तिक प्रज्ञा लुकेको हुन्छ भन्ने । परम्परालाई उत्तराधिकारमा प्राप्त नहुने बस्तु ठान्दै अर्जितका माध्यम प्राप्त हुने बस्तु मानेका छन् ।

वस्तुतः इलियटका लागि परम्परा एक अविच्छिन्न प्रवाह हो, जसले अतीतलाई सांस्कृतिक - साहित्यिक दायको उत्तमांशमा वर्तमानलाई समृद्ध गर्ने गर्दछ । यो अतीतको जीवन्त शक्ति भएकोले परम्पराले वर्तमानको निर्माण गर्दछ अनि भविष्यको अंकुर प्रस्फुटित गर्दछ । इलियटले कुनै पनि कवि पूर्ण रूपले सार्थक हुँदैनन् भनेका छन् । उसको महत्व उसका आफ्नै सराहना, मृत कविहरू र कलाहरूसित सम्बन्धित रहेको हुन्छ । यसैले आफै रूपमा कुनै पनि कवि वा व्यक्ति पूर्ण रूपले सार्थक रहका हुँदैनन् । यसैले परम्परा भनेको व्यक्तिले जन्मजात पाएर

वा लिएर आएको बस्तु नभएर अतीत र वर्तमानको परिप्रेक्ष्यमा सिकेका कुरा हुन् ।

इलियटले भने कुनै पनि व्यक्तिले जन्मजात पाएर आएको विविध क्षेत्रमूलक प्रतिभाहरूलाई व्यक्ति प्रतिभा मानेका छैनन् । उनले जन्मजात पाएर आएको कला, सङ्गीत आदि क्षेत्रहरूका प्रतिभा र वर्तमानमा सिकेको केही प्रतिभाहरूका सम्मिश्रणद्वारा प्राप्त प्रतिभालाई व्यक्ति प्रतिभा भनेका छन् । इलियटको निर्वैयक्तिकता सिद्धान्तलाई व्यक्तित्वबाट पूर्णतः विच्छिन्न मानिने गरिन्छ । उनले यस सिद्धान्तमा वैयक्तिकतालाई निषेध नमानेर वस्तुनिष्ठतालाई प्रमुखता दिएका छन् । इलियटको वैयक्तिकता सिद्धान्तको मूल उद्देश्य वस्तुनिष्ठताको प्रति समर्पण हो । इलियटको निर्वैयक्तिकताका सिद्धान्त व्यक्तित्वको निषेध नभएर अपितु त्यसको समर्पण रूप हो । निर्वैयक्तिकता सिद्धान्तमा इलियटको अभिप्राय केवल कुशल शिल्पीको निर्वैयक्तिकतासित मात्र रहेको छैन । उनी कलाको निर्वैयक्तिकतालाई प्रौढ कविको निजी अनुभवहरूका सामान्य अभिव्यक्ति मान्ने गर्दछन् । अतएव इलियटको निर्वैयक्तिकता सिद्धान्तको अर्थ कविका व्यक्तिगत भावहरूको विशिष्टताका सामान्यीकरण तथा साधारणीकरण हो ।

## 10.5 सार

यस प्रखण्डमा **इलियटका प्रमुख साहित्यिक मान्यता र तिनका सीमाहरू**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ इलियट जति महान आलोचक थिए, त्यति नै महान कवि, नाटककार र निबन्धकार पनि थिए ।

- इलियटले काव्य वा कविताको अवधारणालाई व्यक्तिवादीताको घेराबाट मुक्त गराएर सार्वभौमिकता र सार्वेदेशिकताको धरातलमा प्रतिष्ठित गरेका छन् ।
- इलियटका विचारमा आदर्श समालोचक चाहिँ 'कवि समालोचक' (Poet critic) नै हो । यसर्थ आदर्श कविमा पनि समालोचनाको चेत हुनु आवश्यक छ भनी उनले भनेका छन् ।
- इलियटले कलावादीहरू, मार्क्सवादीहरू र यथार्थवादी समाजवादीहरू भन्दा भिन्न एक सन्तुलित आलोचनाको दृष्टिलाई सूत्रपात पाश्चात्य जगतमा गरेका छन् ।
- 'परंपरा' शीर्षक लेखमा इलियट हामीले अतीतलाई त्यही रूपमा हेर्नु पर्दछ, जुन रूपमा हामी जीवनलाई बुझ्ने कोशिश गर्दछौ ।
- इलियटले यही वर्तमान र अतीतको सम्मिश्रणलाई परम्परा भनेका छन् ।
- परम्परा अतीतदेखि वर्तमानसम्मको एक अविछिन्न इकाई हो, जसमा कुनै जातीय जीवनको कला, संस्कृति र दर्शन आदिका ऊत्तमांश विद्यमान हुने गर्दछ ।
- वैयक्तिक प्रज्ञा यस परम्पराद्वारा संयुत भएर नै श्रेष्ठ कृतिका प्रणयन गर्नु सकत्छ । काव्यमा व्यक्तित्वको अभिव्यंजना नभएर परम्पराकै अभिव्यंजना नयाँ रूपमा रहेको हुन्छ ।
- इलियटको निर्वैयक्तिकता सिद्धान्त पूर्वीय जगतको साधारणीकरण सिद्धान्तसित साम्य रहेको देखिन्छ । यस सिद्धान्तमा व्यक्तित्वको पलायन व्यक्तित्वका निषेध नभएर अपितु वस्तुनिष्ठताको प्रति समर्पण पाइन्छ ।

- इलियट 'कला – कलाका लागि' भन्नेहरू जस्तै निर्वैयक्तिकतालाई सामाजिकता, नैतिकता र धार्मिकताको बन्धनमा जोडेका छैनन् ।
- निर्वैयक्तिकता सिद्धान्तमा इलियटको अभिप्राय केवल कुशल शिल्पीको निर्वैयक्तिकतासित मात्र रहेको छैन । उनी कलाको निर्वैयक्तिकतालाई प्रौढ कविको निजी अनुभवहरूका सामान्य अभिव्यक्ति मान्ने गर्दछन् ।
- निर्वैयक्तिकता सिद्धान्तको अर्थ - कविका व्यक्तिगत भावहरूको विशिष्टताका सामान्यीकरण (साधारणीकरण) हो ।
- इलियटले निर्वैयक्तिकताको सिद्धान्तको प्रतिपादन रोमान्टिक कविहरूका व्यक्तिवादिताको विरोधमा उत्पन्न भएको सिद्धान्त हो भन्न सकिन्छ ।
- विशेष कविहरूको कार्य आत्मनिरपेक्ष हुने हुनाले यस मतबाट प्रभावित भएर इलियटले वैयक्तिकताको विरोध गर्दै परम्परालाई आवश्यक मानेका हुन् ।
- इलियटले निर्वैयक्तिकताको अर्थ कविहरूका व्यक्तिगत भावहरूको विशिष्टताका सामान्यीकरणलाई बताएका छन् ।
- इलियटको यो सिद्धान्त भारतीय आचार्य भट्टनायकद्वारा प्रतिपादित साधारणीकरण एवम् अभिनव गुप्तद्वारा प्रतिपादित अभिव्यक्तिवादका अनुशीलन रहेको पाइन्छ ।
- रस सिद्धान्त अन्तर्गत जुन कुरो साधारणीकरण प्रक्रिया अन्तर्गत भनिएको छ, त्यही कुरो इलियटको निर्वैक्तिकता सिद्धान्त अन्तर्गत पनि भनिएको पाइन्छ ।

- निर्वैयक्तिक कुनै भिन्दै कुरा वा कला तथा साहित्यको घटक नभएर यो कविहरू वैज्ञानिक भए जस्तै समान र वस्तुनिष्ठ हुने गर्दछ ।
- टी. एस. इलियटले कविहरूका व्यक्ति निष्ठताको बिरूद्ध निर्वैयक्तिकता सिद्धान्तको प्रतिपादन गरेका हुन् ।
- यस निर्वैयक्तिकताको सिद्धान्तमा इलियटले 'कवितालाई व्यक्तित्वको अभिव्यक्ति नमानेर व्यक्तित्वबाट पलायन ठान्दछन्।'
- परम्पराको ज्ञानद्वारा साहित्यकारहरूलाई आफ्नो कर्तव्यबोध र मूल्यहरूप्रति साहित्यिक ज्ञान प्राप्त हुन्छ बनेर इलियटले भनेका छन् ।
- वस्तु - संघटना, स्थिति, घटना -शृंखला आदिलाई इलियटले काव्य वा साहित्यको आवश्यक वस्तु नमानेर परम्परा र व्यक्ति प्रतिभालाई मानेका छन् ।
- इलियटले स्वंयमलाई " म राजनीतिमा राजतन्त्रवादी, धर्ममा एङ्ग्लो-क्याथोलिक र साहित्यमा क्लासिकवादी हुँ " भनेका छन् ।
- इलियटले 'क्लासिक' र को अर्थ परिपक्वता या प्रौढ़ता (Maturity) – लाई मानेका छन् ।
- सभ्यता, भाषा र साहित्यको प्रौढ़ता अनि स्वयंम् कृतिकारका मस्तिष्क पनि प्रौढ़ भए मात्र क्लासिक साहित्यको सृष्टि हुन सक्दछ भनेर इलियटले भनेका छन् ।
- कुनै पनि कवि वा व्यक्तिमा मस्तिष्कको प्रौढ़ताका निम्ति उनी इतिहास र ऐतिहासिक चेतनाहरूसित परिचित हुनु आवश्यक छ ।
- कविहरूले आफ्नो देश र जातिहरूका अध्ययनको अतिरिक्त अन्य सभ्य जातिहरूको इतिहास पनि पढ़नु जरूरी छ ।

- ❖ साहित्यकारहरूले आफ्नो जाति, भाषा र सभ्यतालाई फाइदा हुने ज्ञान मात्र प्राप्त गर्नु पर्दछ । अन्य कुरो होइन ।
- ❖ जुन कविलाई आफ्नो अतीतबारे पूरा जानकारी हुँदैन , उ कवि नै होइन भनेर इलियटले भनेका छन् ।

यस प्रखण्डको अध्ययनले **इलियटका प्रमुख साहित्यिक मान्यता र तिनका सीमाहरू**बारे बुनियाँदी जानकारी प्राप्त भयो । इलियट र उनको मान्यताका विभिद सीमाहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 10.6 अनुशीलनी

1. पाश्चात्य साहित्यको आदिभूमिमा समालोचक टी. एस, इलियचको प्रमुख सिद्धान्तहरूलाई चिनाउनुहोस् ।

2. टी. एस. इलियटको साहित्यिक जीवनीबारे सविस्तार लेख्नुहोस् ।

3. इलियटको साहित्यिक सिद्धान्तहरूको महत्त्व र मूल्य पाश्चात्य साहित्यलोचनामा के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. इलियटको प्रमुख साहित्यिक मान्यताहरूका मूल्य र महत्व पाश्चात्य साहित्यलोचनामा के कस्तो रहेको छ ? बताउनुहोस् ।

5. इलियटको पाश्चात्य साहित्यलोचनामा साहित्यिक मान्यताका सीमाहरू के के हुन् ? बताउनुहोस् ।

6. इलियटका प्रमुख चारवटा साहित्यिक सिद्धान्तहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

७. इलियटले किन कलावाद र स्वच्छन्दतावादको विरोध गरेका हुन् ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

8. इलियटको परम्परा र व्यक्ति प्रतिभा अनि निर्वैयक्तिकता र वस्तुगत समीकरणको सिद्धान्त मध्ये तपाई कुन सिद्धान्तलाई प्रमुख र महत्वपूर्ण मान्नुहुन्छ ? आफ्नो तर्क दिनुहोस् ।

9. पाश्चात्य साहित्य जगतमा इलियटलाई किन महान आलोचक मानिने गरिन्छ ? आफ्नो विचार प्रस्तुत दिनुहोस् ।

10. इलियटको निर्वैयक्तिकता सिद्धान्तलाई किन रस सिद्धान्तको साधरणीकरण सिद्धान्तसित समानता रहेको मानिन्छ ? चर्चा गर्नुहोस् ।

12. पाश्धात्य साहित्यलोचनाको विकासमा टी. एस. इलियटको के कस्तो योगदान र भूमिका रहेको छ ? विविचना गर्नुहोस् ।

13. आलोचक इलियटका प्रमुख साहित्यिक मान्यताका सीमाहरू के के हुन् ? टिप्पणी गर्नुहोस् ।

14. इलियटलाई कवि, नाटककार र निबन्धकार भन्दा किन आलोचकको रूपमा प्रसिद्धि छन् ? आफ्नो मनतव्य लेख्नुहोस् ।

## 10.7 अतिरिक्त अध्ययन

1. सिंह, नामवर – **आलोचना** ।

2. इलियट, टी. एस. - **द सेक्रेड वूड एसेज ऑन पोएट्री एंड : क्रिटिसिज़्म**।

3. जैन, निर्मला - **पाश्धात्य साहित्य – चिन्तन** ।

4. द्विवेदी, डॉ राम अवध .– **साहित्य - सिद्धान्त** ।

5. त्रिपाठी, बासुदेव – **पाश्चात्य साहित्यको समालोचना परम्परा** ।

6. सिग्देल, सोमनाथ - **साहित्य प्रदीप** ।

७. उपाध्याय, कोशवप्रसाद - **साहित्य प्रकाश** ।

8. हिमांशु, राजु प्रधान - **साहित्य परिचय** ।

9. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना ।**

10. शर्मा, देवेन्द्रनाथ - **पाश्चात्य काव्यशास्त्र ।**

11. मिश्रा, सत्यदेव - **पाश्चात्य काव्यशास्त्र ।**

12. फौक्स, रैल्फ - **उपन्यास और लोक जीवन ।**

13. चौधरी, डा. सत्यदेव र गुप्त, डा. शान्तिस्वरूप - **भारतीय तथा पाश्चात्य काव्यशास्त्र ।**

14. प्रो. हरि मोहन - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान ।**

यस अतिरिक्त **इलियटका प्रमुख साहित्यिक मान्यता र तिनका सीमाहरू**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 10.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

११. इलियटको सामान्य साहित्यिक परिचय ।

..............................................................................

........

..............................................................................

..............................................................................

................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 10.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१२. साहित्य समालोचना परम्परामा इलियटको चारवटा सिद्धान्तहरू ।

..............................................................................

........

..............................................................................

........

..............................................................................

........

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 10.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१३. इलियटको प्रमुख साहित्यिक मान्यताहरू ।

..............................................................................

........

..............................................................................

........

..............................................................................

........

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 10.3 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१४. इलियटको प्रमुख साहित्यिक मान्याताका सीमाहरू ।

..............................................................................

........

..............................................................................

........

..............................................................................

........

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 10.4 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

Notes

१५.इलियटको वस्तुगत समीकरणको सिद्धान्त ।

..............................................................................

........

..............................................................................

........

..............................................................................

........

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 10.4 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 11, सम्प्रेषण र मूल्य सिद्धान्त

**संरचना**

11.0 उद्देश्य

11.1 परिचय

11.2 रिचड्र्सको साहित्यिक व्यक्तित्व

11.3 सम्प्रेषण र मूल्य सिद्धान्तको अर्थ र परिभाषा

11.4 सम्प्रेषण सिद्धान्त

11.5 मूल्य सिद्धान्त

11.6 सम्प्रेषण र मूल्य सिद्धान्तको प्राप्ति र सीमा

11.7 उपसंहार

11.8 सार

11.9 अनुशीलनी

11.10 अतिरिक्त अध्ययन

11.11 मूल्यबृद्धिको निम्ति उत्तर

## 11.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- आई. ए. रिचड्र्सको सामान्य परिचय
- रिचड्र्कका साहित्यिक कृतिहरू
- रिचड्र्सको सम्प्रेषण र मूल्य सिद्धान्तको अर्थ र परिभाषा
- सम्प्रेषण सिद्धान्तबारे विस्तृत जानकारी
- मूल्य सिद्धान्तबारे विस्तृत जानकारी

## 11.1 परिचय

आधुनिक युगका पाश्चात्य समीक्षकहरूमा आई. ए. रिचड्र्स (1893 -1979 ई.) – लाई एक महत्वपूर्ण आलोचक मानिन्छ । उनको स्थान पाश्चात्य साहित्य जगतमा उच्च रहेको छ । उनी मनोविज्ञानको क्षेत्रद्वारा साहित्यमा उदाएका हुन् । रिचड्र्सले मनोविज्ञानको सहायताले कविताको साथकता तथा महत्तालाई नवीन तर्कका रूपमा प्रस्तुत गरेका छन् । उनले जब प्राचीन परम्परा र मूल्यहरूको विघटन हुने गर्दछ, यस्तै सभ्य समाजमा कविताको सहाराद्वारा आफ्नो मानसिक व्यवस्था बनाइ राख्न सक्छन् भनेका छन् । रिचडर्सले मोवैज्ञानिक एवम् वैज्ञानिक दृष्टि अप्नाउँदै भाषाबारे सर्वाधिक गहनतासित विचार – विमर्श पनि गरेका छन् । उनले संवेदनाको संतुलनप्रति बल दिदै एक नयाँ समीक्षा पध्दति विकसित गरेका छन् ।

सन् 1922 मा प्रकाशित **दि फान्उडेशंस ऑफ ईस्थेटिक्स** नामक ग्रन्थमा रिचड्र्सले सौंदर्यको स्थिति कुनै वस्तुमा होइन, बल्कि दर्शकको मनमा पर्ने त्यसको प्रभावमा रहेका हुन्छन् भनेका छन् । अर्थात् त्यसले काव्यका सौंदेयमा काव्यमा नै हेर्नुको सट्टा त्यसबाट उत्पन्न हुने भावमा रहेको हुन्छ । सन् 1923 मा प्रकाशित तथा सी. के. ओड्देनसितको संयुक्त लेखनमा लेखिएको उनको **दि मीनिंग ऑफ मीनिंग** नामक दोस्रो कृतिमा अर्थ - सम्बन्धी प्राचीन मतहरूको खंडन पाइन्छ । तर आलोचकको रूपमा भने रिचर्डसले आफ्नो दुईवटा ग्रन्थहरू दि प्रिंसिपुल्स ऑफ लिटरेरी क्रिटिसिज्म र प्रैक्टिकल क्रिटिसिज्म – को रूपमा ख्याती कमाएका छन् । उनले यी कृतिहरू मध्ये सांस्कृतिक, वैचारिक तथा शैक्षिक उद्देश्यहरूका सिध्दिको लागि 'प्रैक्टिकल क्रिटिसिज्म' -को रचना गरेका प्रतीत हुन्छ । मूल रूपमा रिचड्र्सलो मनोविज्ञानसित सम्बन्धित

दुईवटा सिध्दान्तहरू बनाएका छन् । ती हुन् - 1) मूल्य सिदधान्त र 2) सम्प्रेषण सिद्धान्त ।

आई. ए. रिचड्र्सको जन्म सन् 1893 मा भएको थियो । उनको रचनाकालको समय अवधि सन् 1924 देखि सन् 1936 सम्म मानिने गरिन्छ । उनी अमेरिकाको हार्वर्ड विश्वविद्यालयमा अङ्ग्रेजी विषयको प्रोफेसर थिए । आफ्नो जीवन कालमा एक दर्जन भन्दा अधिक ग्रन्थहरू लेखेका रिचड्र्सलाई इलियटको समकालीन मानिने गरिन्छ । उनको **प्रन्सिपल ऑफ लिटरेरी क्रिटिसिज्म** सबैभन्दा प्रसिद्ध कृति हो । रिचड्र्सको उदय हुनुभन्दा पूर्व पाश्चात्य साहित्य जगतमा बेनिडोटे क्रोचेले आफ्नो अभिव्यञ्जनावादको सिद्धान्त स्थापित गरि सकेका थिए । यस बाहेर पाश्चात्य साहित्यमा सिग्मण्ड फ्रायड, युंग तथा एडलर आदि विद्वानहरूले मनोविश्लेषणवादको प्रतिपादन पनि गरिसकेको देखिन्छ । यसका अतिरिक्त मेक्स ईस्टमैनले कवितालाई विज्ञानको क्षेत्रमा अनुगमन गर्ने सुझाव पनि दिइसकेका थिए । म्याथ्यू आर्नल्डले धर्म र सस्कृतिको संक्रांतिकालमा कविताले मानवलाई उद्धार गर्न सक्दछ भन्ने विचार पनि प्रकट गरेको पाइन्छ । यस संक्रांति कालमा वैज्ञानिक उन्नति एवम् भौतिक समृद्धिको संदर्भमा कविताको अवमूल्यन भएर जान थाल्यो । फलत: रिचड्र्स मनोविज्ञानको क्षेत्रबाट साहित्यिक क्षेत्रमा पर्दापण गर्न सक्षम भए ।

## 11.2 रिचड्र्सको साहित्यिक व्यक्तित्व

ईवर आर्मस्ट्रांग रिचड्र्सलाई **पाश्चात्य साहित्यमा** नयाँ समीक्षाको सिर्जनामा प्रसिद्ध सिद्धान्तकार र समालोचक मानिने गरिन्छ । उनको जन्म 26 फरवरी सन् 1893 मा र मृत्यु ७ सितम्बर सन् 19७9 मा भएको थियो । समीक्षा जगतमा नवीन र नौलो सैद्धान्तिक आधारहरूलाई प्रदान गर्ने आलोचकहरूमा रिचड्र्स अग्रणी श्रेणीमा आउने गर्दछन् । कॉलरिज पछि अलोचना शास्त्रलाई सुगठित तथा व्यवस्थित रूप प्रदान गर्ने हस्तीहरूमा रिचड्र्स दोस्रो समीक्षकको रूपमा परिचित छन्। पाश्चात्य साहित्यको समालोचना परम्परामा रिचड्र्सको रचना - काल लगभग आधी शताब्दी सम्मको रहेको छ । उनको पहिलो रचना सन् 1922 मा प्रकाशित **द फाउंडेशन ऑफ एस्थेटिक्स -** लाई मानिन्छ । यो कृति उनले सी. के. ऑग्डन र जेम्स वुडसितको सहलेखनमा लेखेका थिए । मृत्यु हुनु भन्दा पूर्व रिचड्र्सको अन्तिम रचनोको रूपमा **बियोंड** सन् 19७4 मा प्रकाशित भएको देखिन्छ । आफ्नो सम्पूर्ण जीवन कालमा उनले मोटामोटी 24 वटा ग्रन्थ र एक काव्य सङ्ग्रह रचना गरेका छन् । उनको प्रसिद्धि र सबैभन्दा अधिक ख्यातिप्राप्त एवम् महत्वपूर्ण कृति चाहिँ सन् 1926 मा प्रकाशित **प्रिन्सिपल ऑफ लिटरेरी क्रिटिसिज़्म** लाई मानिने गरिन्छ । यसका अतिरिक्त रिचड्र्सको सन् 1934 मा प्रकाशित **कॉलरिज ऑन इमैजिनेशन** पनि प्रकाशित छन् । प्रस्तुत कृति पाश्चात्य विद्वानहरू बीच धेरै चर्चाको विषय बनेको पनि थियो ।

रिचड्र्सको रचनाहरूमा विषय वैविध्यताको पुट धेरै रूपमा व्यक्त भएको पाइन्छ । उनको काव्यिक क्षेत्र भन्दा पनि आलोचनात्मक क्षेत्र बहुतै व्यापक रहेको देखिन्छ । मूल रूपमा रिचड्र्सको प्रमुख रचनाहरू निम्नलिखित छन् –

१. **मेन्सियस ऑफ द माइन्ड** (सन् 1931)

२. **एक्सपेरिमेंट्स इन मल्टीपल डेफिनेशन** (सन् 1932)

३. **बेसिक रूल्स ऑफ़ रीज़न** (सन् 1933)

४. **द फिलॉसफ़ी ऑफ रेटरिक'** (सन् 1936)

५. **इंटरप्रटेशन इन टीचिंग** (सन् 1938)

६. **द स्पेक्युलेटिव इंस्ट्रूमेंट्स** (सन् 1955)

**७. पोएट्रीज़:देयर मीडिया एण्ड एड्स** (सन् 1973)

८. **बियॉन्ड** (सन् 1974**)** आदि ।

## 11.3 सम्प्रेषण र मूल्य सिद्धान्तको अर्थ र परिभाषा

आई. ए. रिचड्र्सको **सम्प्रेषण र मूल्य सिद्धान्त**को अर्थ र परिभाषामा विविधाता पाइन्छ । उनले मूल्यलाई कुनै वस्तुको धर्म तथा गुण मानेका छन् । यसमा वस्तुको रूचि निहित हुने उनले बताएका छन् । कुनै वस्तुका प्राप्तिको इच्छा, त्यस इच्छालाई प्राप्त गर्ने प्रवृति साथै प्राप्त भएपछि त्यसबाट उत्पन्न रूचिकर अनुभूतिलाई रिचड्र्सले मूल्यवान हुने बताएका छन् । यसर्थ उनी सौन्दर्यलाई एक मूल्य मान्ने गर्दछन् ।

रिचड्र्सले आलोचनाका दुई मुख्य आधार बताएका छन् । ती हुन् - **1) मूल्यका लेखा (account of value)** अनि **2) सम्प्रेषणका लेखा (account of communication)** । रिचड्र्सको **मूल्य सिद्धान्त**लाई अङ्ग्रेजीमा थ्यूरी अफ् भ्यालु (theory of value) भनिन्छ । देवेन्द्रनाथ शर्माले मूल्यको सामान्य परिभाषा दिँदै यसो भनेका छन् -" मूल्य कुनै वस्तुको त्यो धर्म वा गुण हो , जसमा त्यसको परिशंशन (appreciation) अथवा रुचि (interest) निहित हुने गर्दछ । अर्थात कुनै वस्तुप्रति हाम्रो रुचि या पसंदका सम्बन्ध प्रथमतः अनुभूतिसित रहेको हुन्छ । अन्ततः

Notes

इच्छा तथा प्रवृत्ति [tendency] – बाट कुनै वस्तुप्रति हाम्रो रूची ,चाह , त्यसलाई ,मोहप्राप्त गर्ने प्रवृत्ति आदि उत्पन्न भएर त्यो हाम्रो निम्ति मूल्यवान हुने गर्दछ । यसबाट मूल्य र अनुभूति पर्याय रहेकोले यी दुई मूल्य र मूल्यको अनुभूतिमा कुनै विभेद रहेको हुँदैन भनी रिचड्र्सले भनेका छन् । पाश्चात्य साहित्य जगतमा मूल्यको विचारप्रतिको व्यापकताका कारण **मूल्य – मीमांसा (axiology)** नामक स्वतन्त्र शास्त्र विकसित भएर गएको पनि देखिन्छ ।

रिचड्र्सको मूल्य सिध्दान्तलाई राम्ररी बुझ्नका निम्ति उनीद्वारा परिकल्पित मानसिक प्रक्रियाको ज्ञान पाठकमा हुनु आवश्यक छ । उनको मतअनुसार "आवेग मनको एक प्रकारको प्रतिक्रिया हो, जो कुनै उद्दीपनद्वारा उत्पन्न भएर कुनै कार्यमा परिणत हुने गर्दछ ।" यसैले रिचडर्सको काव्य सिध्दान्त मनोविज्ञानसित सम्बन्धित रहेको देखिन्छ । उनको विचारअनुसार कविताका मूल्य पाठकको मनलाई प्रभावित गर्ने क्षमतामा निर्भर रहन्छ । जुन कविताले पाठक या श्रोताको मनलाई छोएर जति अधिक प्रभावित बन्दछ, जसमा सम्प्रेषणीयता क्षमता जति अधिक हुने गर्दछ, त्यो कृति वा कविता त्यति नै उत्कृष्ट बन्दछ भन्ने रिचड्र्सको धारणा रहेको छ । रिचडर्सको मतअनुसार मनोवेगहरूको विशेष दुईवटा कोटिहरू हुने गर्दछन् । ती हुन् - एषणा वा इच्छा (□ □ □ □ □) अनि □ विमुखता वा द्वेष (□ □ □ □)। मनोवेगको प्रथम कोटिअनुसार हामी केही पाउनका निम्ति उधत वा लालायित हुन्छौ भने दोस्रो कोटिमा हामी केही वस्तुहरूप्रति हाम्रो मनमा विमुखता उत्पन्न भएर जाने गर्दछ । प्रथम प्रकारको आवेग प्रवृतिमूलक हुने गर्दछ भने दोस्रो निवृत्तिमूलक । यसर्थ रिचर्ड्सले मूल्य अन्तगर्त मनोवेगलाई एषणा भन्न रूचाएका छन् । यस एषणालाई सर्वाधिक महत्वपूर्ण मान्दै उनले हामीले अन्य

एषणाहरूलाई अवरूध्द नगरी बिना आफ्नो अस्तित्वलाई कायम राख्दछ भनेका छन् । यसर्थ अनुभूति, मूल्य र सम्प्रेषण यी तीन तथ्यहरूको सम्बन्ध विशेष मनोविज्ञानसित रहेको पाइन्छ । तर मनोविज्ञानमा कारण - कार्यको व्याप्ति सदैव एक समान रहन सक्दैनन् । यसर्थ यसलाई आनुभाविक विज्ञान पनि भनिने गरिन्छ ।

कुनै एउटा गुलाबको फूललाई देखेर प्रत्येक व्यक्तिको मनमा एक प्रकारको भाव वा प्रतिक्रिया उत्पन्न हुने गर्दछ । यो भाव सबै मानिस वा व्यक्तिमा एख समान हुनु आवश्यक छ भनी रिचड्र्सले भनेका छैनन् । कोही मानिस गुलाबबाट मुग्ध हुने गर्छन् भने कोही हल्का रूपमा प्रसन्नता व्यक्त गर्ने गर्छन् । कोही भने तटस्थ पनि रहने गर्दछन् । यस सीमित अर्थमा नै मनोविज्ञान रहेको रिचड्र्स ठान्दछन् । रिचड्र्सको आलोचना पध्दतिको दोस्रो आधार स्तम्भ **सम्प्रेक्षण सिध्दान्त** हो । उनले यसको परिभाषा दिँदै यसो भनेका छन् – “ जुन कविताले पाठक या श्रोताको मनलाई जति अधिक रीपमा प्रभावित गर्न सक्दछ, जसमा सम्प्रेषणीयता क्षमता जति अधिक हुन्छ, त्यो त्यति नै श्रेष्ठ र महान हुने गर्दछ । ” रिचडर्सले प्रेषक (श्रोता) – लाई कलादेखि बाह्य न मानेर त्यसै कलाका तात्विक धर्म मानेका छन् । उनले कलालाई त्यो माध्यम मानेका छन् , जसद्वारा कलाकार आफ्नो अनुभूतिहरूलाई अन्यको सामु पुराउन सकोस भन्ने । अनुभूति भन्ने कुरो मानव मात्रमा उत्पन्न हुने बस्तु बताउँदै रिचड्र्सले कुनै न कुनै रूपमा त्यो अन्यसित सम्प्रेषित हुने गर्दछ भनेका छन् । कारण यो एउटा लोक व्यवहारको अनिवार्य अङ्ग पनि हो भन्ने उनको मान्यता पाइन्छ ।

रिचड्र्सले मानव मनका राग - द्वेष, प्रेम - सहानुभूति आदिको पारस्परिकतालाई सम्प्रेषणको फल मानेका छन् । तर सम्प्रेषणको क्षमता

सबै व्यक्ति, मानिस तथा पाठकमा एख समान नरहने पनि उनले बताएका छन् । कलाकर र जनसाधारणको अनुभूति माझ तात्विक अन्तर हुँदैनन् । तथापि यी दुवैको अनुभूतिको अभिव्यक्तिमा भने अन्तर रहने गर्दछ । सम्प्रेषणको अभावमा कला वा साहित्य खल्लो भए झै व्यक्ति पनि निरस बन्न पुग्दछ । कुनै पनि कृति सम्प्रेषण भएन भने उत्कृष्ट बन्न सक्दैनन् । यो कुनै एक चिब्रा नभएका व्यक्तिले स्वादिष्ट आदार ग्रहण गरेको जस्तै हुँदछ । रिचड्र्सको मत अनुसार **सम्प्रेषण** - को अर्थ **न त अनुभूतिको यथावत् (हूबहू) अन्तरण हो, न दुई व्यक्तिहरू बीचको अनुभूतिहरूका तादात्म्य । वास्तवमा केही अवस्थाहरूमा विभिन्न मनहरूको अनुभूतिहरू बीचको अत्यन्त समानता नै सम्प्रेषण हो ।** " यसर्थ रिचडर्सले सम्प्रेषणताको निम्ति निम्न तथ्यहरूलाई आवश्यक रहेको ठानेका ठन् –

1) कुनै वस्तुको पूर्ण अवबोधका निम्ति कवि या कलाकारहरूमा जागरूकताको शक्ति हुनु जरूरी छ ।

2) कलाकारहरूका कला - कृति (कविता) या अनुक्रियाहरू एकरस (समरूपी) हुनु पर्दछ ।

3) यो पर्याप्त रूपले विभिन्न प्रकारको हुनु आवश्यक छ ।

4) कलाकारहरू आफ्नो उत्तेजक कारणहरूद्वारा उत्पन्न गर्नुमा योग्य हुनु पर्दछ ।

5) कलाकारमा साधारणताको गुण हुनु पर्दछ ।

यसरी रिचडर्सले कवि या कलाकारहरूमा साधारणताको गुणलाई आवश्यक मान्दै यदि त्यो साधारण भएन भने उसको मूल्यवान कृतिहरूले पनि सम्प्रेषित गर्न सक्दैनन् भनेका छन् । सम्प्रेषणमा भाषाको विशेष महत्व रहने गर्दछ । यसर्थ रिचड्र्सले " कविताको सम्प्रेषणका माध्यम भाषा हो भनेका छन् । " उनले सम्प्रेषणीय भाषाको पनि दुई भेद हुने बताएका

छन् । ती हुन् - तथ्यात्मक र रागात्मक । रिचड्र्सको विचारमा कविले वैज्ञानिकहरूका समान तथ्यहरूको अन्वेषण गर्दैनन् । बल्कि रागात्मक अवस्थाहरूको सर्जन मात्र गर्दछन् । यसैले भाषा यस्तै केही प्रतीकहरूको समूह हो, जो श्रोता र पाठकको मनमा, कविको मनका अनुरूप मनः स्थितिहरूलाई उत्पन्न गरिदिन्छ । यस प्रसङ्गमा उनले शब्द आफै आफैमा पूर्ण नहुने , न त स्वतन्त्र नै हुने बताएका छन् । यसका साथै भाषामा नाद, शब्द - पहचान, भाव - विचार, प्रसंग आदि पनि जोडिएको हुनाले भाषाको प्रभाव - स्तर यी घटकहरू मै निर्धारित हुने रिचड्र्सले बताएका छन् ।

## 11.4 सम्प्रेषण सिद्धान्त

पश्चिमी आलोचकहरूमा आई. ए. रिचर्डसको सबैभन्दा महत्त्वपूर्ण स्थान रहेको देखिन्छ । उनलाई मनोवैज्ञानिक आलोचना पद्धतिका प्रवर्तक मानिने गरिन्छ । उनीद्वारा प्रतिपादित दुईवटा सिद्धान्तहरू मध्ये एउटा हो - सम्प्रेषण सिद्धान्त । रिचड्र्सको यस **सम्प्रेषण** शब्द दुई शब्दको योगले बनिएका छन् । ती हुन् - सम् + प्रेषण = सम्प्रेषण । **सम्**को अर्थ समान, बरावार, भले - भाति र **प्रेषण**को अर्थ कुनै सन्देश या वस्तुलाई एक स्थानदेखि अर्को स्थानमा पुराउनु वा पठाउने क्रिया हो । यस प्रकार **सम्प्रेषण** शब्दको अर्थ कुनै सन्देश अथवा वस्तुलाई एक स्थानदेखि अर्को दोस्रो स्थानसम्म भले - भाति रूपमा पुराउनुलाई बुझिन्छ । कारण सम्प्रेषण जब कुनै वस्तु उचित स्थितिमा उचित स्थानसम्म पुग्दछन् , तब सठीकसित सम्प्रेषण हुदछ ।

मूल रूपमा रिचर्डस पश्चिमी जगतका आधुनिक कालको समीक्षक थिए । उनको सबैभन्दा महान विशेषता यही थियो कि उनले काव्यशास्त्र

Notes

या सामाजिक उद्देश्य आदिका स्थानमा मनोविज्ञानलाई आफ्नो आलोचनाको आधार बनाएका थियो । यसर्थ उनलाई मनोवैज्ञानिक आलोचक पनि भनिने गरिन्छ । रिचर्डसद्वारा गरिएको आलोचनालाई विश्व समोलना - शास्त्रमा सर्वथा एक नयाँ वस्तु मानिने गरिन्छ । कारण पाश्चात्य साहित्य संसारमा उनीभन्दा पूर्व काव्यशास्त्र, अभिव्यञ्जना, सौन्दर्य - सिद्धान्त, सामाजिक, राजनैतिक, ऐतिहासिक आदि तत्वहरूलाई आधार बनाएर आलोचना गरिने परम्परा विधमान थियो । तर रिचर्डसले यी सबैलाई त्याज्य ठानेर नयाँ प्रकारले पाठकको मनोविज्ञानलाई आधार गरी आलोचना गर्ने परम्परा बसाए । उनले मनोवैज्ञानिक आलोचनामा पाठक र रचनाकार दुवैको मनोविज्ञानलाई आधार बनाएका छन् । कारण उनको विचारमा सम्प्रेषणको लागि रचनाकार र पाठक दुवैको मनको आवश्यकता पर्दछ भन्ने मत रिचड्र्सको रहेको छ । सम्प्रेषणमा वस्तु सदैव दुई वस्तुहरूको सम्बन्ध रहने गर्दछ । यो एकल रूपमा कहिले पनि सम्प्रेषित हुन सक्दैन । यसर्थ सम्प्रेषण क्रियाको सापेक्षताको निम्ति पाठक र लेखक, कृति र स्रष्ट्रा, वक्ता र श्रोता माझ गाढा सम्बन्ध हुनु आवश्यक छ भनी रिचड्र्सले सम्प्रेषण सिद्धान्तमा भन्न चाहेका छन् ।

कला र साहित्यमा वस्तु सम्प्रेषित हुने गर्दछ तर त्यो वस्तु ठोस हुँदैनन् । यी दुई कला र साहित्यमा विशेष आवेगहरूको सम्प्रेषण हुने गर्दछ । आवेग एक सूक्ष्म वस्तु हो र सूक्ष्म वस्तु केवल अनुभव मात्र हुने गर्दछ । यसर्थ रिचर्डसले **सम्प्रेषण**को अर्थ स्पष्ट गर्दै यसो भनेका छन् – "एक वस्तुलाई एक स्थानदेखि अन्य स्थानमा पुराउनु मात्र सम्प्रेषणको अर्थ होइन । यसमा त विशेष अनुभवहरूको सम्प्रेषण क्रिया रहने गर्दछ । कुनै ठोस वस्तु या पदार्थको होइन ।" रिचर्डसले अनुभूति या आवेगलाई मनसित सम्बन्धित हुने कुरा बताएका छन् । मन एक यस्तो वस्तु हो,

जो मनुष्यमा एक समान रहेका हुँदैनन् । यो केवल मनका कल्पनालाई निराधार सिद्ध गर्ने मनगडन्ते कुरा मात्र हुन् । जसरी मानिसको आचारण – व्यवहार एक समान हुँदैन, त्यसरी नै मानिसहरूका मन पनि एक समान हुँदैनन् भनेर रिचड्र्सले भनेका छन् । प्रत्येक मनुष्यमा अलग - अलग मन रहेको हुनाले सम्प्रेषण क्रिया पनि एख समान नभएर अलग - अलग रूपमा हुने गर्दछ । मूलत: रचनाकारको एक मन आफ्नो प्रकारको हुने गर्छन् भने पाठकको मन रचनाकारको समान नभएर निजि र स्वतन्त्र मन हुने गर्दछ । यसर्थ दुवैमा तादात्म्य भएन भने दुई मनको बीच समानता पनि हुन सक्दैनन् । रिचड्र्सले समानताको अर्थ एक जस्तै हुनु नभएर अपितु मात्रात्मक अनुकूलतालाई मानेका छन् ।

रिचर्डसले सम्प्रेषणको परिभाषा दिँदै यस्तो मनतव्य पोखेका छन् – “ सम्प्रेषणको अर्थ न त आवेगका यथावत अन्तरण (Strict transference) हो, न त व्यक्तिहरू बीचको अनुभूतिका तादात्म्य (Identical Experience) । केही अवस्थाहरूमा विभिन्न मनहरूका अनुभूतिहरूको अत्यन्त समानता नै सम्प्रेषण हो ।” यसर्थ सम्प्रेषण तब हुने गर्दछ, जब वातावरणमा कुनै मनको यस्तो क्रिया जो दोस्रो मनबाट प्रभावित भएर प्रफुल्लित हुने गर्दछ अनि त्यो दोस्रो मनको अनुभूति पहिलो मनका अनुभूतिका समान हुने गर्दछ । यहाँसम्म की रिचड्र्सले अनुभूतिबाट अंशतः प्रेरित भएर ती दुवै मन अनुभूतिहरू माझ नै धेरै र कम रूपमा समान हुन पनि सक्छन् भनेका छन् । यसर्थ उनको सम्प्रेषण सिद्धान्तमा मुल तीनवटा तथ्य विचारणीय रहेको देखिन्छ । ती हुन् - आवेग कहिले पनि यथावत अन्तरण नहुने , आवेगको समानता अनि पहिलो मनको अनुभूतिबाट प्रभावित भएर दोस्रो मनमा उत्पन्न हुने अनुभूति पहिलो मनका अनुभूति समान हुने प्रक्रिया ।

Notes

रिचर्ड्सले सम्प्रेषण सिद्धान्तमा विशेष रचनाकार र पाठकको लागि अपेक्षित गुणहरूको निर्धारणा गरेका छन् । अर्थात् पाठक र रचनाकार दुवै कस्तो र कुन रूपमा रहनु पर्दछ भन्ने उनले यस सिद्धान्तमा उजागार गर्न चाहेका छन् । उनले विशेष रचनाकारहरूमा अपूर्व अभिव्यञ्जना कौशल हुनु जरूरी रहेको पनि बताएका छन् । कारण अनुभवको परिपक्वतामा नै अनुभूतिको अभिव्यक्ति पनि निर्भर रहने गर्दछ । यसैले उनले अनुभूतिको श्रेष्ठतालाई नै अभिव्यक्तिको श्रेष्ठता पनि मान्दै यसैमा निर्धारित हुने पनि बताएका छन् । यसका साथै पाठकहरूमा पनि सहृदय हुनु जरूरी रहेको रिचर्ड्सले बताएका छन् । सह्रदयरूपी पाठक भएर भने कृति सम्प्रेषित नहुने उनले बताएका छन् । अर्थात् कुनै विषयलाई सुरूचिपूर्वक सुन्न , बुझ्न, पढ्न र ग्रहण गर्ने सामर्थ्य प्रत्येक पाठकमा हुनु पर्दछ । नत्र त्यो सम्प्रेषण नभएर अवमूल्यन बन्न पुग्दछ । यसर्थ सह्रदय पाठक बन्नका निम्ति मनलाई अनुकूल राख्नु पर्दछ भन्ने धारमा रिचर्ड्सले सम्प्रेषण सिद्धान्तमा व्यक्त गर्न चाहेका छन् ।

आई. ए. रिचर्ड्सले सम्प्रेषण सिद्धान्तमा काव्य – भाषालाई मूलरूपमा आधार पनि गरेका छन् । उनले काव्यको संप्रेषणको मुख्य माध्यम भाषा नै हो भनेका छन् । यस प्रयोगका दृष्टिले भाषाको दुई वर्ग उनले बताएका छन् -

- ❖ तथ्यात्मक प्रयोग - यसको प्रयोग वैज्ञानिक र दार्शनिकहरूले गर्ने गर्दछन् ।
- ❖ रागात्मक प्रयोग - यसको प्रयोग रचनाकारहरूले गर्ने गर्दछन् ।

रागात्मक वर्गको भाषामा प्रतीक, बिम्ब, भाव – सङ्केत आदिको विशेष महत्त्व रहने गर्दछ । यही भाषाले कवि र रचनाकारको अनुभूतिलाई संप्रेषित गर्ने गर्दछ । यसका अतिरिक्त

शब्द र अर्थको सम्बन्ध गहराईलाई विचार गर्दै रिचड्‌र्सले चार प्रकारको अर्थहरूको उल्लेख यस सिद्धान्तमा गरेका पाउँछौं । ती हुन् - वाच्यार्थ या अभिधार्थ, भाव, वक्ताहरूको वाणीगत चेष्टा र अभिप्राय । रिचड्‌र्सको मतअनुसार समृद्ध र समर्थ भाषामा उपर्युक्त चारवटा अर्थहरू अवश्य रहेको हुन्छ । यसर्थ समर्थ रचनाकारहरूका भाषामा उपर्युक्त सबै विशेषताहरू हुनु जरूरी छ । उनले सम्प्रेषण (कम्युनिकेशन) - को कार्य अत्यन्त कठिन हुने बताएका छन् । यो सम्प्रेषण ठोस वास्तुको समान हुने गर्दछ । कलागत (कवितागत) सम्प्रेषण पनि तब सम्भव हुने गर्दछ, जहाँ एक मस्तिष्क अर्थात कलाकारको मस्तिष्कले आफ्नो परिवेशमा प्रभाव पार्ने गर्दछ साथै त्यसको संयोजन गर्दछ । अर्थात यसबाट कलाकार, कवि आदिको मस्तिष्क स्थितिअनुरूप प्रकार्य भएर जादछ ।

मूलरूपमा कुनै वस्तु अथवा स्थितिको पूर्ण अवबोधका लागि कलाकारहरूमा (कविहरूमा पनि) जागरूक निरीक्षण शक्ति हुनु आवश्यक रहेको रिचड्‌र्सले बताएका छन् । कलाकारहरूमा साधारणताको गुण पनि हुनप जरूरी छ । कारण यसको अनुभव अन्य व्यक्तिहरूको आरोपहरूसित प्रस्तुत भएर सम्प्रेषणीय हुन सक्दछ । यसर्थ रिचड्‌र्सले कलाकृति र कविताको प्रतिक्रियाहरूमा पनि एकरस हुने पर्ने बताएका छन् । उनले कलाकारहरूको साधारणतमा विशेष बल दिएका छन् । कारण कलाकार तथा कविहरू साधारण भएन भने उनीहरूका महत्वपूर्ण र मूल्यांकन वस्तुका पनि सम्प्रेषण हुनु कठिन पर्दछ । कारण कविताको परीक्षाका निम्ति समिक्षकलाई यस विषयक पूर्ण बोध हुनु पर्दछ । नत्र त्यो कृति त्याज्य बन्दछ । यसर्थ सम्प्रेषणको सफलताका निम्ति परीक्षा तब उचित रूपमा ग्राह्य हुनसक्छ, जब त्यो रचनालाई सम्यक रीतिले अध्ययन, पठन

र विवेचना गरिने गरिन्छ । हुन त इटलीका आत्मवादी दार्शनिक बेनिडोटे क्रोचेले काव्य वा कलामा सम्प्रेषणलाई अनिवार्य घटक नमानेर एक व्यवहारिक तथ्य मानेका छन् । तर रिचड्र्सले भने काव्य वा कलाको निम्ति सम्प्रेषणलाई एक धर्म मान्दै सौन्दर्य अनुभूतिको सफलता सम्प्रेषणमा आधारित गरेका छन् ।

## 11.5 मूल्य सिद्धान्त

काव्यको प्रभाव र प्रयोजनको सम्बन्धमा रिचडर्सले मूल्य सिद्धान्त अनुरूप तीनवटा मान्यताहरू निरूपण गरेका छन् । ती हुन् –

1) कला अन्य मानव - व्यापारहरूसित सम्बन्ध हुन्छ , यसबाट पृथक् अथवा भिन्न रहन सक्दैन ।

2) मानका विभिन्न क्रिया – कलापमा कला सर्वाधिक मूल्यवान हुने गर्दछ।

3) कुनै पनि मानव - क्रियाका मूल्य कहाँसम्म मनोवेगहरूमा सन्तुलन र सुव्यवस्था उत्पन्न गर्नुमा सक्षम रहन्छ भन्ने कुरामा निर्धारित रहने गर्दछ ।

मूल रूपमा आई. ए. रिचड्र्सको मूल्य सिद्धान्त पाश्चात्य आलोचना परम्परामा प्रतिपादन हुनु भन्दा पूर्व पीटर, आस्कर वाइल्ड तथा प्रो. ब्रेडले जस्ता आलोटकहरूले कलालाई केवल कलाकै लागि मानेका थिए । उनीहरूले सौंदर्यजन्य आनन्द नै काव्य - कलाका चरम मूल्य र प्रयोजन हो भनि स्वीकार पनि गरेका थिए । त्यस समय पाश्चात्य जगतमा सौन्दर्यप्रति सबैको दृष्टि अडिएको कारण यी विचारकहरूले काव्यमा नैतिक मूल्यहरूलाई गौण माने । यसका साथै उनीहरूले ‘कविता कविताका लागि ’तथा ‘कला कलाकै

निम्ति ' भन्ने सिद्धान्तलाई प्रचार – प्रसार गरेर लगेको पाइन्छ । तर उक्त सिद्धान्तहरूलाई खण्डन गर्दै रिचड्र्सले कला र काव्यलाई जीवनमूलक मूल्यहरूसित घनिष्ठ सम्बन्ध स्वीकार गर्न पुगे । फलत: उनले कलालाई नयाँ दृष्चिले हेर्दै कलाद्वारा मानव सुखको अभिवृद्धि निरत हुनु पर्दछ, पीड़ितहरूलाई उद्धार गर्नु पर्दछ, पारस्परिक सहानुभूतिको विस्तारमा संलग्न हुनु पर्दछ भन्ने नौलो विचार प्रस्तुत गरेर लगे ।

रिचड्र्सले काव्य रचनालाई एक मानवीय क्रिया मानेका छन् । उनले यसमा मूल्यको मान हुनु हुँदैन भनि भनेका छन् । जुन वस्तुबाट हाम्रो धेरै भन्दा धेरै इच्छाहरू तुष्टि हुन सक्दछ, त्यो सर्वाधिक मूल्यवान हुन्छ भनेर उनले बताएका पनि छन् । आज प्राचीन परम्पराहरू दिन दिनै विधटन भएर गइरहेको हुनाले मूल्य पनि विघटित हुँदै जाँदैछन् । यस्तो सभ्य समाजमा कला र कविताको सहारामा मानिसहरूले मानसिक व्यवस्थालाई संतुलन बनाइ राख्नु पर्दछ । किनकि जुन कविता या कला – कृतिले स्नायुमण्डलमा व्यवस्था उत्पन्न गर्ने गर्दछ, त्यसैले प्रेरणा या आनंद पनि प्रदान गर्ने गर्दछ, जो पछि कल्याणकारी भएर जाने गर्दछन् । अतः कलाको सदैव मूल्यसित अटूट सम्बन्ध रहेको हुने हुनाले मूल्य हाम्रो निम्ति उत्तम एवम् प्रेरक अनुभव हुन् । हामी मानवको मन भित्र आवेग या वृत्तिहरूको उतार – चढ़ाव जीवनको परिस्थिति तथा संघर्षहरूका कारण हुने गर्दछ भनि रिचड्र्सले बताएका छन् । यसर्थ यसलाई काव्य र कलाहरूले यी आवेगहरूमा संगति र संतुलन स्थापित गरि राख्दछ । यसैले मूल्य – सिद्धान्तमा सौंदर्यलाई पनि मूल्यवान मानिने गरिन्छ ।

रिचड्र्सले मूल्यांकन सम्बन्धी धारणाहरूको सम्बन्ध मानसिक उद्वेगहरूसित हुने बताएका छन् । यसको उनले दुई रूप देखाएका छन् – प्रवृत्तिमूलक र निवृत्तिमूलक । प्रवृत्तिमूलक अन्तर्ग भोख, तृष्णा, वासना आदिलाई राखेका छन् भने निवृत्तिमूलक अन्तर्गत घृणा, निर्वेद, वितृष्णा आदिलाई राखेका छन् । यसर्थ कविता र कलाका आवेगहरू बीच संतुलन स्थापित गर्ने कार्य मूल्यले गर्दछ भन्ने रिचड्र्सको धारणा छ । भारतीय दृष्टिकोणमा यस अनुभवलाई साधारणीकरण भनिने गरिन्छ । उनले संतुलन र समन्वय कलालाई गुण मानेका छन् । साहित्यको मूल्य पनि यसैमा समाहित हुने हुनाले हाम्रो उद्वेगहरूमा संगति र संतुलन स्थापित हुनु जरूरी रहेको रिचड्र्सले मानेका छन् । कारण कुनै पनि मानव - क्रियाको मूल्य कुन सीमासम्म मानव मनोवेगहरूसित संतुलन र व्यवस्था उत्पन्न गर्नुमा सक्षम हुने तथ्यमा निर्धारित हुने उनको धारणा रहेको पाइन्छ । यस दृष्टिले कविता र कला - सर्जना सर्वाधिक मूल्यवान क्रियाहरू हुन पुग्दछ । यसर्थ कतिपय विद्वानहरूले रिचड्र्सको मूल्य – सिद्धान्तलाई सिन्थेसिस या सामञ्जस्य तथा सन्तुलनका सिद्धान्त पनि भनेका छन् ।

रिचड्र्सले आफ्नो रचना **प्रिन्सिपल ऑफ लिटरेरी क्रिटिसिज़्म –** को पृष्ठ 4७ – 48 मा **मूल्य - सिद्धान्त**को धारणाहरूलाई विशेष रूपमा स्पष्ट गरेका पाउँछौं । यस कृतिमा उनले **मूल्यलाई तीन रूपमा परिभाषित गरेका छन् –**

- कुनै पनि वस्तु जसले इच्छालाई संतुष्ट गर्दछ , त्यो मूल्यवान हुने गर्दछ ।

- विभिन्न जटिल रूपहरूमा भावना र इच्छाहरूको संतुष्टि प्रदान क्षमता नै मूल्य हो ।
- यस्तो कुनै पनि वस्तु मूल्यवान हुन्छ , जो सामान्य या अधिक महत्वपूर्ण इच्छाहरूको बिना कुंठित इच्छाहरूलाई संतुष्ट दिने गर्दछ ।

उक्त परिभाषाद्वारा हामी दुईवटा निष्कर्ष निकाल्न सक्छौं । पिहलो इच्छाहरूको संतुष्टि अनि दोस्रो जुन इच्छाहरूको संतुष्टि हुने गर्दछ , त्यसको समान या त्यस भन्दा अधिक प्रबल इच्छा कुंठित नहोस् । मूलरूपमा रिचड्र्सले आलोचनालाई मनोविज्ञानको एक शाखा मात्र मान्ने हुनाले उनको मूल्य – सिद्धान्तको सम्पूर्ण परिकल्पना मनोविज्ञानमा आधारित रहेको पाइन्छ । उनले यस सिद्धान्त निरूपणको निम्ति मनोविज्ञानको उपयोग गर्दै मनोविज्ञानको पनि दुई भिन्न शाखाको चर्च गरेका छन् । ती हुन् – **व्यवहारवादी मनोविज्ञान (Behaviouristic)** र **मनोविश्लेषण (Psycho - Analysis)** ।

रिचड्र्सले मूल्य - सिद्धान्तमा काव्यानुभूतिको व्याख्या गर्दै मानव मनको क्रिया (Action) एवम् प्रक्रिया (Process) - को व्याख्या पनि गरेका छन् । उनको मतअनुसार " मन आवेगहरू (Impulses) - को एउटा तन्त्र (System) हो ।" आवेगको परिभाषा दिँदै उनले यसे भनेका छन् - " आवेग त्यस प्रक्रियालाई भनिन्छ, जसमा कुनै मानसिक घटना घटित हुने गर्दछ ; प्रक्रियाको आरम्भ हुने गर्दछ, कुनै उद्दीपनद्वारा कुनै कार्यको अवसान हुने गर्दछ ।" यस कुरालाई भारतेली विद्वान् देवेन्द्रनाथ शर्माले अझ स्पष्ट पार्दै यस्तो मनतव्य पोखेका छन् - "आवेगको उत्पत्तिका लागि सर्वप्रथम उद्दीपन हुनु आवश्यक छ ; उद्दीपनबाट मानसिक प्रक्रिया

हुने गर्दछ र मानसिक प्रक्रिया मात्र नभएर कार्यरूपमा पनि परिणत हुने गर्दछ ।”

रिचड्र्सको मूल्य सिध्दान्तलाई राम्ररी बुझ्नका निम्ति उनीद्वारा परिकल्पित मानसिक प्रक्रियाको ज्ञान पाठकमा हुनु आवश्यक छ । उनको मतअनुसार "आवेग मनको एक प्रकारको प्रतिक्रिया हो, जो कुनै उद्दीपनद्वारा उत्पन्न भएर कुनै कार्यमा परिणत हुने गर्दछ ।” यसैले रिचडर्सको काव्य सिध्दान्त मनोविज्ञानसित सम्बन्धित रहेको देखिन्छ । उनको विचारअनुसार कविताका मूल्य पाठकको मनलाई प्रभावित गर्ने क्षमतामा निर्भर रहन्छ । उद्दीपन एउटा मानसिक प्रक्रिया पनि हो । किनकि उद्दीपनले आवेगहरूको उत्पत्तिलाई कहिले पनि अवरुद्ध  गर्ने गर्दैन । ज्ञानेन्द्रियहरूका सहायताले जब कुनै पदार्थ प्रत्यक्ष हुने गर्दछ, तब त्यो उद्दीपन बनेर हाम्रो मनका आवेगहरूलाई सृष्टि गर्ने गर्दछ । अतः यसद्वारा चेतन अवस्थामा हाम्रो मनका आवेगहरूको उत्पत्तिका क्रम लगातार चलि रहन्छ । यसकारण  रिचड्र्सले **मूल्य – सिद्धान्त**मा सबैभन्दा मुख्य रूप **इच्छाहरूको सन्तुष्टि**लाई मानेका छन् ।

## 11.6 सम्प्रेषण सिद्धान्त र मूल्य सिद्धान्तको प्राप्ति र सीमा

आई. ए. रिचड्र्स आलोचनाको क्षेत्रमा मूल्य र सम्प्रेषण सिद्धान्तको निम्ति प्रबल पक्षपाती भएको देखिन्छ । किनकि उनले कला र कविताको श्रेष्ठताका आधार अन्य कुरोलाई नमानेर मूल्य र त्यसको सम्प्रेषणलाई मात्र मानेका छन् उनको कथन अनुसार सम्प्रेषणको दृष्टिले कला (कविता आदि) उसका सर्वोत्कृष्ट रुप हुने गर्दछ । तर क्रोचेले बने सम्प्रेषणलाई कलाको अनिवार्य तत्त्व मानेका छैनन् । उनले यसलाई एक व्यावहारिक

तथ्य मान्दै कुनै अनुभवलाई सुरक्षित राख्नु वा गर्नु अथवा त्यसको प्रचार - प्रसार गर्ने इच्छाबाट नै कलाकारहरूले आफ्नो अनुभवलाई प्रेषण गर्ने गर्दछ भनेका छन् ।

मनुष्य एक सामाजिक जीव तथा प्राणी भएको हुनाले उनीहरू सदैव आफ्नो अनुभवहरूलाई अन्यको प्रति सम्प्रेषित गर्न र अन्यको अनुभवहरूलाई जान्नका लागि सदैव उत्सुक रहन्छन् । आफ्नो विकास क्रममा मनुष्यले यस सम्प्रेषण प्रक्रियाद्वारा कतिपय साधन उपलब्ध गरेको पनि छन् , जसमा कलालाई सर्वाधिक महत्व मानिने गरिन्छ भनी रेचड्र्लले भनेको पाइन्छ । रिचड्र्सले कलाकार, कविहरूलाई सम्प्रेषण भन्न चाहेका छन् । कारण उनले कुनै पनि कलाकारको कलाका सम्प्रेषण पक्ष सर्वाधिक महत्वपूर्ण हुने गर्दछ भनेका छन् । हुन त हामीलाई थाहा छ कि पाश्चात्य समीक्षकहरूमा अन्य आलोचक भन्दा रिचड्र्सको आफ्नो मूल्य र महत्वपूर्ण स्थान रहेको छ । उनीद्वारा प्रतिपादित मूल्य र सम्प्रेषण सिद्धान्त आजसम्म पाशचात्य साहित्य जगतमा अन्य कुनै आलोचकद्वारा उचिर रूपमा विरोध र खण्डन हुन सकेको छैन । तथापि उनका सिद्धान्तहरूलाई लिएर विभिन्न आक्षेपहरू पनि भएका पाउँछौं । भारेतील विद्वान् रामचन्द्र शुक्लले रिचड्र्सको मूल्य र सम्प्रेषण सिद्धान्तलाई विरोध नगरेर सहमति जताएका छन् । उनले भारतीय काव्यशास्त्रमा यी सिद्धान्तहरूको मूल्य र महत्व पनि सर्वोपरी रहेको बताएका छन् ।

शुक्ल जीले रिचड्र्सको विचारहरूसित कुन प्रकारले सहमत जताएका छन् भन्नने कुरालाई विश्लेषण गर्दै मूल्य र सम्प्रेषण सिद्धान्त कला तथा साहित्यको निम्ति तर्कयुक्त र न्यायसंगत रहेको मानेका छन् । उनले साहित्य र मनोविज्ञानलाई परस्पर टाढाको बस्तु नठानेर एका – अर्काको

सामिप्य बताएका छन् । शुक्ल जी र रिचर्ड्स समेत केही विद्वानहरूले साहित्यलाई मनोविज्ञानको रंगमा रंगाएर साहित्यको पहलुप्रति विचार – विमर्श गरेका छन् । यसबारे उनीहरूले कला तथा साहित्यलाई नयाँ अर्थ र शिल्पको साँचोमा ढालेका पाउँछौं । मनोविज्ञानको आलोकमा रिचर्ड्स महोदयले साहित्यका जुन पहलुहरू माथि विचार व्यक्त गरेका छन् , त्यो उनको समीक्षा सिद्धान्तमा अनिवार्य रहेको देखिन्छ । कारण उनले जहाँ एक भिन्दै प्रकारको कुरा गर्छन् , त्यहाँ उनी अझ भिन्दै प्रकारले त्यस कुरालाई कवितामा लागु गर्ने क्षमता राख्छन् । यसर्थ रामचन्द्र शुक्लले रिचर्ड्सको सिद्धान्तहरू माथि समीक्षा गर्नु सम्भवतः मेरो बसको कुरो होइन भनि स्वीकारेका पनि छन् । तर साहित्यका विद्यार्थी रहेको प्रवृत्तिका नाताले हिम्मत जुटाउँदै यस्तो भन्न चाहान्छु कि रिचर्ड्स महोदयले मूल्यहरूको उन्मूलनका ज़िक्र नै गरेका थिएनन् । आश्चर्यको कुरो यो छ कि जुन समीक्षक (रिचर्ड्स) – लाई कवितामा मूल्य सिद्धान्तको स्थापनाको निम्ति चिनिने गरिन्छ, उनले नै कवितामा मूल्यहरूको विघटन बारे चर्चा गरेका पनि छन् । यस प्रसङ्गमा रिचर्ड्सले काव्य रचनालाई एक मानवीय क्रिया मानेका कुरोलाई लिन सकिन्छ । उनले यसमा मूल्यको मान हुनु हुँदैन भन्दा जुन वस्तुबाट हाम्रो धेरै भन्दा धेरै इच्छाहरू तुष्टि हुन सक्दछ, त्यो सर्वाधिक मूल्यवान हुन्छ भनेर उनले बताएका पनि छन् । आज प्राचीन परम्पराहरू दिन दिनै विधटन भएर गइरहेको हुनाले मूल्य पनि विघटित हुँदै जाँदैछन् । यस्तो सभ्य समाजमा कला र कविताको सहारामा मानिसहरूले मानसिक व्यवस्थालाई संतुलन बनाइ राख्नु पर्दछ भन्ने उनको धारणा पाइन्छ ।

रिचर्ड्सले कलाबारे यस्तो धारणा व्यक्त गरेका छन् – “ Art are the Supreme form of the Communicative Activity. ” उनले मूल्यको परिभाषित दिँदै मूल्यलाई मनमा प्रभावित गर्ने क्षमताप्रति निर्भर रहने बस्तु ठानेका छन् । यानी कि रिचर्ड्स महोदयले मनोविज्ञानको सन्दर्भमा मूल्यको एक अलग रूपमा व्याख्या गरेका छन् । यसैले काव्यमा मूल्य सिद्धान्तलाई प्रतिपादन गर्ने अवधिमा रिचर्ड्सले मूल्य प्रभावित हुनै क्षमतामा नै निर्भर गर्दछ भनि बताएका छन् । रिचर्ड्सको मूल्य सिद्धान्त माथि शकुन्तला माथुरले लेखेको निम्न कवितालाई उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ –

**बढ़ रही छ परिधि मेरो स्तनहरूमा /**

**हसरत जवान छ ,/**

**आज भनि देउ यी औंलाहरूले /**

**देखाइ दियो मुनासिब ब्यावगारले /**

**(शकुन्तला माथुर )**

उपर्युक्त पंक्तिहरूमा केवल अश्लील टिप्पणीहरू मात्र व्यक्त भएको पाइन्छ । साँचो त यो हो कि यस प्रकारको कविताहरू सभ्य समाजमा पढन योग्यका पनि हुँदैनन् । यी पंक्तिहरूमा कवयत्री माथुले के भन्न चाहेका हुन् भनेर अर्थ खोतलिरहनु पनि आवश्यक देखिन्न । यस्तो अवस्थामा कविताको मूल्यहरू अझ विधटन भएर आलोचना होइन बल्कि अवहेलना बन्न पुग्दछ । यसर्थ रिचर्ड्सले स्वयम् मूल्य विघटन युगमा कविताले नै व्यक्तिको अस्तित्वलाई रक्षा गर्नु सक्दछ भनेको कुरो चरितार्थ हुन्छ । तर जब कविताहरूको नै मूल्य घटेर जाने गर्दछ , तब यस्तो अवस्थामा कविताहरूले कसरी व्यक्तिका अस्तित्वको रक्षा गर्नु सक्दछ ? भनेर हामी

Notes

भन्न सक्छौँ । यस प्रसङ्गमा भारतेली कवि भारत भूषणको **आत्म – विज्ञापन**लाई लिन सकिन्छ । उनले यस कवितामा यसो भनेका छन् –

**साधारण नगरको**

**एक साधारण घरमा**

**मेरा जन्म भयो**

**बाल्यपन बित्यो अति साधारण**

**साधारण रहन - सहन**

**साधारण खान – पान ।(भारत भूषण)**

प्रस्तुत भूषण जीको कविता कवयत्री माथूरको कविता भन्दा साधारण प्रवृत्तिको देखिन्छ । तब के यस्तो साधारण भाव र सस्तो भावुकतामा पनि कविताको मूल्य रहन्छ त भन्ने हामीमा पुन: प्रश्न उठ्न सक्छन् । यस्तो स्तिथिमा रिचड्र्स महोदयले काव्यमा झरेको मूल्यहरूका स्तरप्रति पनि मूल्य – सिद्धान्तमा चर्चा गरेका पाउँछौं । उनले कविताहरूमा कुछ मूल्य नै रहेन भने त्यो कविता भला कसरी कविता हुन सक्छ ? भनेका छन् । यसर्थ मूल्य - सिद्धान्तको प्रतिपादन कुनै विदेशी समीक्षकद्वारा काव्यको सम्बन्धमा गरिएको पाइए तापनि काव्यको सन्दर्भमा यस मूल्यको उन्मुलन गर्नु सठीक होइन भनि रामचन्द्र शुक्लले भनेका छन् । उनले रिचड्र्समाथि आक्षेप लगाउदै रिचड्र्सले मूल्यहरूको उन्मूलनबारे चर्चा नगरेर केवल काव्यको सम्बन्धमा मूल्यहरूको स्थापना मात्र गरेका छन् भनेको पाइन्छ ।

रामचन्द्र शुक्लले रिचड्र्सको सम्प्रेषण – सिद्धान्त कुनै नयाँ सिद्धान्त नभएर एउटा प्राटीन सिद्धान्त रहेको बताएका छन् । कारण धेरै वर्ष पहिला नै भारतीय साहित्य तथा संस्कृतका आचार्यहरूले साधारणीकरण

सिद्धान्तमा यस कुराको सङ्केत दिइकसेको उनले मानेका छन् । यदि कुनै रचनामा यही क्षमता रहेको हुन्छ कि त्यसले पाठक अथवा श्रोतामा जसरी भए पनि प्रभाव पारी नै छाड्दछ । पाठक या श्रोता त्यसबाट एकीकृत हुने गर्दछ । यस्तो स्तिथिमा त्यो रचना उत्तम कृतिको कोटिमा गणना हुन पुग्दछ । यदि हामीले रिचड्र्सके सिद्धान्तलाई व्यक्तिगत मानि लियो भने कुनै पनि श्रोता र पाठक साधारणीकरणके प्रक्रिया बिना कुनै पनि कृतिसित प्रभावित हुन सक्दैनन् । यसरी रिचड्र्सको सम्प्रेषण सिदधान्तलाई लिएऱ पनि आलोचकहरूमा वाद – विवाद सृष्टि भएको पाइन्छ । यसको निम्ति एक अन्य उदहारणलाई पनि द्दष्टव्यमा लिन सकिन्छ -

**आह मेरो श्वास छ उतपत**

**धमनीहरूमा जागेर आयो खुनको धार**

**प्यार हो अभिशप्त**

**तिमी कहाँ छौ नारी .. ?**

**( अज्ञेय )**

यस्तो तथ्यमा हामी पाठकले विचार गरयौ भने अज्ञेयले उक्त कवितामा जुन वासना अभिभूत पुरुषको द्दश्यलाई चित्रण गरेका छन् , त्यो कति तथ्यात्मक र रागात्मक छ ? यसर्थ आफ्नो काव्य सम्बन्धी मूल्य र सम्प्रेषण सिद्धान्तमा रिचड्र्सले स्वयं भनेका छन् कि साहित्यको सम्बन्ध रागात्मकतासित रहेको हुन्छ । अब हामी आफै अनुमान लगाउन सक्छौ कि उपर्युक्त कविताको पंक्तिहरूमा पुरुष बोली रेहको छ जानवर ? महिलाहरूलाई कुन पिरस्थितिमा आफ्नो वासना पूर्तिको निम्ति उक्त पुरुषले खोजी रहेका छन् भन्ने अर्थ यहाँ चरितार्थ हुँदछ । यस बाहेक उक्त पुरूण कुनै गाँवको कुनै सांड जस्तै रहेको पनि बुझिन्छ । तब

तिचड्र्सले भनेको मूल्य र सम्प्रेषण कविताको यस्तै हुन्छ वा हुनुपर्दछ भन्ने पनि पाठकमा अन्योलता आउँदछ । तब के यहाँ मूल्यहरूको स्तर [ काव्यमा ] विधटन भएको छैन र ? के केवल मनलाई प्रभावित गर्दमा नै काव्य हुन्छ त ? प्रश्न विभिन्न उत्पन्न हुन सक्छन् ।

साहित्य अथवा कलाले मानव मनका आवेगहरूलाई संगति र संतुलन स्थापित गर्ने गर्दछ । यो धुर्व सत्य हो, अकाट्य हो अनि पछिसम्म यस्तो रहन्छ पनि । यस तथ्यको निम्ति हामी रिचड्र्सप्रति सदैव ऋणी छौ । मनोवेगहरूको क्रिया - शीलतालाई काव्यको सन्दर्भमा सात्विकता मानिन्छ । यसर्थ रिचड्र्सले सौन्दर्यको प्रति एकांगी मानसिकताको परिचय दिदै यसलाई विषयी निष्ठ बताएका छन् । तर प्रत्येक सौन्दर्य आफै – आफ विषय निष्ठ हुने हुनाले काव्यमा मात्र यो रहेको हुन्छ भन्न् गलत हो । कारण यदि सुन्दरताको कल्पना व्यक्तिको दृष्टि आधारमा हेरिन्छ भने तब त्यो विषयी निष्ठ भएर जाँदछ । यसबाट त्यस सौन्दर्यको आफ्नो सत्ता पनि लोप भएर जाने गर्दछ ।

रिचड्र्सले मनका आवेगहरूको विशेष दुईवटा भेद देखाएका छन् । ती हुन् –

- तृष्णा – प्रवृत्तिमूलक (Desire)
- वितृष्णा - निवृत्तिमूलक (Aversion)

रिचड्र्सले भूख तथा तृष्णालाई सन्तुष्ट प्रदान गर्नु नै अधिक मूल्यवान हो भनि बताएका छन् । मनोविश्लेषणवादी सिगमण्ड फ्रायडले पनि कवि तथा कवियित्रीहरूमा लेखनको भूख रहेको हुन्छ भनि भनेका छन् । तब के प्रयोगवादी कवि अज्ञेय र नयँ कविताकी कवयत्री शकुन्तला माथुरको उपर्युक्त कविताहरू केवल भुख मेटाउका निम्ति मात्र लेखिएका हुन त ? कल्पनाको सन्दर्भमा रिचड्र्सले आफ्नो कुनै व्याख्या गरेको

नपाइए तापनि उनले कॉलरिजको धारणामा सहमति जताएका पाउँछौ । कलरिजले आफ्नो कृति **लिरिकल ब्यालेड**मा विशेष स्वच्छन्दतावादका बारेमा प्रकाश पारेका छन् । तर रिचर्ड्स स्वयमले यस वादीहरूको विरोध गर्दै मनोविज्ञानको रूपमा आफ्नो सिद्धान्तहरूका प्रतिपादन गरेको पाइन्छ । कलरिजले आफ्नो उक्त कृतिमा काव्यका 6 वटा आवश्यक कुराहरू बताएका छन् । ती हुन् – भावनाहरूलाई महत्व दिने, प्रेम, कल्पना र आनन्दलाई यथार्थता भन्दा बढी महत्व दिने, प्रकृतिमा आत्माको खोजी गर्ने, प्रकृति र व्यक्तिमाझ समन्वयको खोजी गर्ने, स्वच्छन्द भावना काव्यमा उच्छलन हुनु र कविको लक्ष्य तात्कालिक आनन्द प्रदान गर्नु । काव्यमा सारा विश्व व्रम्हाण्ड वा वस्तुजगतमा देखिएको जुन ईश्वरीय सृजना हुन्छ त्यस्तो सृजना कविहरूमा हुन्छ भन्ने विचार उक्त कृतिमा पाइन्छ । यस्तो धारणामा रिचर्ड्स पाश्चात्य साहित्यमा आलोटनाको मुख्य विषय पनि बन्न पुगेका देखिन्छ । तर जे नै भए पनि उनीद्वारा प्रतिपादित मूल्य र सम्प्रेषण सिद्धान्तको महत्व र महिमा आज पनि पाष्चात्य साहित्य जगतमा मात्र नभएर पूर्वीय साहित्य संसारमा पनि उत्तिकै रहेको देखिन्छ ।

## 11.7 उपसंहार

रिचर्ड्सको मूल्य सिध्दान्तलाई राम्ररी बुझ्नका निम्ति उनीद्वारा परिकल्पित मानसिक प्रक्रियाको ज्ञान पाठकमा हुनु आवश्यक छ । उनको मतअनुसार "आवेग मनको एक प्रकारको प्रतिक्रिया हो, जो कुनै उद्दीपनद्वारा उत्पन्न भएर कुनै कार्यमा परिणत हुने गर्दछ ।" यसैले रिचडर्सको काव्य सिध्दान्त मनोविज्ञानसित सम्बन्धित रहेको देखिन्छ । मूल रूपमा रिचर्डस पश्चिमी जगतका आधुनिक कालको समीक्षक थिए ।

उनको सबैभन्दा महान विशेषता यही थियो कि उनले काव्यशास्त्र या सामाजिक उद्देश्य आदिका स्थानमा मनोविज्ञानलाई आफ्नो आलोचनाको आधार बनाएका थियो । यसर्थ उनलाई मनोवैज्ञानिक आलोचक पनि भनिने गरिन्छ ।

मनोविज्ञानको आधारमा नै रिचड्र्सले आफ्नो काव्य सिद्धान्तहरूको उल्लेख गरेका छन् । उनले यस प्रवृत्तिमा प्रमुख दुईवटा सिद्धान्त बनाएका छन् । ती हुन् - कलाको मूल्यवादी या उपयोगितावादी सिद्धान्त र सम्प्रेषणीयताको सिद्धान्त। सम्प्रेषणमा भाषाको विशेष महत्व रहने गर्दछ । यसर्थ रिचड्र्सले " कविताको सम्प्रेषणका माध्यम भाषा हो भनेका छन् । " उनले सम्प्रेषणीय भाषाको पनि दुई भेद हुने बताएका छन् । ती हुन् - तथ्यात्मक र रागात्मक । रिचड्र्सको विचारमा कविले वैज्ञानिकहरूका समान तथ्यहरूको अन्वेषण गर्दैनन् । बल्कि रागात्मक अवस्थाहरूको सर्जन मात्र गर्दछन् ।

पश्चिमी आलोचकहरूमा आई. ए. रिचर्डसको सबैभन्दा महत्वपूर्ण स्थान रहेको देखिन्छ । उनलाई मनोवैज्ञानिक आलोचना पद्धतिका प्रवर्तक मानिने गरिन्छ । उनीद्वारा प्रतिपादित दुईवटा सिद्धान्तहरू मध्ये मूल्य र सम्प्रेषण सिद्धान्त हो । **सम्प्रेषण** शब्द दुई शब्दको योगले बनिएका छन् । ती हुन् - सम् + प्रेषण = सम्प्रेषण । **सम्**को अर्थ समान, बरावार, भले - भाति र **प्रेषण**को अर्थ कुनै सन्देश या वस्तुलाई एक स्थानदेखि अर्को स्थानमा पुराउनु वा पठाउने क्रिया हो । सम्प्रेषणको लागि रचनाकार र पाठक दुवैको मनको आवश्यकता पर्दछ भन्ने मत रिचड्र्सको रहेको छ । सम्प्रेषणमा वस्तु सदैव दुई वस्तुहरूको सम्बन्ध रहने गर्दछ । यो अकल रूपमा कहिले पनि सम्प्रेषित हुन सक्दैन । यसर्थ सम्प्रेषण क्रियाको सापेक्षताको निम्ति पाठक र लेखक, कृति र स्रष्टा, वक्ता र श्रोता

माझ गाढा सम्बन्ध हुनु आवश्यक छ भनी रिचड्र्सले सम्प्रेषण सिद्धान्तमा भन्न चाहेका छन् । रिचर्डसले सम्प्रेषणको परिभाषा दिँदै यस्तो मनतव्य पोखेका छन् – " सम्प्रेषणको अर्थ न त आवेगका यथावत अन्तरण (Strict transference) हो, न त व्यक्तिहरू बीचको अनुभूतिका तादात्म्य (Identical Experience) । केही अवस्थाहरूमा विभिन्न मनहरूका अनुभूतिहरूको अत्यन्त समानता नै सम्प्रेषण हो ।"

पूर्व प्रचलित प्रेषणीयता शब्दको नवीन व्याख्या गर्दै रिचड्र्सले प्रेषणीयता कुनै अद्भुत या रहस्यमय व्यापार होइन भनेका छन् । अपितु यो मानव मनको एक सामान्य क्रिया मात्र हो । प्रेषणीयतामा जो केही हुने गर्दछ, त्यो यही हो कि केही विशेष परिस्थितिहरूमा विभिन्न मस्तिष्कले प्रायः एक जस्तो अनुभूतिहरूलाई प्राप्त गर्ने गरेको कारणले हो । जब कुनै वातावरण विशेषदेखि एक व्यक्तिका मस्तिष्क प्रभावित हुने गर्दछ तथा दोस्रो त्यस व्यक्तिको विभिद क्रियाहरूका प्रभावले यस्तो अनुभूति प्राप्त गर्दछ , जुन पहिला कहिले उसले प्राप्त गरेको अनुभूतिहरूकै समान हुने गर्दछ । यसैलाई नै प्रेषणीयता भनिने गरिन्छ । वस्तुतः कुनै अन्य व्यक्तिहरूको अनुभूतिलाई अनुभूत गर्नु नै प्रेषणीयता हो भन्न सकिन्छ । यसर्थ रिचड्र्सले कवि, कलाकार या सर्जकहरूको अनुभूतिहरूलाई भावकद्वारा अनुभूत गर्नु नै सम्प्रेषण हो भनेका छन् । उनले अझ स्पष्ट गर्दै कलामा प्रेषणीयता हुनु आवश्यक छ भनेका पनि छन् । तर कलाकारहरूले यसको निम्ति विशेष प्रयत्न गर्नु नपर्ने पनि उनले बताएका छन् । किनकि कलाकारहरूले जति सहज एवम् स्वाभाविक रूपमा आफ्नो कार्यहरू गर्दछन् , उनीहरूका

अनुभूतिहरू पनि त्यति नै सम्प्रेषणीय हुन्छ भन्ने रिचड्र्सको धारणा पाइन्छ । यसर्थ उनले सम्प्रेषण विषय रोचक र रमणीय भएभने कला – कृति त्यति नै पूर्णता प्रदानयुक्त हुन्छन् भनेका छन् ।

## 11.8 सार

यस प्रखण्डमा **सम्प्रेषण र मूल्य सिद्धान्त**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ पश्चिमी आलोचकहरूमा आई. ए. रिचर्डसको सबैभन्दा महत्त्वपूर्ण स्थान रहेको देखिन्छ । उनलाई मनोवैज्ञानिक आलोचना पद्धतिका प्रवर्तक मानिने गरिन्छ ।
- ❖ मूल रूपमा रिचर्डस पश्चिमी जगतका आधुनिक कालको समीक्षक थिए ।
- ❖ रिचड्र्सको सबैभन्दा महान विशेषता यही थियो कि उनले काव्यशास्त्र या सामाजिक उद्देश्य आदिका स्थानमा मनोविज्ञानलाई आफ्नो आलोचनाको आधार बनाएका थियो । यसर्थ उनलाई मनोवैज्ञानिक आलोचक पनि भनिने गरिन्छ ।
- ❖ रिचड्र्सद्वारा प्रतिपादित दुईवटा सिद्धान्तहरू मध्ये मूल्य र सम्प्रेषण सिद्धान्त हो ।
- ❖ रिचड्र्सको अनुभूति, मूल्य र सम्प्रेषण यी तीन तथ्यहरूको सम्बन्ध विशेष मनोविज्ञानसित रहेको पाइन्छ ।
- ❖ मनोविज्ञानको आधारमा नै रिचड्र्सले आफ्नो काव्य सिद्धान्तहरूको उल्लेख गरेका छन् ।

- रिचर्ड्सले मनोविज्ञान प्रवृत्तिमा प्रमुख दुईवटा सिद्धान्त बनाएका छन् । ती हुन्- कलाको मूल्यवादी या उपयोगितावादी सिद्धान्त र सम्प्रेषणीयताको सिद्धान्त।
- सम्प्रेषणमा भाषाको विशेष महत्व रहने गर्दछ । यसर्थ रिचर्ड्सले " कविताको सम्प्रेषणका माध्यम भाषा हो भनेका छन् । "
- **सम्प्रेषण** शब्द दुई शब्दको योगले बनिएका छन् । ती हुन् - सम् + प्रेषण = सम्प्रेषण । **सम्**को अर्थ समान, बरावार, भले - भाति र **प्रेषण**को अर्थ कुनै सन्देश या वस्तुलाई एक स्थानदेखि अर्को स्थानमा पुराउनु वा पठाउने क्रिया हो ।
- रिचर्ड्सले सम्प्रेषणीय भाषाको पनि दुई भेद हुने बताएका छन् । ती हुन् - तथ्यात्मक र रागात्मक ।
- रिचर्ड्सको विचारमा कविले वैज्ञानिकहरूका समान तथ्यहरूको अन्वेषण गर्दैनन् । यसले रागात्मक अवस्थाहरूको सर्जन मात्र गर्दछन् ।
- सम्प्रेषणको लागि रचनाकार र पाठक दुवैको मनको आवश्यकता पर्दछ भन्ने मत रिचर्ड्सको रहेको छ ।
- सम्प्रेषण क्रियाको सापेक्षताको निम्ति पाठक र लेखक, कृति र स्रष्टा, वक्ता र श्रोता माझ गाढा सम्बन्ध हुनु आवश्यक छ भनी रिचर्ड्सले सम्प्रेषण सिद्धान्तमा भन्न चाहेका छन् ।
- रिचर्डसले सम्प्रेषणलाई न त आवेगका यथावत अन्तरण (Strict transference) मानेका छन् , न त व्यक्तिहरू बीचको अनुभूतिका तादात्म्य (Identical Experience) । केही अवस्थाहरूमा विभिन्न मनहरूका अनुभूतिहरूको अत्यन्त समानता नै सम्प्रेषण हो भनी उनले भनेका छन् ।

- ❖ कतिपय विद्वानहरूले रिचड्र्सको मूल्य – सिद्धान्तलाई सिन्थेसिस या सामञ्जस्य तथा सन्तुलनका सिद्धान्त पनि भनेका छन् ।
- ❖ कवि, कलाकार या सर्जकहरूको अनुभूतिहरूलाई भावकद्वारा अनुभूत गर्नु नै सम्प्रेषण हो ।
- ❖ कलाकारहरूले जति सहज एवम् स्वाभाविक रूपमा आफ्नो कार्यहरू गर्दछन् , उनीहरूका अनुभूतिहरू पनि त्यति नै सम्प्रेषणीय हुन्छन् ।

यस प्रखण्डको अध्ययनले साहित्य समालोचना परम्परामा रिचड्र्सको **सम्प्रेषण र मूल्य सिद्धान्त**बारे बुनियाँदी जानकारी प्राप्त भयो । रिचड्र्स र उनको सिद्धान्तहरूको कसीमा उनको मूल्य र सम्प्रेषण सिद्धान्त सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 11.9 अनुशीलनी

1. पाश्चात्य साहित्यको उद्भवबारे चर्चा गर्दै आइ. ए. रिचड्र्सको लेखन कलालाई चिनाउनुहोस् ।
2. आइ. ए. रिचड्र्सको साहित्यिक कृतिहरूबारे सविस्तार लेख्नुहोस् ।
3. आइ. ए. रिचड्र्सको मूल्य सिद्धान्तको महत्त्व र मूल्य पाश्चात्य साहित्यलोचनामा के कस्तो रहेको छ ? बताउनुहोस् ।
4. आइ. ए. रिचड्र्सको सम्प्रेषण सिद्धान्तको महत्त्व र मूल्य पाश्चात्य साहित्यलोचनामा के कस्तो रहेको छ ? बताउनुहोस् ।
5. आइ. ए. रिचड्र्सका प्रमुख साहित्यिक सिद्धान्तहरूको मूल्य पाश्चात्य साहित्यमा के कस्तो रहेको पाइन्छ ? विश्लेषण गर्नुहोस् ।
6. रिचड्र्सले किन मनोविज्ञानको सहारा लिएका हुन् ? सबिस्तार चर्चा गर्नुहोस् ।

७. आइ. ए. रिचड्र्सको सम्प्रेषण र मूल्य सिद्धान्तमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

8. मनोविज्ञानसित रिचड्र्सका सिद्धान्तहरूको समानतालाई केलाउनुहोस् ।

9. पाश्चात्य साहित्यलोचनाको विकासमा आइ. ए. रिचड्र्सको के कस्तो योगदान र भूमिका रहेको छ ? विविचना गर्नुहोस् ।

10. आलोचक आइ. ए. रिचड्र्सका प्रमुख सौद्धान्तिक प्रवृत्तिबारे लेख लयार पार्नुहोस् ।

11. आइ. ए. रिचड्र्सलाई प्रखत आलोचकको रूपमा चिनाउँदै उनीबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 11.10 अतिरिक्त अध्ययन


1. शर्मा, देवेन्द्रनाथ - **पाश्चात्य काव्यशास्त्र** ।

2. चौधरी, डा. सत्यदेव र गुप्त, डा. शान्तिस्वरूप - **भारतीय तथा पाश्चात्य काव्यशास्त्र** ।

3. सिंह, नामवर – **आलोचना** ।

4. जैन, निर्मला - **पाश्चात्य साहित्य – चिन्तन** ।

5. द्विवेदी, डॉ राम अवध .– **साहित्य - सिद्धान्त** ।

6. त्रिपाठी, बासुदेव – **पाश्चात्य साहित्यको समालोचना परम्परा** ।

७. सिग्देल, सोमनाथ - **साहित्य प्रदीप** ।

8. उपाध्याय, कोशवप्रसाद - **साहित्य प्रकाश** ।

9. हिमांशु, राजु प्रधान - **साहित्य परिचय** ।

10. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

11. मिश्रा, सत्यदेव - **पाश्चात्य काव्यशास्त्र** ।

12. फौक्स, रैल्फ - **उपन्यास और लोक जीवन** ।

13. प्रो. हरि मोहन - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान** ।

14.तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

१४. त्रिपाठी, वासुदेव - पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा ।

१५. Abrams, M.H., **A Glossary of Literary Terms**, Prism Books Pvt. Ltd, Bangalore, India.

१६. Adams, Hazard - **Critical Theory since Plato**, Harcourt Brace Jovanovich Publisher, 2002 .

१७. Britannica 2009, students' edition.

१८. en.wikipedia.org/wiki/…….

१९. चैहान, शिवदान सिंह - **आलोचना के सिद्धान्त** , स्वराज प्रकाशन , दिल्ली ।

२०. प्रो . हरिमोहन - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान** , वाणी प्रकाश न , नई दिल्ली, सन् 2008 ।

२१. मिश्र, भागीरथ - **काव्यशास्त्र**, विश्वविद्यालय प्रकाशन, वाराणसी ।

२२. मिश्र, सभापति - **साहित्यशास्त्र और हिंदी आलोचना**, ग्रीनवर्ल्ड पब्लिकेशंस, इलाहाबाद ।

२३. सत्येंद्र सिंह, प्रकाश उदय और दुर्गा प्रसाद ओझा - **साहित्यशास्त्र और हिंदी आलोचना**, प्रकाशन केंद्र, लखनऊ ।

यस अतिरिक्त **रिचड्र्सको मूल्य र सम्प्रेषण सिद्धान्त**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 11.11 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१६. रिचड्र्सको साहित्यिक व्यक्तित्व ।

..........................................................................................

........

..........................................................................................

........

..........................................................................................

........

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१७. रिचड्र्सको सम्प्रेषण सिद्धान्त ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१८. रिचड्र्सको मूल्य सिद्धान्त ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.6 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१९. सम्प्रेषण र मूल्य सिद्धान्तको अर्थ र परिभाषा ।

........................................................................................

........

........................................................................................

........

........................................................................................

........

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.4 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

२०. सम्प्रेषण र मूल्य सिद्धान्तको प्राप्ति र सीमा ।

........................................................................................

........................................................................................

........................................................................................

........

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.७ अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ– 12, छन्द र लय

**संरचना**

12.0 उद्देश्य

12.1 परिचय

12.2 छन्द र लयको अर्थ र परिभाषा

12.3 छन्द र लय सिद्धान्त

12.4 छन्द र लय सिद्धान्तको मान्यताहरू

12.5 छन्द र लयको प्राप्ति र सीमा

12.6 छन्द र लय सिद्धान्तको विकास

12.7 उपसंहार

12.8 सार

12.9 अनुशीलनी

12.10 अतिरिक्त अध्ययन

12.11 मूल्यबृद्धिको निम्ति उत्तर

## 12.0 उद्देश्य

**यस एकाइको अध्ययनपछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ:**

- छन्दको परिचय
- लयको परिचय
- छन्द र लयको अर्थ र परिभाषा
- छन्द र लय सिद्धान्त
- छन्द र लय सिद्धान्तको मान्यताहरू

- छन्द र लयको प्राप्ति र सीमा

## 12.1 परिचय

पाश्चात्य साहित्यमा छन्द र लयको प्रतिपादन आई. ए. रिचड्र्सले गरेका हुन् । साहित्यका विविध विधाहरू मध्ये कविता छन्द र गद्य दुवै शैलीमा लेखिँदै आएको देखिन्छ । तापनि कविताको लिखित इतिहास कवित् लोकलयमा रचित कविताबाट सुरु हुन्छ । कवितामा संस्कृत छन्दको प्रयोग - परम्परा आज भन्दा लगभग दुई सय वर्ष अधिदेखिने पूर्वीय र पाश्चात्य दुवै साहित्यमा हुँदै आएको पाइन्छ ।

छन्द र लय काव्यको शोभाकारक तत्त्व हुन् । यी दुवैलाई काव्यको बाह्य - तत्त्व पनि मानिने गरिन्छ । तर रिचड्र्सको दृष्टिमा छन्द लयको विशिष्ट रूप हो । उनले लय र छन्द सम्बन्धी सम्पूर्ण प्रभाव प्रत्याशाबाट उत्पन्न हुन्छन् , कुनै प्रत्याशा सफल र विफल भए पनि भनेका छन् । छन्दको प्राचीन रूप मानव जातिको इतिहाससित जोडिएको देखिन्छ । संस्कृत भाषाका आदिकवि वाल्मीकिको प्रथम करुण अभिव्यक्ति छन्दमा रहेको उदाहरण पाइन्छ । पूर्वीय तथा नेपाली साहित्यको सन्दर्भमा भन्नु पर्दा इतिहासकारहरू शक्तिवल्लभ अर्ज्यालद्वारा लिखित **तनहुँ भकुन्डो** शीर्षक कवितालाई प्रथम नेपाली छन्दोबद्ध कविता मानिने गरिन्छ । उक्त कवितामा स्वागता छन्द र बाह्य आन्तरिक लयको प्रयोग गरेर लेखिएको देखिन्छ । यसरी शक्तिवल्लभ हुँदै आधुनिक कवि देवकोटासम्म छन्दबद्ध कविताको परम्परा चलेर आएको देखिन्छ । तथापि वि. सं. 1990 देखि छन्दलाई त्याग्दै गध्य शैलीका साथ नेपाली कविताले स्वरूप परिवर्तन गर्न पुगेको देखिन्छ । यी दुवै पध्य र गध्य शैलीका नेपाली कवितामा लयात्मक सुसौष्ठता सम्पन्न रहेको देखिन्छ ।

रिचड्र्सले छन्दलाई त्यो साधन मानेका छन् , जसद्वारा शब्दहरूलाई अधिकतम सीमासम्म परस्पर प्रभावशाली पार्न सकिन्छ । छन्दोबद्ध रचनामा अवचेत रूपमै आकाङ्क्षाको निश्‍तितता र सङ्क्रीर्णता ज्यादै बढेर आउँछ । अझ अन्त्यानुप्रासको प्रयोग पनि गरिएको छ भने त अत्यन्त निश्चितता प्राप्त हुन्छ भनेर रिचड्र्सले भनेका छन् । मूल रूपमा लय कविताको मौलिक, निजी र आवश्यकीय प्राण तत्व हो । यसका कारण कविता गेयात्मक, सङ्गीतात्मक र ध्वन्यात्मक बन्दछ । लयको कारण कविता आरोह, अवरोह, अनुदाता, उदाता आदि सुरमय बन्दछ । यसले काव्यलाई अनुशासित पनि बनाउँदछ । कुनै पनि कविताको गुढार्थ लय वा लयात्मकता बिना नबुझिने हुनाले लयलाई कविताको मुख्य तत्व मान्न सकिन्छ । लयको उत्पत्ति कवितामा छन्दको समान भएको पाइन्छ । यो गति, यति, प्रवाह, विराम आदि चिन्हबाट उद्भव कविता भएको हुन्छ । विशेषतः रिचड्र्सले लयका साथै यसको विशिष्ट रूप छन्द ध्वन्यात्मक तथा अक्षरानुक्रमिक आवृत्ति र आकाङ्क्षामा निर्भर रहने बताएका छन् । उनले अक्षरहरूका अनुक्रमबाट उत्पन्न हुने आकाङ्क्षाको सन्तुष्टि, निराशा र बिस्मयको यही सङ्ग्रथन (टेक्स्चर वा बुनोट) – लाई लय भनेका छन् ।

## 12.2 छन्द र लयको अर्थ र परिभाषा

**छन्द** शब्द संस्कृतको छत् धातुमा असन् प्रत्यय लागेर बन्दछ । छत् धातुले आच्छादन गर्नु, प्रसन्न गर्नु, रक्षा गर्नु वा बाँध्नु आदि अर्थलाई बुझाउँछ । छन्द आनन्द दिने वस्तु हो अर्थात् छन्दयति आह्लादयति इति छन्दः भनिन्छ । छन्दमा लेखिएको काव्यलाई **पध्यकाव्य** भनिन्छ । तर सबै काव्य पध्यमा नै लेखिन्छ भन्ने छैन । गध्यमा पनि काव्य लेखिने

गरिन्छ । यसैले छन्दलाई पद्यको पर्यायवाची मान्न सकिन्छ । जुन शास्त्रमा पध्य रचनाका नियम, लक्षण तथा उदाहरणहरूको विवेचना हुन्छ, त्यसलाई **छन्दशास्त्र** भनिन्छ ।

**छन्द** भनेको यति, गति, वर्ण या मात्रा आदिको गणनाका विचारबाट लेखिएको रचना अथवा पद्यलाई भनिने गरिन्छ । यसमा विशेष **चरण** या **पद** मूख्य रूपमा रहेको हुन्छ । प्रत्येक छन्दमा यसका नियमानुसार दुई, चार अथवा छ पंक्तिहरू हुने गर्दछ । यी प्रत्येक पंक्तिहरूलाई चरण या पद भनिन्छ । **मात्रा** छन्दको महत्वपूर्ण तत्त्व हो । कुनै वर्णका उच्चारणमा जति समय लाग्ने गर्दछ, त्यलाई 'मात्रा' भनिने गरिन्छ । 'मात्राहरू' दुई प्रकारका हुन्छन् । ती हुन् – लघु र गुरू । *लघु मात्राहरू* – जसको उच्चारणमा धेरै कम समय लग्छ, त्यसलाई लधु मात्रा भनिन्छ । जस्तै – अ, इ, उ, ऋ आदि मात्राहरू । *गुरू मात्राहरू*– जुन मात्राहरूको उच्चारणमा लघु मात्राहरूको अपेक्षा दुईगुणा तथा धेरै बेसी समय लाग्छ, त्यस मात्रालाई गुरू मात्रा भनिन्छ । जस्तै – ई, ऊ, ए, ऐ, ओ, औ आदि मात्राहरू । *लघु वर्ण* – ह्रस्व स्वर र त्यस मात्रासित युक्त व्यंजन वर्णहरूलाई 'लघु वर्ण' मानिने गरिन्छ । यस वर्णको चिह्न एक सिधा पाई (।)आकारमा रहेको हुन्छ । यसरी नै *गुरू वर्ण* – दीर्घ स्वर र त्यस मात्रासित युक्त व्यञ्जन वर्णहरूलाई 'गुरू वर्ण' मानिने गरिन्छ । यसको दुई मात्राहरू गनिने गरिन्छ । यस वर्णकोका चिह्न )S) आकारमा रहेको हुन्छ । उदाहरणार्थ –

क, कि, कु, र्क – लघु मात्राहरू हुन् ।

का, की, कू , के , कै , को , कौ – दीर्घ मात्राहरू हुन् छन्दमा मात्राहरबको गणना छुट्टै रूपमा नगरेर निश्चित नियमअनुसार गरिने गरिन्छ । ती हुन् –

१) संयुक्त व्यञ्जन भन्दा पहला ह्रस्व वर्णहरूलाई 'गुरू अथार्त् दीर्घ' मान्नु पर्दछ ।

२) विसर्ग र अनुस्वारसित युक्त वर्णहरूलाई \"दीर्घ\" मान्नु पर्दछ । यथा – 'दुःख र शंका' आदि शब्दहरूमा 'दु' र 'श' ह्रस्व वर्ण भए पनि 'दीर्घ नै मान्नु पर्दछ ।

३) छन्दमा कहिले - किहले आवश्यकतानुसार चरणान्तका वर्णहरूलाई 'ह्रस्व' छ भने दीर्घ र दीर्घ छ भने ह्रस्व मान्नु पर्दछ ।

छन्दको सबैभन्दा महत्वपूर्ण अवयव यति र गति हो । **यति** – छन्दलाई पढ़ने समयमा बीच – बीचमा अडिन्दै वा विश्राम गरिने गरिन्छ ¸ यही विश्रामको स्थानलाई छन्दोबद्ध कवितामा 'विराम' र पध्यमा 'यति' भनिने गरिन्छ । **गति** – छन्दोबद्ध रचनालाई लयमा आरोह - अवरोहसित पढ़िने वा अध्ययन गरिने गरिन्छ । छन्दको यस लयलाई 'गति' भनिन्छ । यति र गति जस्तै तुक पनि छन्दको महत्वपूर्ण घटक हो । पध्य रचनामा चरणान्तको साम्यलाई 'तुक' भनिने चलन छ । अथार्त् पदको अन्तमा एकै स्वर भएका एक या अनेक अक्षरहरू आउने गर्दछन् । ती स्वरहरूलाई 'तुक' भनिने गरिन्छ । तुकहरूमा पद, श्रुति¸ प्रिय र रोचक हुने गर्दछ तथा यसबाट काव्यमा लथपत सौन्दर्य उत्पन्न हुने गर्दछन् ।

छन्दको भेदहरूलाई अध्ययन गर्दा यसको विशेष तीन प्रकारका भेदहरू देखापर्छन् । ती हुन् − वार्णिक छन्द, मात्रिक छन्द र मुक्तक तथा जातीय छन्द । वर्णिक छन्द – जुन छन्दहरूको रचनामा वर्णहरूको गणनालाई नियम अनुसार हेरिने गरिन्छ, ती छन्दलाई 'वर्णिक छन्द' भनिने गरिन्छ । अर्थात जुन छन्दमा केवल वर्णहरूको मात्र गणना हुने गर्दछ, ती छन्दलाई वार्णिक छन्द भनिन्छ । जस्तै − अनुप्रास, उपमा आदि । मात्रिक छन्द – जुन छन्दहरूका चारै चरणहरूको रचनामा मात्राहरूको

गणना अनुसार गरिने गरिन्छ, ती छन्दलाई 'मात्रिक' छन्द भनिने गरिन्छ । अर्थात जुन छन्दमा केवल वर्णको नभएर मात्राहरूको मात्र गणना गरिन्छ, ती छन्दलाई मात्रिक छन्द भनिन्छ । उदाहरण – इन्द्रबज्रा, बसन्ततिलका, मालिनी आदि । मुक्तक वा जातीय छन्द – जुन छन्दहरूको रचनामा वर्ण अथवा मात्राहरूको संख्यामा कुनै नियम हुने गर्दैनन् , ती छन्दलाई 'मुक्त तथा जातीय छन्द' भनिने गरिन्छ । उदाहरण – सेलो, झ्याउरे, सवाई आदि ।

छन्दको आफ्नै शास्त्रीय बन्धन छ जसले लयलाई नियमबद्ध रूप दिने कार्य गर्दछ । यदि छन्दको नियमलाई पालन गरिएन भने त्यसलाई छन्ददोष मानिन्छ । पूर्वीय साहित्यमा छन्दको प्राचीन परम्परा रहेको देखिन्छ । छन्दले साहित्यलाई आकर्षक, लयात्मक र पाठकलाई प्रभावकारी बनाउँदछ । यस अतिरिक्त काव्यको सौन्दर्य तत्त्वलाई बढाउनु, भावलाई सम्प्रेषणीय गराएर श्रोतालाई आनन्द दिनु , मधुर तथा रचनात्मक, लालित्य, गेयत्व आदि प्रदान गर्नु छन्दको विशेषता हुन् । साहित्यमा छन्दको प्रयोजन र महत्त्व विशिष्ट मानिन्छ । यसले काव्य विधालाई अन्य साहित्यिक विधाको तुलनामा अलग र विशिष्ट तुल्याउँछ । पाठकलाई आफूतिर आकर्षण गर्दै काव्य रसास्वादन गर्ने अभिरूचि बढाइदिन्छ । काव्यलाई श्रव्य विधाको गरिमा दिने कार्य छन्दले नै दिएको हो । श्रव्य हुनु काव्यको विशेषता हो । जसको कारण पाठकले सुनेर पनि काव्यको रसास्वादन गर्न सक्दछ । नेपाली अशिक्षित समाजमा भानुभक्तीय रामायण छन्दको सुललिता र समधुरता कै कारण धेरै समयसम्म मुख – मुखमा कण्ठ रहेको पाइन्छ । छन्दले भावलाई छरिनबाट जोगाउँछ र अर्थसापेक्ष बनाउँछ । कविको भावअनुरूपको अभिव्यक्ति दिनका लागि छन्दको प्रयोग गरिन्छ ।

छन्द काव्यको शोभाकारक तत्त्व हो । यसलाई काव्यको बाह्यतत्त्व पनि मानिन्छ । छन्दको प्राचीन रूप मानव जातिको इतिहाससित जोडिएको देखिन्छ । संस्कृत भाषाका आदिकवि वाल्मीकिको प्रथम करुण अभिव्यक्ति छन्दमा रहेको उदाहरण पाइन्छ । छन्द यति, गति र लय मिलेको वर्ण र मात्राको निश्चित गणनाअनुसार नियमक हुने कविताको तत्त्व हो । यसले रचनालई स्वर र लयमा वद्ध गरी मिठासपुर्ण बनाउँदछ । **लय** कविताको मौलिक, निजी र अनिवार्य तत्त्व हो । लयले नै कवितालाई गेयात्मक तथा साङ्गीतिक तुल्याउँछ । विद्वान् मुलरको विचारअनुसार लय भाषाको ध्वन्यात्मक स्वरूप हो र यसलाई कवितामा सुरको आरोह – अवरोह, सङ्कुचित र व्यापारिक क्रममा अनुशासित गर्दछ । त्यसैले लयात्मकता विना कविताले अर्थ दिन सक्दैन । जब लयसँग कविता सम्पृक्त हुन्छ तब जमिनबाट वृक्ष उम्रे जस्तै कविताबाट अर्थ उत्पन्न हुन्छ । लयलाई धेरैले ध्वनिप्रवाह मानेका  छन् ।

लयको उत्पत्ति पनि झन्डै छन्द कै स्वरूपमा गति – यति प्रवाह र विरामहरूको क्रमबद्ध योगबाट भएको देखिन्छ । यसैले छन्द र लय माझ सम्बन्ध रहेको पाइन्छ । लय कविताको आन्तरिक भाववेग हो भने छन्द कविताको शरीर । छन्दलाई लयले नै गतिमान् बनाउँछ भन्ने विचार पनि पाइन्छ । लय आवृत्तिमूलक स्वरूपको हुन्छ र यसका अन्य रूपहरू पनि हुन्छन् । लक्ष्मणप्रसाद गौतमले लयको स्थलआवृत्ति र सूक्ष्म आवृत्ति गरी दुईवटा तत्त्वलाई मानेका छन् । उनको भनाइमा कवितामा प्रयुक्त हुने लयको ध्वन्यात्मक आवृत्तिलाई पानीमा उत्पन्न हुने तरङ्गसँग तुलना गर्न सकिन्छ । जसरी पानीको स्थूल तरङ्गभित्र साना – सामा धेरै तरङ्गहरू हुन्छन् , त्यसरी नै कवितामा पनि धेवनिका आवृत्ति, तरङ्गहरू उत्पन्न हुने गर्छन् । ध्वनिको आवृत्ति समान रूपमा हुन्छ र यस्तो

आवृत्तिबाट ध्वन्यात्मक लयका सम – विषम आदि भेदहरू पनि जन्मिने गर्छन् । भाषामा कुनै न कुनै रूपमा लय प्रभाहित भइरहने हुनाले कविताको अभिव्यक्ति जहिले पनि लयात्मक किसिमको हुने गर्छ।

मूलरूपमा रिचड्र्सले छन्दलाई शब्दहरूका माध्य धेरै सीमासम्म प्रभावशाली पार्ने साधन मानेका छन् भने लयलाई टेक्स्चर वा बुनोट मानेका छन् । **बुनोट** शब्द अङ्ग्रेजी टेक्सचर (Texture ) - को नेपाली रूपान्तर हो । **टेक्स** धातुमा **उरे** प्रत्यय जोडिएर बनिएको टेक्सचर शब्दको शाब्दिक अर्थ बस्त्रमा आन र तानको रूपमा प्रयोग हुने धागोको बिन्यास भन्ने बुझिन्छ । अङ्ग्रेजी विद्वान् केटी वेल्सले **ए डिक्सनेरी अफ् स्टयालिष्टिक**मा बुनोटको उत्पत्ति गति, रूप र स्थानको त्रिआयमिकबाट भएको मानेका छन् । अङ्ग्रेजी विद्वान् जे. ए. कुडडनले कृतिको आकृति र बाह्य वा तलीय गुणलाई बुनोट भनेका छन् । शैलीविज्ञानसित सम्बन्धित यस शब्दले कृतिमा संरचनाले पूर्णता दिन नसकेको कार्य यसले गर्दछ । यसैले कुनै बस्तुको द्रष्टिपटलीय अंश वा अवयवलाई बुनोट भनिन्छ । संरचनाको विपरीत बुनोट रूपगत वा द्रष्टि पक्षसित सम्बन्धित हुन्छ । यो कृति वा पाठको निजी अभिलक्षण हो अनि बुनोटकै कारण पाठ गुणयुक्त र आहलादकारी बन्दछ ।

काव्य वा साहित्यमा छन्द, अलङ्कार, बिम्ब, प्रतीक, कथानक, कथावस्तु, चरित्र, पात्र आदिको सिर्जना नै बुनोट हो । यो कृतिको भाषा, शब्दकला आदिको प्रयोगसित जडित हुन्छ । बुनोट कृतिमा संवृत र बिबृत रूपमा रहेको हुन्छ । यसलाई कुनै पनि कृति लेखनको परिवेश वर्णन गर्ने लक्षणको रूपमा मानिन्छ । साहित्यिक कृति र कविताका बुनोटभित्र भाव, विचार, आशयदेखि प्रयोग भएको भाषा, लेखन शैली, बिम्ब, प्रतीक, छन्द, अलङ्कार, लय आदिको संरचक घटकहरू पर्दछन् ।

यसर्थ कृतिको आधारभूत संरचना तथा अर्थ भन्दा भिन्न बाह्य तत्त्व वा घटकलाई बुनोट भनिन्छ । साहित्यमा बुनोटको प्रयोग नवसमालोचनादेखि भएको मानिन्छ । नवसमालोचक जोन क्रो र्यान्समले यस शब्दलाई विशेष महत्वका साथ प्रयोग गरेका थिए । उनले कविताको भावनुवाद गर्न सकिने बौद्धिक बिषयवस्तुको लागि बुनोट शब्दको प्रयोग गरेको मानिन्छ । र्यानसमले कुनै पनि कृतिको निर्माण सार्वभौम र स्थानीय दुईथरीका तत्त्वले हुँदछ भनेका छन् । सार्वभौम तत्त्वले नित्य रूपमा अनि स्थानीय तत्त्वले अनित्य वा सञ्चारी रूपमा कृतिको अर्थलाई प्रष्ट्याउँदछ । यी दुवैको योग भएर पाठको बुनोट प्याजको पत्र झैँ उप्किन्दै वा खुलिन्दै जान्छ भनि उनले भनेका छन् । यसर्छ बुनोट भन्नाले पाठमा प्रयुक्त शब्दहरूका आन्तरिक र बाह्य अर्थबाहेक गुणलाई पनि बुझिन्छ । बुनोट कृतिको संरचना जस्तै अपरिहार्य तत्त्व हो । आख्यानमा प्राण भर्ने बुनोटले एउटा कृतिलाई अर्को कृतिबाट पृथक तुल्याउँछ । कृतिगत शैली चयन, भाषा प्रयोग, आलङ्कारिकता आदिद्वारा कृति उत्कृष्ट र निकृष्ट बन्दछ । कृतिमा पाइने यी सबै घटक नै बुनोट हुन् । बुनोटको कारण कृति पूर्ण, रसात्मक र पठनीय मात्र नभएर प्रभावकारी र प्रसिद्ध पनि बन्दछ । आख्यान, पाठ आदिको मूल्य मापन, उत्कृष्टता यसले नाप्दछ।

## 12.3 छन्द र लय सिद्धान्त

पाश्चात्य साहित्यमा छन्द र लय सिद्धान्तको प्रतिपादन रिचड्र्सले गरेका हुन् । उनको पुरा नाम इवोर आर्मस्ट्रांग रिचड्र्स ( Ivor Armstrong Richards) हो । 26 फरवरी सन् 1893 मा जन्मिएर ७ सितम्बर सन् 19७9 मा देहान्त हुने रिचड्र्सले पाश्चात्य साहित्यको समालोचना परम्परामा धेरै सिद्धान्तहरू बनाएका छन् । उनको मूल्य सिद्धान्त,

सम्प्रेषण सिद्धान्त, बस्तुगत समीकरणको सिद्धान्त झै छन्द र लय सिद्धान्त पनि छन् । अङ्ग्रेजीका एक प्रभावशाली समालोचक तथा वक्ताको रूपमा गरिने रिचर्ड्सले प्रतिपादन गरेको विशेष छन्द र लय सिद्धान्तले पाश्चात्य जगतमा मात्र नभएर पूर्वीय जगतमा पनि धेरै प्रभाव पारेको देखिन्छ ।

पाश्चात्य काव्यशासत्रको उद्भव ईसाको आठौं शताब्दीदेखि विशेष रूपमा भएको देखिन्छ । होमर र हेसिओड जस्ता महाकविहरूको काव्यमा पाश्चात्य चिन्चृतनको प्रारम्भिक बिन्दु पाइने गरिन्छ । ईसापूर्व यूनानमा वकृत्व शास्त्रीहरूको काव्य लेखनलाई धेरै महत्व दिने चलन थियो । तर पछि इलियट, रिचर्ड्स आदि आलोचकहरूको उदय भएपछि भिन्दै समालोचना लेखन प्रारम्भ भएखो देखिन्छ । समीक्षाको दृष्टिले सुरूको पाश्चात्य साहित्यको समयमा फ़ाग्स तथा क्लाउड्स जस्ता केही नाट्य – कृतिहरूको धेरै महत्त्वपूर्ण र उल्लेखनीय स्थान रहेको पाइन्छ । फ़ाग्समा कवितालाई लिएर धेरै प्रश्नहरू पनि उठेको पाइन्छ । ती प्रश्नहरूमा उक्त कृतिलाई किन उत्कृष्ट मानिने गरिन्छ ? काव्य समाजलाई उपयोगी प्रेरणा तथा मनोरंजनको कारण महत्त्वपूर्ण हुन्छ या आनन्द प्रदान गर्नु तथा मनोरंजनको कारण ? भन्ने प्रवृत्तिको थियो । यसै प्रकारले काव्यशास्त्रीय चिन्तन समीक्षाको सूत्र यूनामी समाजमा धेरै पहिला नै भएको देखिन्छ । जसमा सुकरात, प्लेटो, अरस्तु आदिलाई प्रवर्तकको रूपमा लिन सकिन्छ ।

रिचर्ड्सको छन्द र लय सिद्धान्तलाई अध्ययन – अवलोकन गर्दा छन्द र लय दुवै मूलरूपमा प्रभाल प्रत्याशाबाट उत्पन्न हुने कुरा हुन् । यो प्रत्याशा अवचेतन – प्रक्रिया रहेको उनले मानेका छन् । जब अक्षरका अनुक्रमहरू आउँछन् , त्यसबाट हाम्रो मन खास रूपको अनुक्रमका निम्ति

अनुकूलित बनेर जादछ । यसका साथै पध्य – गध्यका केही पङ्क्ति पढ्नासाथ हाम्रो मन अनेक सम्भावित अक्षरानुक्रमहरू मध्ये कुने एकका निम्ति तयान बन्दछ भनेर रिचड्र्सले भनेका छन् । यसरी अक्षरानुक्रममा आउँदा हाम्रो अवचेत तयारी वा प्रत्याशाको अनुकूल र प्रतिकूल पनि हुनसक्छ । यी अनुकूल वा विपरित अक्षरानुक्रमले हाम्रो प्रत्याशालाई मोडि दिन्छन् भनेर उनले छन्द र लय सिद्धान्तमा भन्न चाहेका छन् । रिचड्र्सले गध्य र पध्य माझ के – कस्तो फरक छ भन्ने कुरामा आकाङ्क्षाको तत्परताको मात्रा र प्रत्याशाको सङ्क्रीर्णताको दृष्टिलाई मानेका छन् । उनले यसका कारण ने गध्य र पध्यमा मूलभूत अन्तर देखिएको बताएका छन् ।

पध्यको तुलनामा प्रायश गध्यमा आकाङ्क्षा र प्रत्याशा ज्यादै अस्फष्ट र अनिश्चित रहने रिचड्र्सको धारणा पाइन्छ । विवेचनात्मक र विवरणात्मक गध्यमा शब्दको इन्द्रियगत र रूपात्मक प्रभाव कम हुन्छ । आर्थात् लय तत्त्व न्यून रूपमा रहने गर्दछ । यसर्थ नले समालोचनाको भाषालाई पनि यसे कोटीमा राख्न चाहेको मानिन्छ । तर जब गध्य वैज्ञानिकता भन्दा रागात्मकता तिर लम्किन्छ , शब्दको रूप पक्ष प्रबल हुनपुग्छ वा लय तत्त्व ज्यादा रहन्छ । गीति तत्त्वले व्याप्त साङ्गीतिक गध्यमा पनि अक्षरानुक्रम सम्बन्धी आकाङ्क्षाको अस्पष्टता नै हुन्छ । अनुच्छेद वा प्यारााग्राफको आखिरी शब्दसम्म पुग्दा पनि हजारौ प्रकारका ध्वनि वा अधिक सङ्ख्यक अक्षरानुक्रम प्रसङ्गका निम्ति उपयुक्त र आकाङ्क्षाका निम्ति उत्तिकै सन्तोषप्रद हुन सक्छन् भन्ने रिचड्र्सको मान्यता छ ।

आई. ए. रिचड्र्सको **छन्द र लय सिद्धान्त**मा काव्य - भाषा सिद्धान्त पनि महत्वपूर्ण रूपमा रहेको देखिन्छ । काव्यका सम्प्रेषणको मुख्य माध्यम भाषा हो । यसर्थ रिचड्र्सको

भाषा सम्बन्धी चिन्तन महत्वपूर्ण रहेको देखिन्छ । उनले काव्यमा प्रयोगको दृष्टिले भाषाका दुई वर्गलाई मानेका छन् । ती हुन् - तथ्यात्मक प्रयोग र रागात्मक प्रयोग । तथ्यात्मक प्रयोगले काव्यमा वैज्ञानिक र दार्शनिक रूपमा कार्य गर्दछ भने रागात्मक प्रयोगले रचनाकारहरूका भाषालाई रागात्मक वर्गमा प्रयोग गर्ने क्षमता उत्पन्न गराउँदछ । रिचर्ड्सले विशेष रागात्मक वर्गको भाषामा प्रतीक, बिम्ब र भाव सङ्केतहरूलाई विशेष महत्त्व दिएका छन् । उनले यही भाषाहरूले कवि र रचनाकारहरूको अनुभूतिलाई सम्प्रेषित गर्नुमा समर्थ सृष्टि गर्दछ भन्ने छ ।

शब्द र अर्थ बीचको सम्बन्धहरूका गहराईलाई विचार गर्दै रिचर्ड्सले चार प्रकारका अर्थहरूको उल्लेख गरेका छन् । ती हुन् - वाच्यार्थ या अभिधार्थ, भाव पदसमूह, वक्ताको वाणीगत चेष्टा र अभिप्राय ।

रिचर्ड्सको मतअनुसार समृद्ध र समर्थ भाषामा उपर्युक्त चारै अर्थहरू छायाँको रूपमा रहेको हुन्छ । विशेष समर्थ रचनाकारहरूको काव्य भाषामा उपर्युक्त सबै प्रकारका भाषाको विशेषता हुनु पर्छ भनेर उनले भनेका छन् । रिचर्ड्सले काव्यको भाषाबाट सामान्यतः उपर्युक्त चार प्रकारका अर्थहरू नै सूचित हुने बताएका छन् । तर विषय र परिस्थितिको भेद अनुरूप यसको अनुपातमा भने परिवर्तन आउने पनि उनले बताएका छन् । उनले विज्ञानका पुस्तकहरूमा धेरै रूपमा वाच्यार्थ नै प्रयोग हुने पनि किटान गरेका छन् । रिचर्ड्सको मतअनुसार सेन्स या वाच्यार्थमा कुनै वस्तु विशेष या कुनै विधेयलाई शब्दहरूका माध्यम सूचित गरिने गरिन्छ ।

विज्ञान एवम् गणित आदिमा प्रयोग एक अलग रूपमा रहेको हुन्छ, जसमा कि काव्य भाषामा त्यस्तो हुँदैन । विज्ञानको पुस्तकहरूमा वाच्यार्थ त काव्यमा भावलाई अतिशयता गर्नुको निम्ति मात्र प्रयोग हुने रिचड्र्सले मानेका छन् । तरै पनि यी अर्थ परस्पर सर्वथा असंबद्ध रहेको देखिन्न ।

रिचड्र्सले काव्यमा भाव तथा भावार्थको अधिक महत्ताका कारण वाच्यार्थ वा सूच्य तथ्य गौण भएर जाने मानेका छन् । त्यो तथ्य साध्य रूपमा होइन, साधन रूपमा रहेको हुन्छ भन्ने उनको मान्यता पाइन्छ । मूलरूपमा जो व्यक्ति केवल तथ्यहरू अथवा विचारहरूको आधारमा नै कवितालाई मूल्यांकन गर्दछन् , उनीहरूले काव्यको साथ सठीक न्याय नगर्ने रिचड्र्सले मानेकी छन् । उनले काव्यमा भाषाको प्रयोग भावका प्रेरणालाई मानेका छन् । काव्यमा कविहरूले गणित जस्तै केही विषयहरूलाई अपवाद स्वरूपमा छोड़ेर जादछ । यसर्थ कविता विचारहरूको अभिव्यक्तिको लागि होइन , अपितु भावहरूको प्रभावका निम्ति हुने गर्दछ भन्ने रिचड्र्सको मान्यता पाइन्छ । अर्थ र भावको पारस्परिक सम्बन्धलाई स्पष्ट गर्दै उनले यसको तीन रूप भएको कुरालाई स्वीकार गरेका छन् । ती हुन् – पहिलो, जहाँ अर्थ नै भावको बोधक बन्दछ । दोस्रो, जहाँ अर्थ भावकै अनुभूतिका सूचक बन्दछ अनि तेस्रो, जहाँ प्रसंग विशेषका कारण अर्थ विभिन्न भावहरूका सूचक हुन्छन् ।

रिचड्र्सले काव्यमा लयद्वारा वाचकका श्रोताप्रति दृष्टिकोण व्यक्त हुने मानेका छन् । क्रोध र प्रेमको दशामा हाम्रो टोन वा लय अलग - अलग प्रकारका हुने पनि उनले मानेका छन् । सामान्यतः कुनै पनि

व्यक्ति कुनै प्रयोजनले गर्दा नै केही भन्ने गर्छन् वा चाहान्छन् । यसैले अभिप्रायको भाषासित महत्त्वपूर्ण सम्बन्ध रहेको रिचड्र्स ले मानेका छन् । भारतीय आलोचक गणपति चन्द्र गुप्तको मतअनुसार रिचड्र्सले मानेको भाषाको चारै भेदहरूको विभाजन वैज्ञानिक एवम् सुसंगत रहेका छैनन् । उनले यस बारे अझ स्पष्ट गर्दै साँचो कुरा यही हो कि रिचड्र्सका भाव, लल र अभिप्राय - अर्थका तीन भेद नभएर एक – अर्काका अङ्ग मात्र रहेको हुन् भनेका छन् । अर्थहरूका यस वर्गीकरणका अपेक्षा भारतीय आचार्यहरूका माध्यमद्वारा गरिएको शब्द - शक्तिको भेद अभिधा, लक्षणा र व्यंजना पनि अधिक रूपमा वैज्ञानिक एवम् तर्कसंगत रहेको मानिन्छ ।

## 12.4 छन्द र लय सिद्धान्तको मान्यताहरू

छन्द र अलङ्कार काव्यको बाह्य शोभाकारक तत्त्व हो । अलङ्कारलाई काव्यको आत्मा मानिएको हो । त्यसरी नै छन्द पनि काव्यको आधारभूत तत्त्व नै हुन् यसले काव्यको भावलाई नियन्त्रण गरेर अनुसाशित तुल्याउँदछ । अनि काव्यको सौन्दर्यलाई बढाउँदछ । पूर्वीय साहित्यमा छन्दको ज्यादै महत्व रहेको देखिन्छ । प्राचीनकालदेखि नै छन्दको प्रभाव साहित्यमा रहिआएको उदाहरणहरू छन् । ऋग्वेदका ऋचाहरू छन्दमै संरचित पाइन्छ । यसैले वेदका 6 अङ्गहरूमध्ये छन्द पनि एउटा हो । तर वर्तमान काव्यलेखनको सन्दर्भमा छन्दको प्रभावमा न्यूनता आएको देखिन्छ । लयपूर्ण गद्यशैलीको परिमार्रजन र विकास भएपछि नयाँ पुस्ताका कविहरूले छन्दलाई भन्दा गद्यशैलीलाई ज्यादा रूचाएर कविता सिर्जना गरिरहेका स्थिति छन् । नयाँ पुस्ताका कविहरूका

के पनि आरोप छन् भने छन्दोवद्ध कवितामा भावको नियन्त्रणको कारण विचारको समष्टि उतार्न सकिँदैन । यसैले पनि नयाँ पुस्ताका कवि रचनाकारहरूमा छन्दशैलीप्रति वितृष्णा नै बढी देखिन्छन् । छन्दका अनेक भेदहरू छन् । यसका भेदभिन्नताबारे आचार्यहरूमा मतैक्य पाइँदैनन् । आज काव्यजगत्मा छन्दको महत्त्व सुस्ताएर गए पनि यो काव्यको आङ्गिक तत्त्व भएकोले यसको महत्त्व सर्वोपरि रहेको देखिन्छ । रिचर्ड्सको छन्द र लय सिद्धान्तमा कुनै गध्यमा प्राप्त भइसकेका अक्षरानुक्रमबाट उत्पन्न हुने प्रत्याशाले र बस्तुतता घटित हुने उद्दीपन (अक्षरानुक्रम) – को प्रवृत्तिले संयुक्त रूपमा भूमिका खेल्दछ भन्ने मान्याता पाइन्छ । त्यसैले गर्दा गध्य गीतिमय भए पनि यसमा अक्षरानुक्रम, ध्वनिक्रम वा शब्दको इन्द्रियोद्दीपक रूप पक्षका दृष्टिले यसो आउनुपर्छ भन्ने विदि परकता भन्दा यसो नआउनुपर्छ भन्ने निषेध परकता नै हाम्रा मनका प्रत्याशामा प्रबल रहन्छ भन्ने छ । प्रत्याशाको यही अनिश्चितताामा सम्भावित प्रभावको आफ्नै परिधिका साथ नयाँ तत्त्वको प्रवेश हुन्छ । यो नयाँ तत्त्व के हो भन्दा शब्द – प्रयोगको स्थिति । तर रिचड्र्सले भने स्पष्ट पार्दै शब्द वा ध्वनिको आफ्नै खास सौन्दर्य प्रभाव नहुने हुनाले शब्दमा कुनै खास साहित्यिक तत्त्व अन्तर्निहित रहँदैन भनेका छन् । त्यसैले कुनै पनि शब्द वा ध्वनि समूह आफैमा सुन्दर – असुन्दर वा रमणीय – अरमणीय छैनन् भन्ने उनको धारणा पाइन्छ ।

कविताको कलापक्षसित सम्बन्धित तत्त्व शैली हो । यसलाई शब्दतत्त्व पनि भनिएको पाइन्छ । कविले जुन भाषालाई जुन रूप वा पद्धतिमा आफ्नो अनुभूतिलाई अभिव्यक्त गर्दछन् , त्यसलाई शैली बन्न सकिन्छ । यस अन्तर्ग भाषा स्वरूप आदिको समावेश बुने गर्दछ । शैलीलाई पूर्वीय

विद्वान्हरूले काव्यको शरीरतत्त्वको रूपमा परिभाषित गरेका छन् । शैलीको आधारतत्त्व भाषा हो । शैली कविताको बाह्य अङ्गसित सम्बन्धित हुन्छ । कवितामा शैली र भाव दुवैको समुचित समन्वय हुन अनिवार्य हुन्छ । यसैले भाव तथा विचार शैलीको सङ्गठित रूप नै कविता हो भन्न सकिन्छ । तर रिचर्ड्सको छन्द र लय सिद्धान्तमा कविता वा काव्य तथा साहित्यमा प्रयोग हुने शब्दको प्रभाव भन्नु शब्दका सम्भव प्रभाव र आइपर्ने खास परिस्थितिका बीचको सम्झौता हुन् । उनले ध्वनिका रूपमा कुनै शब्दको प्रभावलाई यसका सहवर्ती अन्य प्रभावबाट अलग्याउन सकिन्न भन्ने ठानेका छन् । किनभने यिनीहरू तत्काल परसम्पर मिसिइ हाल्छन् भन्ने उनको मान्यता रहेको पाइन्छ । हुन त काव्यका शैलीका निम्ति आवश्याक तत्त्वहरूमा छन्द र लयलाई प्रमुख तत्त्वको रूपमा मानिने गरिन्छ । यसपछि भाव, विषय, भाषा, शैली बन्ने कुरा आउँदछन् ।

भावको अभिव्यक्तिगत सशक्त माध्यम भाषा हो। कवितामा प्रयोग गरिने भाषा अन्य साहित्यिक विधाहरूको तुलनामा भिन्नता हुन्छ। कविताको भाषा लयात्मक र कोमल पदावलीयुक्त कान्तसम्मित आग्रही हुन्छ । भाषाद्वारा नै कवितामा लाक्षणिक र व्यञ्जनात्मकका साथै प्रतीक र बिम्बहरूको यथा प्रयोग गरिएको हुन्छ। प्रतीक र बिम्बको प्रयोगद्वारा नै कवितामा कविहरूले शैलीको विशिष्टता प्रदान गर्दछन् । यसका साथै कवितामा लयको आफ्नै महत्त्व रहेको हुन्छ । साहित्यका अन्य विधाहरूबाट कवितालाई छुट्याएर अलग गराइ स्पष्ट चिनाउने आधार नै लय विन्यास हो। कवितालाई गति प्रदान गर्ने तत्त्व नै लय हो। आज छन्दविना पनि कविता हुन्छ तर लयविना कविता हुँदैन । त्यसरी नै अलङ्कार पनि कविता शैलीको आधारभूत अङ्ग हो । अलङ्कारको

संयोजनले गर्दा कविता चमत्कारयुक्त, सौन्दर्यपूर्ण र आक्रर्षक तथा प्रभावशाली बन्दछ । तर रिचड्र्सको छन्द र लय सिद्धान्तमा अलङ्कारलाई भन्दा पनि आवृत्ति र आकाङ्क्षालाई प्रमुख मानेका छन् । उनले मनको पूर्वगामी उत्तेजनाले शब्दद्वारा प्रस्तुत हुने अनेक सम्भव विशेषता मध्ये जुन आफूलाई सबैभन्दा ज्यादै अनुकूल हुन्छ वा लाग्दछ , त्यसैलाई मानेका छन् । त्यसैले रिचड्र्सको दृष्टिमा कुनै खास स्वर, ध्वनि वा अक्षरानुक्रमलाई अरमणीय र रमणीय ठान्नुको केही तात्पर्य छैन ।

कविता छन्दोबद्ध र छन्दमुक्त दुई भाषिक परिपाटीमा लेखिएको पाइए पनि आज छन्दोबद्ध कविता लेख्ने प्रचलन धेरै घटेर गएको छ । सुरुमा पद्यलाई कविता भनिन्थ्यो जुन छन्दमा लेखिन्थे तर आधुनिक युगमा कविता छन्दमा लेखिन छाडे । यसैले पद्य र गद्य कविताको भाषिक विन्यासमा प्रशस्तै भिन्नता रहेको बोध गरिन्छ । कविता लयात्मक ,सौन्दर्यात्मक , बिम्बात्मक ,प्रतीकात्मकर आलाङ्कारिक हुनाले यसको भाषाशैली पनि अन्य साहित्यको विधाहरूभन्दा विशिष्ट र कोमल हुन्छ । तर रिचड्र्सको छन्द र लय सिद्धान्तमा कविताको प्रभावको पर्याप्त महत्वपूर्ण अंश ध्वनिमा निर्भर रहने मानेका छन् । यसैकारण त उनले प्रत्याशा, सन्तुष्चि, निराशा र विस्मयको सङ्ग्रथन वा टेक्चरलाई **लय** भन्न चाहेका हुन् ।

## 12.5 छन्द र लयको प्राप्ति र सीमा

रिचड्र्सको छन्द र लय सिद्धान्तको मूल्य र महत्व पाश्चात्य साहित्यमा भन्दै प्रकारको रहेको पाइन्छ । उनीद्वारा दिइएको छन्द र लयको धारणा साहित्य तत्त्वका धारणा भन्दा भिन्दै र विशिष्ट प्रकारका पाइन्छन् । यसैले जति यस सिद्दान्तको महत्व र गरिमी पाश्चात्य साहित्यमा उच्च र

महत्वपूर्ण देखिन्छ , त्यति नै उनको छन्द र लय सिद्धान्तका प्राप्ति र सीमा पनि छन् । कतिपय आलोचकहरूले रिचर्ड्सको छन्द र लय सिद्धान्तलाई ओजस्वी, मूल्यवान र गहकिलो बताएका छन् भने कतिपय आलोचकहरूला यी सिद्धान्तका दुर्बल पक्षहरूको पनि निन्दा गरेका छन्।

रिचर्ड्सले छन्दोबद्ध रचनामा अवचेत रूपमै आकाङ्क्षाको निश्चितता र सङ्क्रीणता ज्यादै बढेर जाने बताएका छन् । समयहत रूप नुक्रमको विकासको नियमितताले गर्दा छन्दमा प्रत्याशा पूरै निर्धारित हुन्छ भनी उनी ठान्दछन् । यसैले छन्द भन्नु कुनै आन्तरिक सङ्गीतमापन यन्त्रका स्पन्दनसँगको कम वा ज्यादा परिष्कृत सहभागिता मात्र पनि होइन । छन्द विभिन्नतामा एकत्व हो र केही छुटका साथ समान ढङ्गले अक्षरानुक्रमिक व्यवहार गर्ने मानसिक व्यायम हो भन्ने धारणालाई रिचर्ड्सले पुरै खण्डन गरेका छन् । उनले छन्द र लय शब्दहरूमै मृदङ्ग – आघातमा निर्भर छन् भन्ने कुरा पनि मान्दैनन् । तर लयले गर्दा कविता साहित्यका अन्य विधाहरूभन्दा पृथक् हुन्छ । कविताको भाषा लयात्मक हुन्छ । अहिले दुईवटा पद्य र गद्य शैलीमा कविता लेखिन्छन् । कवितामा लय निर्वाहका लागि छन्द अनिवार्य भए पनि गध्य कवितामा छन्द अनिवार्य मानिँदैन । यसैले गध्य कवितामा लयको ध्वन्यात्मक आवृक्ति सूक्ष्म रहेको पाइन्छ । यसैले अन्तर्लयको अवरोहलाई गध्य कविताको विशेषता मानिने गरिन्छ । त्यसरी नै छन्दोबद्ध कवितामा स्थूल लयको ध्वन्यात्मक आवृत्ति हुन्छ । अन्तर्लय र बाह्यलयको चाप रहन्छ । कवितामा अन्तर्लय र बाह्यलयको विशिष्ट संयोजन हुन्छ । त्यसो हुनाले लयलाई कविताबाट हटाउन सकिँदैन ।

कतिपय विद्वान्हरू छन्दविनाको लय भावपूर्ण र अर्थपूर्ण हुँदैन भन्छन् । छन्दले नै लयलाई भाषासित सम्बद्ध गराएर अर्थपूर्ण अभिव्यक्ति गराउन

सहयोग गर्छ भन्ने उनीहरूको भनाइ छ । अतः 'छन्दोबद्ध कवितामा छन्द र यसको संरचनाका माध्यमबाट लयको उत्पत्ति हुन्छ भने गध्य कवितामा अर्थ वा भावका माध्यमबाट लयको उत्पत्ति हुन्छ' भन्ने देखिन्छ । आख्यानात्मक नाटकीय र प्रगीतात्मक कवितामा लय , अनिवार्य मानिन्छ । तर रिचर्ड्सको लयबारे धारणा भिन्दै रहेको पाइन्छ । उनले सङ्ग्रथनलाई लय मान्दै छन्दले लयलाई निर्मित गर्ने विविध परिणामयुक्त अनुक्रियामै छन्द पनि निहिन हुने हुनाले यसमा लय पनि रहेको हुन्छ भनेका छन् । वस्तुत शब्द – ध्वनि र मृदङ्ग – आघात त उद्दीपन बस्तु मात्र भएकोले रिचर्ड्सले हाम्रो मानसिक अनुक्रियामै छन्द पनि निहित हुने बताएका छन् । उनको दृष्टिमा छन्दले लयलाई निर्मित गर्ने विविध परिणामयुक्त आकाङ्क्षाहरूलाई कालिक र समयात्मक रूपविधान प्रदान गर्दछ बनि मानेका छन् । हामी बन्दा बाहिरको कुनै बस्तुमा कुनै रूप – प्रणालीको प्रत्यक्षण प्रदान गर्नुमा नभइ हामी नै मानसिक रूपले प्रमालीकृत हुनुमा छन्दको प्रभाव हुन्छ भन्ने रिचर्ड्सको छन्द र लय सिद्धान्तमा पाइन्छ ।

काव्यमा भाव या भावार्थको अधिक महत्ताका कारण त्यहाँ वाच्यार्थ या सूच्य तथ्य गौण भएर जाने गर्दछ । त्यो तथ्य साधन हुने गर्दछ , साध्य होइन । अतः जो व्यक्ति केवल तथ्यहरू अथवा विचारहरूको आधारमा नै कवितालाई मूल्यांकन गर्दछन् , उनीहरूले काव्यको साथ सठीक न्याय नगर्ने रिचर्ड्सले मानेकी छन् । उनले काव्यमा भाषाको प्रयोग भावका प्रेरणालाई मानेका छन् । काव्यमा कविहरूले गणित जस्तै केही विषयहरूलाई अपवाद स्वरूपमा छोड़ेर जादछ । यसर्थ कविता विचारहरूको अभिव्यक्तिको लागि होइन ,

अपितु भावहरूको प्रभावका निम्ति हुने गर्दछ भन्ने रिचड्र्सको मान्यता पाइन्छ । अर्थ र भावको पारस्परिक सम्बन्धलाई स्पष्ट गर्दै उनले यसको तीन रूप भएको कुरालाई स्वीकार गरेका छन् । ती हुन् –

१) जहाँ अर्थ नै भावको बोधक बन्दछ ।

२) जहाँ अर्थ भावकै अनुभूतिका सूचक बन्दछ ।

३) जहाँ प्रसंग विशेषका कारण अर्थ विभिन्न भावहरूका सूचक हुन्छन् ।

रिचड्र्सले काव्यमा टोन या लयद्वारा वाचकका श्रोताप्रति दृष्टिकोण व्यक्त हुने मानेका छन् । क्रोध र प्रेमको दशामा हाम्रो टोन वा लय अलग - अलग प्रकारका हुने पनि उनले मानेका छन् । सामान्यतः कुनै पनि व्यक्ति कुनै प्रयोजनले गर्दा नै केही भन्ने गर्छन् वा चाहान्छन् । यसैले अभिप्रायको भाषासित महत्त्वपूर्ण सम्बन्ध रहेको रिचड्र्स ले मानेका छन् । भारतीय आलोचक गणपति चन्द्र गुप्तको मत अनुसार रिचड्र्सले मानेकोभाषाकोचारैभेदहरूको विभाजन वैज्ञानिक एवम् सुसंगत रहेका छैनन् । उनले यस बारे अझ स्पष्ट गर्दै साँचो कुरा यही हो कि रिचड्र्सका भाव, लल र अभिप्राय - अर्थका तीन भेद नभएर एक – अर्काका अङ्ग मात्र रहेको हुन् भनेका छन् । अर्थहरूका यस वर्गीकरणका अपेक्षा भारतीय आचार्यहरूका माध्यमद्वारागरिएको शब्द - शक्तिको भेद अभिधा, लक्षणा र व्यंजना पनि अधिक रूपमा वैज्ञानिक एवम् तर्कसंगत रहेको मानिन्छ ।

रिचड्र्सको छन्द र लय सिद्धान्तको मुल प्राप्ति नै छन्दका प्रत्येक आघातसँदै प्रत्याशाको ज्वार आफ्ना असामान्य व्यापक प्रतिध्वनि प्राप्त गर्दै हाम्रो मनमा घुम्न र चलमलुन थाल्छन् भन्ने हो । कालिक –

समयगत रूप – प्रणालीले किन हामीलाई यत्तिको उत्तेजित पार्छ ?, मनको स्रोतबाट गडगडाउँदै निक्लेको उत्तेजनको ज्वार अथवा शरीरभरि व्याप्त बृहत् चक्राकार उद्वेलन हो भनेर किन हामी जान्दैनौ ? यसबारे रिचर्ड्सले छन्दलाई परिभाषित गर्नुका साथै मानसिक गतिविधिसँद यसको सम्बन्धलाई अत्यन्त मर्ममय ढङ्दले व्यक्त गरेका पाउँछौं । वास्तवमा यो ने रिचर्ड्सको छन्द र लय सिद्धान्तको प्राप्तिहरू हुन् । यसबाहेर रिचर्ड्सले नियमितता, विविधता वा अन्य कुनै रूपात्मकता नभई तिनीहरूका मानसिक प्रभावमै ठन्दको कुनै विशेष गुण निहित हुने बताएका छन् । तर उनको यस धारणामा कितपय विद्वानहरू सहमत छैनन् । छन्दले प्राप्त गर्ने वा छन्द उन्मुख हुने प्रत्याशाको निश्चितताबाट प्राप्त नियमितताद्वारा नै मन वशीभूत हुन्छ भन्ने नको धारणा पाइन्छ । यस सन्दर्भमा रिचर्ड्सले प्रत्याशाको सफलता बन्दा विफलता नै बढता महत्वपूर्ण हुन्छ भन्ने विचार पोखेका छन् । उनले गध्यमा विगत शब्दहरूको असरले केही अग्रसर मात्र गराउँछ भने पध्यमा श्लोक – रूप र अन्त्यानुप्रासले पङ्क्ति – एकाइ भन्दा अझ बढी अगिल्तिर हामीलाई लैजान सक्छन् भनेका पनि छन् , जसको पछि पाश्चात्य समालोचना परम्परामा धेरै आलोचना भएको पाइन्छ ।

पाश्चात्य आलोचक कलरिजको **लिटरेरिया बायोग्राफिया** नामक पुस्तकको चौधौं परिच्छेदमा छन्दको उद्भवको साङ्केतिक सिद्धान्तलाई देखाइएको पाइन्छ भन्दै रिचर्ड्स कविताका अवयवका बीच समन्विति प्रदान गर्ने स्मृति – सहकारी शक्तिका रूपमा पनि छन्दको परिचय प्रदान गर्न चाहान्छन् । उनको विचारमा कलरिजको छन्द सम्बन्धी उक्त टिप्पणीमा काव्य – सिद्धान्तका सबैभन्दा ज्यादा सङ्केतहरब फेला पर्दछन् । रिचर्ड्सले कलरिडको उक्तिलाई उद्धरण गर्दै यसो भनेका छन् – “ यस

(छन्द) – को प्रभावले सामान्य भावना र दृष्चिका सजीवता वा प्रभावशीलतालाई बढाउँदछ । तर कलरिजको विचारअनुसारको विसम्यको निरन्तरतापूर्ण उत्तेजना तथा अझै पुनरूक्तेजित उत्सुकताको दुत्ततर क्रिया – प्रतिक्रियाद्वारा उपर्युक्त प्रभाव प्राप्त गर्दछ ।"

## 12.6 छन्द र लय सिद्धान्तको विकास

पाश्चात्य वा पूर्वीय दुवै साहित्यमा छन्द प्रयोगको परम्परा धैरे अघिदेखि चलेर आएको पाइन्छ । पूर्वीय वा नेपाली कविताको जति लिखित इतिहास छ त्यति नै पुरानो परम्परा छन्द कविताको देखिन्छ । मात्रिक, पार्णिक र जातीय छन्दका धैरै कविताहरू लेखिएका छन् । सुवानन्ददासको पृथ्वीनारायण कविता कवित् लोकलयमा रचिएको भए पनि त्यसमा अन्तर्लयको संयोजन भएकोले छन्दको प्रभाव मान्न सकिन्छ । नेपाली कविता परम्परामा शक्तिबल्लभ अर्जयालको वि. सं. 1839 मा प्रकाशित **तनहुँ भकुण्डो** कविताबाट छन्द लेखनको प्रारम्भ भएको मानिन्छ । यो कविता स्वागता छन्दमा लेखिएका छन् ।

वीरगाथा कालमा शास्त्रीय वार्णिक छन्दमा कविता सिर्जना गर्ने शक्तिवल्लभ, उदयानन्द प्रभृति कविहरा मुख्य देखिन्छन् । यस कालका कविहरूले शार्दूलविक्रीडित, स्वागता, मालिनी, सग्धरा आदि छन्दमा कविता लेखेका छन् । अध्यात्मक कालमा आएर छन्दबद्ध कविता लेखनको परम्परा अझ तेज हुनपुगेको देखिन्छ । भानुभक्त आचार्य र इन्दिरसले यस परम्परालाई अघि बढाउने कार्य गरेका छन् । भानुभक्तका रामायण महाकाव्यमा विविध शास्त्रीय छन्दहरूको एकाधिक सफल प्रयोग गरेर लेखिएको पाइन्छ । शृङ्गारिक कालका मोतीराम भट्ट, शम्भुप्रसाद ,चक्रपाणि चालिसे ,दधिराम मरासिनी ,शिखरनाथ सुवेदी ,इ्गेलढु

कुलचन्द्र गौतम प्रभृत्ति कविहरूले समस्यापूर्ती कविता ,लक्ष्मीदत्त पन्त लेखनबाट छन्दोबद्ध कविताहरू लेखेका पाइन्छन् । यस कालमा लोकलयका कविता, फारसी, उर्दू र अरबी छन्दका गजल औ सवाइ तथा लहरी काव्यहरू लेखिएका छन् । नीतिकाल र स्वच्छन्दतावादी धाराको अवधिसम्म छन्दोबद्ध कविताहरू मात्र लेखिएका पाउँछौं । लेखनाथ पोड्याल, लक्ष्मीप्रसाद देवकोटा, माधव धिमिरे, धरणीधर शर्मा कोइराला, युद्धप्रसाद मिश्र आदि छन्दमा कविता लेख्ने कविहरू छन् । वि. सं 1992 सालपछि गोपालप्रसाद रिमाल, भीमनिधि तिवारी आदि कविहरूको आगमान नेपाली कविता साहित्मा भएपछि पध्य तथा छन्दोबद्ध कविता भन्दा गध्य कविता लेखनमा कविहरू धेरै लागिपरेको देखिन्छ ।

प्रयोगवादी कालदेखि यता आएर पनि छन्दोबद्ध कविताहरू लेखिनै रहेको पाइन्छ । मुकुन्द शरण उपाध्याय, मोदनाथ प्रश्रित, वासुदेव त्रिपाठी, रामबाबु सुवेदी लगायत भैरव अर्याल, होमराज पाण्डे आदि कविहरूले छन्दोबद्ध कविताहरू लेखेका छन् । यसबाहेक पनि लगभग दुई सय भन्दा बढी कविहरूले पुस्तकाकारका रूपमा वा सोसल मिडियाहरूमा छन्दोबद्ध कविता लेखिरहेका पाइन्छन् । नेपाली कवितामा छन्दविधानको शास्त्रीय विधिलाई सफल ढङ्गले पद्यमा उतार्ने कार्य आजभन्दा अढाइ सय वर्षअघि देखि निरन्तर रूपमा हुँदैआएको हो । अतः नेपाली कवितामा छन्द प्रयोगको स्थिति वीरगाथा कालदेखि देवकोटाको समयसम्म उर्वरतापूर्वक झ्याँगिएको देखिन्छ । छन्द प्रयोगको दृष्टिले नेपाली कवितामा सबलता र केही कमजोरीहरू पनि छन् । नेपाली कविहरूले राजनैति, नीति, शिक्षा, सामाजिक, मानवीय, धार्मिक, क्रान्ति, देशप्रेम, नारी आदि जस्ता विषयलाई छन्दोबद्ध कविताका माध्यम प्रकाश पारेको देखिन्छ । छन्द

Notes

प्रयोगको दृष्टिले नेपाली कविता एक अक्षरदेखि एक्काइस अक्षरसम्मका पाइन्छन् । बद्ध लयमा रचिएका छन्दकविता नेपालीमा प्रशस्त छन् ।

नेपालीमा प्रथम छन्दोबद्ध कविता तनहुँ भकुन्डो हो जुन वीरभावनाले युक्त शुद्ध संस्कृत छन्दमा लेखिएको देखिन्छ । कविले छन्द - विधानको सचेत प्रयोग गरेर उक्त कविता लेखेका छन् । नेपाली कवितामा अध्यात्म कालमा भानुभक्तले लगभग 13 वटा छन्दको प्रयोग गरेर **रामायण** महाकाव्यको रचना गरेका देखिन्छन् । उनले शार्दूलविक्रीडित, शिखरिणी, मन्दाक्रान्त, बसन्दतिलका, इन्द्रबज्रा आदि छन्दहरू प्रयोग गरेर आफ्ना कविता, काव्य रचेको पाइन्छ । भानुभक्तले **प्रश्नोत्तर माला, बधुशिक्षा, भक्तमाला** आदि कृतिमा संस्कृत छन्दको पनि प्रयोग गरेका छन् । उनले संस्कृत छन्दको प्रयोग गरेर कविता लेखे पनि छन्दको प्रयोग गराइ र सरल नेपाली लेखन शैलीको कारण उनी जनसाधारणको हृदयमा बस्न सक्षम भएका छन् । छन्द प्रयोगको दृष्टिले भानुभक्तका रामायण महाकाव्यमा पाइने शार्दूलविक्रीडित छन्दको श्लोक उदाहरण लिन सकिन्छ । यसरी नै सरल र सहज प्रकारका समान गण भएका संस्कृत छन्दको प्रयोग गरेर केही कविताहरू लेखिएका पाइन्छन् । धरणीधर शर्मा कोइरालादेवकोटा प्रभृत्ति कविहरूले कल ,भीमनिधि तिवारी ,म चलाएका छन् ।

यसरी नै धरणीधर शर्माको साहित्य सुधा कविता तोटक छन्दमा रचिएको सफल छन्दोबद्ध कविता हो । अतः नेपाली साहित्यमा अनुष्टुप् , ,मालिनी ,इन्द्रावंशा ,इन्द्रावज्रा ,शिखरणी ,वंशस्थ ,शार्दूलविक्रीडित ,शालिनी ,स्वागता ,उपेन्द्रावज्रा ,स्रग्धरा ,वसन्ततिलका तोटक, मालती, मन्दाक्रान्त, मालभारणि आदि छन्दको प्रयोग गरेर कविहरूले आफ्ना कविताको सिर्जना गरेको पाइन्छ । बार्णिक छन्दका अतिरिक्त मात्रिक

छन्दमा पनि हाम्रा कविहरू लेखनाथ, धरणीधर, पारसमणि जस्ता कविहरूले कलम चलाएका छन् । सममात्रिक चौपाई छन्दमा संरचित लेखनाथको **गौथलीको चिरिबिरी** सुन्दर नमुना कृति हो । प्रस्तुत श्लोकमा जम्मा चार पाउ छन् । पहिलो र तेस्रो पाउमा 13 – 13 मात्रा अनि दोस्रो र चौथो पाउमा 11 – 11 मात्रा रहेका छन् । नेपाली साहित्यमा संस्कृत छन्द बाहेक झ्याउरे, सेलो, सवाई आदि जातीय छन्दमा पनि उत्कृष्ट कविताहरी लेखिएका छन् । देवकोटाको **मुनामदन** झ्याउरे छन्दमा रचित उत्कृष्ट कृति हो । मुनामदन नेपाल र भोटको स्थान विशेषको परिपाटीमा संरचित सुन्दर राग र लयमा आधारित कृति हो । यसमा दुई पाउको एक श्लोक र अन्त्यानुप्रासको समायोजन गरिएको छ । प्रत्येक पाउ सोह्र अक्षर रहेको छ । नेपाली कविता रसानुकूल छन्द प्रयोगको दृष्टिले पनि सक्षम देखिन्छ। उपदेश र नीतिका लागि अनुष्टुप् र वशंस्थ छन्दको प्रयोग गरिएको पाइन्छ । उदाहरणका लागि बालकृष्ण समको उपदेशमूलक निम्न श्लोक अनुष्टुप् छन्दको प्रभावकारी प्रयोगलाई अगाडि सार्न सकिन्छ ।

अतः छन्द प्रयोगको स्थिति नेपाली कवितामा विकासशील देखिए पनि छन्दको कठोर नियम र बन्धनले गर्दा कविताको भाव र अनुभूतिलाई सम्प्रेष्य बनाउन असमर्थ बनेको स्थिति पनि यथार्थ स्थिति हो । रघुनाथ भट्ट जस्ता कविहरू सोमनाथ सिग्देल, कुलचनद्र गौतम आदि कविहरू संस्कृतको कठोर बन्धनमा वाधिएर यसै नियममा उनीहरूले आफ्ना कविता लेखेको पाइन्छन् । यी कविहरूका कविता भानुभक्त, दोवकोटा, लेकनाथ, धर्णीधर जस्ता सहज छैनन् । तापनि छन्द प्रयोग कै विशिष्टताले नेपाली साहित्यमा भानुभक्त सारा नेपालीका आदिकवि भए

भने देवकोटा प्रिय कवि बने । अतः साहित्यमा छन्द र लयको कारण प्रभावकारी, आलङ्कारीक र चिर स्थायी रहेको देखिन्छ ।

नेपाली कविताको परम्परामा पद्य र गद्य दुईवटै शैलीका कविताहरू लेखिएका छन् । अतः नेपाली कवितामा लयको स्थितिलाई बुझ्नका लागि छन्दोमय र गद्यमय दुवै शैलीका कविताहरूलाई बेग्ला - बेग्लै रूपमा हेर्न आवश्यक हुन्छ । छन्दोबद्ध कवितामा लयको निर्वाह कुन रूपमा भएको छ भन्ने सम्बन्धमा तलका कविहरूमध्ये केही कविका कवितालाई चर्चा गर्न उपयुक्त हुन्छ । संस्कृत छन्दोबद्ध कविहरू शक्तिवल्लभ अर्ज्याल, बसन्त शर्मा, उदयानन्द अर्जयाल, यदुनाथ पोखरेल, चक्रपाणि चालिसे, शम्भुप्रसाद ढुङ्गेल, भरतराज पन्त लगायत माध्यमिक कालीन कविहरू मोतीराम भट्ट्, महानन्द सापकोटा साथै आधुनिक कालीन नेपाली कविहरू धरणीधर शर्मा, लेखनाथ पौड्याल, कविराज पौड्याल, कविता रिजाल आदि छन् ।

शक्तिवल्लभ अर्ज्यालको **तनहुँ भकुन्डो** शीर्षक कवितामा लयको ध्वन्यात्मक आवृत्तिको स्थूल अभिव्यक्ति भएको देखिन्छ । प्रस्तुत श्लोकमा ७ अक्षरमा यति छ अनि बाला, चाला, राला जस्ता अन्त्यानुप्रासले ध्वन्यात्मक प्रवाहको विकास गरेको छ । यसरी नै भानुभक्तका आख्यानात्मक कृति **रामायण** महाकाव्यमा पनि ध्वन्यात्मक बाह्य र आन्तरिक लयको आवृत्ति भएको देखिन्छ । प्रस्तुत श्लोकमा भनाइको आरोह र अवरोहले विशेष अर्थ दिएको पाइन्छ । मानिसको यौवन र स्त्रीसुख छाया जस्तो हो क्षणिक हुन्छ तर पनि मानिस त्यसैको खोजीमा भ्यातुर हुन्छ भन्ने अर्थोत्पन्न भएको छ । त्यस्तै धरणीधरका प्रगीतात्मक कवितामा पनि लयको आन्तरिक र बाह्य संयोजनले गर्दा कविताको अर्थ बुझ्न धेरै सजिलो भएको छ । देवकोटाका आख्यानात्मक

र प्रगीतात्मक किसिमका काव्यहरूमध्ये आख्यानात्मक काव्यमा लयको सहज र सुन्दर संयोजन भएको पाइन्छ । जस्तैः

**चन्द्रमालाई चन्द्रमा हेर्छिन् कौसी र आकाश**

**स्वर्गका अटाली हाँस्दछिन् यौटी, यौटी छन् उदास**

**( देवकोटा – मुनामदन खण्डकाव्य )**

यहाँ देवकोटाले चन्द्रलाई मुनाको प्रतीक बनाएर सौन्दर्यको सादृश्य गराउँदै पुनः चन्द्रमालाई मानवीकरण गरी मुनारुपी चन्द्रमा कौशीमा दुःखी भइर लोग्नेको सम्झनामा तड्पिरहेकी अर्थोत्पन्न गराएका छन् । साथै अलङ्कारको निर्वाहमा श्लोक गेय र लयात्मक बन्न पुगेको छ । यसरी नै आजका कवितामा पनि लयको सुन्दर संयोजनका रूपमा वर्तमान राजनैतिक अवस्थाको चित्रण भएको देखिन्छ । जस्तैः

**खाना नाना पाऊँ भन्ने यौटै मन्त्र**

**झुप्रोभित्र आउनु पर्छ ह्राम्रो प्रजातन्त्र ।**

**( अनिल पौड्याल)**

यहाँ झोपडीका गरिबहरूले पनि प्रजातान्त्रिक अधिकार पाउनुपर्छ भन्ने अर्थोत्पन्न भएको छ । झोपडी गरिबीको प्रतीक छ । यहाँ ध्वनिको आवृत्ति समान रूपमा भएकोले ध्वन्यात्मक लयमा स्थूल तरङ्ग उत्पन्न भएको देखिन्छ । नेपाली कविता - परम्परामा वि. सं. 1990 को दशकपछि अभिव्यक्ति शैलीमा नौलोपन देखापरेको हो । त्यसपछि यता पद्यमय वा छन्दोबद्ध कविताको सट्टा गध्य कविताको परम्परा सुरू भएखो पाइन्छ । आजसम्मको खोज र अनुसन्धानले गोपालप्रसाद रिमाललाई प्रथम सफल गध्य कविको रूपमा अवतरित भएका छन् । यसैले गध्य कविहरूमा भीमनिधि तिवारी, बालकृष्ण सम, गोपालप्रसाद रिमाल, सिद्धितरण श्रेष्ट, बीरेन्द्र, बैरागी काइला, इश्वर बल्ल्भ, मनप्रसाद

सुब्बा, मोहन ठकुरी आदि देखा पर्छन् । नेपाली साहित्यका प्रायः कविहरू नै गध्य शैलीमा लेखिरहेका छन् । अतः गध्य कविता छन्दोवद्ध कविताको स्वरूप, शिल्प भन्दा नितातन्त फरक साथै मुक्तक छन्दमा लेखिएको जस्तो पनि देखिन्छ ।

पध्य कवितमा लयलाई छन्दले प्रभाव पारेको हुन्छ तर गध्य कवितामा छन्द नभए तापनि यो लयात्मक हुने गर्दछ । हुन त कविताको भाषा आफैमा लयात्मक हुने भएकोले गद्यकवितालाई लयबाट अलग्याउन - सकिँदैन । नेपाली साहित्यको प्रथम लिखित पृथ्वीनारायण कविता लोकलयमा आधारित गद्य परिपाटीमा लेखिएको पाइन्छ । सुवानन्ददासको **पृथ्वीनारायण** कविता मुक्तछन्दमा लेखिएको कविता हो । तापनि यसमा अन्तर्लयको साङ्गीतिक प्रवाह छ । हंस, छुटाव है, उठाव है साथै भीमसेन र भँवरा आदि प्रतीकको प्रयोगले ध्वन्यात्मक लयात्मकता सिर्जना गरेको देखिन्छ । यसरी नै रिमालका कवितामा पनि लयको संयोजन बेजोड देखिन्छ । उनको **सपनामा** शीर्षक कवितामा शब्द - विन्यास र वाक्य - विन्यासको विचित्र क्रमले श्रुतिमधुर ध्वनिको प्रवाह उत्पन्न गरेको छ । यसमा जुन यतिगति र विरामहरूको परस्पर क्रमिक योग छ त्य ,सले ध्वनिको प्रवाहलाई विकासेको छ भने कविताको भावार्थले लयात्मक सिर्जना गरेको छ । बिम्ब र मिथकको आलाङ्कारिक विन्यासले लयलाई उत्कर्ष रूप दिएको छ ।

लयात्मक विन्यास प्रयोगकालका कवितामा अझै परिमार्जित बनेको देखिन्छ वैरागी काइँलाका कविताहरूमा ध्वनिको आवृत्तिमूलक अन्तर्लयले कविता साङ्गीतिक बन्न पुगेको छ । अवचेतन मनः स्थितिको तन्द्रालु अभिव्यक्तिमा क्रमिकता छैन तापनि विभिन्न चिह्न प्रयोगले भावप्रवाहलाई गति दिएको छ। 'धरती ओछ्याएर कोठाभरि भूईमा' जस्ता चिद्वैषम्यको

भाषिक उपकरणले संवेदित ध्वनिको सिर्जना गरेको छ । बैलाको र अनिस्त्वको विरुद्ध उर्वरता र अस्तित्वको अर्थोत्पत्तिले कविता लयात्मक बनेको छ । 'झङ झङ झङ' जस्तो लयात्मक ध्वनिको आवृत्तिमूलक विन्यासले कवितामा बाह्य र आन्तरिक लयको विशिष्टता कायम गरेको छ भने शब्द - विन्यासमा बिम्बात्मक संयोजनले श्रुतिमधुर ध्वनिको प्रवाह स्थापित गरेको छ । यसरी नै लयको सुन्दर सिर्जना गरेर नेपाली कविताहरू धेरै लेखिएका छन् ।

## 12.7 उपसंहार

रिचड्र्सको छन्द र लय सिद्धान्तअनुसार छन्द त्यो साधन हो, जसद्वारा शब्दहरूलाई अधिकतम सीमासम्म परस्पर प्रभावशाली पार्न सकिन्छ । छन्दोबद्ध रचनामा अवचेत रूपमै आकाङ्क्षाको निश्तितता र सङ्क्रीर्णता ज्यादै बढेर आउँछ । अझ अन्त्यानुप्रासको प्रयोग पनि गरिएको छ भने त अत्यन्त निश्चितता प्राप्त हुन्छ भनेर रिचड्र्सले भनेका छन् । मूल रूपमा लय कविताको मौलिक, निजी र आवश्यकीय प्राण तत्त्व हो । साहित्यमा छन्द र लयको परिमार्जित प्रयोग गरिएको पाइन्छ । कुनै पनि कविताको गुढार्थ लय वा लयात्मकता बिना नबुझिने हुनाले लयलाई कविताको मुख्य तत्त्व मान्न सकिन्छ । लयको उत्पत्ति कवितामा छन्दको समान भएको पाइन्छ । यो गति, यति, प्रवाह, विराम आदि चिन्हबाट उद्भव कविता भएको हुन्छ । विशेषत: रिचड्र्सले लयका साथै यसको विशिष्ट रूप छन्द ध्वन्यात्मक तथा अक्षरानुक्रमिक आवृत्ति र आकाङ्क्षामा निर्भर रहने बताएका छन् । उनले अक्षरहरूका अनुक्रमबाट उत्पन्न हुने आकाङ्क्षाको सन्तुष्टि, निराशा र बिस्मयको यही सङ्ग्रथन (टेक्स्चर वा बुनोट) − लाई लय भनेका छन् ।

Notes

**छन्द** भनेको यति, गति, वर्ण या मात्रा आदिको गणनाका विचारबाट लेखिएको रचना अथवा पद्यलाई भनिने गरिन्छ । यसमा विशेष **चरण** या **पद** मूख्य रूपमा रहेको हुन्छ । प्रत्येक छन्दमा यसका नियमानुसार दुई, चार अथवा छ पंक्तिहरू हुने गर्दछ । यी प्रत्येक पंक्तिहरूलाई चरण या पद भनिन्छ । **लय** चाहिँ कविताको मौलिक, निजी र अनिवार्य तत्त्व हो । लयले नै कवितालाई गेयात्मक तथा साङ्गीतिक तुल्याउँछ । विद्वान् मुलरको विचारअनुसार लय भाषाको ध्वन्यात्मक स्वरूप हो र यसलाई कवितामा सुरको आरोह – अवरोह, सङ्कुचित र व्यापारिक क्रममा अनुशासित गर्दछ । त्यसैले लयात्मकता विना कविताले अर्थ दिन सक्दैन । जब लयसँग कविता सम्पृक्त हुन्छ तब जमिनबाट वृक्ष उम्रे जस्तै कविताबाट अर्थ उत्पन्न हुन्छ । लयलाई धेरैले ध्वनिप्रवाह मानेका छन् । यही रिचड्र्सले प्रतिपादन गरेको विशेष छन्द र लय सिद्धान्तले पाश्चात्य जगतमा मात्र नभएर पूर्वीय जगतमा पनि धेरै प्रभाव पारेको देखिन्छ ।

छन्दमा कम र गद्यमा धेरै कविताहरू लेखिँदै आइरहेको छ । यी दुवै छन्दोबद्ध र मुक्तछन्दका कविताको अनिवार्य तत्त्व लयात्मकता हो । लयलाई कति विद्वान्हरूले छन्दको प्राण मान्छन् । लय कविताको भाववेग हो भने छन्द त्यसलाई नियमबद्ध गराउने बाह्य रूप हो भन्छन् । कविताको भाषा आफैमा लयात्मक हुने भएकोले साहित्यका अन्य विधाहरूको तुलनामा कविता विशिष्ट र समृद्ध लयात्मक विधा मानिन्छ । रिचड्र्सको छन्द र लय सिद्धान्तलाई अध्ययन – अवलोकन गर्दा छन्द र लय दुवै मूलरूपमा प्रभाल प्रत्याशाबाट उत्पन्न हुने कुरा हुन् । यो प्रत्याशा अवचेतन – प्रक्रिया रहेको उनले मानेका छन् । जब अक्षरका अनुक्रमहरू आउँछन् , त्यसबाट हाम्रो मन खास रूपको अनुक्रमका निम्ति अनुकूलित बनेर जादछ । यसका साथै पध्य – गध्यका केही पङ्क्ति

पढ्नासाथ हाम्रो मन अनेक सम्भावित अक्षरानुक्रमहरू मध्ये कुने एकका निम्ति तयान बन्दछ भनेर रिचड्र्सले भनेका छन् ।

## 12.8 सार

यस प्रखण्डमा रिचड्र्सको **धन्द र लय सिद्धान्त**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- ❖ पश्चिमी आलोचकहरूमा आई. ए. रिचर्डसको सबैभन्दा महत्त्वपूर्ण स्थान रहेको देखिन्छ । उनलाई मनोवैज्ञानिक आलोचना पद्धतिका प्रवर्तक मानिने गरिन्छ ।
- ❖ जुन शास्त्रमा पध्य रचनाका नियम – लक्षण तथा उदाहरणहरूको विवेचना हुन्छ, त्यसलाई छन्दशास्त्र भनिने गरिन्छ । छन्दशास्त्रका आदि प्रवर्तक महर्षि पिंगल हुन् । यसर्थ छन्दशास्त्रलाई पिङगलशास्त्र पनि भनिएको पाइन्छ ।
- ❖ छन्द यति गति र लय मिलेको ,वर्ण र मात्राको निश्चित गणनाअनुसार सङ्ख्या र विश्रामको नियामक तत्त्व हो ।
- ❖ रचनालाई स्वर र लयमा वद्ध गरी वर्ण र मात्राको निश्चित सङ्ख्या र विश्रामका नियमले नियमित तुल्याउने तत्त्वलाई **छन्द** भनिन्छ ।
- ❖ लय ध्वनिप्रवाह हो । लयलाई कविताको मौलिक, निजी र अनिवार्य तत्त्व मानिन्छ । लयले नै कवितालाई गेयात्मक तथा साङ्गीतिक तुल्याउँछ ।
- ❖ लयको उत्पत्ति गति, यति आदि प्रवाह र विरामहरूको क्रमबद्धबाट हुँदछ । **लय** कविताको आन्तरिक भाववेग हो भने छन्द कविताको शरीर ।

❖ यसैले छन्द र लयको परस्पर सम्बन्ध हुन्छ । छन्दलाई लयले नै गतिमान् बनाउँदछ । नेपाली कविताको जति लिखित इतिहास छ त्यति नै पुरानो परम्परा छन्द कविताको देखिन्छ ।

❖ मूलरूपमा रिचर्ड्सले छन्दलाई शब्दहरूका माध्य धेरै सीमासम्म प्रभावशाली पार्ने साधन मानेका छन् भने लयलाई टेक्स्चर वा बुनोट मानेका छन् ।

❖ गध्य कविता छन्दको औपचारिक बन्धनबाट मुक्त रहेर पनि लयात्मक देखिन्छ । अतः छन्दोबद्ध र छन्दमुक्त दुवै शैलीका साहित्य विशिष्ट र लयात्मक रहेको छ ।

❖ रिचर्ड्सले छन्द र लय दुवै मूलरूपमा प्रभाल प्रत्याशाबाट उत्पन्न हुने कुरा हुन् । यो प्रत्याशा अवचेतन – प्रक्रिया रहेको उनले मानेका छन् ।

❖ जब अक्षरका अनुक्रमहरू आउँछन् , त्यसबाट हाम्रो मन खास रूपको अनुक्रमका निम्ति अनुकूलित बनेर जादछ । यसका साथै पध्य – गध्यका केही पङ्क्ति पढ्नासाथ हाम्रो मन अनेक सम्भावित अक्षरानुक्रमहरू मध्ये कुने एकका निम्ति तयान बन्दछ भनेर रिचर्ड्सले भनेका छन् ।

❖ रिचर्ड्सको छन्द र लय सिद्धान्तमा कुनै गध्यमा प्राप्त भइसकेका अक्षरानुक्रमबाट उत्पन्न हुने प्रत्याशाले र बस्तुतता घटित हुने उद्दीपन (अक्षरानुक्रम) – को प्रवृत्तिले संयुक्त रूपमा भूमिका खेल्दछ भन्ने मान्याता पाइन्छ ।

❖ रिचर्ड्सको छन्द र लय सिद्धान्तमा अलङ्कारलाई भन्दा पनि आवृत्ति र आकाङ्क्षालाई प्रमुख मानेका छन् । उनले मनको पूर्वगामी उत्तेजनाले शब्दद्वारा प्रस्तुत हुने अनेक सम्भव विशेषता मध्ये जुन

आफूलाई सबैभन्दा ज्यादै अनुकूल हुन्छ वा लाग्दछ , त्यसैलाई मानेका छन् ।

- रिचड्र्सले प्रत्याशा, सन्तुष्चि, निराशा र विस्मयको सङ्ग्रथन वा टेक्चरलाई **लय** भन्न चाहेका छन् ।

यस प्रखण्डको अध्ययनले साहित्य समालोचना परम्परामा रिचड्र्सको **छन्द र लय सिद्धान्त**बारे बुनियाँदी जानकारी प्राप्त भयो । रिचड्र्स र उनको छन्द र लय सम्बन्धी धारणाहरूको कसीमा उनको मूल्य र सम्प्रेषण सिद्धान्त सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 12.9 अनुशीलनी

1. आई. ए. रिचड्र्सद्वारा प्रतिपादित विभिन्न सिद्धान्तहरूको परिप्रेक्ष्यमा उनको छन्द र लय सिद्धान्तको अध्ययन प्रस्तुत गर्नुहोस् ।

2. आइ. ए. रिचड्र्सको प्रमुख साहित्यिक कृतिहरूबारे एउटा गतिलो लेख तयार पार्नुहोस् ।

3. आइ. ए. रिचड्र्सको छन्द र लय सिद्धान्तको महत्त्व र मूल्य पाश्चात्य साहित्यलोचनामा के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. आइ. ए. रिचड्र्सको मूल्य र सम्प्रेषण सिद्धान्तको परिप्रेक्ष्यमा छन्द र लय सिद्धान्तलाई कतिको प्रभावकारी ठान्नुहुन्छ ? बताउनुहोस् ।

5. आइ. ए. रिचड्र्सका प्रमुख साहित्यिक सिद्धान्तहरूको मूल्य पाश्चात्य साहित्यमा के कस्तो रहेको पाइन्छ ? विश्लेषण गर्नुहोस् ।

6. रिचड्र्सले किन छन्दलाई लयको विशिष्ट रूप मानेका हुन् ? सबिस्तार चर्चा गर्नुहोस् ।

७. आइ. ए. रिचड्र्स र सामुएर टी. कलरिजको छन्द र लय सिद्धान्तमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

8. रिचड्र्सको गध्य र पध्यमाझ भिन्नताको धारणालाई केलाउनुहोस् ।

9. पाश्चात्य साहित्यलोचनाको विकासमा आइ. ए. रिचड्र्सको के कस्तो योगदान र भूमिका रहेको छ ? विविचना गर्नुहोस् ।

10. आलोचक आइ. ए. रिचड्र्सका प्रमुख सौद्धान्तिक प्रवृत्तिबारे लेख लयार पार्नुहोस् ।

11. आइ. ए. रिचड्र्सलाई प्रखत आलोचकको रूपमा चिनाउँदै उनीबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 12.10 अतिरिक्त अध्ययन


1. शर्मा, देवेन्द्रनाथ - **पाश्चात्य काव्यशास्त्र** ।

2. चौधरी, डा. सत्यदेव र गुप्त, डा. शान्तिस्वरूप - **भारतीय तथा पाश्चात्य काव्यशास्त्र** ।

3. सिंह, नामवर – **आलोचना** ।

4. जैन, निर्मला - **पाश्चात्य साहित्य – चिन्तन** ।

5. द्विवेदी, डॉ राम अवध .– **साहित्य - सिद्धान्त** ।

6. त्रिपाठी, बासुदेव – **पाश्चात्य साहित्यको समालोचना परम्परा** ।

७. सिग्देल, सोमनाथ - **साहित्य प्रदीप** ।

8. उपाध्याय, कोशवप्रसाद - **साहित्य प्रकाश** ।

9. हिमांशु, राजु प्रधान - **साहित्य परिचय** ।

10. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

11. मिश्रा, सत्यदेव - **पाश्चात्य काव्यशास्त्र** ।

12. फौक्स, रैल्फ - **उपन्यास और लोक जीवन** ।

13. प्रो. हरि मोहन - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान** ।

२४.तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

२५. त्रिपाठी, वासुदेव - **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** ।

२६. चैहान, शिवदान सिंह - **आलोचना के सिद्धान्त** , स्वराज प्रकाशन , दिल्ली ।

२७. प्रो . हरिमोहन - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान** , वाणी प्रकाशन , नई दिल्ली, सन् 2008 ।

२८. मिश्र, भागीरथ - **काव्यशास्त्र**, विश्वविद्यालय प्रकाशन, वाराणसी ।

२९. मिश्र, सभापति - **साहित्यशास्त्र और हिंदी आलोचना**, ग्रीनवर्ल्ड पब्लिकेशंस, इलाहाबाद ।

३०. सत्यैंद्र सिंह, प्रकाश उदय और दुर्गा प्रसाद ओझा - **साहित्यशास्त्र और हिंदी आलोचना**, प्रकाशन कैंद्र, लखनऊ ।

३१. वेल्स, केट्टी - **ए डिक्सनेरी अफ् स्टयालिष्टिक** ।

३२. जी मुलर – **मर्फोलोजिकल पोइट्रिस्** ।

३३. क्लिन्थ ब्रुक्स र वारेन हेस्टिङ – **स्ट्रक्चरल नेचर अप पोइट्री** ।

३४. खगेन्द्रप्रसाद लुइटेल – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**।

३५. हरिहर शर्मा – **छन्दोमञ्जरी** ।

यस अतिरिक्त **रिचर्ड्सको छन्द र लय सिद्धान्त**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 12.11 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

Notes

२१. छन्द र लयको अर्थ र परिभाषा ।

..............................................................................

........

..............................................................................

........

..............................................................................

........

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२२.रिचर्ड्सको छन्द र लय सिद्धान्त ।

..............................................................................

........

..............................................................................

........

..............................................................................

........

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२३.छन्द र लय सिद्धान्तका मान्यताहरू ।

..............................................................................

........

..............................................................................

........

..............................................................................

........

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२४.छन्द र लय सिद्धान्तको प्राप्ति र सीमा ।

..............................................................................

........

..............................................................................

........

..............................................................................

........

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.6 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

२५. साहित्यमा छन्द र लय सिद्धान्तको विकास ।

..............................................................................

..............................................................................

..............................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 12.७ अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 13, साहित्यलोचना र सौन्दर्य शास्त्र

**संरचना**

13.0 उद्देश्य

13.1 परिचय

13.2 साहित्यलोचनाको अर्थ र परिभाषा

13.3 सौन्दर्य शास्त्रको अर्थ र परिभाषा

13.4 साहित्यलोचना र सौन्दर्य शास्त्रको मूल्य र महत्व

13.5 साहित्यलोचना र सौन्दर्य शास्त्रको प्राप्ति र सीमा

13.6 साहित्यलोचना र सौन्दर्य शास्त्रमाझ साम्य र बैशम्य

13.7 उपसंहार

13.8 सार

13.9 अनुशीलनी

13.10 अतिरिक्त अध्ययन

13.11 मूल्यबृद्धिको निम्ति उत्तर

## 13.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- साहित्यलोचनाको अर्थ र परिभाषा
- सौन्दर्य शास्त्रको अर्थ र परिभाषा
- साहित्यलोचना र सौन्दर्य शास्त्रको मूल्य र महत्व
- साहित्यलोचना र सौन्दर्य शास्त्रको प्राप्ति र सीमा

- साहित्यलोचना र सौन्दर्य शास्त्रमाझ साम्य र बैशम्य

## 13.1 परिचय

पाश्चात्यकाव्यशास्त्रभन्नुकोमूल तात्पर्य यूरोपीय देशहरूको काव्यशास्त्र लाई बुझ्दछौं । यूरोपीय देशहरूका साथ - साथै अमेरिका र आस्ट्रेलियालाई पनि पाश्चात्य देशहरूको श्रेणीमा गणना गरिने गरिन्छ । यस पाश्चात्य काव्यशास्त्र लगभग अढाई हजार वर्ष पुरानी रहेको विद्वानहरूले मानेका छन् । यस साहित्यको आरम्भिक विकास यूनानबाट र त्यसपछि रोमबाट भएको हो । सुकरात, प्लेटो , अरस्तु , लौन्जाइनस , होरेस , क्विन्टीलियन आदि विद्वान् र दार्शनिकहरू यस प्राचीन परम्पराका निर्माता हुन् ।

पाश्चात्य देशहरूमा प्राचीनतम सभ्यता यूनानलाई मानिएको छ । यसपछि रोमलाई मानिने गरिन्छ । यूनान र रोम पश्चात् इङ्ग्ल्याण्ड वा अन्य देशहरूमा साहित्य , कला, संस्कृति, आलोचना, सौन्दर्य आदि विभिन्न क्षेत्रमा चिन्तनको विकास भएर गएकोहो।फ्रान्स , इङ्गल्याण्ड , जर्मनी , इटली , रूस र अमरीकामा साहित्य र कलालाई लिएर असंख्य आलोचक भएको पाइन्छ । यीदेशहरूकाविद्वान्,आचार्यआदिले साहित्य र कलाबारे गम्भीर तात्विक विवेचन मात्र नगरेर विश्व - साहित्यका महान कृतिहरू र युग - विधायती प्रवृत्तिहरूको पनि मूल्यांकन र विवेचन गरेका छन् । पाश्चात्य देशहरूमा साहित्य, कला, सौन्दर्य आदि सम्बन्धी आलोचना - चिन्तन अत्यन्त प्राचीन एवम् व्यापक रहेको छ , जो यूनानदेखि भएर ग्रीक तथा अमरीकासम्म फैलिएको पाइन्छ ।

पाश्चात्य साहित्य र कला चिन्तनको साथ - साथै आलोचनाको पनि विकास भएर गएको छ । आलोचनाको क्षेत्रमा अनेक शास्त्र, वाद एवम् विज्ञान आदिको प्रभाव परेको देखिन्छ । यस्ता शास्त्रहरू मध्ये एउटा सौन्दर्यशास्त्र पनि हो । यस प्रभावबाट प्राप्त ज्ञानका माध्यम आलोचकहरूले लेखकका रचना - प्रक्रिया तथा पाठकका सौन्दर्यानुभूतिमा गम्भीर विचार – विमर्श गर्ने गर्दछ । मूलरूपमा मानवका बाह्य सामाजिक र आभ्यन्तरिक जीवनलाई अध्ययन गर्ने जति पनि शास्त्र र विज्ञानहरू - समाजशास्त्र, मनोविज्ञान, मानवशास्त्र, जीवशास्त्र छन् । त्यसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कला, साहित्य तथा मानवलाई नै प्रभावित तुल्याइ रहेको हुन्छ । यसका अतिरिक्त लेखक, कलाकारहरू आदिका मनमा उत्पन्न हुने रचनात्मक प्रक्रियादेखि लिएर दर्शक - श्रोता – पाठक आदिका मनमा उत्पन्न हुने सौन्दर्या अनुभूतिको प्रक्रिया पनि कला, साहित्यमा नै व्यक्त हुने गर्दछ । यसर्थ आदिम युगका मानव जीवनको सरल, अबोध कलात्मक चेष्टाहरूदेखि लिएर आधुनिक युगका संलिष्ट कला – रूप आदिका विकासको सांस्कृतिक - सामाजिक अध्ययन पनि कला – साहित्यमा भएको पाइन्छ । यी सबैको व्यापक, गम्भीर आदि रूपमा अध्ययन भने आलोचनाले गर्ने गर्छन् , जसलाई **साहित्यालोचना** भनिने गरिन्छ ।

**सौन्दर्य शास्त्र**को अध्ययन विशेष कुनै विशिष्ट ऐतिहासिक परम्परामा आधारमा गरिने गरिन्छ । सौन्दर्य चेतनाको उत्पत्ति झण्डै अढाई हजार वर्ष पहिले मिश्र, बेबिलोन, चीन, भारत र युनानमा भएको थियो । प्राचीन युनानमा सौन्दर्यलाई बुझाउन ए**स्थेटिकोस** शब्दको प्रयोग हुन्थ्यो । यस

शब्दले सम्वेदना, अनुभूति वा इन्द्रिय सुखको चेतना आदि अर्थलाई जनाउँछ । सङ्गति (ज्बचायलथ) - लाई पनि सौन्दर्यका रूपमा लिइने गरिन्छ । माक्र्सवादी सौन्दर्यशास्त्रको संरचना सौन्दर्य नियम र प्रवर्गहरूको मुख्य प्रणाली समेत श्रमको सौन्दर्यशास्त्र, इन्जिनियरिङ सौन्दर्यशास्त्र, दैनिक जीवन र आचरणको सौन्दर्यशास्त्र, सौन्दर्य शिक्षाको सिद्धान्त, कलाको सामान्य सिद्धान्त र अंशतः कलाको समाजशास्त्रबाट निर्मित भएको देखिन्छ । वास्तवमा सौन्दर्यशास्त्र यस्तो विज्ञान हो जसले प्रकृतिमा, समाजमा, भौतिक एवम् अभौतिक उत्पादनमा निहित सौन्दर्य तथा सिर्जनात्मकताका विविध पक्षहरूको अध्ययन हुने गर्दछ ।

## 13.2 साहित्यलोचनाको अर्थ र परिभाषा

साहित्यलोचना भनेको कुनै पनि देशका कला, साहित्य आदिको विभिद तथ्यहरू, त्यस देशका महत्वपूर्ण विषयहरू आदिबारे गम्भीर र आन्तरिक रूपमा अध्ययन – विवेचना गर्ने माध्यम हो । पाश्चात्य साहित्यको सन्दर्भमा हेर्नु हो भने यी देशहरूका प्रमुख , विद्या - विशारद र अन्यान्य क्षेत्रहरूको ध्योतन साहित्यालोचकै माध्यम भएको पाइन्छ । यसका माध्यम पाश्चात्य साहित्य मात्र नभएर भारतीय साहित्यका गम्भीर अध्ययन पनि भएको देखिन्छ । यसैले साहित्यलोचनालाई एउटा प्रमुख र अपरिहार्य तत्त्व मानिने गरिन्छ ।

पाश्चात्य साहित्यमा साहित्यलोचना मूल दुई प्रमुखतः भागहरूमा विभक्त भएका पाउँछौं । ती हुन् - प्राचीन काव्य - चिन्तक र आधुनिक काव्य – चिन्तक । यस पाश्चात्य साहित्यलोचनाका विभिन्न वैशिष्ट्यहरू देखिन्छ । ती हुन् - ( क ) यूनानी काव्य - चिन्तक , ( ख ) ल्याटिनी आलङ्कारिक , ( ग ) पाश्चात्य आलोचकहरूमा

आधुनिक युगको सूत्रपात, (घ) स्वच्छन्दतावादी आलोचना तथा आलोचकहरूको जन्म, (ङ) यथार्थवादी आलोचक, (च) कला, कलाको लागि : रूपवादी सिद्धान्त (छ) प्रगतिवाद : समाजवादी यथार्थवाद । अतः कुनै पनि साहित्यको महत्त्व एवम् स्वरूपलाई विश्व साहित्य समक्ष प्रस्तुत गर्ने मूल माध्यम साहित्यलोचनालाई मान्न सकिन्छ । यसले कुनै पनि देशका साहित्यलाई गम्भीर रूपमा अध्ययन गर्दै त्यस साहित्यको प्राचीन एवम् दीर्घ रूपलाई प्रस्तुत गर्ने गर्दछ । मूल रूपमा साहित्यको आलोचनालाई कुनै एक युगको देन मात्र मान्न सकिन्न । यसमा अनेक युगहरूमा व्याप्त त्यसको विकासक्रमको धारा – प्रवाह विशेष रूपमा रहेको हुन्छ ।

पूर्वीय साहित्यलाई नै हेर्नु हो भने सूत्रकालीन भरतमुनिले नाट्यशास्त्र देखि लिएर 1७ औं शताब्दीका मुगल सम्राट शाहजहाँको दरबारी पण्डितराज जगन्नाथको रस गंगाधर नामक रचनाको बीच धेरै समयको अन्तराल देखिन्छ । यस दीर्घ अवधिमा सैकड़ो विद्वान् र आचार्यहरूले साहित्यको विकास गरेर लगेको देखिन्छ । साहित्यशास्त्रको यस्तो दीर्घ र सुविशाल परम्परा विश्वको कुनै पनि किसी प्राचीन भाषा - अरबी, चीनी, यूनानी, ल्याटिन आदिमा पाइन्न । यसैले साहित्यलोचनाको नयाँ सभ्यता र संस्कृतिको विकास सुरूमा पाश्चात्य साहित्यमा भन्दा पनि पूर्वीय साहित्यमा भएको केही विद्वानहरूले मानेका छन् । भारतेली विद्वान् शिवदान सिंह चैहानको भनाइ अनुसार आजसम्म प्राचीन भारतका मनीषी, विद्वान्, दार्शनिक र काव्यशास्त्रि आदिद्वारा साहित्यिक मूल्याकन को जे - जति प्रतिमान र सौन्दर्यबोध सम्बन्धी अवधारणाहरू प्रस्तुत

गरिएका छन् , त्यसलाई पाश्चात्य विद्वान् र आलोचकहरूले आजसम्म आत्मसात्करण नगरेको मानेका छन् । यसको मूल कारण विभिन्न हुन सक्छन् । तथापि भारतीय साहित्यकारहरूका जीवन दृष्टि मूलतः आदर्शवादी र पाश्चात्य साहित्यकारहरूका जीवन दृष्टि मूलतः यथार्थवादी रहेको पाइन्छ । साहित्यलोचनाले विश्वको प्रत्येक देशको साहित्यलाई विशिष्ट विशेषताहरूको आधारमा भिन्न – भिन्न पहचान गराउने गर्दछ । यी देशका साहित्यहरूका गुण – दोषका अतिरिक्त मूल्यवान तथ्यहरूलाई पनि यसको खोतलेर पाठकहरू समक्ष प्रस्तुत गर्ने गर्दछ । प्रत्येक देशको भाषा, साहित्य, संस्कृति र सभ्यता अलग – अलग हुने हुनाले यसैको धेरामा रहेर ती कुराहरूको आलोचना साहित्यलोचनाले गर्ने गर्दछ । साहित्यकारहरूका विविध भाव , विचार , अनुभूति र अभिव्यक्तिमा देखिने भिन्नतालाई पनि यसको चिरफार गर्ने गर्दछ । पूर्वीय साहित्यको अर्थ - विचार र पाश्चात्य साहित्यको थियरी ऑफ़ मीनिंगको विवेचन साहित्यलोचनाको माध्यम नै भएको पाइन्छ । यसर्थ आनंदवर्धन र 20 औं शताब्दीका पाश्चात्य आलोचक आई . ए . रिचाडर्समा देखिने भिन्नता र समान्ता पनि साहित्यलोचनाकै देन हुन् ।

मूलत: विज्ञान र तकनीकीले मानवलाई आरम्भदेखि नै धेर प्रभावित पारेको देखिन्छ । विज्ञानलाई मनुष्यका विकसित बुद्धिको परिणाम मानिने गरिन्छ । यसै विज्ञानका माध्यम मनिस विश्वमा सिमट गएको पनि देखिन्छ । विभिन्न देशहरूमा एक – आपासमा विभेद भएको कारण राष्ट्रीय संस्कृति आज अन्तर्राष्ट्रीय संस्कृति बनेको देखिन्छ

Notes

भने राष्ट्रिय साहित्य अन्तराष्ट्रीय साहित्य । आ - आफ्नै देशका साहित्यको युग चेतनालाई विश्व सामु पुराउन आज सबै देशका साहित्यकारहरू लागी परेका छन् । तर यसमा सबैभन्गा ठूलो हात आलोचनाको रहेको देखिन्छ । आलोचनालाई छोडेर कुनै पनि देशको साहित्य विश्व सामु प्रसिद्ध, महत्वपूर्ण र विवेच्य बन्न सक्दैनन् । यसैले साहित्यलोचनालाई साहित्यको सबैभन्दा प्रमुक अङ्ग मान्न सकिन्छ । अत: प्राचीन यूनान, ग्रीक, मीश्र, भारत , चीन तथा आधुनिक जगतको समस्त साहित्यिक उपलब्धियहरूलाई एक व्यापक साहित्य - सिद्धान्तको रूपमा समन्वय गर्ने कार्य पनि साहित्यलोचनाला नै गरेको छ । तब भरतमुनि , आनन्दवर्धन , अभिनवगुप्त, कुन्तक आदि पूर्वीय आचार्यहरूका साथ प्लेटो , अरस्तु , लौन्जाइनस , गेटे , लेसिंग , आर्न लड , रस्किन , बेलिंस्की , चर्निशेव्स्की , तालस्ताय , कॉडबेल आदि पाश्चात्य विद्वानहरूलाई विश्व सामु परिचित र प्रसिद्धि बनाउने कार्य साहित्यलोचनाला नै गरेको हो भन्न सकिन्छ ।

## 13.3 सौन्दर्य शास्त्रको अर्थ र परिभाषा

**सौन्दर्य** शब्दको अर्थलाई सुन्दरका पर्यायका रूपमा रुचिर, चारू, शोभा, प्रिय, आह्लाद, रमणीय, मनोहर लगायतका शब्दहरूको प्रयोग हुँदै आउनुको साथै कलामा समुचित अङ्ग विन्यास, रस तथा अलङ्कार र शब्द एवम् अर्थको एकतालाई सौन्दर्यका रूपमा लिइएको छ । अङ्ग्रेजी साहित्यमा सौन्दर्यलाई **ब्युटी** र सुन्दरलाई **ब्युटीफुल** शब्दद्वारा अभिव्यक्त गरिन्छ । अङ्ग्रेजीमा ब्युटीको अर्थ प्रेमको भाव, रसिकता आदि हुन्छ । पश्चिममा सौन्दर्यलाई उदात्त, महान्, शोभायमान, विलक्षण आदि शब्दद्वारा अभिव्यक्त

गरिन्छ । नेपालीमा सौन्दर्यलाई बुझाउने राम्रो, मिठो, प्यारो जस्ता शब्द पाइन्छन् ।

**सौन्दर्य शास्त्र**को अध्ययन विशेष कुनै विशिष्ट ऐतिहासिक परम्परामा आधारमा गरिने गरिन्छ । सौन्दर्य चेतनाको उत्पत्ति झण्डै अढाई हजार वर्ष पहिले मिश्र, बेबिलोन, चीन, भारत र युनानमा भएको थियो । प्राचीन युनानमा सौन्दर्यलाई बुझाउन **एस्थेटिकोस** शब्दको प्रयोग हुन्थ्यो । यस शब्दले सम्वेदना, अनुभूति वा इन्द्रिय सुखको चेतना आदि अर्थलाई जनाउँछ । सङ्गति (ज्बचायलथ) - लाई पनि सौन्दर्यका रूपमा लिइने गरिन्छ ।

पहिले सुन्दरको अध्ययन दर्शन र नाट्य, काव्य तथा कलाशास्त्र अन्तर्गत गरिन्थ्यो । अठारौं शताब्दीको मध्यतिर जर्मन सौन्दर्य चिन्तक बाउम गार्टेनले उक्त युनानी शब्दका आधारमा सौन्दर्य शास्त्रको नामाङ्कन र त्यसलाई सम्वेदनात्मक ज्ञानको विज्ञानका रूपमा परिभाषित गर्न पुगे । पश्चिममा सौन्दर्य शास्त्रलाई कतिले ललित कलाको दर्शन, कतिले सुन्दरको अध्ययन गर्ने दर्शन र कतिले ती दुवैको अध्ययन गर्ने शास्त्र वा विज्ञानका रूपमा परिभाषित गर्दै आएका छन् । नेपालका लागि सौन्दर्य शास्त्र नयाँ विषय हो । पश्चिममा सौन्दर्य चिन्तन प्राचीन युनानदेखि युरोपीय पुनर्जागरण काल हुँदै आधुनिक कालसम्म आदर्शवादी र भौतिकवादी धाराको सङ्घर्षका बीचबाट विकसित हुँदै आएको पाइन्छ । आदर्शवादी सौन्दर्य शास्त्रलाई जर्मन दार्शनिक कान्ट तथा हेगेल र भौतिकवादी सौन्दर्य शास्त्रलाई रुसी सौन्दर्य चिन्तक चेर्निसेब्स्कीद्वारा उत्कर्षमा पुरायाउने काम भयो । यसै प्रक्रियामा माक्र्सवादी सौन्दर्य शास्त्रको जन्म भयो । माक्र्स - एङ्गेल्सद्वारा विकसित सौन्दर्य चिन्तनलाई माक्र्सवादी सौन्दर्य चिन्तन भनिन्छ । द्वन्द्वात्मक तथा

ऐतिहासिक भौतिकवादी दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद जस्ता तीन सङ्घटक तत्वको एकीकृत संश्लेषणका रूपमा माक्र्सवाद जन्मिएको छ । माक्र्सवादी सौन्दर्य चिन्तन माक्र्सवादको समग्रतामा आधारित छ ।

माक्र्सवादी मान्यता अनुसार सौन्दर्यको स्रोत मानवीय सामाजिक श्रम हो । कला र सौन्दर्य चिन्तनको विकासमा श्रमकार्यले प्रमुख भूमिका खेल्दछ । वर्ग समाजमा साहित्य, कला र सौन्दर्य चिन्तन सहित सामाजिक चेतनाका रूपहरूको स्वरूप वर्गीय हुन्छ । मानिसको चेतनाले उसको अस्तित्वलाई निर्धारित गर्दैन, अपितु उसको सामाजिक अस्तित्वले उसको चेतनालाई निर्धारित गर्दछ । भौतिक उत्पादन अर्थात् कलात्मक उत्पादनको विकास असमान ढङ्गले हुन्छ । सौन्दर्य चिन्तन, कला सृजन र रुचिका प्रश्नहरू वस्तु र आत्मका बीचको द्वन्द्वात्मक सम्बन्धमा आधारित हुन्छन् । साहित्य, कला र सौन्दर्य चिन्तनको सैद्धान्तिक आधार उत्पादन शक्ति र उत्पादन सम्बन्ध, आधार र उपरी संरचना, उत्पीडित वर्ग र उत्पीडक वर्गका बीचको सङ्घर्षसम्बन्धी मान्यतामा टिकेको हुन्छ । सामान्यतः वर्गसमाज र मुख्यतः पु"जीवादको उदय पश्चात श्रम तथा कलाले मालको रूप लिन पुग्दछन् र श्रमिक जन समुदायको विमानवीकरण हुन जान्छ । कला तथा साहित्य चिन्तनको क्षेत्रमा माक्र्सवादी सौन्दर्यशास्त्रले समाजवादी यथार्थवाद, कलाबिम्ब, प्रारूपीकरण, सर्वहारा वर्गीय नायक - नायिकाहरूको चयन, दुःखान्त, प्रहसन, प्रवृत्तिमूलकता, अन्र्तवस्तु र रूपको एकता लगायतका मान्यतालाई नया" उचाइ प्रदान गरेको छ । दार्शनिक रूपमा माक्र्सवादी सौन्दर्य चिन्तन आदर्शवाद, अधिभूतवाद र यान्त्रिक भौतिकवादका विरुद्ध द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा आधारित रहेको छ । माक्र्सवादी मान्यता

अनुसार सौन्दर्यको आधार वस्तुगत भौतिक जगत हो र त्यो गति एवम् परिवर्तनको प्रक्रियास“गै विकसित हुने गर्दछ । सौन्दर्यमा उत्कृष्ट प्रकारको आकर्षण, आनन्द र आह्लाद पाइन्छ । माक्र्सवादी सौन्दर्य चिन्तन मानवीय रचनात्मक ऊर्जाको उद्घाटन र मुक्तिस“ग सम्बन्धित छ ।

लेनिनले स्वतन्त्रता र प्रतिबद्धताको सिद्धान्तलाई स्थापित गर्दै ज्ञान सिद्धान्तको विकाससितै यथार्थको कलात्मक प्रतिबिम्बनको सिद्धान्तलाई विकसित तुल्याउने र समाजवादी यथार्थवादको निर्माणका लागि आधार तयार पार्ने काम गर्नु भयो । त्यस्तै माओले नया“ जनवादी र समाजवादी क्रान्ति हुँदै सर्वहारा सांस्कृतिक क्रान्तिसम्म आउ“दा साहित्य, कला, संस्कृति र सौन्दर्य चिन्तनको क्षेत्रलाई नयाँ उचाइ प्रदान गर्नु भएको छ । यसरी आज सर्वहारावादी सौन्दर्य चिन्तन माक्र्सवादी – लेनिनवादी - माओवादी सौन्दर्य चिन्तनका रूपमा विकसित हुन पुगेको छ । माक्र्सवादी सौन्दर्य चिन्तन र साहित्य तथा कलाका मान्यतालाई विकसित तुल्याउने काममा प्लेखानोभ, गोर्की, लुनाचास्की, कडवेल, राल्फ फ्याक्स, जर्ज थाम्सन, ब्रेख्त, गजानन्द माधव मुक्तिबोध लगायतका अनेकौं चिन्तक तथा साहित्यकारहरूको महत्वपूर्ण योगदान रही आएको छ । नेपालमा माक्र्सवादी सौन्दर्य चिन्तनको जन्म र विकासको प्रक्रियामा यी सबैका साथै नेपाली भाषामा प्रकाशित अनेकौं अनुवाद गरिएका सौन्दर्य चिन्तन सम्बन्धी रचनाहरूको पनि उल्लेखनीय प्रभाव परेको छ ।

**सौन्दर्यशास्त्र**को परिभाषा दिदै निनुले सौन्दर्यात्मक र कलात्मक दुवै पक्षको समग्रतामाथि ध्यान दिनु पर्ने कुरा बताएका छन् । उनले माक्र्सवादी सौन्दर्यशास्त्रको परिधि र क्षेत्रबारे पनि आवश्यक प्रकाश पारेका छन् । निनु सौन्दर्यशास्त्रको परिभाषा दिँदै यसो भन्छन् - 'विषयवस्तु र क्षेत्रको आधारमा माक्र्सवादी सौन्दर्यशास्त्रको संरचना सौन्दर्य नियम र

प्रवर्गहरूको मुख्य प्रणाली समेत श्रमको सौन्दर्यशास्त्र, इन्जिनियरिङ सौन्दर्यशास्त्र, दैनिक जीवन र आचरणको सौन्दर्यशास्त्र, सौन्दर्य शिक्षाको सिद्धान्त, कलाको सामान्य सिद्धान्त र अंशतः कलाको समाजशास्त्रबाट निर्मित भएको छ ।' यस परिभाषामा विषयवस्तु र क्षेत्रको विशिष्टताका आधारमा सौन्दर्यशास्त्रको विशिष्टीकरण गरिएको छ । यसरी नै बराल **सौन्दर्यशास्त्र**को परिभाषा दिंदै 'सौन्दर्यशास्त्र यस्तो विज्ञान हो जसले प्रकृतिमा, समाजमा, भौतिक एवम् अभौतिक उत्पादनमा निहित सौन्दर्य तथा सिर्जनात्मकताका विविध पक्षहरूको अध्ययन गर्दछ भनेका छन् । ' त्यस्तै साहित्य र कलाको सौन्दर्यशास्त्रलाई परिभाषित गर्दै बरालले साहित्य र कलाको सन्दर्भमा सौन्दर्यशास्त्र सौन्दर्यका नियमअनुसार सिर्जनात्मक कार्यको रूप र सारको व्याख्या गर्ने शास्त्र हो भनेका पनि छन् । यसले कलाका विशिष्टताहरू, यसका सैद्धान्तिक तथा रचनात्मक प्रक्रियाहरूको अध्ययन गर्दछ ।' यहाँ साहित्य र कलाको सौन्दर्यशास्त्रलाई संक्षिप्तमा सिर्जनात्मक कार्यको रूप र सारको शास्त्र बताइएको छ । यो कृति माक्र्सवादको पक्ष र उत्तर आधुनिकतावादको विपक्षमा परिलक्षित रहेको छ । प्रस्तुत कृतिमा साहित्यको समाजशास्त्र, मोडेलवाद, उत्तर संरचनावाद, इतिहास लेखन, नारीवाद, विनिर्माणवाद, लीला लेखन र प्रगतिको सिद्धान्त आदिबारे विस्तृत तथा गहन रूपमा उल्लेख गरिएको छ ।

सौन्दर्य चिन्तन तथा समालोचनाको क्षेत्रमा निनुको दोस्रो सङ्कलन 'माक्र्सवादी - चिन्तनमा सौन्दर्य' हो । यस कृतिमा यही शीर्षक रहेको विशिष्ट लेख सौन्दर्यशास्त्रीय अध्ययनका दृष्टिले विशेष महत्वपूर्ण रहेको छ । यस लेखमा सौन्दर्य चिन्तनको ऐतिहासिक विकास प्रक्रिया, सौन्दर्य चिन्तनका वस्तुगत प्रत्ययवादी तथा आत्मगत प्रत्ययवादी,

भौतिकवादी दृष्टि र ती सबैभन्दा भिन्न द्वन्द्वात्मक भौतिकवादी दृष्टि, सौन्दर्यको वस्तुगत स्वरूप, सौन्दर्यानुभूतिको सामाजिक चरित्र, श्रम प्रक्रियाका बीचबाट सौन्दर्यचेतनाको विकास, सौन्दर्यको सापेक्षता, उपयोगिता तथा मूल्यका रूपमा सुन्दर प्रवर्गको ऐतिहासिक विकास प्रक्रिया तथा विवेचना, कलामा सुन्दरको अभिव्यक्ति आदि प्रवर्गका रूपमा सौन्दर्यात्मक प्रवर्गको विश्लेषण र माक्र्सवादी सौन्दर्यशास्त्र बारे विस्तृत रूपमा प्रकाश पारिएको छ । यसैगरी निनुको तेस्रो सङ्कलन 'उत्तरआधुनिकताः भ्रम र वास्तविकता' (2064) शीर्षक कृति हो । यसमा सङ्कलित 'सौन्दर्यशास्त्र र यसमा रहेका केही विवादहरू' लेख सौन्दर्यशास्त्रमा सङ्केन्द्रित रहेको छ । यो लेख पहिलेकै लेखहरूको परिपूरक रहे पनि बढी सघन, व्यापक र परिमार्जित रहेको छ । निनुको यस लेखमा कलाको रसस्वादन गर्ने आम जनता, लेखक, कलाकार र समालोचक सबैका लागि सौन्दर्यशास्त्र उपयोगी हुने कुरा बताउ"दै यस शास्त्रको महत्वमाथि राम्रो प्रकाश पारिएको छ । यस लेखमा सौन्दर्यशास्त्रको ऐतिहासिक विकास प्रक्रिया, परिभाषा तथा प्रणाली, माक्र्सवादी सौन्दर्यशास्त्र, त्यसको प्रकार्य र भूमिका लगायतका विषयहरूबारे गहिरो विवेचना गरिएको छ । प्रस्तुत लेखमा निनुद्वारा सौन्दर्यशास्त्रलाई यसरी परिभाषित गरिएको छ, 'सौन्दर्यशास्त्रले कलासहित मानव गतिविधिका हरेक क्षेत्रमा विश्वको सौन्दर्यपरक संज्ञानको विवेचना गर्दछ । यो ऐतिहासिक रूपबाट निर्धारित मानवमूल्यहरू, तिनको सृजन, तिनको अवबोधन, मूल्याङ्कन र आत्मसात्करणको व्याख्या–विश्लेषण गर्ने ज्ञानको एउटा शाखा हो । यसले मानिसका हरेक गतिविधिमा हुने विश्वको सौन्दर्यपरक संज्ञानका अति सामान्य नियम र सिद्धान्तहरूको विवेचना

गर्ने काम गर्दछ ।' यहा“ सौन्दर्यपरक र कलात्मक दुवै पक्षलाई समेटी सौन्दर्यशास्त्रलाई परिभाषित गरिएको छ ।

## 13.4 साहित्यलोचना र सौन्दर्य शास्त्रको मूल्य र महत्व

माक्र्सवादी सौन्दर्यशास्त्रको दार्शनिक आधारका रूपमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद र सैद्धान्तिक आधारमा रूपमा आर्थिक आधार तथा उपरी संरचना सम्बन्धी मान्यतालाई लिइएको छ । माक्र्सवादी सौन्दर्यशास्त्रको व्याख्या गर्ने क्रममा सौन्दर्यशास्त्रका प्रवर्ग, साहित्य र कलाको विचारधारा तथा सामाजिक जीवनसितको सम्बन्ध, प्रतिबिम्बन र बिम्बको सौन्दर्यात्मक प्रत्यक्षीकरण, श्रम, सौन्दर्य र कलाका बीचको सम्बन्ध, सौन्दर्यशास्त्रको वर्गीय पक्षधरता, समाजवादी यथार्थवादसितको सम्बन्ध, अन्तर्वस्तु र रूपको प्रश्न, नया“ नायक निर्माण, क्रान्तिकारी आदर्शको संवहन, शैली चेतना, लेखक, पाठक तथा कृतिका बीचको सम्बन्ध, सौन्दर्यात्मक आदर्श, सांस्कृतिक स्वरूप र सामाजिक व्यवस्थामा आधारित मूल्य त्रयीको मान्यता आदिबारे प्रकाश पारिने गरिन्छ ।

सौन्दर्य संरचनाका चारवटा तत्त्व विशेष रूपमा रहेका हुन्छन् । ती हुन् - (1) यथार्थको सत्यपरक प्रतिबिम्बन, (2) मौलिकता तथा नवीनता, (3) कुतुहलता र (4) रचना चातुर्यमा जोड दिइएको छ । त्यस्तै 'माक्र्सवादी सौन्दर्यशास्त्रः इतिहास तथा मूल्य' अन्तर्गत माक्र्सवादी सौन्दर्यशास्त्रमा सुन्दर, सौन्दर्य, सौन्दर्यबोध, सौन्दर्यानुभूति, सौन्दर्यआदर्श, सौन्दर्यचेतना, सुखद, त्रासद, श्रम, बिम्ब, प्रतिबिम्बन, प्रारूपीकरण, सौन्दर्यरुचि, सृजनात्मक कृत्य, लगायतका प्रवर्गहरूको उल्लेख गरिएको छ । त्यसैगरी 'माक्र्सवाद र दुःखान्त सम्बन्धी अवधारणा' उपशीर्षक अन्तर्गत सुन्दर - कुरूप, सुख

- दुःख, हाँसो - रोदन, त्रासद - कामद जस्ता प्रवर्गहरूको उल्लेख गर्दै दुःखान्त सम्बन्धी माक्र्सवादी दृष्टकोणबारे स्पष्ट पारिएको छ । **सौन्द्रय शास्त्रमा** उत्तर - अवधारणाको दार्शनिक सारतत्व, यसका विविध रूप र बौद्धिक जगत आदिको पनि अध्ययन गरिने हुनाले यसको मूल्य र महत्व सर्वोपरी रहेको देखिन्छ । उत्तर आधुनिकतावादलाई शून्यवादमा आधारित विचारधाराको अन्त तथा इतिहासको अन्तको अवधारणा र सङ्कटग्रस्त पू"जीवादको अभिव्यक्तिको रूपमा प्रस्तुत गर्ने कार्य सौन्दर्य शास्त्रले नै गर्ने गर्दछ गरिएको छ । **कहिले काही यस शास्त्रको परिप्रेक्ष्यमा** समाज एवम् संस्कृतिमाथि पनि आवश्यक अध्ययन गरिने गरिन्छ । यसर्थ विद्वान् बरालले भनेका छन् - 'माक्र्सवाद जड, स्थिर र गतिहीन सिद्धान्त होइन, यो नितान्त गतिशील, निरन्तर विकसित र उध्र्वगामितातर्फ क्रियाशील सिद्धान्त हो ।'

महान् जनयुद्धको प्रक्रियामा माक्र्सवादी सौन्दर्यशास्त्र अन्तर्गत जनयुद्धको सौन्दर्यशास्त्र विकसित भएको छ । यस जनयुद्धको प्रक्रियामा विकसित नयाँ यथार्थ, त्यसको साहित्य कलामा प्रतिबिम्बन, सङ्कटकाल, सांस्कृतिक आन्दोलन लगायतका विषयसँग सम्बन्धित रहेको पाइन्छ । यी मध्ये सौन्दर्यशास्त्रीय दृष्टिले हेर्नु हो भने आतङ्कलाई लाल आतङ्क र श्वेत आतङ्क भनेर वर्गीयतामा विभाजित गर्ने गरिन्छ । यो एउटा पक्ष हो । परन्तु दार्शनिक तह र सौन्दर्यात्मक पक्षबाट गरिने आतङ्कको अर्थले त्यो भन्दा गहिरो र अझ संश्लिष्ट अर्थ राख्दछ । यो प्रवृत्यात्मक हो । सत्य कुरा के हो भने दार्शनिक तथा सौन्दर्यात्मक दृष्टिले सौन्दर्य आदर्शको परिणति आतङ्क र आनन्दको उन्मीलनमा हुन्छ ।' सौन्दर्य चिन्तनको क्षेत्रमा विद्वान् बरालले पनि विषयवस्तुलाई ऐतिहासिक तथा सैद्धान्तिक आधारमा प्रस्तुत गर्दै माक्र्सवादी सौन्दर्यशास्त्रको व्यवस्थित

तथा क्रमबद्ध विवेचना गर्नु भएको छ । उनले माक्र्सवादी सौन्दर्य चिन्तन र समाजवादी यथार्थवादको रक्षाका लागि सबैखाले आदर्शवाद, अधिभूतवाद, यान्त्रिक भौतिकवाद, आभिजात्यवाद, आधुनिकतावाद, उत्तर आधुनिकतावाद, नव वामपन्थ, उत्तर माक्र्सवाद र दक्षिणपन्थी संशोधनवाद विरुद्ध दृढतापूर्वक सङ्घर्षको झण्डा उठाउनु पर्ने आवश्यकतामाथि विशेष जोड दिएका पाउँछौं ।

माक्र्सवादी सौन्दर्यशास्त्रको विषय', 'सौन्दर्य र यसको प्रकृति', 'सौन्दर्यपरक प्रवर्ग', 'माओ र सौन्दर्यशास्त्र', 'सौन्दर्यशास्त्रीय संशोधनवाद' पर्दछन् । सौन्दर्यशास्त्रका विविध पक्षहरूले सौन्दर्यलाई बुझाउने सुषमा, परमशोभा, कान्ति, द्युति, छवि, रुचिर, चारु, साधु, शोभन, कान्त, मनोरम, रुच्य, मञ्जु, रम्य, मनोहर, सौम्य आदि आदिको विशेष चर्चा गर्दछ । सौन्दर्यलाई बुझ्नका निम्ति पूर्वीय काव्य चिन्तन र पश्चिमी सौन्दर्य चिन्तनमा विद्यमान आदर्शवादी र भौतिकवादी धारा बीचको सङ्घर्षलाई स्पष्ट रूपमा बुझेको हुनु पर्छ भनि विद्वान् धनश्याम ढकालले भनेका पनि छन् । यस सन्दर्भमा उनले सौन्दर्य चिन्तनको क्षेत्रमा प्रयोग गरिदै आएका अनुपात, सङ्गति, सममिति, सन्तुलन, सुव्यवस्था, विविधता, औचित्य जस्ता पदावलीहरूबारे राम्रो विश्लेषण गरेका छन् । यसका साथै उनले सौन्दर्य सम्बन्धी आदर्शवादी तथा यान्त्रिक भौतिकवादी चिन्तनको खण्डन गर्दै द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणका आधारमा सौन्दर्यका वस्तुनिष्ठता, सापेक्षता, वर्गीयता, सामाजिकता, द्वन्द्वात्मकता, उपयोगिता जस्ता पक्षबारे आवश्यक प्रकाश पारेको पाइन्छ । यसै क्रममा ढकालले सौन्दर्यपरक प्रवर्गबारे उल्लेख गर्दै सुन्दर, कुरूप, उदात्त, तुच्छ, त्रासद, प्रहसनात्मक जस्ता प्रवर्गहरूको सैद्धान्तिक विश्लेषण समेत गर्नु भएको छ ।

कलाका विधा केन्द्रित सौन्दर्य चिन्तन कविता, उपन्यास, सङ्गीत, कथा, निबन्ध, सिनेमा आदि विषयसँग सम्बन्धित रहेका छन् । यी विविध विधासँग सम्बन्धित सौन्दर्यशास्त्र बारे विभिन्न लेखकहरूबाट प्रकाश पार्ने काम हुँदै आएको पनि देखिन्छ । यसैले उपन्यासको मार्क्सवादी सौन्दर्यशास्त्र उपन्यासमा निहित सुन्दर तथा कुरूप पक्षको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्ने विज्ञान हो । यसले उपन्यासको अन्तर्वस्तु तथा रूपमा केन्द्रित भएर उपन्यासका सौन्दर्य प्रवर्गहरूको विश्लेषण गर्दै सौन्दर्य मूल्यको निरूपण गर्दछ ।

सङ्गीतको सिर्जना तथा सौन्दर्यशास्त्रीय मूल्यको कारण यसले एउटा विशिष्ट प्रकारको सिर्जन कार्य, उत्पादन कार्य गर्दछ । एउटा सुन्दर वस्तुको सिर्जनाको नियमबाट सङ्गीत - सिर्जनालाई पृथक राख्न सकिन्न । सङ्गीत आवश्यकता र स्वतन्त्रता, आवश्यकता र आकस्मिकता, गति र प्रतिरोध, निरन्तरता र क्रमभङ्गकै उपज हो । अन्तर्वस्तु र रूप - निर्माणको प्रक्रियामा विधागत जटिलता छन्, परन्तु अरु विधाझैं सङ्गीतको समग्र सौन्दर्यशास्त्रीय मूल्यको केन्द्र, अन्तर्वस्तु र रूपको द्वन्द्वात्मकतामा नै निहित छ । यसैले सङ्गीतलाई सौन्दर्यशास्त्रीय मूल्यको केन्द्र मानिने गरिन्छ । उपन्यास मात्र होइन कविताको सौन्दर्यशास्त्रको विकास र मूल्य निर्माण साहित्यको सौन्दर्यशास्त्रबाट नै भएको छ । जहाँसम्म मार्क्सवाद र कविताको सौन्दर्यशास्त्रको प्रश्न छ कविताको मार्क्सवादी सौन्दर्यशास्त्र साहित्यको मार्क्सवादी सौन्दर्यशास्त्रकै विधागत स्वरूप हो र प्रगतिवादी काव्यिक आन्दोलन कविताको सौन्दर्यशास्त्रीय स्वरूपको व्यावहारिक स्वरूप हो । कविताको स्रष्टादेखि यसको पाठक, अनुरागी तथा समीक्षक र सौन्दर्यशास्त्री सबैका लागि उत्तिकै महत्व र सरोकारको विषय हो । कविताको सौन्दर्यशास्त्रमा यसको उत्तर

विभिन्न किसिमले दिइएको पाइन्छ । परम्परागत आदर्शवादी सौन्दर्यशास्त्रमा कविता बारेका धारणा एक किसिमका छन् भने भाषाखेलमा आधारित भई विकसित नव आदर्शवादले यसलाई अर्को किसिमले अथ्र्याएको पाइन्छ । माक्र्सवादी सौन्दर्यशास्त्रले आफ्नै वस्तुगत धारणा अनुरूप यसलाई परिभाषित गरेको छ । यसैले स्तरीय कविताका लागि सुन्दर विचार, सुन्दर शब्द चयन, कथनको कला वा शैली र बिम्ब सौन्दर्यको आवश्यकता पर्दछ ।

कविता मात्र होइन कथाले विधागत सौन्दर्य मूल्यको जगेर्नासँगै समाजमा नवीन सौन्दर्य चेतनाको सम्प्रेषण र स्थापित उन्नत सौन्दर्य मूल्यको संरक्षण गर्ने उद्देश्य राख्दछ । माक्र्सवादी साहित्यकारहरू सुन्दर भविष्यप्रति आस्था र भरोसा गर्छन् । प्रगतिवादी निबन्धको सौन्दर्यशास्त्र अन्य विधामा जस्तै माक्र्सवादी साहित्यसम्बन्धी मान्यता, कलाको उद्भव र विकासका मूल स्थापना, सौन्दर्य एवम् सौन्दर्यबोध, समाजवादी यथार्थ चित्रणको पद्धति, सोद्देश्यता, वस्तु र रूपतत्वको कलात्मक विधि तथा शैली, प्रतिबद्धता र पक्षधरता, निबन्धकार एवम् वर्ग सङ्घर्ष तथा विचार र सिद्धान्तमा आधारित छ । यी साहित्यिक विधाहरू बाहेक सिनेमा पनि साहित्यको अन्य विधा सरह स्वीकृत विधा बनेको छ । सिनेमाको सौन्दर्यशास्त्रलाई हेर्ने आधार पनि यसको विधागत सिद्धान्त र चिन्तन नै हो । यस आधारमा हेर्दा सिनेमाको विकास तथा माक्र्सवादी सिनेमाको विकसित सन्दर्भका आधारमा नै सिनेमाको सौन्दर्यशास्त्रीय स्वरूप स्पष्ट छ । माक्र्सवादीहरूले साहित्यका विभिन्न विधाहरूलाई स्वीकार गरेको सन्दर्भमा सिनेमालाई पनि नया“ विधाका रूपमा लिनै पर्ने हुन्छ ।

सौन्दर्य चिन्तनको क्षेत्रमा घनश्यामको विशेषता इतिहासको विश्लेषणका आधारमा सिद्धान्त, धारा र पद्धतिको खोज गर्नु वा तिनलाई ठम्याउनु हो

। यस सन्दर्भमा 'पूर्वीय चिन्तनमा सौन्दर्य' र 'नेपाली साहित्यमा सौन्दर्य चिन्तनको विकास' शीर्षक लेखहरू विशेष उल्लेखनीय रहेका छन् । पूर्वीय चिन्तनमा सौन्दर्यको चर्चा गर्दा ढकालद्वारा वैदिक कालदेखि महाकाव्यकाल हु"दै रस, अलङ्कार, ध्वनि लगायतका सम्प्रदायहरूको विकास प्रक्रिया, काव्य तथा सौन्दर्यमूल्यबारे उल्लेख गर्दै ती विषयबारे माक्र्सवादी सौन्दर्य चिन्तनको आलोकमा अध्ययन गर्नुपर्ने कुरा बताइएको छ । त्यसैगरी नेपाली साहित्यमा सौन्दर्य चिन्तनको चर्चा गर्ने प्रक्रियामा नेपाली सौन्दर्य चिन्तनको इतिहास साहित्यमा मात्र सीमित नरही मूर्ति, वास्तु लगायतका कलास"ग सम्बन्धित रहेको कुरा उल्लेख गरिएको छ । यसै प्रसङ्गमा नेपाली साहित्यका इतिहास र वर्तमानमा विद्यमान विभिन्न धाराहरूको पनि विवेचना गरिएको छ । विद्वान् धनश्याम ढकालले 'सौन्दर्यशास्त्रीय संशोधनवाद वा नवसंशोधनवाद स्वतन्त्र ढङ्गले अभिव्यक्त नभएर माक्र्सवादी दर्शन र राजनीतिको विचलनस"गै आउने हुनाले समाजवादी यथार्थवादी कलाकार सौन्दर्यशास्त्रीय संशोधनवादसँग लड्न, दर्शन र राजनीतिको विचलनस"ग लड्न त्यत्तिकै जरूरी हुन्छ भनेका छन् । आजको संसारमा संशोधनवादको प्रतिकार गर्न माक्र्सवाद – लेनिनवाद - माओवादको वैचारिक हतियार बिना सम्भव छैन । यहाँ ढकालले माक्र्सवाद – लेनिनवाद - माओवादको हतियारले समृद्ध भएर संशोधनवाद विरुद्ध सङ्घर्ष गर्नु पर्ने कुरामा विशेष जोड दिएको देखिन्छ।

माक्र्सवादी सौन्दर्यशास्त्र द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी अर्थात् माक्र्सवादी चिन्तनले आदर्शवादी चिन्तनलाई अप्रामाणिक हुन् । सौन्दर्यशास्त्रका क्षेत्रमा माक्र्सवादी सौन्दर्यशास्त्रले वर्ग दृष्टिकोण र त्यसको प्रभाव तथा रूपान्तरणका पक्षमा विशेष भूमिका खेल्ने गर्दछ । सौन्दर्यको मूल्याङ्कनमा पनि माक्र्सवादी सौन्दर्यशास्त्रले वैज्ञानिक दृष्टिकोणमा प्रभाव

पारेको देखिन्छ । यसर्थ ताराकान्त पाण्डेयद्वारा रचित 'सौन्दर्य चिन्तन तथा समालोचनामा जनयुद्धको प्रभाव' शीर्षक लेखमा सौन्दर्यशास्त्रबारे चर्चा गर्दै भनिएको छ, 'सौन्दर्यशास्त्र सामान्यतया सौन्दर्यको व्याख्या गर्ने शास्त्र हो र यसका क्षेत्रभित्र मानवीय सामाजिक सौन्दर्यका सबै पक्ष आउँछन् तथापि विशिष्ट रूपमा कलाका सौन्दर्यको व्याख्या गर्ने शास्त्रकै रूपमा हामी सौन्दर्यशास्त्रलाई लिन्छौ ।' विशेष गरेर आदर्शवादी दर्शनलाई आत्मसात्  गरेर सुन्दर वस्तु ठम्याउन तथा सौन्दर्य मूल्यको पारख गर्न सकिन्न । आदर्शवादी दर्शनले वस्तुजगतबाट प्राप्त चेतनालाई स्वीकार नगरी परम चेतनामा विश्वास गर्दछ र त्यही परम चेतनामै सुन्दर - असुन्दरको अस्तित्व विद्यमान भएको ठान्दछ । यसका विपरीत द्वन्द्वात्मक भौतिकवादी दर्शनले वस्तु जगत्लाई स्वतन्त्र एवम् शास्वत ठानेर वस्तु सत्तामा नै सुन्दर - असुन्दरको खोजी गर्दछ । यसर्थ गीपेन्द्र पौडेलले माक्र्सवादी मान्यताअनुसार मानव श्रमको महत्व, सौन्दर्यानुभूति तथा सौन्दर्यबोधको वर्ग सङ्घर्षसितको सम्बन्ध, मूल्यबोध, यथार्थको कलात्मक प्रतिबिम्बन, स्रष्टाको कलात्मक सीप तथा उदात्त सौन्दर्यचेत आदिमा जोड दिएका छन् ।

कतिपय देशका साहित्यमा माक्र्सवाद - लेनिनवादलाई पथ प्रदर्शक सिद्धान्तका रूपमा ग्रहण गरेर त्यो प्रगतिवादी साहित्य तथा कलामा अभिव्यक्त भएको पनि पाइन्छ । यसैले सौन्दर्य चिन्तनको विकास प्रक्रियालाई अध्ययन गर्दा यो माक्र्स र एङ्गेल्सका - पदार्थ (भूत) मनबाट उत्पन्न भएको होइन, बरु मन पदार्थको सर्वोत्कृष्ट सृष्टि हो, सारा परिवर्तनको सूत्र पदार्थको हातमा छ, मानिसको चेतनाबाट उसको सत्ता (जीवन) निरूपित हुन्न, बरु उसको चेतना नै उसको सामाजिक सत्ता (जीवन) द्वारा निरूपित हुन्छ । सामन्तवाद, विश्व पुन्जीवाद तथा

साम्राज्यवाद र आध्यात्मवाद तथा अधिभूतवादका साथै भारतीय अध्यात्म दर्शनमा आधारित रस सौन्दर्यलाई सामन्ती संस्कृतिको प्रचारक बताउँदै ती सबैको विरोध कतिपय आलोचकहरूले गरिएका पनि छन् ।

मूलरूपमा जीवन वा समाजसँग साहित्यको अर्थ अगाडि, निरन्तर अगाडि बढाइ राख्नुमा छः आनन्द दिएर होस् वा कर्मरत गराएर, सौन्दर्यानुभूतिबाट होस् अथवा घनको चोटले, यथार्थ नग्न चित्र उपस्थित गरेर होस् वा सत्यको निर्भीक उद्घाटन गरेर । जुन साहित्य र साहित्यकार जति समाजका अग्रविचार र अग्रवर्गस"ग साइनो जोडी स्वयम् नै त्यसको अभिन्न अङ्ग र परिवार बन्दछ त्यो त्यति नै परिस्थिति निर्माता हुन्छ । समाजमा अग्रवर्ग अन्तर्गत निम्न वर्ग सहित मजदुरहरू नै पर्दछन् र अग्र विचार भनेको उनीहरूकै पक्षपोषण गर्ने सिद्धान्त हो । यहाँसम्म की राजनीतिमा समाजवाद र साहित्यमा प्रगतिवाद एउटै अर्थ र उद्देश्य प्राप्तिका दुई भिन्न वस्तु हुन् । यसमा केही सत्यता पनि पाइन्छ । तर जे नै भए पनि माक्र्सवादी सौन्दर्य चिन्तन र समाजवादी यथार्थवादमा आधारित रहेका छन् । विशेषत: जनताको निम्ति साहित्य सिर्जने साहित्यकारले जनरुचिको भन्दा जनहितको ख्याल बढी मात्रामा गर्नुपर्दछ । लेखकले रस, अलङ्कार र छन्दबारे पनि आवश्यक ध्यान दिनु भएको छ । नौरसमा मात्र सीमित रहनु गलत हुन्छ र साहित्यमा स्वाभाविक सौन्दर्य हुनुपर्छ । प्राचीन छन्द, अलङ्कार र उपमा आदिमध्ये अकृत्रिम जतिलाई त्याग्नुपर्ने कुनै आवश्यकता छैन ।

सौन्दर्यशास्त्रले  एकातर्फ कला - साहित्यको क्षेत्रमा उत्पादित सांस्कृतिक रचनाहरूको मूल्याङ्कन गर्दछ भने अर्कोतर्फ यो स्वयम् नै ललितकलाको दर्शनका रूपमा खडा हुन पुग्दछ । यसैले माक्र्सवादी सौन्दर्यशास्त्रलाई वैज्ञानिक सौन्दर्यशास्त्रका रूपमा लिन पनि सकिन्छ । तथापि माक्र्सवादी

सौन्दर्यशास्त्र आदर्शवादी वा पुञ्जीवादी सौन्दर्यशास्त्र भन्दा पूर्ण रूपमा फरक छ, किनभने यसले सबै प्रश्नको प्रत्यक्ष वा परोक्ष रूपमा भौतिकवादी ढङ्गले व्याख्या गर्दछ । माक्र्सवादी साहित्य द्वन्द्वात्मक साथै ऐतिहासिक भौतिकवादी अडानमा आधारित छ । साहित्य, कला र सौन्दर्यचिन्तन सम्बन्धी माक्र्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओ, प्लेखानोभ आदिका विचार र समाजवादी यथार्थवादवारे चिन्तनलाई अन्य केही नमानेर सौन्द्रय शास्त्रकै देन मान्न सकिन्छ । यस अतिरिक्त माक्र्सवादी साहित्य र कलाको अन्तिम उद्देश्य विगतका सबै बन्धनबाट मुक्ति, शान्ति, प्रसन्नता, परिवर्तन, समृद्धि, सामाजिक न्याय र समानतालाई प्रस्तुत गर्नु भएको साहित्यलोचना र सौन्दर्यशास्त्र दुवै मूल्य र महत्व रहेको देखिन्छ ।

## 13.5 साहित्यलोचना र सौन्दर्य शास्त्रको प्राप्ति र सीमा

मूलरूपमा सबै कलात्मक कार्यहरू सौन्दर्यात्मक हुन्छन् , तर सबै सौन्दर्यात्मक कार्यहरू कलात्मक हुँदैनन् । त्यसैले कलाको भन्दा सौन्दर्यको क्षेत्र व्यापक हुन्छ । सौन्दर्यबोधको हिसाबले समग्र जीवन र जगत माक्र्सवादी सौन्दर्यशास्त्रको विषय हो । सौन्दर्यशास्त्रलाई परिभाषित गर्दै ढकाल अगाडि यसो भनेका छन् - ‘सौन्दर्यशास्त्रले सौन्दर्यका विविध पक्षहरूका साथै कलाको प्रकृति, स्रोत, सार, इतिहास र विकासका नियमहरूको अध्ययन गर्दछ । कला क्षेत्र बाहिर रहेका सुन्दरका नियमानुसार सिर्जित वस्तुहरूको विश्लेषण गर्दछ । वर्गयुद्ध, विज्ञान र प्रविधिको नयाँ  विकासले सौन्दर्यशास्त्रका विषयहरू थपिन्छन् ।’ माक्र्सवादी सौन्दर्यशास्त्र के हो त ? ढकालको भनाइ छ, ‘माक्र्सवादीहरूले

सौन्दर्यशास्त्रलाई जीवन र जगतको सौन्दर्यात्मक आत्मसात्करणका नियमहरू र सौन्दर्यको नियमानुसार सिर्जनात्मक कार्यको सार र रूप बुझाउने विज्ञानको रूपमा प्रयोग गर्दछन् ।' उनले माक्र्सवादी सौन्दर्यशास्त्रबारे विस्तृत रूपमा चर्चा गर्दै त्यसको अधिसिद्धान्त हुने कुरा पनि बताएका छन् ।

मुख्यतः माओवादी सौन्दर्य दर्शन, सौन्दर्यपरक आदर्श र सौन्दर्यचिन्तनका मूल तत्वहरू हुन् । सौन्दर्यशास्त्रमा प्रकृति, जीवन र कलामा विद्यमान सौन्दर्यका सामान्य नियमको अध्ययन गरिन्छ । यो अध्ययन सौन्दर्यका सिद्धान्त, दृष्टिकोण, सौन्दर्यपरक प्रवर्गहरू, सौन्दर्यपरक आदर्श, सौन्दर्यानूभूति, सौन्दर्यमूल्य जस्ता विषयसँग सम्बन्धित छ । यसमा मानव जीवनमा विद्यमान सुन्दर र कुरूप, उदात्त र नीच, दुःखान्त र प्रहसन जस्ता प्रवर्गहरूका साथै मानवीय रचनात्मक ऊर्जाको उद्घाटन तथा जीवनको सामञ्जस्यपूर्ण विकासका समस्याहरूबारे अध्ययन गरिन्छ । सौन्दर्यशास्त्रले कलाका क्षेत्रमा कलाकार, कलाकृति र कलाग्राही बीचको सम्बन्ध, कलाको रचनाप्रक्रिया, कलामा विद्यमान प्रवृत्तिमूलकता तथा मूल्याङ्कन, अन्तर्वस्तु र रूपको एकता जस्ता विषयहरूको अध्ययन गर्दछ । पूर्वीय साहित्यमा आचार्य भरतमुनिदेखि जगन्नाथसम्मको लामो ऐतिहासिक यात्रा हुँदै अहिलेसम्म आउँदा रस सिद्धान्त र साधारणीकरणका क्षेत्रमा जे - जस्ता सकारात्मक मूल्यहरू छन् तिनलाई हामीले स्वीकार गर्नुपर्दछ । हामीले पुरानो र बासी भइसकेका कालातीत मान्यताहरूको मोहपाशमा बल्झिइ राख्नु हुँदैन । यसैले भारतीय सौन्दर्य चिन्तनमा विद्यमान रस सिद्धान्तबारे पनि माक्र्सवादी कोणबाट अध्ययन गर्ने प्रयास कतिपय विद्वानहरूले गरेका छन् । यसका कारण आज साहित्यलोचना र सौन्दर्यशास्त्र दुवैमा केही ह्रास आएको पनि देखिन्छ ।

आज माक्र्सवादी विश्व दृष्टिकोणका आधारमा सौन्दर्य चिन्तन र कलाको अध्ययन गर्दै तमाम प्रकारका आदर्शवादी, अधिभूतवादी तथा यान्त्रिक भौतिकवादी र संशोधनवादी चिन्तनको खण्डन गर्दै आउने काम भएको देखिन्छ ।मूलरूपमा महान् जनयुद्धका क्रममा जन समुदायले प्रदर्शन गरिरहेको त्याग, तपस्या, वीरता र बलिदानको ओज र गरिमालाई कलात्मक अभिव्यक्तिद्वारा जन समुदायकै लड्ने उत्साह र एकता बलियो पार्ने प्रतिबद्धतापूर्ण पहल नै आजको सौन्दर्यबोधको वास्तविक मापदण्ड हो । जन समुदायका विरुद्ध पुरानो फासीवादी सत्ताद्वारा भइरहेको अत्याचारका विरुद्ध आवाज नउठाउने तथा जनसमुदायको विद्रोह र क्रान्तिकारी पहलका विरुद्ध भइरहेको प्रतिक्रियावादी र संशोधनवादी विष वमनको प्रतिकार नगर्ने साहित्य जनताको निमित्त विषालु मात्र हुनेछ । सौन्दर्यबोधको मापदण्ड र प्रतिक्रियावाद तथा संशोधनवादको विरोध बारे साहित्यमा विविध चर्चा पनि भएको पाइन्छ । साहित्य, कला, संस्कृति तथा सौन्दर्यचिन्तनबारे आलोचकीय र सौन्दर्यशास्त्रीय पदावलीको प्रयोग भइरहेका छन् ।

साहित्यको आलोचना गर्ने क्रममा प्रगतिवादी समालोचना तथा माक्र्सवादी सौन्दर्य चिन्तनको क्षेत्रमा शास्त्र र वर्ग केन्द्रित रही दार्शनिक, मनोवैज्ञानिक, कलावादी, माक्र्सवादी, पुञ्जीवादी, आदर्शवादी, भौतिकवादी सबै प्रकारका सौन्दर्यशास्त्रलाई बुझाउने पदावलीहरूको प्रयोग हुँदै आएको छ । यस सन्दर्भमा माक्र्सवादी सौन्दर्यशास्त्र र पुञ्जीवादी सौन्दर्यशास्त्रबारे बढी उल्लेख गरिरहनु पर्ने आवश्यकता छैन । परन्तु समुदाय केन्द्रित सौन्दर्यशास्त्रबारे केही चिन्दन गर्नु आवश्यक देखिन्छ । यसर्थ विद्वान् ऋषिराज बरालको **उपन्यासको सौन्दर्यशास्त्र** नामक पुस्तकमा ‘कालाहरूको सौन्दर्यशास्त्र’, ‘नारीवादी सौन्दर्यशास्त्र’ - को उल्लेख गरेकाका छन् ।

नारीवादी सौन्दर्यशास्त्रबारे बरालको भनाइ यस्तो छ, 'नारीवादीहरूले छोटै समयमा नारीवादी सौन्दर्यशास्त्रको निर्माण गरेको र त्यसको व्यावहारिक आधार उपन्यास विधा बनेको देखिन्छ । उपन्यासमा नारीको स्थान निर्धारण नारीवादी उपन्यासको सौन्दर्यशास्त्रको उद्देश्य हो ।' नारीवादी सौन्दर्यशास्त्रको स्थिति स्पष्ट पार्नका लागि बरालद्वारा विषयवस्तु, चरित्र, पाठक, विचार, स्रष्टा, पाठ जस्ता तत्वहरूमाथि विशेष जोड दिइएको छ ।

नारी केन्द्रित सौन्दर्यचिन्तनको कुरा गर्दा विश्वमा हुने विभिन्न सुन्दरी प्रतियोगिताका सन्दर्भमा गरिएका छलफलमाथि ध्यान दिन जरुरी छ । यस सन्दर्भमा मोदनाथ प्रश्रितद्वारा लिखित 'नेपालको परिप्रेक्षमा प्रस्तुत सौन्दर्य प्रतियोगिता' शीर्षक कार्यपत्रमा भनिएको छ, 'अहिले सौन्दर्य प्रतियोगिता शारीरिक रूपको प्रदर्शनमा हैन, उत्पादनका विविध क्षेत्रमा र स्वास्थ्यको क्षेत्रमा सुरु गर्नु ज्यादै राम्रो हुनेछ ।' (खण्ड–७, 2058, पृ.29७) । यहा“ शारीरिक सौन्दर्य प्रतियोगिताको विरोध र उत्पादन एवम् स्वास्थ्य आदिको क्षेत्रमा प्रतियोगिताको पक्षपोषण गरिएको छ । त्यस्तै निनु चापागाईंद्वारा लिखित 'सुन्दरी प्रतियोगिता के हो र किन गरिन्छ ?' शीर्षक लेखमा सुन्दरी प्रतियोगितालाई 'उपभोक्तावादी संस्कृतिको महत्वपूर्ण पक्ष' बताइएको छ । ठीक यसै सन्दर्भमा प्रगतिवादी साहित्यकार पारितजात भन्नुहुन्छ, 'सुन्दरताका विज्ञापन होइनन् स्वास्नीमान्छेहरू, जसरी पुञ्जीवादी र सामन्तवादी समाजले बनाइरहेको छ । ....सुन्दरता र यौन प्रतीकबाट झिकेर स्वास्नीमान्छेहरूको अस्मितालाई सङ्घर्षको क्यानभासमा टा“गिन दिनुपर्छ ।' नारी अस्मिताबारे प्रस्तुत यो भनाइ सौन्दर्य चिन्तनको क्षेत्रमा निकै उत्कृष्ट रहेको छ ।

मानव समाजमा विधमान वर्गभेद एउटा जटिल विषय हो । यसले लिङ्गभेदलाई पनि बढाउँछ र यसले विचारधारा, पाठक र समाजलाई पनि दूषित पार्छ । यस्तो अवस्थामा वर्गभेदको अन्त्यसँगै सबै प्रकारका विभेदको अन्त्यको खोजीका क्रममा विशेषतः तेस्रो विश्वका महिला र महिलावादी साहित्यको छुट्टै सौन्दर्यशास्त्रको खोजी हुनु जरुरी भएको छ ।' भट्टराईको विचारमा पृथक महिलावादी सौन्दर्यशास्त्र जरूरी छ । यसैले दलित व्यक्ति वा समुदायले भोग्नुपरेको सामाजिक - सांस्कृतिक परिस्थिति, यातना एवम् सङ्घर्ष दलित साहित्यमा प्रतिबिम्बन हुने गर्दछ । तर नेपालको दलित सौन्दर्यशास्त्रको सन्दर्भमा यसलाई मापदण्ड बनाउन सकिने स्थिति तयार भइसकेको छैन । नेपालमा दलित साहित्यको महत्व भए पनि दलित सौन्दर्यशास्त्रको आवश्यकता देखिंदैन । घनश्याम ढकालद्वारा 'दलित सौन्दर्यशास्त्र सम्भावना र स्वरूप' शीर्षक लेखमा दलित सौन्दर्यशास्त्रबारे विस्तृत रूपमा चर्चा गरिएको छ र वहाँको विचारमा 'दलित सौन्दर्यशास्त्र माक्र्सवादी सौन्दर्यशास्त्रकै अङ्ग हो ।'

साहित्य र कलालाई वर्गीय हितको साधन बताउँदै तथा राजनीति र साहित्यका बीच घनिष्ठ सम्बन्ध रहेको कुरा उल्लेख गर्दै मोदनाथ प्रश्रित भनेका छन् - 'जहाँ सामन्त वर्गले धार्मिक साहित्य र कलाको घुम्टोमा आफ्नो राजनीति घुसाएर शोषण गर्दैआएको छ भने पु"जीवादीहरू - स्वच्छन्दतावादी, व्यक्तिवादी, यौन स्वतन्त्रतावादी (फ्रायडवादी), वर्ग समन्वयवादी, अमूर्तवादी, भाववादी आदि अनेक भ्रमपूर्ण साहित्य र कलाको सिर्जना गरी क्रान्तिकारी चेतनशील श्रमिक वर्गलाई शोषित जनताले पनि द्वन्द्वात्मक भौतिकवादी, प्रगतिवादी, सामाजिक यथार्थवादी, विकासवादी आदि साहित्य र कलाको सिर्जना गरी क्रान्ति, शोषण - मुक्ति र समानताको राजनीतिलाई अगाडि बढाइरहनेछन् ।' यहाँ साहित्य, कला

र सौन्दर्यचिन्तनको क्षेत्रमा प्रतिध्रुवीय धाराको विरोध र माक्र्सवादी धाराको पक्ष पोषण समेत गरिएको छ । प्रश्रितले प्रगतिवादलाई अवलम्बन गरी कैयौं कृतिपरक तथा सैद्धान्तिक समालोचना लेख्नु भएको छ र ती माक्र्सवादी सौन्दर्य चिन्तनद्वारा आलोकित रहेका छन् । यसैले माक्र्सवादी धाराभित्रै पनि विविध ढङ्गका प्रवृत्तिहरूका बिच सङ्घर्ष चलेको देखापर्दछ । सौन्दर्यात्मक तथा कलात्मक पक्षलाई केन्द्रबिन्दुमा राखेर हेर्दा यस अन्तर्गत माक्र्सवादी विश्व दृष्टिकोण अनुसार सौन्दर्य चिन्तनको विकास प्रक्रिया, सौन्दर्यशास्त्रको परिभाषा तथा प्रवर्गहरूको विवेचना, सौन्दर्य सिद्धान्त, पद्धति तथा प्रणाली, मूल्य, आदर्श, अनुभूति, नियम र कला जस्ता विषय पर्दछन् । यी विषयबारे विभिन्न लेखकहरूद्वारा प्रकाश पार्ने काम भएको छ ।

सौन्दर्यशास्त्र सम्बन्धी धारणा, समालोचनात्मक मूल्याङ्कनका पद्धति र साहित्य तथा कलाका विषयवस्तु एवम् शैली - यी सबै कुराहरू मनुष्य समाजमा लामो कालसम्मको श्रम, सङ्घर्ष, प्रयोग, अनुभव र द्वन्द्वात्मक क्रिया प्रतिक्रियाहरू पछि मात्र क्रमशः उत्पन्न भएका वा विकसित हु“दै आएका कुरा हुन् , ती कुनै दैवी प्रतिभाबाट अकस्मात् प्रादुर्भाव भएका सरस्वतीका वरदान हैनन् । यसबाट सौन्दर्य चिन्तन सम्बन्धी माक्र्सवादी दृष्टिकोण अभिव्यक्त भएको पाइन्छ । नेपाली सौन्दर्य चिन्तनको क्षेत्रमा हेर्नु हो भने यस साहित्यमा प्रतिधुरवीय तथा माक्र्सवादी धारा र संशोधनवादी तथा माक्र्सवादी धाराका बीच निरन्तर सङ्घर्ष चल्दै आएको छ । यसका साथै माक्र्सवादी पंक्तिभित्रै पनि विभिन्न बहस तथा छलफल चल्दै आएका छन् । प्रतिधुरवीय धारा अन्तर्गत मूलतः तीन उपधारा पर्दछन् - पहिलो, सामन्तवादी सौन्दर्य चिन्तन तथा आभिजात्यवादी कलासिद्धान्त, दोस्रो, पुन्जीवादी सौन्दर्य

चिन्तन तथा आधुनिकतावादी कला सिद्धान्त र तेस्रो, उत्तर आधुनिकतावादी सौन्दर्य चिन्तन तथा कला सिद्धान्त । माक्र्सवादी धारा माक्र्सवादी सौन्दर्यचिन्तन र समाजवादी यथार्थवादको समग्रतामा आधारित छ । सामन्तवादी सौन्दर्य चिन्तन र आभिजात्यवादका अनुसार राजा, महाराजा एवम् कुलीनहरूको स्तुति–प्रशंसा गर्ने, राजारानी तथा कुलीनहरूलाई नायक नायिका बनाउने र सामन्ती राज्य व्यवस्थालाई आदर्श मानेर चल्ने गरिन्छ । यस प्रकारको सौन्दर्य चिन्तन र कला सिद्धान्तमा जनता र श्रमलाई घृणाको दृष्टिले हेरिन्छ । त्यस्तै पाश्चात्य पु“जीवादी सौन्दर्य चिन्तनमा आदर्शवादी, कलावादी तथा मनोवैज्ञानिक धारा र आधुनिकतावादका पक्षधरहरू पनि प्रगतिवादका विरोधी रही आएका छन् । उत्तर आधुनिकतावाद आधुनिकतावादकै विस्तार हो । यसले इतिहास, विचारधारा, यथार्थ, महावृत्तान्त आदि सबैको अन्त्यको कुरा गर्दछ र यो माक्र्सवादकै विरोधी रहेको छ । माक्र्सवादीहरूले सौन्दर्य चिन्तन तथा साहित्यकलाको क्षेत्रमा यसप्रकारका चिन्तन प्रणाली र सिद्धान्तको सशक्त रूपमा विरोध गर्दै आएका छन् ।

त्यसैगरी नेपाली साहित्यमा लामो समयदेखि नै चल्दै आएको रूपवाद र यथार्थवादका बीचको सङ्घर्ष चलिरहेको पाइन्छ । समय सापेक्षित रूपमा रूपवादीहरूले साहित्यको अपहरण गर्ने क्रममा विभिन्न रूप र माध्यमको सहारा लिएका छन् । अहिले मृत अवस्थामा रहेको रूपवादी नेपाली समालोचनालाई श्वास भर्ने काम शैलीविज्ञानले आरम्भ गरेको छ र अहिलेको यथार्थवादी, जीवनवादी र माक्र्सवादी समालोचनाको द्वन्द्व पनि यसैसित हुनु स्वाभाविकै छ । साहित्य सिर्जनामा रूपवादका पुराना रूपहरू प्रतीकवाद, अस्तित्ववाद, फ्रायडवाद, अकथा, अउपन्यासजस्ता प्रवृत्तिहरू हाल ओइलाइसकेका छन् र तिनको ठाउ“ एकातिर स्वैर

कल्पनात्मक र लीला लेखनजस्ता प्रवृत्तिहरूले लिएका छन् भने अर्कोतिर सोझै भौतिकवादी जीवनवादी चिन्तनको विरोध गर्ने रचनाहरू देखा परेका छन् ।

वर्तमानमा भने उत्तर आधुनिकतावादी र माक्र्सवादी धारा बिचको विचारधारात्मक सङ्घर्ष तीव्र बन्दै आएको छ । यस अवधिमा उत्तर आधुनिकतावादको पक्षपोषण गर्नेमा कृष्ण गौतम, गोविन्दराज भट्टराई आदि र त्यसको विरोधमा ऋषिराज बराल, चैतन्य र निनु चापागाईं लगायतका लेखकहरू देखापर्दै आएका छन् । संक्षिप्तमा भन्नुपर्दा माक्र्सवादका आधारभूत मान्यता हुन्– द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, वर्ग सङ्घर्ष, बल प्रयोगको भूमिका, सर्वहारा वर्गको अधिनायकत्व र साम्यवाद । संशोधनवादले माक्र्सवादका यस प्रकारका आधारभूत मान्यताको अपव्याख्या, तोडमोड र परित्याग गर्दछ । आज साहित्य, कला र सौन्दर्य चिन्तनको क्षेत्रमा माओका योगदानहरूलाई माओ विचारधारा वा माओवादका रूपमा मान्ने वा नमान्ने, माओद्वारा विकसित येनान वार्ता तथा महान् सर्वहारा सांस्कृतिक क्रान्तिलाई स्वीकार गर्ने वा नगर्ने लगायतका विषयमा गम्भीर बहस चल्दै आएको पाइन्छ । बहुलवादी धाराले एकातिर माक्र्सवाद–लेनिनवादको गम्भीर रूपमा तोडमरोड गर्दै त्यसको पुनव्र्याख्यामा जोड दिएको छ भने अर्कोतिर माओ विचारधारा, नया“ जनवाद तथा सर्वहारा सांस्कृतिक क्रान्ति सम्बन्धी मान्यताको परित्याग समेत गरेको छ ।

## 13.6 साहित्यलोचना र सौन्दर्य शास्त्रमाझ साम्य र बैषम्य

पाश्चात्य साहित्यकारहरूले जहाँ सौन्दर्यनुभूतिको कुरा गर्दछन् , त्यहाँ पूर्वीय तथा भारतीय साहित्यकारहरू मानव - मूल्यहरूका उद्घाटन गर्दछन् । यसैले साहित्यलोचना र सौन्दर्यशास्त्रमा साम्य र वैषम्यता दुवै रहेको पाइन्छ ।

पूर्वी देशोहरूका अलङ्कृत शैला , पुराण पन्थी बिम्ब - विधान र सौन्दर्य - दृष्टि भिन्न भएको कारण पाश्चात्य देशहरूले सुसभ्य र सुसंस्कृत मानसिकतामा यसलाई कुनै प्रकारले पनि मन पराएको पाइन्न । दुवैको सौन्दर्य – दृष्टिमा केही फरक भने अवश्य पाइन्छ । विशेष गरेर पश्चिम र पूर्वका ऐतिहासिक र सामाजिक पृष्ठभूमि अनि राष्ट्रीय विशेषताहरू भिन्न रहेका छन् । तर यस्तो भिन्नता पाश्चात्य देशहरूमा अझ ज्यादा रूपमा पाइन्छन् । मूलतः भारतीय साहित्यकारहरूका जीवन दृष्टि आदर्शवादी र पाश्चात्य साहित्यकारहरूका जीवन दृष्टि मूलतः यथार्थवादी रहेको पाइन्छ । यसैले साहित्यलोचना भन्दा सौन्दर्य चिन्तनको शास्त्रीय अध्ययन निकै फराकिलो, गहन र जटिल रहेको छ ।

हरेक चिन्तन, शास्त्र वा विज्ञानका आ–आफ्ना इतिहास, सिद्धान्त, विधि, प्रणाली, प्रवर्ग, नियम आदि हुने गर्दछन् । यो कुरा सौन्दर्यशास्त्रका लागि पनि सत्य हो । यस बारे नेपाली माक्र्सवादी सौन्दर्य चिन्तनका क्षेत्रमा पनि ध्यान दिन थालिएको कुरा उपर्युक्त अध्ययनबाट स्पष्ट हुन्छ । सौन्दर्यशास्त्रलाई परिभाषित गर्दा सौन्दर्यात्मक र कलात्मक पक्ष माथि ध्यान दिनु पर्ने हुन्छ । यसबारे अन्यत्र जस्तै नेपाली माक्र्सवादी लेखकहरूमा विवाद देखा पर्दैन । सामान्यतः सबै माक्र्सवादी लेखकहरूले सौन्दर्यशास्त्रलाई सौन्दर्यात्मक र कलात्मक पक्षको समष्टिका रूपमा

परिभाषित गरेको पाइन्छ । यसरी हेर्दा सौन्दर्यशास्त्रमा सौन्दर्य र कलाका सामान्य नियमहरूको अध्ययन गरिन्छ । समग्र रूपमा सौन्दर्यात्मक पक्षको अध्ययन गर्ने प्रक्रियामा प्रकृति पनि त्यसै अन्तर्गत पर्दछ । अन्य शास्त्रमा जस्तै सौन्दर्यशास्त्रमा पनि प्रवर्ग हुने गर्दछन् र यस प्रकारका प्रवर्गहरूलाई मूलतः दुई भागमा विभाजित गर्ने गरिएको छ । ती प्रवर्ग हुन्– सार्वभौम र विशिष्ट प्रवर्ग । सौन्दर्यपरक प्रवर्गलाई सार्वभौम प्रवर्ग र त्यस अन्तर्गतका सुन्दर–कुरूप, उदात्त–नीच, दुःखान्त–प्रहसन, सङ्गति–असङ्गति, कलालाई विशिष्ट प्रवर्गका रूपमा लिइन्छ । भारतीय सौन्दर्य चिन्तनमा दुःखान्त नभई सुखान्त प्रचलनमा रही आएको छ । यसैगरी रुचि, पूर्णता, नाटकीयतालाई पनि सौन्दर्यात्मक प्रवर्ग अन्तर्गत विशिष्ट प्रवर्गमा राख्ने गरिन्छ । यी विषय बारे नेपाली माक्र्सवादी सौन्दर्यशास्त्रका लेखकहरू बीच एकरूपता पाइन्छ ।

सौन्दर्य आत्मगत, वस्तुगत वा दुवै के कस्तो हुन्छ भन्नेबारे नेपालमा पनि माक्र्सवादी कोणबाट अध्ययन गर्ने प्रयास हु“दै आएको छ । वस्तुनिष्ठ आदर्शवादले सौन्दर्यलाई भौतिक संसार र सामाजिक जीवनदेखि पृथक् परम विचार वा ईश्वरीय अभिव्यक्ति मान्दछ । आत्मनिष्ठ आदर्शवादले सौन्दर्यलाई वस्तुगत सामाजिक जीवनदेखि पृथक् निजी आत्माको अभिव्यक्तिका रूपमा ग्रहण गर्दछ । त्यस्तै यान्त्रिक भौतिकवादले सौन्दर्यलाई स्वयम् वस्तुमा सन्निहित गुण मान्दछ । परन्तु यी सबैका विपरीत द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादले सौन्दर्यलाई मानवीय सामाजिक श्रम तथा उत्पादनमूलक गतिविधिसित जोड्दै ऐतिहासिक रूपमा विकसित वस्तुगत र आत्मगत पक्षको द्वन्द्वात्मक सम्बन्धमा आधारित हुने कुरा बताउँछ । सौन्दर्यानुभूति एक प्रकारको विशिष्ट अनुभूति भएकोले यस अनुभूतिलाई सुन्दर वस्तुको अवलोकन वा

आत्मसातीकरणका बीचबाट प्राप्त हुने सुखद अनुभूति वा आनन्दानुभूतिका रूपमा लिइन्छ । यो अनुभूति भद्दा भौतिक उपयोगिता होइन, सांस्कृतिक उपयोगिता र सुरुचिमा आधारित अनुभूति हो । यो अनुभूति वस्तु र आत्मका बीचको द्वन्द्वात्मक एकत्वमा आधारित हुन्छ । मार्क्सवादी मान्यता अनुरूप सच्चा सौन्दर्यानुभूतिका लागि एकातिर दर्शक, श्रोता वा पाठक अर्थात् सहृदय सुरुचि सम्पन्न हुन जरुरी छ भने अर्कोतिर उत्कृष्ट कृतिले सुरुचि सम्पन्न पाठक÷दर्शक÷श्रोताहरूको निर्माणका लागि पनि आधार तयार पार्ने गर्दछ ।

मूल्य विविध किसिमका हुन्छन् । उत्कृष्ट जीवन मूल्य नै सौन्दर्य मूल्य अन्तर्गत पर्दछन् । सर्वोच्च सांस्कृतिक मूल्य तीन छन्– सत्य, शिव र सुन्दर । सत्य दर्शन, शिव नैतिकता र सुन्दर सौन्दर्य चिन्तनस“ग सम्बन्धित मूल्य हुन् । सौन्दर्य कुनै विशुद्ध तथा अमूर्त मूल्य नभई समग्र उत्कृष्ट जीवनमूल्यका साथै सत्य र शिवको संश्लेषणमा आधारित हुन्छ । मूल्यको निर्माण वस्तु र आत्मको द्वन्द्वात्मक एकत्वका बीचबाट हुने गर्दछ । सौन्दर्य मूल्य कुनै सुन्दर वस्तु, कृति वा परिघटनामा सन्निहित हुन्छ र यसले आत्म वा विषयीका सौन्दर्यपरक तथा कलापरक आवश्यकताहरूलाई तृप्त गर्ने सामर्थ्य राख्तछ । सौन्दर्यपरक आदर्श अन्य सबै आदर्शहरूको संश्लिष्टतामा आधारित हुन्छ । यो जीवनको इच्छित वा काम्य वस्तु, उद्देश्य एवम् सबैभन्दा मीठो सपना हो । यो मानव जातिको उद्देश्य, इच्छित भविष्य र सुन्दर सपनामा आधारित रहेको छ । जीवनमा आदर्श अनिवार्य रूपमा आवश्यक हुन्छ र आदर्शको अभावमा मान्छेको जीवन अर्थहीन बन्न पुग्दछ । मार्क्सवादी सौन्दर्य चिन्तनमा उत्पीडनबाट मुक्ति र साम्यवादको उदात्त संसार नै मानव जीवनको उच्चतम सौन्दर्यपरक आदर्श हो ।

माक्र्सवादी सौन्दर्यशास्त्रमा सौन्दर्यका सामान्य नियम, सिद्धान्त, प्रवर्ग, पद्धति र प्रणालीबारे अध्ययन गरिन्छ । सौन्दर्यका सामान्य नियम कुनै सौन्दर्य चिन्तक, स्रष्टा वा कलाकारको मानस क्षेत्रमा होइन वास्तविक जीवनका मानवीय श्रमकार्य, उत्पादनमूलक गतिविधि र रचनात्मक क्रियाकलापमा आधारित हुन्छन् । ती नियमहरू द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादद्वारा संश्लेषित हुने गर्दछन् र समाज तथा कलाको क्षेत्रमा देखिने परिवर्तनस“गै ती पनि परिवर्तित एवम् विकसित हुन्छन् ।यसका साथै सौन्दर्यशास्त्रमा कलाका सामान्य नियम, सिद्धान्त र विधिबारे पनि अध्ययन गरिन्छ । माक्र्सवादी सौन्दर्यशास्त्रमा कलाको सिद्धान्त र विधिका रूपमा समाजवादी यथार्थवादलाई लिइएको छ । समाजवादी यथार्थवाद वा प्रगतिवादले आलोचनात्मक यथार्थवाद वा प्रगतिशील धारालाई सहयोगीका रूपमा लिन्छ । त्यस्तै प्रगतिवाद समग्र प्रवृत्ति र सिद्धान्तका रूपमा आदर्शवादी सौन्दर्य चिन्तनमा आधारित स्वच्छन्दतावादसित असहमत छ । परन्तु, त्यसले कलात्मक सिर्जनाको विधिका रूपमा सक्रिय वा क्रान्तिकारी स्वच्छन्दतावादलाई भने आफूमा ढालेर अङ्गीकार गर्दछ । माक्र्सवादी मान्यता अनुसार कलाको क्षेत्रमा अध्ययन गर्नु पर्ने कलाबिम्ब, यथार्थको कलात्मक प्रतिबिम्बन, प्रारूपीकरण, प्रतिबद्धता तथा स्वतन्त्रता, अन्तर्वस्तु र रूप लगायतका विषय पर्दछन् ।

सौन्दर्यशास्त्रको विषय वस्तु र परिधि, वर्ग समाजमा सौन्दर्य चिन्तनको वर्गीय स्वरूप तथा वर्गीय विचारधारा, सौन्दर्यशास्त्रको अन्य शास्त्रसितको निर्भरता, कलाका सामान्य सिद्धान्त तथा विविध प्रकारका विधा सिद्धान्त लगायतका विषय अनुरूप सौन्दर्यशास्त्रको विशिष्टीकरण पनि हु“दै गएको छ । यस स्थितिमाथि ध्यान दिदैं सामान्य प्रकारको

सौन्दर्यशास्त्र र विशिष्ट प्रकारका सौन्दर्यशास्त्रहरूका बीचको सम्बन्धबारे पनि स्पष्ट हुन आवश्यक छ । साहित्य तथा कलाका विभिन्न विधागत सौन्दर्यशास्त्रमा सम्बन्धित विधाको परिभाषा, संरचनात्मक तत्वहरू, हरेक विधाको विशेषता, तिनले दिने सन्देश र तिनमा विद्यमान अन्तर्वस्तु एवम् रूपको एकता लगायतका विषयमा सामान्य रूपमा अध्ययन गरिन्छ । यसैगरी नेपालमा महिला, दलित, जनजाति आदि समुदायगत सौन्दर्यशास्त्रको चर्चा पनि हु"दै आएको छ । तिनको विशिष्ट स्वत्व हुनसक्ने भए पनि अन्ततः ती माक्र्सवादी सौन्दर्यशास्त्र अन्तर्गत नै पर्दछन् । वर्गीय रूपमा आज मुख्यतः माक्र्सवादी तथा पु"जीवादी सौन्दर्यशास्त्रका बीच सङ्घर्ष चल्दै आएको छ र माक्र्सवादी सौन्दर्यशास्त्र नै वैज्ञानिक रहेको छ ।

सामाजिक क्रान्ति तथा जन आन्दोलनहरूका बीचबाट सौन्दर्य चिन्तन विकसित हुने गर्दछ र आज विश्वमा पनि यही हुँदै आएको छ । भारत र नेपालमा विभिन्न प्रकारका जन आन्दोलन, वर्ग सङ्घर्ष र सशस्त्र सङ्घर्षका बीचबाट साहित्य, कला र सौन्दर्य चिन्तनको क्षेत्रमा नयाँ आयाम थपिंदै आएको देखिन्छ । यसै प्रक्रियामा महान् जनयुद्धको अवधिमा प्रगतिवादी कला, साहित्य, संस्कृति र माक्र्सवादी सौन्दर्य चिन्तनको क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ । यस प्रकारको प्रगतिलाई जनयुद्धको सौन्दर्यशास्त्र, आनन्द र आतङ्को सौन्दर्यशास्त्र, प्रचण्डपथीय सौन्दर्यशास्त्र आदिका रूपमा संश्लेषित गर्ने काम भएको छ । प्रचण्डपथलाई स्थगित गरिएको र त्यसमाथि प्रश्नचिन्ह खडा भएको अहिलेको अवस्थामा यस अवधिमा भएको प्रगतिलाई जनयुद्धको सौन्दर्यशास्त्रकै रूपमा हृदयङ्गम गर्नु उपयुक्त हुन्छ । जनयुद्धको सौन्दर्यशास्त्र माक्र्सवादी सौन्दर्यशास्त्र अन्तर्गत नै पर्दछ । संसारलाई सौन्दर्यात्मक ढङ्गले

आत्मसातीकरण र सौन्दर्यका नियम अनुसार संसारको नया" ढङ्गले रचना गर्नु माक्र्सवादी सौन्दर्यशास्त्रको मूल अभीष्ट हो । यस प्रकारको कामलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनका लागि मूलतः तीन प्रकारका दायित्व पूरा गर्न जरूरी छ ।

मानव जीवनलाई सौन्दर्यात्मक ढङ्गले आत्मसात् गर्नु भनेको विमानवीकरण र मानवीकरणको द्वन्द्ववादलाई राम्रोसँगले बुझ्नु हो । मानव समुदाय विश्वमा र साथै नेपालमा पनि वर्ग, जात, जाति, लिङ्ग, क्षेत्र, धर्मस"ग सम्बन्धित विभेद एवम् उत्पीडनको सिकार हुँदै आएका छन् । स्वयम् मानवजीवनका सुन्दर–कुरूप, उदात्त–नीच, दुःखान्त–प्रहसनस"ग सम्बन्धित अन्तर्विरोधहरू विद्यमान रही आएका छन् । यी सबै अन्तर्विरोधको समाधान जनवादी तथा समाजवादी क्रान्तिको प्रक्रियामा हुन्छ । साम्यवादमा पदार्पण गरेपछि नै मानव जाति असली अर्थमा विमानवीकरणबाट मुक्त हुन्छ । मानिसको सर्वतोमुखी तथा सामञ्जस्यपूर्ण विकास यसरी नै हुन सक्छ । माक्र्सवादी सौन्दर्यशास्त्र समग्र क्रान्ति र मानवीय मुक्तिको सौन्दर्यशास्त्र हो र यसलाई विकसित गर्न आवश्यक छ ।

वास्तविक अर्थमा मानवजीवनको कलात्मक प्रतिबिम्बन र अभिव्यक्ति ललित - कला अर्थात् साहित्य, सङ्गीत र चित्रकला एवम् मूर्तिकलामा नै हुन्छ । मानवजीवन कस्तो छ भन्ने मात्र नभई कस्तो हुनुपर्छ भन्ने कुरामा समेत आवश्यक ध्यान दिंदै यथार्थको कलात्मक प्रतिबिम्बन, कलाको विकास, निर्माण र प्रारूपीकरण गर्ने काममा प्रगतिवादले विशेष ध्यान दिनु पर्दछ । विश्वमा मानवका व्यवहारिक जीवनको क्षेत्रलाई हेर्नु हो भने यसमा सौन्दर्यको परिधि धेरै व्यापक छ । त्यसले दैनिक जीवन, घरेलु सज्जा, औद्योगिक डिजाइन, वस्त्र - आभूषण

तथा पहिरन सहित शिल्प र रचनात्मक कार्यको समग्र क्षेत्रलाई ओगटेको हुन्छ । माक्र्सवादी सौन्दर्यशास्त्रको पहु“च यी सबै क्षेत्रमा हुनुपर्दछ । माक्र्सवादी सौन्दर्य चिन्तन श्रमसँग अभिन्न रूपमा गा“सिएको छ र त्यसले श्रमलाई उदात्त एवम् कलात्मक बनाउने कुराको माग गर्दछ।

## 13.7 उपसंहार

**सौन्दर्य शास्त्र**को अध्ययन विशेष कुनै विशिष्ट ऐतिहासिक परम्परामा आधारमा गरिने गरिन्छ । सौन्दर्य चेतनाको उत्पत्ति झण्डै अढाई हजार वर्ष पहिले मिश्र, बेबिलोन, चीन, भारत र युनानमा भएको थियो । प्राचीन युनानमा सौन्दर्यलाई बुझाउन ए**स्थेटिकोस** शब्दको प्रयोग हुन्थ्यो । यस शब्दले सम्वेदना, अनुभूति वा इन्द्रिय सुखको चेतना आदि अर्थलाई जनाउँछ । सङ्गति (ज्बचायलथ) - लाई पनि सौन्दर्यका रूपमा लिइने गरिन्छ । माक्र्सवादी सौन्दर्यशास्त्रको संरचना सौन्दर्य नियम र प्रवर्गहरूको मुख्य प्रणाली समेत श्रमको सौन्दर्यशास्त्र, इन्जिनियरिङ सौन्दर्यशास्त्र, दैनिक जीवन र आचरणको सौन्दर्यशास्त्र, सौन्दर्य शिक्षाको सिद्धान्त, कलाको सामान्य सिद्धान्त र अंशतः कलाको समाजशास्त्रबाट निर्मित भएको देखिन्छ । वास्तवमा सौन्दर्यशास्त्र यस्तो विज्ञान हो जसले प्रकृतिमा, समाजमा, भौतिक एवम् अभौतिक उत्पादनमा निहित सौन्दर्य तथा सिर्जनात्मकताका विविध पक्षहरूको अध्ययन हुने गर्दछ । सौन्दर्य चिन्तनको ऐतिहासिक विकास प्रक्रियाका बीचबाट माक्र्सवादी सौन्दर्यशास्त्र विकसित भएको मानिन्छ । कला सिद्धान्त नै सौन्दर्यशास्त्र हो अर्थात् कला सिद्धान्त र सौन्दर्यशास्त्रलाई पर्यायवाची ठान्ने हेगेलको कुरा गरौं वा कला सिद्धान्त र सौन्दर्यशास्त्रलाई समानान्तर ठान्ने पेस्पेलोभको कुरा गरौं यी दुवैको दृष्टिकोण गलत छ । सामान्यतः सौन्दर्यशास्त्र र विशेषतः

माक्र्सवादी सौन्दर्यशास्त्रको अध्ययन लेखक तथा कलाकारका साथै रचनात्मक कार्यस“ग सम्बन्धित सबै ललित तथा उपयोगी कलाका स्रष्टाहरू, साहित्य तथा कलाको रसपानमा संलग्न हुने सबै पाठक, दर्शक, श्रोता अर्थात् सहृदय र समीक्षकहरूका लागि पनि उपयोगी रहेको छ । सांस्कृतिक साम्राज्यवाद, उपभोक्तावाद र भद्दा उपयोगितावादले हैकम जमाउ“दै आइरहको वर्तमान सन्दर्भमा सिङ्गो मानव जाति रुचि परिष्कार गर्दै सुरुचि सम्पन्न तथा सुसंस्कृत बन्नका लागि माक्र्सवादी सौन्दर्यशास्त्रको अध्ययन विशेष रूपमा आवश्यक एवम् उपयोगी रहेको छ ।

आलोचनालाई मूलतः दार्शनिक प्रक्रिया मानिने गरिन्छ । महत्त्वपूर्ण साहित्य विचारक कोरे पाठको विश्लेषणमा मात्र सीमित रहेको हुँदैन । यसले विश्व - दृष्टि विशेषको आधारमा सिद्धान्त कथन र मूल्यांकन गर्ने गर्दछ । पूर्व या पाश्चात्य साहित्यका विद्वान - आचार्यहरूको विश्व - दृष्टिले साहित्य विवेकमा नैतिक मूल्यहरूका अनुसन्धान , जीवनानुभूति र मानव – मूल्यलाई नै विशेष रूपमा उद्घाटन गरेको देखिन्छ । निश्चय पनि सौन्दर्यशास्त्रीय दृष्टिले पृथक दलित साहित्य भन्न सकिने स्थिति अझै पनि विकसित भइसकेको छैन । तथापि विशुद्ध प्रगतिवादी र प्रगतिशील कवितामा व्यक्त भएको दलित चेतनाको आयाम र आयतनलाई एकै ठाउ“मा राख्दा भने यस्तो कविता साहित्यको एउटा बेग्लै कित्ता बनाउन सकिने सम्भावना पनि रहेको छ । यसबाट सौन्दर्यशास्त्रीय रूपमा पृथक दलित सौन्दर्यशास्त्र नभई दलित साहित्यका हिसाबले पृथक आयाम तथा आयतन हुने सम्भावनालाई बुझिन्छ ।

## 13.8 सार

यस प्रखण्डमा टी. एस. इलियटको परम्परा, व्यक्ति प्रतिभा र निर्वैयक्तिक सिद्धान्तबारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ सौन्दर्यशास्त्रको अर्थ हुन्छ सुन्दरता सम्बन्धी सबै पक्षको अध्ययन, विश्लेषण र सैद्धान्तीकरण गरिएको शास्त्र ।
- ❖ जीवन, प्रकृति र कलामा विद्यमान सबै सौन्दर्यात्मक पक्षहरूको अध्ययन गर्ने वैज्ञानिक पद्धतिलाई सौन्दर्यशास्त्र भनिन्छ ।
- ❖ सौन्दर्यानुभूति एक प्रकारको विशिष्ट अनुभूति हो । यस अनुभूतिलाई सुन्दर वस्तुको अवलोकन वा आत्मसातीकरणका बीचबाट प्राप्त हुने सुखद अनुभूति वा आनन्दानुभूतिका रूपमा लिइन्छ ।
- ❖ माक्र्सवादी सौन्दर्यशास्त्रले उच्च वर्गबाट सर्वहारा वर्गमा रूपान्तरण, वर्गीय पुनः संस्कार, रुचि परिष्कार, सांस्कृतिक, विचारधारात्मक र भावनात्मक रूपान्तरण अनिवार्य रूपमा आवश्यक हुने कुरा बताउँछ ।
- ❖ माक्र्सवादी सौन्दर्य चिन्तनमा सामूहिक भावधारा र उदात्तीकरणमा विशेष जोड दिइन्छ । सिङ्गो समाजलाई रूपान्तरण गर्नका लागि साहित्य, कला एवम् सौन्दर्य चिन्तनको क्षेत्रमा विचारधारात्मक, नैतिक तथा सौन्दर्यात्मक शिक्षाको आवश्यकता पर्दछ । यी सबै कुरा बारे विशेष ध्यान दिन जरूरी छ ।
- ❖ दलित साहित्यको केन्द्र दलित हो र दलित मनुष्यलाई सबै प्रकारको भेदभावबाट मुक्त गर्ने ध्येय नै यसको मूल लक्ष्य हो । यस आधारमा समाजवादी यथार्थवादले अङ्गीकार गर्ने माक्र्सवादी चिन्तन र सौन्दर्यशास्त्र नै दलित साहित्यको चिन्तन र सौन्दर्यशास्त्र पनि हो ।

यसैले माक्र्सवादी सौन्दर्यशास्त्र अन्तर्गत दलित सौन्दर्यशास्त्र पनि सँगै रहने प्रतीत हुन्छ ।

- ❖ सत्य, शिव र सुन्दरको विकास असत्य, अशिव र कुरूपका विरुद्धको सङ्घर्षको प्रक्रियामा नै हुने गर्दछ ।
- ❖ साहित्य र संस्कृतिलाई समाज रूपान्तरणकारी कार्यमा संलग्न गराउने र माक्र्सवादी सौन्दर्यशास्त्रलाई अङ्गीकार गर्ने स्रष्टाहरूले यस्ता विचारहरूको खण्डनमा आफूलाई उभ्याएको खण्डमा मात्र साहित्य - संस्कृति साँचो अर्थमा समर्थशाली हुन सक्नेछ ।
- ❖ सौन्दर्यशास्त्रमा बहुदलीय जनवादलाई साहित्य, कला र सौन्दर्य चिन्तनको पथ प्रदर्शक सिद्धान्तको रूपमा लिइने गरिन्छ ।
- ❖ जनताको बहुदलीय जनवाद प्रगतिवादी साहित्यको मापदण्ड हुनै सक्तैन र प्रगतिवादप्रति निष्ठावान् कुनै पनि समालोचकले बहुदलीय जनवादको मापदण्डलाई स्वीकार गर्नै सक्तैन ।
- ❖ माक्र्सवादले साहित्य, कला र सौन्दर्य चिन्तनको स्वरूप वर्गीय हुने कुरा मान्दछ । परन्तु बहुदलीय जनवादी धाराले साहित्य, कला र सौन्दर्य चिन्तनको वर्गीय स्वरूपलाई निषेध गर्दछ ।
- ❖ सौन्दर्य चिन्तनको क्षेत्रमा कलाकार, कलाकृति र कलाग्राहीका बीच एकरूपताको माग गरिन्छ । यदि रुचिमा बहुलता वा विविधता मात्र हुन्थ्यो भने त्यस प्रकारको एकरूपताको कुरा गर्नै सकिदैन थियो ।

यस प्रखण्डको अध्ययनले साहित्यलोचना र सौन्दर्यशास्त्रबारे बुनियाँदी जानकारी प्राप्त भयो । मूलरूपमा पाश्चात्य र पूर्वीय साहित्यमा देखापरेको साहित्यलोचना र सौन्दर्यशास्त्रबारे सिद्धान्तहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 13.9 अनुशीलनी

1. साहित्यलोचनाका विभिन्न सिद्धान्तहरूलाई के के हुन् ? चिनाउनुहोस् ।

2. साहित्यलोचनालाई पाश्चात्य साहित्य जगतमा किन प्रमुख मानिन्छ ? यसबारे सविस्तार लेख्नुहोस् ।

3. साहित्यलोचनाको महत्त्व र मूल्य पाश्चात्य साहित्यलोचनामा के कस्तो रहेको छ ? बताउनुहोस् ।

4. सौन्दर्यशासत्रको महत्त्व र मूल्य पाश्चात्य साहित्यलोचनामा के कस्तो रहेको छ ? बताउनुहोस् ।

5. सौन्दर्यशास्त्रका प्रमुख साहित्यिक मान्यताहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

6. सौन्दर्यशास्त्रलाई किन माक्सवादको कसीमा हेरिने गरिन्छ ? सबिस्तार चर्चा गर्नुहोस् ।

७. साहित्यलोचना र सौन्दर्यशास्त्रमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

8. साहित्यलोचना र सौन्दर्यशास्त्र भन्नाले तपाइ के बुझ्नुहुन्छ ? आफ्नो तर्क दिनुहोस् ।

10. पाश्चात्य र पूर्वीय साहित्यलोचनाको विकासमा सौन्दर्यशास्त्रको के कस्तो योगदान र भूमिका रहेको छ ? विविचना गर्नुहोस् ।

11. साहित्यलोचनाका प्रमुख सौद्धान्तिक प्रवृत्तिबारे लेख लयार पार्नुहोस्।

12. सौन्दर्यशास्त्रका मूख्य वैशिष्ट्यहरूबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 13.10 अतिरिक्त अध्ययन

3. जैन, निर्मला - **पाश्चात्य साहित्य – चिन्तन** ।

4. द्विवेदी, डा. रमा अवध - **साहित्य - सिद्धान्त** ।

७. हिमांशु , राजु प्रधान - **साहित्य परिचय** ।

8. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

9. शर्मा, देवेन्द्रनाथ - **पाश्चात्य काव्यशास्त्र** ।

10. मिश्रा, सत्यदेव - **पाश्चात्य काव्यशास्त्र** ।

12. चौधरी, डा. सत्यदेव र गुप्त, डा. शानतिस्वरूप - **भारतीय तथा पाश्चात्य काव्यशास्त्र** ।

13. मोहन, प्रो. हरी - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान** ।

14. त्रिपाठी, बासुदेव – **पाश्चात्य साहित्यको समालोचना परम्परा** ।

15. सं . सुधाकर पांडेय र आचार्य शुक्ल - **प्रतिनिधि निबंध ,**

**16.** कृष्णचन्द्र सिंह प्रधान - **भञ्ज्याङनिरै** ।

1७. गोविन्द भट्ट - **गोविन्द भट्टका समालोचना** ।

18. शक्ति लम्साल - **माक्र्सवाद, समाज र साहित्य** ।

19. मोदनाथ प्रश्रित - **सङ्कलित रचनाहरू**, खण्ड–6 ।

20. निनु चापागाईं - **यथार्थवादी रचनादृष्टि र विवेचना** ।

21. निनु चापागाईं - **माक्र्सवादी चिन्तनमा सौन्दर्य** ।

22. निनु चापागाईं - **उत्तरआधुनिकतावादः भ्रम र वास्तविकता** ।

23. डा. ऋषिराज बराल - **माक्र्सवाद र उत्तरआधुनिकतावाद** ।

24. डा. ऋषिराज बराल - **उत्तरआधुनिकतावाद र समकालीन यथार्थ** ।

25. घनश्याम ढकाल - **माक्र्सवादी सौन्दर्यशास्त्रको विवेचना** ।

26. घनश्याम ढकाल (सम्पादक–संयोजक) - **माक्र्सवादी साहित्य र जनयुद्धको सौन्दर्य** ।

२७. डा. जगदीश चन्द्र भण्डारी - **सौन्दर्यको भूमिका** ।

28. डा. गोपीन्द्र पौडेल - **सौन्दर्यबोध र समीक्षा विविध** ।

29. विष्णु प्रभात - **चिन्तन र सौन्दर्य** ।

30. गङ्गा श्रेष्ठ - **संस्कृति, समीक्षा र सौन्दर्य** ।

31. डा. ऋषिराज बराल - **उपन्यासको सौन्दर्यशास्त्र** ।

32. रमेशप्रसाद भट्टराई - **नेपाली प्रगतिवादी साहित्य** ।

33. डा. ऋषिराज बराल - **सङ्गीत र सौन्दर्य** ।

34. डा. गोपीन्द्र पौडेल - **कथाको सौन्दर्यशास्त्र** ।

यस अतिरिक्त साहित्यलोचना र सौन्दर्यशास्त्रबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 13.11 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

२६. साहित्यलोचनाको अर्थ र परिभाषा ।

..........................................................................................

........

..........................................................................................

........

..........................................................................................

........

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२७. सौन्दर्यशास्त्रको अर्थ र परिभाषा ।

..........................................................................................

........

..........................................................................................

........

..........................................................................................

........

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२८. साहित्यलोचना र सौन्दर्यशास्त्रको मूल्य र महत्व ।

..........................................................................................

........

..........................................................................................

........

..........................................................................................

........

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२९. साहित्यलोचना र सौन्दर्यशास्त्रको प्राप्ति र सीमा ।

..........................................................................................

........

..........................................................................................

........

..........................................................................................

........

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.6 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

३०. साहित्यलोचना र सौन्दर्यशास्त्र बीच साम्य र वैषम्यता ।

..........................................................................................

........

..........................................................................................

........

..........................................................................................

........

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 13.७ अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ –14, साहित्यालोचना परम्परामा रिर्चड्सका सिद्धान्तहरूका प्राप्ति र सीमाहरू

**संरचना**

14.0 उद्देश्य

14.1 परिचय

14.2 आइ. ए. रिर्चड्सको सामान्य परिचय

14.3 आइ. ए. रिर्चड्सको सिद्धान्त

14.4 साहित्यलोचना परम्परामा आइ. ए. रिर्चड्सको सिद्धान्तहरूका प्राप्ति

14.5 साहित्यलोचना परम्परामा आइ. ए. रिर्चड्सको सिद्धान्तहरूका सीमाहरू

14.6 उपसंहार

14.7 सार

14.8 अनुशीलनी

14.9 अतिरिक्त अध्ययन

14.10 मूल्यबृद्धिको निम्ति उत्तर

## 14.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- आइ. ए. रिर्चड्सको परिचय
- रिचर्ड्कका साहित्यिक कृतिहरू
- आइ. ए. रिर्चड्सको सिद्धान्तहरू

- साहित्यलोचना परम्परामा आइ. ए. रिर्चड्सको सिद्धान्तहरूका प्राप्ति
- साहित्यलोचना परम्परामा आइ. ए. रिर्चड्सको सिद्धान्तहरूका सीमाहरू

## 14.1 परिचय

पाश्चात्य समीक्षकहरूमा आई. ए. रिचड्र्सलाई अन्य आलोचकहरू भन्दा एक महत्वपूर्ण आलोचक मानिन्छ । उनको स्थान पाश्चात्य साहित्य जगतमा उच्च रहेको हुनाले उनी मनोविज्ञानको क्षेत्रद्वारा साहित्यमा उदाएको मानिने गरिन्छ । रिचड्र्सले मनोविज्ञानको सहायताले आफ्ना विभिन्न साहित्यिक सिद्धान्तहरूका प्रतीपादन गरेका छन् । प्राचीन परम्परा र मूल्यहरूको विघटन भए त्यसमा कविताको सहाराद्वारा आफ्नो मानसिक व्यवस्था बनाइ राख्न भन्ने उनको घारणा पाइन्छ । रिचडर्सले मोवैज्ञानिक एवम् वैज्ञानिक दृष्टि अप्नाऊँदै भाषाबारे सर्वाधिक गहनतासित विचार – विमर्श पनि गरेका छन् । उनले संवेदनाको संतुलनप्रति बल दिदै एक नयाँ समीक्षा पध्दति विकसित गरेका छन् ।

रिचड्र्सको सन् 1922 मा **दि फान्उडेशंस ऑफ ईस्थेटिक्स,** सन् 1923 मा सी. के. ओङ्देनसितको संयुक्त लेखनमा लेखिएको **दि मीनिंग ऑफ मीनिंग** नामक दोस्रो कृति प्रकाशित छन् । उनले पहिलो ग्रन्थमा सौंदर्यको स्थिति कुनै वस्तुमा होइन, बल्कि दर्शकको मनमा पर्ने त्यसको प्रभावमा रहेका हुन्छन् भनेका छन् । अर्थात् त्यसले काव्यका सौंर्दयमा काव्यमा नै हेर्नुको सट्टा त्यसबाट उत्पन्न हुने भावमा रहेको हुन्छ । दोस्रो कृतिमा अर्थ - सम्बन्धी प्राचीन मतहरूको खंडन पाइन्छ । तर आलोचकको रूपमा भने रिचर्डसले आफ्नो दुईवटा ग्रन्थहरू **दि प्रिंसिपुल्स**

**ऑफ लिटरेरी क्रिटिसिज्म र प्रैक्टिकल क्रिटिसिज्म** – को रूपमा ख्याती कमाएका छन् । उनले यी कृतिहरू मध्ये सांस्कृतिक, वैचारिक तथा शैक्षिक उद्देश्यहरूका सिध्दिको लागि 'प्रैक्टिकल क्रिटिसिज्म' -को रचना गरेका प्रतीत हुन्छ । मूल रूपमा रिचर्ड्सलो मनोविज्ञानसित सम्बन्धित दुईवटा सिध्दान्तहरू बनाएका छन् । ती हुन् - 1) मूल्य सिदधान्त र 2) सम्प्रेषण सिद्धान्त ।

रिचर्ड्सको उदय हुनुभन्दा पूर्व पाश्चात्य साहित्य जगतमा बेनिडोटे क्रोचेले आफ्नो अभिव्यञ्जनावादको सिद्धान्त स्थापित गरि सकेका थिए । यस बाहेर पाश्चात्य साहित्यमा सिग्मण्ड फ्रायड, युंग तथा एडलर आदि विद्वानहरूले मनोविश्लेषणवादको प्रतिपादन पनि गरिसकेको देखिन्छ । यसका अतिरिक्त मेक्स ईस्टमैनले कवितालाई विज्ञानको क्षेत्रमा अनुगमन गर्ने सुझाव पनि दिइसकेका थिए । म्याथ्यू आर्नल्डले धर्म र सस्कृतिको संक्रांतिकालमा कविताले मानवलाई उद्धार गर्न सक्दछ भन्ने विचार पनि प्रकट गरेको पाइन्छ । यस संक्रांति कालमा वैज्ञानिक उन्नति एवम् भौतिक समृद्धिको संदर्भमा कविताको अवमूल्यन भएर जान थाल्यो ।

## 14.2 आइ. ए. रिर्चड्सको सामान्य परिचय

आई. ए. रिचर्ड्सको जन्म सन् 1893 मा भएको थियो । उनको रचनाकालको समय अवधि सन् 1924 देखि सन् 1936 सम्म मानिने गरिन्छ । उनी अमेरिकाको हार्वर्ड विश्वविद्यालयमा अङ्ग्रेजी विषयको प्रोफेसर थिए । आफ्नो जीवन कालमा एक दर्जन भन्दा अधिक ग्रन्थहरू लेखेका रिचर्ड्सलाई इलियटको

समकालीन मानिने गरिन्छ । उनको **प्रन्सिपल ऑफ लिटरेरी क्रिटिसिज्म** सबैभन्दा प्रसिद्ध कृति हो ।

ईवर आर्मस्ट्रांग रिचड्र्सलाई पाश्चात्य साहित्यमा नयाँ समीक्षाको सिर्जनामा प्रसिद्ध सिद्धान्तकार र समालोचक मानिने गरिन्छ । उनको मृत्यु ७ सितम्बर सन् 19७9 मा भएको थियो । समीक्षा जगतमा नवीन र नौलो सैद्धान्तिक आधारहरूलाई प्रदान गर्ने आलोचकहरूमा रिचड्र्स अग्रणी श्रेणीमा आउने गर्दछन् । कॉलरिज पछि अलोचना शास्त्रलाई सुगठित तथा व्यवस्थित रूप प्रदान गर्ने हस्तीहरूमा रिचड्र्स दोस्रो समीक्षकको रूपमा परिचित छन् । सन् 1922 मा प्रकाशित **दि फान्ठडेशंस ऑफ ईस्थेटिक्स** नामक ग्रन्थमा रिचड्र्सले सौंदर्यको स्थिति कुनै वस्तुमा होइन, बल्कि दर्शकको मनमा पर्ने त्यसको प्रभावमा रहेका हुन्छन् भनेका छन् । अर्थात् त्यसले काव्यका सौंर्दयमा काव्यमा नै हेर्नुको सट्टा त्यसबाट उत्पन्न हुने भावमा रहेको हुन्छ । सन् 1923 मा प्रकाशित तथा सी. के. ओङ्देनसितको संयुक्त लेखनमा लेखिएको उनको **दि मीनिंग ऑफ मीनिंग** नामक दोस्रो कृतिमा अर्थ - सम्बन्धी प्राचीन मतहरूको खंडन पाइन्छ । तर आलोचकको रूपमा भने रिचर्डसले आफ्नो दुईवटा ग्रन्थहरू **दि प्रिंसिपुल्स ऑफ लिटरेरी क्रिटिसिज्म** र **प्रैक्टिकल क्रिटिसिज्म**को रूपमा ख्याती कमाएका छन् । उनले यी कृतिहरू मध्ये सांस्कृतिक, वैचारिक तथा शैक्षिक उद्देश्यहरूका सिध्दिको लागि 'प्रैक्टिकल क्रिटिसिज्म' -को रचना गरेका प्रतीत हुन्छ । मूल रूपमा रिचड्र्सलो मनोविज्ञानसित सम्बन्धित दुईवटा सिध्दान्तहरू मूल्य सिदधान्त र सम्प्रेषण सिद्धान्त बनाएका छन् ।

रिचड्र्स मनोविज्ञानको क्षेत्रबाट साहित्यमा प्रवेश गरेको मानिन्छ । उनको पहिलो रचना सन् 1922 मा प्रकाशित **द फाउंडेशन ऑफ**

**एस्थेटिक्स -** लाई मानिन्छ । यो कृति उनले सी. के .ऑग्डन **र** जेम्स वुडसितको सहलेखनमा लेखेका थिए । मृत्यु हुनु भन्दा पूर्व रिचड्र्सको **अन्तिम** रचनोको रूपमा **बियोंड** सन् 19७4 मा प्रकाशित भएको देखिन्छ । आफ्नो सम्पूर्ण जीवन कालमा उनले मोटामोटी 24 वटा ग्रन्थ **र** एक काव्य सङ्ग्रह रचना गरेका छन् । उनको प्रसिद्धि र सबैभन्दा अधिक ख्यातिप्राप्त एवम् महत्वपूर्ण कृति चाहिँ सन् 1926 मा प्रकाशित **प्रिन्सिपल ऑफ लिटरेरी क्रिटिसिज़्म**लाई मानिने गरिन्छ । यसका अतिरिक्त रिचड्र्सको सन् 1934 मा प्रकाशित **कॉलरिज ऑन इमैजिनेशन** पनि प्रकाशित छन् । प्रस्तुत कृति पाश्चात्य विद्वानहरू बीच धेरै चर्चाको विषय बनेको पनि थियो । मूल रूपमा रिचड्र्सको प्रमुख रचनाहरू **मेन्सियस ऑफ द माइन्ड (सन् 1931) , एक्सपेरिमेंट्स इन मल्टीपल डेफिनेशन (सन् 1932), बेसिक रूल्स ऑफ़ रीज़न (सन् 1933), द फिलॉसफ़ी ऑफ रेटरिक' (सन् 1936), इंटरप्रटेशन इन टीचिंग (सन् 1938), द स्पेक्युलेटिव इंस्ट्रूमेंट्स (सन् 1955), पोएट्रीज़देयर मीडिया : एण्ड एड्स (सन् 1973) , बियॉन्ड (सन् 1974)** आदि ।

रिचड्र्सको रचनाहरूमा विषय वैविध्यताको पुट धेरै रूपमा व्यक्त भएको पाइन्छ । उनको काव्यिक क्षेत्र भन्दा पनि आलोचनात्मक क्षेत्र बहुतै व्यापक रहेको देखिन्छ ।

## 14.3 आइ. ए. रिर्चड्सको सिद्धान्त

आई. ए. रिचड्र्सको प्रमुख दुईवटा सिद्धान्तहरू छन् । ती हुन् - **सम्प्रेषण र मूल्य सिद्धान्त ।** उनले मूल्यलाई कुनै वस्तुको धर्म तथा गुण मानेका छन् । यसमा वस्तुको रूचि निहित हुने उनले बताएका छन् । कुनै वस्तुका प्राप्तिको इच्छा, त्यस इच्छालाई प्राप्त गर्ने प्रवृति साथै प्राप्त

Notes

भएपछि त्यसबाट उत्पन्न रूचिकर अनुभूतिलाई रिचड्‌र्सले मूल्यवान हुने बताएका छन् । यसर्थ उनी सौन्दर्यलाई एक मूल्य मान्ने गर्दछन् ।

रिचड्‌र्सले आलोचनाका दुई मुख्य आधार बताएका छन् । ती हुन् - 1) मूल्यका लेखा (account of value) अनि 2) सम्प्रेषणका लेखा (account of communication)। रिचड्‌र्सको मूल्य सिद्धान्तलाई अङ्ग्रेजीमा थ्यूरी अफ् भ्यालु (theory of value) भनिन्छ । देवेन्द्रनाथ शर्माले मूल्यको सामान्य परिभाषा दिँदै यसो भनेका छन् -" मूल्य कुनै वस्तुको त्यो धर्म वा गुण हो , जसमा त्यसको परिशंशन (appreciation) अथवा रुचि (interest) निहित हुने गर्दछ । अर्थात कुनै वस्तुप्रति हाम्रो रुचि या पसंदका सम्बन्ध प्रथमतः अनुभूतिसित रहेको हुन्छ । अन्ततः इच्छा तथा प्रवृत्ति [tendency] – बाट कुनै वस्तुप्रति हाम्रो रूची ,चाह , त्यसलाई ,मोहप्राप्त गर्ने प्रवृत्ति आदि उत्पन्न भएर त्यो हाम्रो निम्ति मूल्यवान हुने गर्दछ । यसबाट मूल्य र अनुभूति पर्याय रहेकोले यी दुई मूल्य र मूल्यको अनुभूतिमा कुनै विभेद रहेको हुँदैन भनी रिचड्‌र्सले भनेका छन् । पाश्चात्य साहित्य जगतमा मूल्यको विचारप्रतिको व्यापकताका कारण **मूल्य – मीमांसा (axiology)** नामक स्वतन्त्र शास्त्र विकसित भएर गएको पनि देखिन्छ ।

कुनै एउटा गुलाबको फूललाई देखेर प्रत्येक व्यक्तिको मनमा एक प्रकारको भाव वा प्रतिक्रिया उत्पन्न हुने गर्दछ । यो भाव सबै मानिस वा व्यक्तिमा एख समान हुनु आवश्यक छ भनी रिचड्‌र्सले भनेका छैनन् । कोही मानिस गुलाबबाट मुग्ध हुने गर्छन् भने कोही हल्का रूपमा प्रसन्नता व्यक्त गर्ने गर्छन् । कोही भने तटस्थ पनि रहने गर्दछन् । यस सीमित अर्थमा नै मनोविज्ञान रहेको रिचड्‌र्स ठान्दछन् । रिचड्‌र्सको आलोचना पध्दतिको दोस्रो आधार स्तम्भ **सम्प्रेक्षण सिध्दान्त** हो । उनले यसको

परिभाषा दिँदै यसो भनेका छन् – " जुन कविताले पाठक या श्रोताको मनलाई जति अधिक रीपमा प्रभावित गर्न सक्दछ, जसमा सम्प्रेषणीयता क्षमता जति अधिक हुन्छ, त्यो त्यति नै श्रेष्ठ र महान हुने गर्दछ । " रिचडर्सले प्रेषक (श्रोता) – लाई कलादेखि बाह्य न मानेर त्यसै कलाका तात्विक धर्म मानेका छन् । उनले कलालाई त्यो माध्यम मानेका छन् , जसद्वारा कलाकार आफ्नो अनुभूतिहरूलाई अन्यको सामु पुराउन सकोस भन्ने । अनुभूति भन्ने कुरो मानव मात्रमा उत्पन्न हुने बस्तु बताउँदै रिचड्र्सले कुनै न कुनै रूपमा त्यो अन्यसित सम्प्रेषित हुने गर्दछ भनेका छन् । कारण यो एउटा लोक व्यवहारको अनिवार्य अङ्ग पनि हो भन्ने उनको मान्यता पाइन्छ ।

आई . ए . रिचड्र्सले अर्थ र भाव वीचको पारस्परिक सम्बन्धलाई स्पष्ट गर्दै अर्थको दुई रूप स्वीकार गरेका छन् । ती हुन् - पहिलो सांकेतिक अर्थ र दोस्रो भावात्मक अर्थ । उनले भाषाको पनि वैज्ञानिक र भावात्मक दुई प्रकारको प्रयोग अनुरूप दुईवटै रूप मानेका छन् - सांकेतिक अर्थ र भावात्मक अर्थ । रिचड्र्सको मूल्य सिध्दान्तलाई राम्ररी बुझ्नका निम्ति उनीद्वारा परिकल्पित मानसिक प्रक्रियाको ज्ञान पाठकमा हुनु आवश्यक छ । उनको मतअनुसार "आवेग मनको एक प्रकारको प्रतिक्रिया हो, जो कुनै उद्दीपनद्वारा उत्पन्न भएर कुनै कार्यमा परिणत हुने गर्दछ ।" यसैले रिचडर्सको काव्य सिध्दान्त मनोविज्ञानसित सम्बन्धित रहेको देखिन्छ । उनको विचारअनुसार कविताका मूल्य पाठकको मनलाई प्रभावित गर्ने क्षमतामा निर्भर रहन्छ । जुन कविताले पाठक या श्रोताको मनलाई छोएर जति अधिक प्रभावित बन्दछ, जसमा सम्प्रेषणीयता क्षमता जति अधिक हुने गर्दछ, त्यो कृति

वा कविता त्यति नै उत्कृष्ट बन्दछ भन्ने रिचड्र्सको धारणा रहेको छ । रिचडर्सको मतअनुसार मनोवेगहरूको विशेष दुईवटा कोटिहरू हुने गर्दछन् । ती हुन् - एषणा वा इच्छा (Appetency) अनि विमुखता वा द्वेष (Aversion)। मनोवेगको प्रथम कोटिअनुसार हामी केही पाउनका निम्ति उधत वा लालायित हुन्छौ भने दोस्रो कोटिमा हामी केही वस्तुहरूप्रति हाम्रो मनमा विमुखता उत्पन्न भएर जाने गर्दछ ।

प्रथम प्रकारको आवेग प्रवृतिमूलक हुने गर्दछ भने दोस्रो निवृत्तिमूलक । यसर्थ रिचर्ड्सले मूल्य अन्तगर्त मनोवेगलाई एषणा भन्न रूचाएका छन् । यस एषणालाई सर्वाधिक महत्वपूर्ण मान्दै उनले हामीले अन्य एषणाहरूलाई अवरूध्द नगरी बिना आफ्नो अस्तित्वलाई कायम राख्दछ भनेका छन् । यसर्थ अनुभूति, मूल्य र सम्प्रेषण यी तीन तथ्यहरूको सम्बन्ध विशेष मनोविज्ञानसित रहेको पाइन्छ । तर मनोविज्ञानमा कारण - कार्यको व्याप्ति सदैव एक समान रहन सक्दैनन् । यसर्थ यसलाई आनुभाविक विज्ञान पनि भनिने गरिन्छ । रिचड्र्सले मानव मनका राग - द्वेष, प्रेम - सहानुभूति आदिको पारस्परिकतालाई सम्प्रेषणको फल मानेका छन् । तर सम्प्रेषणको क्षमता सबै व्यक्ति, मानिस तथा पाठकमा एख समान नरहने पनि उनले बताएका छन् । कलाकर र जनसाधारणको अनुभूति माझ तात्विक अन्तर हुँदैनन् । तथापि यी दुवैको अनुभूतिको अभिव्यक्तिमा भने अन्तर रहने गर्दछ । सम्प्रेषणको अभावमा कला वा साहित्य खल्लो भए झै व्यक्ति पनि निरस बन्न पुग्दछ । कुनै पनि कृति सम्प्रेषण भएन भने उत्कृष्ट बन्न सक्दैनन् । यो कुनै एक चिब्रा नभएका व्यक्तिले स्वादिष्ट आदार ग्रहण गरेको जस्तै हुँदछ । रिचड्र्सको मत अनुसार **सम्प्रेषण** - को अर्थ न त अनुभूतिको यथावत् (हूबहू) अन्तरण हो, न दुई व्यक्तिहरू बीचको अनुभूतिहरूका

तादात्म्य । वास्तवमा केही अवस्थाहरूमा विभिन्न मनहरूको अनुभूतिहरू बीचको अत्यन्त समानता नै सम्प्रेषण हो । यसर्थ रिचडर्सले सम्प्रेषणताको निम्ति केही प्रमुख तथ्यहरूलाई आवश्यक रहेको ठानेका छन् । ती हुन् –

1) कुनै वस्तुको पूर्ण अवबोधका निम्ति कवि या कलाकारहरूमा जागरूकताको शक्ति हुनु जरूरी छ ।

2) कलाकारहरूका कला - कृति (कविता) या अनुक्रियाहरू एकरस (समरूपी) हुनु पर्दछ ।

3) यो पर्याप्त रूपले विभिन्न प्रकारको हुनु आवश्यक छ ।

4) कलाकारहरू आफ्नो उत्तेजक कारणहरूद्वारा उत्पन्न गर्नुमा योग्य हुनु पर्दछ ।

5) कलाकारमा साधारणताको गुण हुनु पर्दछ ।

यसरी रिचडर्सले कवि या कलाकारहरूमा साधारणताको गुणलाई आवश्यक मान्दै यदि त्यो साधारण भएन भने उसको मूल्यवान कृतिहरूले पनि सम्प्रेषित गर्न सक्दैनन् भनेका छन् । सम्प्रेषणमा भाषाको विशेष महत्व रहने गर्दछ । यसर्थ रिचड्र्सले " कविताको सम्प्रेषणका माध्यम भाषा हो भनेका छन् । " उनले सम्प्रेषणीय भाषाको पनि दुई भेद हुने बताएका छन् । ती हुन् - तथ्यात्मक र रागात्मक । रिचड्र्सको विचारमा कविले वैज्ञानिकहरूका समान तथ्यहरूको अन्वेषण गर्दैनन् । बल्कि रागात्मक अवस्थाहरूको सर्जन मात्र गर्दछन् । यसैले भाषा यस्तै केही प्रतीकहरूको समूह हो, जो श्रोता र पाठकको मनमा, कविको मनका अनुरूप मनः स्थितिहरूलाई उत्पन्न गरिदिन्छ । यस प्रसङ्गमा उनले शब्द आफै आफैमा पूर्ण नहुने , न त स्वतन्त्र नै हुने बताएका छन् । यसका साथै भाषामा नाद, शब्द - पहचान, भाव - विचार, प्रसंग आदि पनि जोडिएको

हुनाले भाषाको प्रभाव - स्तर यी घटकहरू मै निर्धारित हुने रिचड्र्सले बताएका छन् ।

पश्चिमी आलोचकहरूमा आई. ए. रिचर्डसको सबैभन्दा महत्त्वपूर्ण स्थान रहेको देखिन्छ । उनलाई मनोवैज्ञानिक आलोचना पद्धतिका प्रवर्तक मानिने गरिन्छ । उनीद्वारा प्रतिपादित दुईवटा सिद्धान्तहरू मध्ये एउटा हो - सम्प्रेषण सिद्धान्त । रिचड्र्सको यस **सम्प्रेषण** शब्द दुई शब्दको योगले बनिएका छन् । ती हुन् - सम् + प्रेषण = सम्प्रेषण । **सम्**को अर्थ समान, बरावार, भले - भाति र **प्रेषण**को अर्थ कुनै सन्देश या वस्तुलाई एक स्थानदेखि अर्को स्थानमा पुराउनु वा पठाउने क्रिया हो । यस प्रकार **सम्प्रेषण** शब्दको अर्थ कुनै सन्देश अथवा वस्तुलाई एक स्थानदेखि अर्को दोस्रो स्थानसम्म भले - भाति रूपमा पुराउनुलाई बुझिन्छ । कारण सम्प्रेषण जब कुनै वस्तु उचित स्थितिमा उचित स्थानसम्म पुग्दछन् , तब सठीकसित सम्प्रेषण हुदछ । मूल रूपमा रिचर्डस पश्चिमी जगतका आधुनिक कालको समीक्षक थिए । उनको सबैभन्दा महान विशेषता यही थियो कि उनले काव्यशास्त्र या सामाजिक उद्देश्य आदिका स्थानमा मनोविज्ञानलाई आफ्नो आलोचनाको आधार बनाएका थियो । यसर्थ उनलाई मनोवैज्ञानिक आलोचक पनि भनिने गरिन्छ ।

रिचर्डसद्वारा गरिएको आलोचनालाई विश्व समोलना - शास्त्रमा सर्वथा एक नयाँ वस्तु मानिने गरिन्छ । कारण पाश्चात्य साहित्य संसारमा उनीभन्दा पूर्व काव्यशास्त्र, अभिव्यञ्जना, सौन्दर्य - सिद्धान्त, सामाजिक, राजनैतिक, ऐतिहासिक आदि तत्त्वहरूलाई आधार बनाएर आलोचना गरिने परम्परा विधमान थियो । तर रिचर्डसले यी सबैलाई त्याज्य ठानेर नयाँ प्रकारले पाठकको मनोविज्ञानलाई आधार गरी आलोचना गर्ने परम्परा बसाए । उनले मनोवैज्ञानिक आलोचनामा पाठक र रचनाकार दुवैको

मनोविज्ञानलाई आधार बनाएका छन् । कारण उनको विचारमा सम्प्रेषणको लागि रचनाकार र पाठक दुवैको मनको आवश्यकता पर्दछ भन्ने मत रिचड्र्सको रहेको छ । सम्प्रेषणमा वस्तु सदैव दुई वस्तुहरूको सम्बन्ध रहने गर्दछ । यो एकल रूपमा कहिले पनि सम्प्रेषित हुन सक्दैन । यसर्थ सम्प्रेषण क्रियाको सापेक्षताको निम्ति पाठक र लेखक, कृति र स्रष्ट्रा, वक्ता र श्रोता माझ गाढा सम्बन्ध हुनु आवश्यक छ भनी रिचड्र्सले सम्प्रेषण सिद्धान्तमा भन्न चाहेका छन् ।

कला र साहित्यमा वस्तु सम्प्रेषित हुने गर्दछ तर त्यो वस्तु ठोस हुँदैनन् । यी दुई कला र साहित्यमा विशेष आवेगहरूको सम्प्रेषण हुने गर्दछ । आवेग एक सूक्ष्म वस्तु हो र सूक्ष्म वस्तु केवल अनुभव मात्र हुने गर्दछ । यसर्थ रिचर्डसले **सम्प्रेषण**को अर्थ स्पष्ट गर्दै यसो भनेका छन् – "एक वस्तुलाई एक स्थानदेखि अन्य स्थानमा पुराउनु मात्र सम्प्रेषणको अर्थ होइन । यसमा त विशेष अनुभवहरूको सम्प्रेषण क्रिया रहने गर्दछ । कुनै ठोस वस्तु या पदार्थको होइन ।" रिचर्डसले अनुभूति या आवेगलाई मनसित सम्बन्धित हुने कुरा बताएका छन् । मन एक यस्तो वस्तु हो, जो मनुष्यमा एक समान रहेका हुँदैनन् । यो केवल मनका कल्पनालाई निराधार सिद्ध गर्ने मनगडन्ते कुरा मात्र हुन् । जसरी मानिसको आचारण – व्यवहार एक समान हुँदैन, त्यसरी नै मानिसहरूका मन पनि एक समान हुँदैनन् भनेर रिचड्र्सले भनेका छन् । प्रत्येक मनुष्यमा अलग - अलग मन रहेको हुनाले सम्प्रेषण क्रिया पनि एख समान नभएर अलग - अलग रूपमा हुने गर्दछ । मूलत: रचनाकारको एक मन आफ्नो प्रकारको हुने गर्छन् भने पाठकको मन रचनाकारको समान नभएर निजि र स्वतन्त्र मन हुने गर्दछ । यसर्थ दुवैमा तादात्म्य भएन भने दुई मनको

बीच समानता पनि हुन सक्दैनन् । रिचड्र्सले समानताको अर्थ एक जस्तै हुनु नभएर अपितु मात्रात्मक अनुकूलतालाई मानेका छन् ।

रिचर्डसले सम्प्रेषणको परिभाषा दिँदै यस्तो मनतव्य पोखेका छन् – " सम्प्रेषणको अर्थ न त आवेगका यथावत अन्तरण (Strict transference) हो, न त व्यक्तिहरू बीचको अनुभूतिका तादात्म्य (Identical Experience) । केही अवस्थाहरूमा विभिन्न मनहरूका अनुभूतिहरूको अत्यन्त समानता नै सम्प्रेषण हो ।" यसर्थ सम्प्रेषण तब हुने गर्दछ, जब वातावरणमा कुनै मनको यस्तो क्रिया जो दोस्रो मनबाट प्रभावित भएर प्रफुल्लित हुने गर्दछ अनि त्यो दोस्रो मनको अनुभूति पहिलो मनका अनुभूतिका समान हुने गर्दछ । यहाँसम्म की रिचड्र्सले अनुभूतिबाट अंशतः प्रेरित भएर ती दुवै मन अनुभूतिहरू माझ नै धेरै र कम रूपमा समान हुन पनि सक्छन् भनेका छन् । यसर्थ उनको सम्प्रेषण सिद्धान्तमा मुल तीनवटा तथ्य विचारणीय रहेको देखिन्छ । ती हुन् - आवेग कहिले पनि यथावत अन्तरण नहुने , आवेगको समानता अनि पहिलो मनको अनुभूतिबाट प्रभावित भएर दोस्रो मनमा उत्पन्न हुने अनुभूति पहिलो मनका अनुभूति समान हुने प्रक्रिया ।

रिचड्र्सले सम्प्रेषण सिद्धान्तमा विशेष रचनाकार र पाठकको लागि अपेक्षित गुणहरूको निर्धारणा गरेका छन् । अर्थात् पाठक र रचनाकार दुवै कस्तो र कुन रूपमा रहनु पर्दछ भन्ने उनले यस सिद्धान्तमा उजागार गर्न चाहेका छन् । उनले विशेष रचनाकारहरूमा अपूर्व अभिव्यञ्जना कौशल हुनु जरूरी रहेको पनि बताएका छन् । कारण अनुभवको परिपक्वतामा नै अनुभूतिको अभिव्यक्ति पनि निर्भर रहने गर्दछ । यसैले उनले अनुभूतिको श्रेष्ठतालाई नै अभिव्यक्तिको श्रेष्ठता पनि मान्दै यसैमा निर्धारित हुने पनि बताएका छन् । यसका साथै पाठकहरूमा पनि सहृदय

हुनु जरूरी रहेको रिचड्र्सले बताएका छन् । सह्रदयरूपी पाठक भएर भने कृति सम्प्रेषित नहुने उनले बताएका छन् । अर्थात् कुनै विषयलाई सुरूचिपूर्वक सुन्न , बुझ्न, पढ़न र ग्रहण गर्ने सामर्थ्य प्रत्येक पाठकमा हुनु पर्दछ । नत्र त्यो सम्प्रेषण नभएर अवमूल्यन बन्न पुग्दछ । यसर्थ सह्रदय पाठक बन्नका निम्ति मनलाई अनुकूल राख्नु पर्दछ भन्ने धारमा रिचड्र्सले सम्प्रेषण सिद्धान्तमा व्यक्त गर्न चाहेका छन् ।

आई. ए. रिचड्र्सले सम्प्रेषण सिद्धान्तमा काव्य – भाषालाई मूलरूपमा आधार पनि गरेका छन् । उनले काव्यको संप्रेषणको मुख्य माध्यम भाषा नै हो भनेका छन् । यस प्रयोगका दृष्टिले भाषाको दुई वर्ग उनले बताएका छन् । ती हुन् – क) तथ्यात्मक प्रयोग - यसको प्रयोग वैज्ञानिक र दार्शनिकहरूले गर्ने गर्दछन् अनि ख) रागात्मक प्रयोग - यसको प्रयोग रचनाकारहरूले गर्ने गर्दछन् । रागात्मक वर्गको भाषामा प्रतीक, बिम्ब, भाव – सङ्केत आदिको विशेष महत्त्व रहने गर्दछ । यही भाषाले कवि र रचनाकारको अनुभूतिलाई संप्रेषित गर्ने गर्दछ । यसका अतिरिक्त शब्द र अर्थको सम्बन्ध गहराईलाई विचार गर्दै रिचड्र्सले चार प्रकारको अर्थहरूको उल्लेख यस सिद्धान्तमा गरेका पाउँछौं । ती हुन् - वाच्यार्थ या अभिधार्थ, भाव, वक्ताहरूको वाणीगत चेष्टा र अभिप्राय । रिचड्र्सको मतअनुसार समृद्ध र समर्थ भाषामा उपर्युक्त चारवटा अर्थहरू अवश्य रहेको हुन्छ । यसर्थ समर्थ रचनाकारहरूका भाषामा उपर्युक्त सबै विशेषताहरू हुनु जरूरी छ । उनले सम्प्रेषण (कम्युनिकेशन) - को कार्य अत्यन्त कठिन हुने बताएका छन् । यो सम्प्रेषण ठोस वास्तुको समान हुने गर्दछ । कलागत (कवितागत) सम्प्रेषण पनि तब सम्भव हुने गर्दछ, जहाँ एक मस्तिष्क

अर्थात कलाकारको मस्तिष्कले आफ्नो परिवेशमा प्रभाव पार्ने गर्दछ साथै त्यसको संयोजन गर्दछ । अर्थात यसबाट कलाकार, कवि आदिको मस्तिष्क स्थितिअनुरूप प्रकार्य भएर जादछ ।

मूलरूपमा कुनै वस्तु अथवा स्थितिको पूर्ण अवबोधका लागि कलाकारहरूमा (कविहरूमा पनि) जागरूक निरीक्षण शक्ति हुनु आवश्यक रहेको रिचड्र्सले बताएका छन् । कलाकारहरूमा साधारणताको गुण पनि हुनप जरूरी छ । कारण यसको अनुभव अन्य व्यक्तिहरूको आरोपहरूसित प्रस्तुत भएर सम्प्रेषणीय हुन सक्दछ । यसर्थ रिचड्र्सले कलाकृति र कविताको प्रतिक्रियाहरूमा पनि एकरस हुने पर्ने बताएका छन् । उनले कलाकारहरूको साधारणतमा विशेष बल दिएका छन् । कारण कलाकार तथा कविहरू साधारण भएन भने उनीहरूका महत्वपूर्ण र मूल्यांकन वस्तुका पनि सम्प्रेषण हुनु कठिन पर्दछ । कारण कविताको परीक्षाका निम्ति समिक्षकलाई यस विषयक पूर्ण बोध हुनु पर्दछ । नत्र त्यो कृति त्याज्य बन्दछ । यसर्थ सम्प्रेषणको सफलताका निम्ति परीक्षा तब उचित रूपमा ग्राह्य हुनसक्छ, जब त्यो रचनालाई सम्यक रीतिले अध्ययन, पठन र विवेचना गरिने गरिन्छ । हुन त इटलीका आत्मवादी दार्शनिक बेनिडोटे क्रोचेले काव्य वा कलामा सम्प्रेषणलाई अनिवार्य घटक नमानेर एक व्यवहारिक तथ्य मानेका छन् । तर रिचड्र्सले भने काव्य वा कलाको निम्ति सम्प्रेषणलाई एक धर्म मान्दै सौन्दर्य अनुभूतिको सफलता सम्प्रेषणमा आधारित गरेका छन् ।

काव्यको प्रभाव र प्रयोजनको सम्बन्धमा रिचडर्सले **मूल्य सिद्धान्त** अनुरूप तीनवटा मान्यताहरू निरूपण गरेका छन् । ती हुन् – क) कला अन्य मानव - व्यापारहरूसित सम्बन्ध हुन्छ , यसबाट पृथक् अथवा भिन्न रहन सक्दैन । ख) मानका विभिन्न क्रिया – कलापमा

कला सर्वाधिक मूल्यवान हुने गर्दछ । ग) कुनै पनि मानव - क्रियाका मूल्य कहाँसम्म मनोवेगहरूमा सन्तुलन र सुव्यवस्था उत्पन्न गर्नुमा सक्षम रहन्छ भन्ने कुरामा निर्धारित रहने गर्दछ । आई. ए. रिचड्र्सको मूल्य सिद्धान्त पाश्चात्य आलोचना परम्परामा प्रतिपादन हुनु भन्दा पूर्व पीटर, आस्कर वाइल्ड तथा प्रो. ब्रेडले जस्ता आलोटकहरूले कलालाई केवल कलाकै लागि मानेका थिए । उनीहरूले सौंदर्यजन्य आनन्द नै काव्य - कलाका चरम मूल्य र प्रयोजन हो भनि स्वीकार पनि गरेका थिए ।

त्यस समय पाश्चात्य जगतमा सौन्दर्यप्रति सबैको दृष्टि अडिएको कारण यी विचारकहरूले काव्यमा नैतिक मूल्यहरूलाई गौण माने । यसका साथै उनीहरूले 'कविता कविताका लागि 'तथा 'कला कलाकै निम्ति ' भन्ने सिद्धान्तलाई प्रचार – प्रसार गरेर लगेको पाइन्छ । तर उक्त सिद्धान्तहरूलाई खण्डन गर्दै रिचड्र्सले कला र काव्यलाई जीवनमूलक मूल्यहरूसित घनिष्ठ सम्बन्ध स्वीकार गर्न पुगे । फलत: उनले कलालाई नयाँ दृष्चिले हेर्दै कलाद्वारा मानव सुखको अभिवृद्धि निरत हुनु पर्दछ, पीड़ितहरूलाई उद्धार गर्नु पर्दछ, पारस्परिक सहानुभूतिको विस्तारमा संलग्न हुनु पर्दछ भन्ने नौलो विचार प्रस्तुत गरेर लगे । रिचड्र्सले काव्य रचनालाई एक मानवीय क्रिया मानेका छन् । उनले यसमा मूल्यको मान हुनु हुँदैन भनि भनेका छन् । जुन वस्तुबाट हाम्रो धेरै भन्दा धेरै इच्छाहरू तुष्टि हुन सक्दछ, त्यो सर्वाधिक मूल्यवान हुन्छ भनेर उनले बताएका पनि छन् ।

आज प्राचीन परम्पराहरू दिन दिनै विधटन भएर गइरहेको हुनाले मूल्य पनि विघटित हुँदै जाँदैछन् । यस्तो सभ्य समाजमा

कला र कविताको सहारामा मानिसहरूले मानसिक व्यवस्थालाई संतुलन बनाइ राख्नु पर्दछ । किनकि जुन कविता या कला – कृतिले स्नायुमण्डलमा व्यवस्था उत्पन्न गर्ने गर्दछ, त्यसैले प्रेरणा या आनंद पनि प्रदान गर्ने गर्दछ, जो पछि कल्याणकारी भएर जाने गर्दछन् । अतः कलाको सदैव मूल्यसित अटूट सम्बन्ध रहेको हुने हुनाले मूल्य हाम्रो निम्ति उत्तम एवम् प्रेरक अनुभव हुन् । हामी मानवको मन भित्र आवेग या वृत्तिहरूको उतार – चढ़ाव जीवनको परिस्थिति तथा संघर्षहरूका कारण हुने गर्दछ भनि रिचड्‌र्सले बताएका छन् । यसर्थ यसलाई काव्य र कलाहरूले यी आवेगहरूमा संगति र संतुलन स्थापित गरि राख्दछ । यसैले मूल्य – सिद्धान्तमा सौंदर्यलाई पनि मूल्यवान मानिने गरिन्छ ।

रिचड्‌र्सले मूल्यांकन सम्बन्धी धारणाहरूको सम्बन्ध मानसिक उद्वेगहरूसित हुने बताएका छन् । यसको उनले दुई रूप देखाएका छन् – प्रवृत्तिमूलक र निवृत्तिमूलक । प्रवृत्तिमूलक अन्तर्ग भोख, तृष्णा, वासना आदिलाई राखेका छन् भने निवृत्तिमूलक अन्तर्गत घृणा, निर्वेद, वितृष्णा आदिलाई राखेका छन् । यसर्थ कविता र कलाका आवेगहरू बीच संतुलन स्थापित गर्ने कार्य मूल्यले गर्दछ भन्ने रिचड्‌र्सको धारणा छ । भारतीय दृष्टिकोणमा यस अनुभवलाई साधारणीकरण भनिने गरिन्छ । उनले संतुलन र समन्वय कलालाई गुण मानेका छन् । साहित्यको मूल्य पनि यसैमा समाहित हुने हुनाले हाम्रो उद्वेगहरूमा संगति र संतुलन स्थापित हुनु जरूरी रहेको रिचड्‌र्सले मानेका छन् । कारण कुनै पनि मानव - क्रियाको मूल्य कुन सीमासम्म मानव मनोवेगहरूसित संतुलन र व्यवस्था उत्पन्न गर्नुमा सक्षम हुने तथ्यमा निर्धारित हुने

उनको धारणा रहेको पाइन्छ । यस दृष्टिले कविता र कला - सर्जना सर्वाधिक मूल्यवान क्रियाहरू हुन पुग्दछ । यसर्थ कतिपय विद्वानहरूले रिचड्र्सको मूल्य – सिद्धान्तलाई सिन्थेसिस या सामञ्जस्य तथा सन्तुलनका सिद्धान्त पनि भनेका छन् ।

रिचड्र्सले आफ्नो रचना **प्रिन्सिपल ऑफ लिटरेरी क्रिटिसिज़्म**मा **मूल्य - सिद्धान्त**को धारणाहरूलाई विशेष रूपमा स्पष्ट गरेका पाउँछौं । यस कृतिमा उनले **मूल्य**लाई तीन रूपमा परिभाषित गर्दै यसो भनेका छन् - कुनै पनि वस्तु जसले इच्छालाई संतुष्ट गर्दछ त्यो ,मूल्यवान हुने गर्दछ । दोस्रो विभिन्न जटिल रूपहरूमा भावना र इच्छाहरूको संतुष्टि प्रदान क्षमता नै मूल्य हो । तेस्रो यस्तो कुनै पनि वस्तु मूल्यवान हुन्छ , जो सामान्य या अधिक महत्वपूर्ण इच्छाहरूको बिना कुंठित इच्छाहरूलाई संतुष्ट दिने गर्दछ । उक्त परिभाषाद्वारा हामी दुईवटा निष्कर्ष निकाल्न सक्छौं । पिहलो इच्छाहरूको संतुष्टि अनि दोस्रो जुन इच्छाहरूको संतुष्टि हुने गर्दछ , त्यसको समान या त्यस भन्दा अधिक प्रबल इच्छा कुंठित नहोस् । मूलरूपमा रिचड्र्सले आलोचनालाई मनोविज्ञानको एक शाखा मात्र मान्ने हुनाले उनको मूल्य – सिद्धान्तको सम्पूर्ण परिकल्पना मनोविज्ञानमा आधारित रहेको पाइन्छ । उनले यस सिद्धान्त निरूपणको निम्ति मनोविज्ञानको उपयोग गर्दै मनोविज्ञानको पनि दुई भिन्न शाखाको चर्च गरेका छन् । ती हुन् – **व्यवहारवादी मनोविज्ञान (Behaviouristic)** र **मनोविश्लेषण (Psycho - Analysis)** । रिचड्र्सले मूल्य - सिद्धान्तमा काव्यानुभूतिको व्याख्या गर्दै मानव मनको क्रिया (Action) एवम् प्रक्रिया (Process) - को व्याख्या पनि गरेका छन् । उनको मतअनुसार “ **मन आवेगहरू (Impulses) - को एउटा तन्त्र (System) हो ।”** आवेगको परिभाषा दिँदै उनले यसे भनेका छन् - “

आवेग त्यस प्रक्रियालाई भनिन्छ, जसमा कुनै मानसिक घटना घटित हुने गर्दछ ; प्रक्रियाको आरम्भ हुने गर्दछ, कुनै उद्दीपनद्वारा कुनै कार्यको अवसान हुने गर्दछ ।" यस कुरालाई भारतेली विद्वान् **देवेन्द्रनाथ शर्मा**ले अझ स्पष्ट पार्दै यस्तो मनतव्य पोखेका छन् - "आवेगको उत्पत्तिका लागि सर्वप्रथम उद्दीपन हुनु आवश्यक छ ; उद्दीपनबाट मानसिक प्रक्रिया हुने गर्दछ र मानसिक प्रक्रिया मात्र नभएर कार्यरूपमा पनि परिणत हुने गर्दछ ।"

रिचड्र्सको मूल्य सिध्दान्तलाई राम्ररी बुझ्नका निम्ति उनीद्वारा परिकल्पित मानसिक प्रक्रियाको ज्ञान पाठकमा हुनु आवश्यक छ । उनको मतअनुसार "आवेग मनको एक प्रकारको प्रतिक्रिया हो, जो कुनै उद्दीपनद्वारा उत्पन्न भएर कुनै कार्यमा परिणत हुने गर्दछ ।" यसैले रिचडर्सको काव्य सिध्दान्त मनोविज्ञानसित सम्बन्धित रहेको देखिन्छ । उनको विचारअनुसार कविताका मूल्य पाठकको मनलाई प्रभावित गर्ने क्षमतामा निर्भर रहन्छ । उद्दीपन एउटा मानसिक प्रक्रिया पनि हो । किनकि उद्दीपनले आवेगहरूको उत्पत्तिलाई कहिले पनि अवरुद्ध गर्ने गर्दैन । ज्ञानेन्द्रियहरूका सहायताले जब कुनै पदार्थ प्रत्यक्ष हुने गर्दछ, तब त्यो उद्दीपन बनेर हाम्रो मनका आवेगहरूलाई सृष्टि गर्ने गर्दछ । अतः यसद्वारा चेतन अवस्थामा हाम्रो मनका आवेगहरूको उत्पत्तिका क्रम लगातार चलि रहन्छ । यसकारण रिचड्र्सले मूल्य – सिद्धान्तमा सबैभन्दा मुख्य रूप इच्छाहरूको सन्तुष्टिलाई मानेका छन् ।

## 14.4 साहित्यलोचना परम्परामा आइ. ए. रिर्चड्सको सिद्धान्तहरूका प्राप्ति

आई. ए. रिचड्र्सका सिद्धान्तहरूका प्राप्तिहरू धेरै छन् । यसको गणना गरेर पनि सकिन्न । तथापनि मुल प्राप्ति भने मूल्य र सम्प्रेषण सिद्धान्त नै हो । पूर्वीय साहित्यमा आनन्दवर्धनले जुन 'अर्थ – विचार' - को शुरुआत गरेका थिए, त्यही विचार बीसौँ शताब्दीका पाश्चात्य आलोचक आई . ए . रिचाडर्सले पाश्चात्य साहित्यमा 'थियरी ऑफ़ मीनिंग' - मा विवेचन गरेका पाउँछौँ । भारतीय काव्यशास्त्रमा आनन्दवर्धनद्वारा 'अर्थ – विचार' सम्बन्धी वैज्ञानिक विवेचन पश्चिम साहित्यमा भन्दा लगभग एधाह्र सय बर्ष पहिलानै विकास भएको पाइन्छ । यसैले 'थियरी ऑफ़ मीनिंग' वास्तवमा श्रेय आई . ए . रिचाडर्सलाई नदिएर भारतीय आचार्य आनन्दवर्धनलाई दिन सकिन्छ ।

आई . ए . रिचाडर्सले अर्थ र भावको पारस्परिक सम्बन्धलाई स्पष्ट गर्दै अर्थको दुई रूप स्वीकार गरेका छन् - पहिलो साङ्केतिक अर्थ , दोस्रो भावात्मक अर्थ । पूर्वीय आचार्य आनन्दवर्धनले यस दिशाप्रति धेरै पहिला नै विचार – विमर्श गरिसकेका थिए । आधुनिक 'थियरी ऑफ़ मीनिंग '- ले पनि अर्थका दुई भेद गरेको पाइन्छ, जो ध्वनिकारहरूका विवेचनसित मिल्ने गर्छन् । आई . ए . रिचाडर्सले भाषाका वैज्ञानिक र भावात्मक दुई प्रकारका प्रयोगका अनुरूप अर्थको दुई भेद निकालेका छन् - साङ्केतिक अर्थ र भावात्मक अर्थ ।ध्वनिकारहरूलेपनिवाच्यार्थलाई 'साक्षात् सङ्केतित अर्थ ' भनेका छन् । यसर्थ पाश्चात्य विद्वान् आई . ए . रिचाडर्समा पूर्वीय साहित्यका ध्वनिकार आनन्दवर्धनको प्रभाव परेको देखिन्छ ।

आई. ए. रिचड्‌र्स आलोचनाको क्षेत्रमा मूल्य र सम्प्रेषण सिद्धान्तको निम्ति प्रबल पक्षपाती भएको देखिन्छ । किनकि उनले कला र कविताको श्रेष्ठताका आधार अन्य कुरोलाई नमानेर मूल्य र त्यसको सम्प्रेषणलाई मात्र मानेका छन् उनको कथन अनुसार सम्प्रेषणको दृष्टिले कला (कविता आदि) उसका सर्वोत्कृष्ट रुप हुने गर्दछ । तर क्रोचेले बने सम्प्रेषणलाई कलाको अनिवार्य तत्त्व मानेका छैनन् । उनले यसलाई एक व्यावहारिक तथ्य मान्दै कुनै अनुभवलाई सुरक्षित राख्नु वा गर्नु अथवा त्यसको प्रचार - प्रसार गर्ने इच्छाबाट नै कलाकारहरूले आफ्नो अनुभवलाई प्रेषण गर्ने गर्दछ भनेका छन् ।

मनुष्य एक सामाजिक जीव तथा प्राणी भएको हुनाले उनीहरू सदैव आफ्नो अनुभवहरूलाई अन्यको प्रति सम्प्रेषित गर्न र अन्यको अनुभवहरूलाई जान्नका लागि सदैव उत्सुक रहन्छन् । आफ्नो विकास क्रममा मनुष्यले यस सम्प्रेषण प्रक्रियाद्वारा कतिपय साधन उपलब्ध गरेको पनि छन् , जसमा कलालाई सर्वाधिक महत्व मानिने गरिन्छ भनी रेचड्‌र्लले भनेको पाइन्छ । रिचड्‌र्सले कलाकार, कविहरूलाई सम्प्रेषण भन्न चाहेका छन् । कारण उनले कुनै पनि कलाकारको कलाका सम्प्रेषण पक्ष सर्वाधिक महत्वपूर्ण हुने गर्दछ भनेका छन् । हुन त हामीलाई थाहा छ कि पाश्चात्य समीक्षकहरूमा अन्य आलोचक भन्दा रिचड्‌र्सको आफ्नो मूल्य र महत्वपूर्ण स्थान रहेको छ । उनीद्वारा प्रतिपादित मूल्य र सम्प्रेषण सिद्धान्त आजसम्म पाशचात्य साहित्य जगतमा अन्य कुनै आलोचकद्वारा उचिर रूपमा विरोध र खण्डन हुन सकेको छैन । तथापि उनका सिद्धान्तहरूलाई लिएर विभिन्न आक्षेपहरू पनि भएका पाउँछौं । भारेतील विद्वान् रामचन्द्र शुक्लले रिचड्‌र्सको मूल्य र सम्प्रेषण सिद्धान्तलाई विरोध नगरेर सहमति जताएका छन् । उनले भारतीय

काव्यशास्त्रमा यी सिद्धान्तहरूको मूल्य र महत्व पनि सर्वोपरी रहेको बताएका छन् ।

शुक्ल जीले रिचड्र्सको विचारहरूसित कुन प्रकारले सहमत जताएका छन् भन्नने कुरालाई विश्लेषण गर्दै मूल्य र सम्प्रेषण सिद्धान्त कला तथा साहित्यको निम्ति तर्कयुक्त र न्यायसंगत रहेको मानेका छन् । उनले साहित्य र मनोविज्ञानलाई परस्पर टाढाको बस्तु नठानेर एका – अर्काको सामिप्य बताएका छन् । शुक्ल जी र रिचड्र्स समेत केही विद्वानहरूले साहित्यलाई मनोविज्ञानको रंगमा रंगाएर साहित्यको पहलुप्रति विचार – विमर्श गरेका छन् । यसबारे उनीहरूले कला तथा साहित्यलाई नयाँ अर्थ र शिल्पको साँचोमा ढालेका पाउँछौं । मनोविज्ञानको आलोकमा रिचड्र्स महोदयले साहित्यका जुन पहलुहरू माथि विचार व्यक्त गरेका छन् , त्यो उनको समीक्षा सिद्धान्तमा अनिवार्य रहेको देखिन्छ । कारण उनले जहाँ एक भिन्दै प्रकारको कुरा गर्छन् , त्यहाँ उनी अझ भिन्दै प्रकारले त्यस कुरालाई कवितामा लागु गर्ने क्षमता राख्छन् । यसर्थ रामचन्द्र शुक्लले रिचड्र्सको सिद्धान्तहरू माथि समीक्षा गर्नु सम्भवतः मेरो बसको कुरो होइन भनि स्वीकारेका पनि छन् । तर साहित्यका विद्यार्थी रहेको प्रवृत्तिका नाताले हिम्मत जुटाउँदै यस्तो भन्न चाहान्छु कि रिचड्र्स महोदयले मूल्यहरूको उन्मूलनका ज़िक्र नै गरेका थिएनन् । आश्चर्यको कुरो यो छ कि जुन समीक्षक (रिचड्र्स) – लाई कवितामा मूल्य सिद्धान्तको स्थापनाको निम्ति चिनिने गरिन्छ, उनले नै कवितामा मूल्यहरूको विघटन बारे चर्चा गरेका पनि छन् । यस प्रसङ्गमा रिचड्र्सले काव्य रचनालाई एक मानवीय क्रिया मानेका कुरोलाई लिन सकिन्छ । उनले यसमा मूल्यको मान हुनु हुँदैन भन्दा जुन वस्तुबाट हाम्रो धेरै भन्दा धेरै इच्छाहरू तुष्टि हुन सक्दछ, त्यो

सर्वाधिक मूल्यवान हुन्छ भनेर उनले बताएका पनि छन् । आज प्राचीन परम्पराहरू दिन दिनै विधटन भएर गइरहेको हुनाले मूल्य पनि विघटित हुँदै जाँदैछन् । यस्तो सभ्य समाजमा कला र कविताको सहारामा मानिसहरूले मानसिक व्यवस्थालाई संतुलन बनाइ राख्नु पर्दछ भन्ने उनको धारणा पाइन्छ ।

रिचर्ड्सले कलाबारे यस्तो धारणा व्यक्त गरेका छन् – " Art are the Supreme form of the Communicative Activity. " उनले मूल्यको परिभाषित दिँदै मूल्यलाई मनमा प्रभावित गर्ने क्षमताप्रति निर्भर रहने बस्तु ठानेका छन् । यानी कि रिचड्र्स महोदयले मनोविज्ञानको सन्दर्भमा मूल्यको एक अलग रूपमा व्याख्या गरेका छन् । यसैले काव्यमा मूल्य सिद्धान्तलाई प्रतिपादन गर्ने अवधिमा रिचड्र्सले मूल्य प्रभावित हुनै क्षमतामा नै निर्भर गर्दछ भनि बताएका छन् । रिचड्र्सले स्वयम् मूल्य विघटन युगमा कविताले नै व्यक्तिको अस्तित्वलाई रक्षा गर्नु सक्दछ भनेको कुरो चरितार्थ हुन्छ । तर जब कविताहरूको नै मूल्य घटेर जाने गर्दछ तब यस्तो अवस्थामा ,कविताहरूले कसरी व्यक्तिका अस्तित्वको रक्षा गर्नु सक्दछ ? भनेर हामी भन्न सक्छौं । साधारण भाव र सस्तो भावुकतामा पनि कविताको मूल्य रहन्छ त भन्ने हामीमा पुन: प्रश्न उठ्न सक्छन् । यस्तो स्तिथिमा रिचड्र्स महोदयले काव्यमा झरेको मूल्यहरूका स्तरप्रति पनि मूल्य – सिद्धान्तमा चर्चा गरेका पाउँछौं । उनले कविताहरूमा कुछ मूल्य नै रहेन भने त्यो कविता भला कसरी कविता हुन सक्छ ? भनेका छन् । यसर्थ मूल्य -सिद्धान्तको प्रतिपादन कुनै विदेशी समीक्षकद्वारा काव्यको सम्बन्धमा गरिएको पाइए तापनि काव्यको सन्दर्भमा यस मूल्यको उन्मुलन गर्नु सठीक होइन भनि रामचन्द्र शुक्लले भनेका छन् । उनले रिचड्र्समाथि आक्षेप लगाउदै रिचड्र्सले मूल्यहरूको

उन्मूलनबारे चर्चा नगरेर केवल काव्यको सम्बन्धमा मूल्यहरूको स्थापना मात्र गरेका छन् भनेको पाइन्छ ।

रामचन्द्र शुक्तले रिचड्र्सको सम्प्रेषण – सिद्धान्त कुनै नयाँ सिद्धान्त नभएर एउटा प्राटीन सिद्धान्त रहेको बताएका छन् । कारण धेरै वर्ष पहिला नै भारतीय साहित्य तथा संस्कृतका आचार्यहरूले साधारणीकरण सिद्धान्तमा यस कुराको सङ्केत दिइकसेको उनले मानेका छन् । यदि कुनै रचनामा यही क्षमता रहेको हुन्छ कि त्यसले पाठक अथवा श्रोतामा जसरी भए पनि प्रभाव पारी नै छाड्दछ । पाठक या श्रोता त्यसबाट एकीकृत हुने गर्दछ । यस्तो स्तिथिमा त्यो रचना उत्तम कृतिको कोटिमा गणना हुन पुग्दछ । यदि हामीले रिचड्र्सके सिद्धान्तलाई व्यक्तिगत मानि लियो भने कुनै पनि श्रोता र पाठक साधारणीकरणके प्रक्रिया बिना कुनै पनि कृतिसित प्रभावित हुन सक्दैनन् । यसरी रिचड्र्सको सम्प्रेषण सिदधान्तलाई लिएऱ पनि आलोचकहरूमा वाद – विवाद सृष्टि भएको पाइन्छ

यस्तो तथ्यमा हामी पाठकले विचार गरयौ भने अज्ञेयले उक्त कवितामा जुन वासना अभिभूत पुरुषको दृश्यलाई चित्रण गरेका छन् , त्यो कति तथ्यात्मक र रागात्मक छ ? यसर्थ आफ्नो काव्य सम्बन्धी मूल्य र सम्प्रेषण सिद्धान्तमा रिचड्र्सले स्वयं भनेका छन् कि साहित्यको सम्बन्ध रागात्मकतासित रहेको हुन्छ । अब हामी आफै अनुमान लगाउन सक्छौ कि उपर्युक्त कविताको पंक्तिहरूमा पुरुष बोली रेहको छ जानवर ? महिलाहरूलाई कुन पिरस्थितिमा आफ्नो वासना पूर्तिको निम्ति उक्त पुरुषले खोजी रहेका छन् भन्ने अर्थ यहाँ चरितार्थ हुँदछ । यस बाहेक उक्त पुरूण कुनै गाँवको कुनै सांड जस्तै रहेको पनि बुझिन्छ । तब तिचड्र्सले भनेको मूल्य र सम्प्रेषण कविताको यस्तै हुन्छ वा हुनुपर्दछ

भन्ने पनि पाठकमा अन्योलता आउँदछ । तब के यहाँ मूल्यहरूको स्तर [ काव्यमा ] विधटन भएको छैन र ? के केवल मनलाई प्रभावित गर्दमा नै काव्य हुन्छ त ? प्रश्न विभिन्न उत्पन्न हुन सक्छन् ।

साहित्य अथवा कलाले मानव मनका आवेगहरूलाई संगति र संतुलन स्थापित गर्ने गर्दछ । यो धुर्व सत्य हो, अकाट्य हो अनि पछिसम्म यस्तो रहन्छ पनि । यस तथ्यको निम्ति हामी रिचड्र्सप्रति सदैव ऋणी छौ । मनोवेगहरूको क्रिया - शीलतालाई काव्यको सन्दर्भमा सात्विकता मानिन्छ । यसर्थ रिचड्र्सले सौन्दर्यको प्रति एकांगी मानसिकताको परिचय दिदै यसलाई विषयी निष्ठ बताएका छन् । तर प्रत्येक सौन्दर्य आफै – आफ विषय निष्ठ हुने हुनाले काव्यमा मात्र यो रहेको हुन्छ भन्न् गलत हो । कारण यदि सुन्दरताको कल्पना व्यक्तिको दृष्टि आधारमा हेरिन्छ भने तब त्यो विषयी निष्ठ भएर जाँदछ । यसबाट त्यस सौन्दर्यको आफ्नो सत्ता पनि लोप भएर जाने गर्दछ ।

रिचड्र्सले मनका आवेगहरूको विशेष दुईवटा भेद देखाएका छन् । ती हुन्

(१) तृष्णा – प्रवृत्तिमूलक (Desire)

(२) वितृष्णा - निवृत्तिमूलक (Aversion)

रिचड्र्सले भूख तथा तृष्णालाई सन्तुष्ट प्रदान गर्नु नै अधिक मूल्यवान हो भनि बताएका छन् । मनोविश्लेषणवादी सिगमण्ड फ्रायडले पनि कवि तथा कवियित्रीहरूमा लेखनको भूख रहेको हुन्छ भनि भनेका छन् । तब के प्रयोगवादी कवि अज्ञेय र नयँ कविताकी कवयत्री शकुन्तला माथुरको उपर्युक्त कविताहरू केवल भुख मेटाउका निम्ति मात्र लेखिएका हुन त ? कल्पनाको सन्दर्भमा रिचड्र्सले आफ्नो कुनै व्याख्या गरेको नपाइए तापनि उनले कॉलरिजको धारणामा सहमति जताएका पाउँछौ ।

कलरिजले आफ्नो कृति **लिरिकल ब्यालेड**मा विशेष स्वच्छन्दतावादका बारेमा प्रकाश पारेका छन् । तर रिचड्र्स स्वयमले यस वादीहरूको विरोध गर्दै मनोविज्ञानको रूपमा आफ्नो सिद्धान्तहरूका प्रतिपादन गरेको पाइन्छ । कलरिजले आफ्नो उक्त कृतिमा काव्यका 6 वटा आवश्यक कुराहरू बताएका छन् । ती हुन् – भावनाहरूलाई महत्व दिने, प्रेम, कल्पना र आनन्दलाई यथार्थता भन्दा बढी महत्व दिने, प्रकृतिमा आत्माको खोजी गर्ने, प्रकृति र व्यक्तिमाझ समन्वयको खोजी गर्ने, स्वच्छन्द भावना काव्यमा उच्छलन हुनु र कविको लक्ष्य तात्कालिक आनन्द प्रदान गर्नु । काव्यमा सारा विश्व व्रम्हाण्ड वा वस्तुजगतमा देखिएको जुन ईश्वरीय सृजना हुन्छ त्यस्तो सृजना कविहरूमा हुन्छ भन्ने विचार उक्त कृतिमा पाइन्छ । यस्तो धारणामा रिचड्र्स पाश्चात्य साहित्यमा आलोटनाको मुख्य विषय पनि बन्न पुगेका देखिन्छ । तर जे नै भए पनि उनीद्वारा प्रतिपादित मूल्य र सम्प्रेषण सिद्धान्तको महत्व र महिमा आज पनि पाष्चात्य साहित्य जगतमा मात्र नभएर पूर्वीय साहित्य संसारमा पनि उत्तिकै रहेको देखिन्छ ।

रिचड्र्सका सम्प्रेषण सिद्धान्तमा कलाकारको दोस्रो क्षमता **सामान्तात्मकता** (नर्मल्सी) – लाई मानिने गरिन्छ । उनको जसप्रति सम्प्रेषण गर्नु छ, उसका अनुभूतिसँग कवि वा कलाकारका अनूभुति मिल्न नसक्नुको अर्थमा असफल हुन्छ भन्ने छ । कलाकार र भावकका बीच सम्प्रेष्य अनुभूति मिल्नु र सामान्यत्मकताका बीच मोटामोटी निकटता हुँदाहुँदै पनि सामान्यतात्मकता सम्ममा पुग्नमा आवश्यक रहेको कुरा उनले ठानेका छन् । मूल रूपमा जातीय सीमाना र कतिपय मनसिक प्रकारका सीमाभित्र निकै आवोगहरू मान्छेका निम्ति समान हुन्छन् । यिनीहरूका उद्धीपन, दिशा र प्रक्रियाहरू पनि प्राय एकरूपमा देखा पर्छन् । तर

मानवीय निकै आवेगहरू समान नभई एक रूपता विहिन र असामान्य पनि हुने गर्दछ । यस सामान्य र असामान्य आवेगहरूलाई नाम दिँदै विकसित व्याख्या गर्न सकिने उपाय रिचड्र्सले आफ्ना सिद्धान्तहरूमा निकालेका पाइन्छन् ।

रिचड्र्सले कतिपय सक्रिय आवेगहरूको उपस्तिथिमा अन्य आवेगहरूको उत्थान आवश्यक उद्दीपन नभए पनि हुन सक्छ भनेका छन् । यस्ता स्वत रूपमा आउने आवेगलाई उनले काल्पनिक आवेगको संक्षा दिएका छन् । काल्पनिक आवोगहरू पूर्व सपचार्यहरूको उत्थान  हेतु प्रकट हने गर्दछ । तर सृजनात्मक – निर्माणात्मक किसिमका कल्पनामा चाहिँ यस्तो साहर्चय हेतु उपस्थित हुन सक्दैनन् भन्ने उनको मत रहेको पाइन्छ । यसर्थ कलरिजका कल्पनाद्वय मूल क्लुना र गौण कल्पनाका बीचका विभेदका सन्दर्भमा मूलभूत तथा गौण कल्पनामा रहस्यात्मकता अनुभव गरे तापनि रिचड्र्स आफ्नो द्वैध कल्पना – वर्गीकरणलाई कलरिजको अवकल्पना – कल्पना भेदकै निकटतम तर गैर रहस्यवादी ठान्ने गरेको पाइन्छ । वास्तवमा समालोचनाको परम्परामा रिचड्र्सका सिद्धान्तहरूको विभिद प्राप्तिहरू मध्ये यसलाई विशेष मान्न सकिन्छ ।

## 14.5 साहित्यलोचना परम्परामा आइ. ए. रिर्चड्सको सिद्धान्तहरूका सीमाहरू

आधुनिक युगका पाश्चात्य समीक्षकहरूमा आई. ए. रिचड्र्स (1893 -1979 ई.) – लाई एक महत्वपूर्ण आलोचक मानिन्छ । उनको स्थान पाश्चात्य साहित्य जगतमा उच्च रहेको छ । उनी मनोविज्ञानको क्षेत्रद्वारा साहित्यमा उदाएका हुन् । रिचड्र्सले मनोविज्ञानको सहायताले कविताको साथकता तथा महत्तालाई नवीन तर्कका रूपमा प्रस्तुत गरेका छन् । उनले

जब प्राचीन परम्परा र मूल्यहरूको विघटन हुने गर्दछ, यस्तै सभ्य समाजमा कविताको सहाराद्वारा आफ्नो मानसिक व्यवस्था बनाइ राख्न सक्छन् भनेका छन् । रिचडर्सले मोवैज्ञानिक एवम् वैज्ञानिक दृष्टि अप्नाउँदै भाषाबारे सर्वाधिक गहनतासित विचार – विमर्श पनि गरेका छन् । उनले संवेदनाको संतुलनप्रति बल दिदै एक नयाँ समीक्षा पध्दति विकसित गरेका छन् ।

सन् 1922 मा प्रकाशित **दि फान्उडेशंस ऑफ ईस्थेटिक्स** नामक ग्रन्थमा रिचड्र्सले सौंदर्यको स्थिति कुनै वस्तुमा होइन, बल्कि दर्शकको मनमा पर्ने त्यसको प्रभावमा रहेका हुन्छन् भनेका छन् । अर्थात् त्यसले काव्यका सौंदयमा काव्यमा नै हेर्नुको सट्टा त्यसबाट उत्पन्न हुने भावमा रहेको हुन्छ । सन् 1923 मा प्रकाशित तथा सी. के. ओड्देनसितको संयुक्त लेखनमा लेखिएको उनको **दि मीनिंग ऑफ मीनिंग** नामक दोस्रो कृतिमा अर्थ - सम्बन्धी प्राचीन मतहरूको खंडन पाइन्छ । तर आलोचकको रूपमा भने रिचर्डसले आफ्नो दुईवटा ग्रन्थहरू दि प्रिंसिपुल्स ऑफ लिटरेरी क्रिटिसिज्म र प्रैक्टिकल क्रिटिसिज्म – को रूपमा ख्याती कमाएका छन् । उनले यी कृतिहरू मध्ये सांस्कृतिक, वैचारिक तथा शैक्षिक उद्देश्यहरूका सिध्दिको लागि 'प्रैक्टिकल क्रिटिसिज्म' -को रचना गरेका प्रतीत हुन्छ । मूल रूपमा रिचड्र्सलो मनोविज्ञानसित सम्बन्धित दुईवटा सिध्दान्तहरू बनाएका छन् । ती हुन् - 1) मूल्य सिध्दान्त र 2) सम्प्रेषण सिध्दान्त ।

पूर्व प्रचलित प्रेषणीयता शब्दको नवीन व्याख्या गर्दै रिचड्र्सले प्रेषणीयता कुनै अद्भुत या रहस्यमय व्यापार होइन भनेका छन् । अपितु यो मानव मनको एक सामान्य क्रिया मात्र हो । प्रेषणीयतामा जो केही हुने गर्दछ, त्यो यही हो कि केही

विशेष परिस्थितिहरूमा विभिन्न मस्तिष्कले प्रायः एक जस्तो अनुभूतिहरूलाई प्राप्त गर्ने गरेको कारणले हो । जब कुनै वातावरण विशेषदेखि एक व्यक्तिका मस्तिष्क प्रभावित हुने गर्दछ तथा दोस्रो त्यस व्यक्तिको विभिद क्रियाहरूका प्रभावले यस्तो अनुभूति प्राप्त गर्दछ , जुन पहिला कहिले उसले प्राप्त गरेको अनुभूतिहरूकै समान हुने गर्दछ । यसैलाई नै प्रेषणीयता भनिने गरिन्छ । वस्तुतः कुनै अन्य व्यक्तिहरूको अनुभूतिलाई अनुभूत गर्नु नै प्रेषणीयता हो भन्न सकिन्छ । यसर्थ रिचर्ड्सले कवि, कलाकार या सर्जकहरूको अनुभूतिहरूलाई भावकद्वारा अनुभूत गर्नु नै सम्प्रेषण हो भनेका छन् । उनले अझ स्पष्ट गर्दै कलामा प्रेषणीयता हुनु आवश्यक छ भनेका पनि छन् । तर कलाकारहरूले यसको निम्ति विशेष प्रयत्न गर्नु नपर्ने पनि उनले बताएका छन् । किनकि कलाकारहरूले जति सहज एवम् स्वाभाविक रूपमा आफ्नो कार्यहरू गर्दछन् , उनीहरूका अनुभूतिहरू पनि त्यति नै सम्प्रेषणीय हुन्छ भन्ने रिचर्ड्सको धारणा पाइन्छ । यसर्थ उनले सम्प्रेषण विषय रोचक र रमणीय भएभने कला – कृति त्यति नै पूर्णता प्रदानयुक्त हुन्छन् भनेका छन् ।

मूलत : पाश्चात्य साहित्य जगतमा आई. ए. रिचर्ड्सले आफ्नो प्रसिद्ध पुस्तक 'प्रिन्सिपल्स ऑव लिटरेरी क्रिटिसिज्म़' (1924 ई) – मा कलावादी दृष्टिलाई खंडन गरेका छन् । उनले यस पुस्तकमा सैद्धान्तिक आधारमा कलावादको खण्डन गर्दै प्रेषणीयतालाई काव्य प्रक्रियामा विशेष महत्व प्रदान गरेका छन् । रिचर्ड्सले काव्यको सत्ता शेष जगतदेखि भिन्न नहुने बताएका छन् । यति मात्र नभएर काव्यको अनुभूति शेष जगतको अनुभूति भन्दा भिन्न हुन्छ भन्ने पनि उनको मान्यता पाइन्छ । यस

प्रकार रिचर्ड्सले कलाको क्षेत्रमा उपयोगितावादलाई पुन : प्रतिष्ठा गरेको प्रतीत हुन्छ ।

## 14.6 उपसंहार

रिचड्र्सको मूल्य सिध्दान्तलाई राम्ररी बुझ्नका निम्ति उनीद्वारा परिकल्पित मानसिक प्रक्रियाको ज्ञान पाठकमा हुनु आवश्यक छ । उनको मतअनुसार "आवेग मनको एक प्रकारको प्रतिक्रिया हो, जो कुनै उद्दीपनद्वारा उत्पन्न भएर कुनै कार्यमा परिणत हुने गर्दछ ।" यसैले रिचडर्सको काव्य सिध्दान्त मनोविज्ञानसित सम्बन्धित रहेको देखिन्छ । मूल रूपमा रिचर्डस पश्चिमी जगतका आधुनिक कालको समीक्षक थिए । उनको सबैभन्दा महान विशेषता यही थियो कि उनले काव्यशास्त्र या सामाजिक उद्देश्य आदिका स्थानमा मनोविज्ञानलाई आफ्नो आलोचनाको आधार बनाएका थियो । यसर्थ उनलाई मनोवैज्ञानिक आलोचक पनि भनिने गरिन्छ । मनोविज्ञानको आधारमा नै रिचड्र्सले आफ्नो काव्य सिद्धान्तहरूको उल्लेख गरेका छन् । उनले यस प्रवृत्तिमा प्रमुख दुईवटा सिद्धान्त बनाएका छन् । ती हुन् - कलाको मूल्यवादी या उपयोगितावादी सिद्धान्त र सम्प्रेषणीयताको सिद्धान्त। सम्प्रेषणमा भाषाको विशेष महत्व रहने गर्दछ । यसर्थ रिचड्र्सले " कविताको सम्प्रेषणका माध्यम भाषा हो भनेका छन् । " उनले सम्प्रेषणीय भाषाको पनि दुई भेद हुने बताएका छन् । ती हुन् - तथ्यात्मक र रागात्मक । रिचड्र्सको विचारमा कविले वैज्ञानिकहरूका समान तथ्यहरूको अन्वेषण गर्दैनन् । बल्कि रागात्मक अवस्थाहरूको सर्जन मात्र गर्दछन् ।

पश्चिमी आलोचकहरूमा आई. ए. रिचर्डसको सबैभन्दा महत्त्वपूर्ण स्थान रहेको देखिन्छ । उनलाई मनोवैज्ञानिक आलोचना पद्धतिका प्रवर्तक मानिने गरिन्छ । उनीद्वारा प्रतिपादित दुईवटा सिद्धान्तहरू मध्ये मूल्य र सम्प्रेषण सिद्धान्त हो । **सम्प्रेषण** शब्द दुई शब्दको योगले बनिएका छन् । ती हुन् - सम् + प्रेषण = सम्प्रेषण । **सम्**को अर्थ समान, बरावार, भले - भाति र **प्रेषण**को अर्थ कुनै सन्देश या वस्तुलाई एक स्थानदेखि अर्को स्थानमा पुराउनु वा पठाउने क्रिया हो । सम्प्रेषणको लागि रचनाकार र पाठक दुवैको मनको आवश्यकता पर्दछ भन्ने मत रिचड्र्सको रहेको छ । सम्प्रेषणमा वस्तु सदैव दुई वस्तुहरूको सम्बन्ध रहने गर्दछ । यो अकल रूपमा कहिले पनि सम्प्रेषित हुन सक्दैन । यसर्थ सम्प्रेषण क्रियाको सापेक्षताको निम्ति पाठक र लेखक, कृति र स्रष्टा, वक्ता र श्रोता माझ गाढा सम्बन्ध हुनु आवश्यक छ भनी रिचड्र्सले सम्प्रेषण सिद्धान्तमा भन्न चाहेका छन् । रिचर्डसले सम्प्रेषणको परिभाषा दिँदै यस्तो मनतव्य पोखेका छन् – " सम्प्रेषणको अर्थ न त आवेगका यथावत अन्तरण (Strict transference) हो, न त व्यक्तिहरू बीचको अनुभूतिका तादात्म्य (Identical Experience) । केही अवस्थाहरूमा विभिन्न मनहरूका अनुभूतिहरूको अत्यन्त समानता नै सम्प्रेषण हो ।"

## 14.7 सार

यस प्रखण्डमा **साहित्यालोचना परम्परामा रिर्चड्सका सिद्धान्तहरूका प्राप्ति र सीमाहरू**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

❖ आई. ए. रिचर्डसलाई पश्चिमी आलोचकहरूमा सबैभन्दा महत्त्वपूर्ण मानिन्छ । उनी मनोवैज्ञानिक आलोचना पद्धतिका प्रवर्तक हुन् ।

- रिचड्र्सले मूल्यन – क्रियाको निर्णायक तत्त्व बुद्धिमतालाई मानेका छन् । यसमा उनले मानवीय बुद्धिको कुरा गरेका छन् ।
- रिचड्र्सलाई पश्चिमी समालोचना परम्परा जगतमा आधुनिक कालका समीक्षक मानिने गरिन्छ ।
- रिचड्र्स आफ्ना सिद्धान्तहरूमा आदर्शवाद वा नैतिकता पूर्णतय मानवीय, भौतिक वा मनोवैज्ञानिक प्रभृत्तिका छन् ।
- रिचड्र्सले काव्यशास्त्र या सामाजिक उद्देश्य आदिका स्थानमा मनोविज्ञानलाई आफ्नो आलोचनाको मुख्य आधार बनाएका छन् । यसर्थ उनलाई मनोवैज्ञानिक आलोचक भनिएको हो ।
- रिचड्र्सद्वारा प्रतिपादित दुईवटा सिद्धान्तहरू - मूल्य र सम्प्रेषण सिद्धान्त हो ।
- रिचड्र्सको अनुभूति, मूल्य र सम्प्रेषणको सोझो सम्बन्ध मनोविज्ञानसित रहेको छ ।
- रिचड्र्सले समालोचनाको क्रममा यसको कार्यक्षेत्र कलाकै मूल्याङ्कन भएको मूल्य – सिद्धान्तलाई कला – स्वयमको मूल्यान्वेषणका क्रममा स्थापित गरेका छन् ।
- मनोविज्ञानको आधारमा रिचड्र्सले काव्य सिद्धान्तहरूको उल्लेख गरेको पाइन्छ ।
- मूल्य – सिद्धान्तमा मानव मनका अधिकारिक महत्वपूर्ण अधिकतम एषणाको सन्तुष्टिको स्थिति नै मूल्य हो । रिचड्र्सले एषणा भनेको चाहना वा अनुभूतिलाई मानेका छन् ।
- रिचड्र्सले मनोविज्ञान प्रवृत्तिमा प्रमुख दुईवटा सिद्धान्तहरू कलाको मूल्यवादी या उपयोगितावादी सिद्धान्त र सम्प्रेषणीयताको सिद्धान्त रहेको बताएका छन् ।

- ❖ कविताको सम्प्रेषणका माध्यम भाषा हो भनेर रिचड्र्सले भनेका छन् ।
- ❖ **सम्प्रेषण** शब्दमा **सम्**को अर्थ समान, बरावार, भले - भाति र **प्रेषण**को अर्थ कुनै सन्देश या वस्तुलाई एक स्थानदेखि अर्को स्थानमा पुराउनु वा पठाउने क्रिया भन्ने बुझिन्छ ।
- ❖ काव्यमा सम्प्रेषणको भाषा तथ्यात्मक र रागात्मक रूपमा रहेको हुन्छ भन्ने रिचड्र्सको सिद्धान्तहरूबाट स्पष्ट हुन्छ ।
- ❖ रिचड्र्सको विचारमा कविले वैज्ञानिकहरूका समान तथ्यहरूको अन्वेषण नगरेर रागात्मक अवस्थाहरूको सिर्जन मात्र गर्दछन् भन्ने छ।
- ❖ कला मूल्यको खोजका क्रममा कला अनूभूतिहरूको अभिव्यक्ति भएकाले मूल्यवान् अनुभूतिहरूकै सापेक्षतामा कलाको मूल्य स्पष्ट्याउन रिचड्र्सले चाहेका छन् ।
- ❖ कला वा साहित्यका सदोषताका दुई अवस्थाहरू रिचड्र्सले देखाएका छन् । ती हुन् – अनुभूति – मूल्य सम्बन्धी र सम्प्रेषण सम्बन्धी ।
- ❖ सम्प्रेषणका दृष्टिले सफल तर निकृष्ट मूल्य भएका खराव रचनाहरू पनि लोकप्रिय हुन्छन् र हाम्रा परम्परागत रूढ मनका अवस्थाका निम्ति जादू झै प्रभावशाली पनि हुन्छन् भनि रिचड्र्सले भनेका छन् ।

यस प्रखण्डको अध्ययनले साहित्यालोचना परम्परामा रिर्चड्सका सिद्धान्तहरूका प्राप्ति र सीमाहरूबारे बुनियाँदी जानकारी प्राप्त भयो । रिचड्र्स र उनको सिद्धान्तहरूको कसीमा उनको सिद्धान्तहरूका प्राप्ति र सीमा सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 14.8 अनुशीलनी

1. पाश्चात्य समालोचना परम्परामा आइ. ए. रिचड्र्सको प्रमुख योगदानहरूको चर्चा गर्दै उनको लेखन कलालाई चिनाउनुहोस् ।

2. आइ. ए. रिचड्र्सको साहित्यिक व्यक्तित्वबारे टिप्पणा गर्नुहोस् ।

3. आइ. ए. रिचड्र्सको मूल्य सिद्धान्त र सम्प्रेषण सिद्धान्तका प्रमुक प्राप्तिहरु के के हुन् ? सबिस्तार बताउनुहोस् ।

4. पाश्चात्य साहित्यलोचनामा आइ. ए. रिचड्र्सका सिद्धान्तहरूको महत्त्व र मूल्यलाई विवेचना गर्दै यसका उपयोगिताबारे लेख्नुहोस् ।

5. आइ. ए. रिचड्र्सका प्रमुख साहित्यिक सिद्धान्तहरूको योगदान पाश्चात्य साहित्यमा के कस्तो रहेको पाइन्छ ? विश्लेषण गर्नुहोस् ।

6. रिचड्र्सले सम्प्रेषणका सन्दर्भमा सङ्क्रमण सिद्धान्तको व्याख्या गर्नुहोस् ।

७. आइ. ए. रिचड्र्सको सम्प्रेषण र मूल्य सिद्धान्तमा के कस्तो भिन्नता पाइन्छ ? विवेचना गर्नुहोस् ।

8. रिचड्र्सको मूल्य र सम्प्रेषण सिद्धान्तको मूलय बुँदाहरूलाई केलाउनुहोस् ।

9. पाश्चात्य साहित्यलोचनाको विकासमा आइ. ए. रिचड्र्सको के कस्तो भूमिका रहेको पाइन्छ ? विविचना गर्नुहोस् ।

10. आलोचक आइ. ए. रिचड्र्सका सम्प्रेषण प्रक्रियाका अध्ययनका लाभहरू के के हुन् ? आफ्नो अध्ययन प्रस्तुत गर्नुहोस् ।

11. आइ. ए. रिचड्र्सलाई मनोवैज्ञानिक आलोचकको रूपमा चिनाउँदै मनको स्वरूप र सम्प्रेषण प्रक्रियाबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 14.9 अतिरिक्त अध्ययन

1. शर्मा, देवेन्द्रनाथ - **पाश्चात्य काव्यशास्त्र** ।

2. चौधरी, डा. सत्यदेव र गुप्त, डा. शान्तिस्वरूप - **भारतीय तथा पाश्चात्य काव्यशास्त्र ।**

3. सिंह, नामवर – **आलोचना ।**

4. जैन, निर्मला - **पाश्चात्य साहित्य – चिन्तन ।**

5. द्विवेदी, डॉ राम अवध .– **साहित्य - सिद्धान्त ।**

6. त्रिपाठी, बासुदेव – **पाश्चात्य साहित्यको समालोचना परम्परा ।**

७. सिग्देल, सोमनाथ - **साहित्य प्रदीप ।**

8. उपाध्याय, कोशवप्रसाद - **साहित्य प्रकाश ।**

9. हिमांशु, राजु प्रधान - **साहित्य परिचय ।**

10. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना ।**

11. मिश्रा, सत्यदेव - **पाश्चात्य काव्यशास्त्र ।**

12. फौक्स, रैल्फ - **उपन्यास और लोक जीवन ।**

13. प्रो. हरि मोहन - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान ।**

३६. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना ।**

३७. त्रिपाठी, वासुदेव - पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा ।

३८. Abrams, M.H., **A Glossary of Literary Terms**, Prism Books Pvt. Ltd, Bangalore, India.

३९. Adams, Hazard - **Critical Theory since Plato**, Harcourt Brace Jovanovich Publisher, 2002 .

४०. Britannica 2009, students' edition.

४१. en.wikipedia.org/wiki/…….

४२. चैहान, शिवदान सिंह - **आलोचना के सिद्धान्त** , स्वराज प्रकाशन , दिल्ली ।

४३. प्रो . हरिमोहन - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान** , वाणी प्रकाशन , नई दिल्ली, सन् 2008 ।

४४. मिश्र, भागीरथ - **काव्यशास्त्र**, विश्वविद्यालय प्रकाशन, वाराणसी ।

४५. मिश्र, सभापति - **साहित्यशास्त्र और हिंदी आलोचना**, ग्रीनवर्ल्ड पब्लिकेशंस, इलाहाबाद ।

४६.सत्येंद्र सिंह, प्रकाश उदय और दुर्गा प्रसाद ओझा - **साहित्यशास्त्र और हिंदी आलोचना**, प्रकाशन केंद्र, लखनऊ ।

यस अतिरिक्त **रिचर्ड्सका सिद्धान्तहरू**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 14.10 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

३१. रिचर्ड्सको सामान्य परिचय ।

..............................................................................

........

..............................................................................

........

..............................................................................

........

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३२.रिचड्र्सको मूल्य र सम्प्रेषण सिद्धान्त ।

..........................................................................................

........

..........................................................................................

........

..........................................................................................

........

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३३.रिचड्र्सका सिद्धान्तहरूको मुल प्राप्तिहरू ।

..........................................................................................

........

..........................................................................................

........

..........................................................................................

........

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३४.रिचड्र्सका सिद्धान्तहरूको सीमाहरू ।

..........................................................................................

........

..........................................................................................

........

.............................................................................................

........

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.6 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

३५. सामान्यात्मकता वा नर्मल्सी ।

.............................................................................................

........

.............................................................................................

........

.............................................................................................

........

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.5 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**